# सार्वजनिक शिक्षामा
# सुशासन र जवाफदेहिता

जर्नल पुस्तिका २०७५, अङ्क २



NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल
(एनसिई-नेपाल)

| | | |
|---|---|---|
| **कृति** | : | सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता विषय जर्नल पुस्तिका |
| | | वर्ष २०७५, अङ्क २ |
| **प्रकाशक** | : | शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) |
| | | (हाम्रो शिक्षा परियोजना अन्तर्गत प्रकाशित) |
| **सल्लाहकार** | : | श्री कुमार भट्टराई |
| | | श्री शारदा देवी कुमाल |
| | | श्री शुभेन्द्रमान श्रेष्ठ |
| **सम्पादन** | : | श्री डिल्लीराम सुवेदी |
| | | श्री राजेन्द्र पहाडी |
| | | श्री राम गैरे |
| **भाषा सम्पादन** | : | श्री राजेन्द्र पहाडी |
| **विशेष सहयोगी** | : | श्री श्रद्धा कोइराला |
| **सहजीकरण** | : | श्री रोजिना श्रेष्ठ |
| © **सर्वाधिकार** | : | प्रकाशकमा |
| **प्रकाशन प्रति** | : | **७०० प्रति** |
| **मुद्रण** | : | ड्रिम ग्राफिक प्रेस,  पुल्चोक |

'यस प्रकाशनमा समाविष्ट लेख/आलेखहरूमा अभिव्यक्त विचारहरू लेखकका निजी हुन्, लेखकका विचारसँग एनसिई-नेपालको सहमती वा असहमती रहन सक्दछ ।'

# प्रकाशकीय

देशको सार्वजनिक शिक्षा सुदृढीकरण गरी गुणस्तरीय, समावेशी र समतामूलक शिक्षा सुदृढ गर्न नागरिक अभियानको रूपमा क्रियाशील यस शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई–नेपाल) देशका विभिन्न ३३९ वटा भन्दा बढी राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरु तथा अन्य समुदाय स्तरकासंघसंस्थाहरूको एक साझा सञ्जाल हो । स्थापनाकाल देखि नै सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त अग्रसर यस संस्थाले नीतिगत बहस तथा पैरवी, संजाल निर्माण, अध्ययन अनुसन्धान, प्रचार प्रसार लगायतका कार्यहरू गर्दै आएको छ । यसका साथै यस अभियानले नागरिक समाज, सरकारी निकाय, संचार माध्यम तथा विभिन्न संघ संस्थाहरूसँग समन्वयात्मक भूमिका निर्वाह गर्दै शिक्षासँग सम्बन्धित जनस्तरका मुद्धाहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरूसम्म पुऱ्याउँदै आइरहेको छ ।

यसै सन्दर्भमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालद्धारा शैक्षिक सुशासन प्रर्वद्धनका लागि नागरिक समाजको भूमिका बढाई समतामूलक, समावेशी एवम् गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने उद्देश्यले हाल प्रदेश नं २ मा रहेका तीन जिल्लाहरू क्रमशः धनुषा, महोत्तरी र सिराहामा रहेका ४२ वटा विद्यालयहरूमा "हाम्रो शिक्षा" नामक परियोजना यूरोपियन यूनियनको सहयोगमा सर्च फर कमन ग्राउण्ड र गोगो फाउन्डेशनसँगको साझेदारीमा विद्यालय सुशासन र जवाफदेहीता सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । सोही क्रममा नेपालको सार्वजनिक शिक्षामा विद्यालय सुशासन प्रवर्द्धनमा त्रीपक्षीय सरकारको भूमिका र जवाफदेहिताका साथै सामुदायिक सहभागिता र सरोकारवालाहरूको भूमिका बारे प्रकाश पार्ने प्रयत्न स्परूप विज्ञहरूको विचार विमर्शहरूलाई जर्नल पुस्तिका प्रकाशन गरि शिक्षाका सरोकारवालाहरू माझ पुऱ्याउन सफल भएको थियो । सोही संरकरणको सफलतासंगै शिक्षा क्षेत्रमा कियाशिल शिक्षाविद एवं, नागरिक समाजका अगुवाहरूको सुशासनका विभिन्न सवालमा थप विचार विमर्श गर्ने उद्देश्यका साथ सुशासन सम्बन्धी जर्नल पुस्तिकाको दोस्रो संस्करण प्रकाशन गर्ने जमर्को गरेका छौं । यस संस्करणमा गुणस्तरीय शिक्षाका लागि सुशासनको प्रर्वद्धन र आवश्यकता, यसको नीतिगत व्यवस्था र कार्यन्वयनको अवस्था बारे विश्लेषण गर्न खोजिएको छ । विशेषगरी प्रदेश नं २ मा विद्यमान सुशासनका चुनौतीहरू चित्रण गर्दै सुशासन प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका समेतलाई दर्शाउन खोजिएको यस संगालो मार्फत शैक्षिक सुशासनका विविध पक्षहरूका बारेमा सरोकारवालाहरू ध्यानाकर्षण हुने र विद्यालय सरोकारवालाहरूमा शैक्षिक रूपान्तरणका विधिहरू र सुशासन प्रवर्द्धनका निमित्त आफ्नो जिमेवारीता बारे प्रष्ट हुने अपेक्षा गरिएको छ ।

शिक्षाका लागि राष्टिय अभियान नेपाल सदैव प्रमाणका आधारमा वकालत तथा पैरवी गर्दै आईरहेको वर्तमान परिपेक्षमा यस दोस्रो संरकणको जर्नल पुस्तिकाले शैक्षिक सुशासनको प्रर्वद्धनको पाटोमा थप टेवा पुऱ्याउने विश्वास गरिएको छ । यस जर्नल पुस्तिका निमित्त आवश्यक सन्दर्भ सामाग्री निर्माणमा सहयोग गर्नुहुने सम्पुर्ण आदरणीय लेखकहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसैगरी यस सामग्रीलाई मूर्त रूप दिनका लागि आफ्नो सल्लाह तथा सुझावहरु उपलब्ध गराई महत्वपूर्ण योगदान दिनुहुने एनसिई–नेपालका सल्लाहकार एवम् कार्यसमितिका सदस्यहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसक्रममा यस सामग्रीको भाषा सम्पादनमा योगदान दिनुहुने एनसिई–नेपालका उपाध्यक्ष शुभेन्द्रमान श्रेष्ठ, कार्यसमितिका सदस्य राजेन्द्र पहाडी तथा कार्यक्रम व्यवस्थापक राम गैरेलाई विशेष धन्यवाद व्यक्त गर्दछु । यस सामग्रीको प्रकाशनका क्रममा समन्वयात्मक भूमिका निर्वाह गर्ने सचिवालय कर्मचारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने साझेदार संस्था यूरोपियन यूनियन तथा सहयात्री संस्थाहरु सर्च फर कमन ग्राउण्ड र गोगो फाउन्डेशन प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

कुमार भट्टराई
अध्यक्ष

# सारांश

विद्यालयमा प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग गरी सबैले चित्तबुझ्दो र समयानुकुल गुणस्तरीय शिक्षा प्रयोग गर्न पाउनु आजको आवश्यकता रहेको छ । यसका लागि विद्यालयले कुशल व्यवस्थापन साथै असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सरोकारवालाहरूले पाउनुपर्ने आधारभूत सेवा पारदर्शिता तथा छिटो छरितो र कम खर्चिलो ढंगले पाउने अवस्था सिर्जना गर्नु नै विद्यालय सुशासन हो । बालबालिकाहरूले सहज वातावरणमा पढ्ने, पठनपाठन गर्ने गराउने व्यक्ति तथा निकायहरूले सहज ढंगमा सेवा उपलब्ध गराउने र गराउन पाउने वातावरण सिर्जना गर्ने, सबै कुराहरू व्यवस्थापकीय ढंगबाट प्रभावकारी भएको अवस्था नै सुशासन हो । सुशासनका प्रमुख खम्बाहरू जनसहभागिता, कानुनको शासन, सहमतीउन्मुख, समता र समावेशी, पारदर्शिता, जिम्मेवारिता , दक्षता, प्रभावकारिता र जवाफदेहिता हुन् ।

वर्तमान अवस्थामा सुशासनका सन्दर्भमा शिक्षा सरोकारवालाहरू आमरूपले सन्तुष्ट भएको अवस्था छैन । सुशासन कत्ति पनि छैन भन्दा पनि हुनुपर्ने जति नभएको अवस्था हो । विद्यालय सुशासनको पाटो कमजोर छ । जसले हाम्रो शैक्षिक कार्यक्रम जुन ढंगले अघि बढ्नुपर्ने हो त्यसो हुन सकेको छैन । सबैले जिम्मेवारी वहन गर्ने र त्यसप्रति अपनत्व स्वीकार गर्ने पाटो कमजोर देखिन्छ । कतिपय अवस्थामा नीतिगत सवालहरूले अल्मलिएको देखिन्छ । नयाँ काम गरेर नयाँ गति दिने अभ्यास नगरेको पनि होइन, नीति तथा कार्यक्रमहरू पनि राम्रा छन् तर कार्यान्वयनको पाटो कमजोर र फितलो रहेको देखिन्छ । शिक्षासम्बद्ध कर्मचारी जिम्मेवार ढंगले अगाडि बढ्न नसकेको एकातिर देखिन्छ भने अर्कातिर विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरू पनि जिम्मेवारी नभएको अवस्था रहेको छ ।

उल्लेखित परिवेशमा यस जर्नल पुस्तिकामार्फत हाल विद्यालयहरूमा विद्यमान सुशासनका अवस्था, गुणस्तरीय शिक्षा प्रत्याभुतिका लागि सुशासनको महत्व, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन गरिएका सुशासनका अभ्यास साथै शैक्षिक सुशासन प्रवर्द्धनका लागि सरोकारवालाहरूको भूमिकाबारे ब्याख्या गरिएको छ । विषेशगरी गुणस्तरीय शिक्षा भनेको व्यक्ति मात्र स्वावलम्वी वा सवल बन्ने होईन समाजको चौतर्फी विकास गर्न सक्ने व्यक्तिको सक्षमतासँग जोड्नु आवश्यक रहेको विषय उजागर गर्न खोजिएको छ । शिक्षाका प्रक्रिया, नीति निर्माण र अभ्यासहरू अर्थपूर्ण ढंगले सहभागितामूलक हुनुपर्ने,  रैथाने वा स्थानीय परम्परागत संस्थाहरूद्वारा हुने प्रतिनिधिमूलक सहभागिता बढि वैधानिक र प्रभावकारी हुने विश्लेषण गर्दै रैथाने वा स्थानीय साँस्कृतिक अभ्यासहरूलाई सुशासनको रणनीतिहरू बनाउन सकेमा विद्यालयले समुदायसँग गाढा सम्बन्ध निर्माण गर्न, विद्यालय सुशासनको पश्चिमा विचार र अभ्यासहरूद्वारा निर्देशित नीति र अभ्यासहरूलाई परिवेश सान्दर्भिक बनाउन आवश्यक रहेको व्याख्या गरिएको छ ।

विषेशगरी तराईको हकमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन नहुनाले सामाजिक लेखापरीक्षण, अभिभावक भेलाजस्ता कानुनी प्रावधान हुँदाहुँदै पनि अधिकांश सरकारी विद्यालयहरूले त्यसको मूलमर्म अनुसार कार्यान्वयन नगरेको अवस्थामा रहेको छ । यसै विषयवस्तुलाई केन्द्रबिन्दुमा राखेर यसको पुष्टिका लागि विभिन्न तथ्यांकहरू लगायत अन्य चुनौती जस्तैः दिर्घकालीन सोचको अभाव, अस्पष्ट नीति र कार्यान्वयनमा समस्या, फितलो अनुगमन प्रणाली, राजनीतिक हस्तक्षेप, शिक्षामा दोहोरो नीति, शैक्षिक व्यवस्थापनमा अन्यौलता आदिलाई विषेश जोड दिइएको छ । साथै समस्या समाधानका केही विकल्पहरूका बारेमा समेत चर्चा गरी सरोकारवालाहरूलाई सुसुचित गर्ने प्रयास गरिएको छ ।

यस जर्नल पुस्तिकामा शैक्षिक सुशासन प्रवर्द्धनका लागि विभिन्न सरोकारवालाहरूको भूमिका र दायित्वका बारेमा चर्चा गरिएको छ । शैक्षिक सुशासन प्रर्वद्धनका लागि तीनै तहका सरकार र राजनैतिक दलहरूले विद्यालय शिक्षा निःशुल्क हुने प्रावधान लागू गर्नुपर्नेदेखि लिएर सार्वजनिक विद्यालयको भौतिक संरचना, पाठ्यक्रममा सुधार, स्थानीय पाठ्यक्रमको प्रभावकारी प्रयोग, शिक्षणको माध्यम भाषा, पाठ्यपुस्तकमा सुधार, सूचना प्रविधिको प्रयोग, आफ्ना विषयमा अब्बल ठहरिएका व्यक्तिलाई शिक्षकमा नियुक्ति, शिक्षण संस्थामा राजनीतिको प्रवेश निषेध गर्ने कुरामा प्रतिबद्धता समेत जनाउनु पर्नेमा जोड दिइएको छ । यसरी प्रतिवद्धता गरिएका विषयवस्तुको उचित कार्यान्वयन गरी अनुगमन तथा सुपरीवेक्षणका आधारमा आवश्यक पृष्ठपोषण दिने कामलाई व्यवस्थित र प्रभावकारी बनाइनुपर्दछ भन्ने विषयलाई लेखमा जोड दिइएको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन र विद्यालयको समग्र व्यवस्थापन तथा सुशासन प्रवर्द्धनमा नेतृत्वदायी भूमिका बारेमा विस्तृतरूपमा व्याख्या गरिएको छ । विद्यालयमा प्र.अ, शिक्षक, अभिभावक र विद्यार्थी स्वयम्को पनि तत् स्थानमा विद्यालय सुशासनका लागि महत्वपूर्ण भूमिका हुने बारेमा व्याख्या गरिएको छ । विद्यालय सुशासनको विषय कुनै एक सरोकारवालाको मात्रै एकल जिम्मेवारी नभई विद्यालयका प्रत्यक्ष र अप्रत्यक्ष सरोकारवालाहरूको जिम्मेवारिता बोध तथा विद्यालय प्रतिको अपनत्वले मात्रै सम्भव हुने वास्तविकता समेटिएको छ ।

यसैगरी संघीय संरचनामा नागरिकको नजिक रहेको स्थानीय सरकारले सम्बन्धित गाउँपालिका र नगरपालिका अन्तर्गत संचालित आधारभूत तथा माध्यमिक तहको शिक्षाको समग्र व्यवस्थापन हेर्ने संबैधानिक र कानूनी प्रावधानको कार्यान्वयनमार्फत शैक्षिक गुणस्तरका साथै समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार ल्याउन खेल्नुपर्ने भूमिकाहरूका बारेमा पनि यस पुस्तकमा छलफल गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी प्रावधान समावेश गरिएता पनि त्यसको कार्यान्वयन पूर्णरूपले हुन नसकेको उजागर गर्दै स्थानीय सरकारले आफूलाई प्राप्त संबैधानिक तथा कानूनी अधिकारको प्रयोग गर्न नीतिगत, कानूनी, संस्थागत र व्यवहारगत सुदृढीकरण जरूरी रहेको कुरामा पनि पुस्तकमा जोड दिइएको छ । हालसम्म भएका असल अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र मागको आधारमा आधारभूत र माध्यमिक तहको शिक्षामा नयाँ व्यवस्थापकीय शैली अवलम्बन गर्नुपर्छ साथै नागरिक समाजको सहकार्यमा स्थानीय सरकार उत्तरदायी, जिम्मेवार र पारदर्शी ढंगले काम गर्न सकेमा स्थानीय तहमा विद्यालय सुशासन कायम भई शैक्षिकलगायत आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक क्षेत्रको समग्र रूपान्तरण संभव हुने विषयलाई महत्वका साथ उल्लेख गरिएको छ ।

यो प्रकाशन नेपालको शिक्षा क्षेत्रमा लामो समयदेखि कार्यरत शिक्षाविद् तथा संघसंस्थाहरूका प्रतिनिधिहरूद्वारा विभिन्न सन्दर्भ सामग्रीहरूको समीक्षासँगै शिक्षामा आफ्नो अनुभव र सिकाइहरूको आधारमा तयार गरी विद्यालय सुशासनको विभिन्न पक्षहरू बारे लेखिएका लेखहरूको संगालो हो । यस पुस्तकले नेपालको सार्वजनिक विद्यालयहरूमा भइरहेको सुशासनको वर्तमान स्थिति एवम् चुनौतीहरूका बारे विश्लेषण गर्नुका साथै अब आउने दिनहरूका निमित्त देखिएका अवसरहरूको बाटो र त्यसका लागि अपनाउन सकिने समाधानका उपाय तथा रणनीतिहरू बारे उजागर गरी सरोकारवालाहरूलाई विद्यालय सुशासनमा आ-आफ्नो भूमिका र जिम्मेवारी पूरा गरी सो प्रति जवाफदेहिता र उत्तरदायित्व बहन गर्न उत्प्रेरित गर्ने प्रयास गरेको छ ।

# संक्षिप्त

| | | |
|---|---|---|
| जिशिका | : | जिल्ला शिक्षा कार्यालय |
| प्रअ | : | प्रधानाध्यापक |
| प्रावि | : | प्राथमिक विद्यालय |
| मावि | : | माध्यमिक विद्यालय |
| निमावि | : | निम्न माध्यमिक विद्यालय |
| विव्यस | : | विद्यालय व्यवस्थापन समिति |
| CMS | : | Community Managed School |
| DEO | : | District Education Office |
| EMIS | : | Education Management Information System |
| OEDC | : | Organization For Economic Cooperation and Development |

# विषयसूची


१. प्रकाशकीय ........ क

२) सारांश ........ ख-ग

३) संक्षिप्त ........ घ

४) विद्यालय सुशासन र आयामहरू: नेपालको सन्दर्भमा विचार गर्नुपर्ने पक्षहरू ........ १-१४

(डा. हरि लम्साल)

५) शिक्षामा सुशासनको लागि स्थानीय सरकारको भूमिका ........ १५-२५

(सीता काफ्ले लामिछाने)

६) गुणस्तरीय शिक्षाका लागि आधुनिक विद्यालय सुशासनले बिर्सेको बाटो ........ २६-३४

(डा. इन्द्रमणी राई)

७) शासन वा सुशासन विद्यालयको अवस्था र बाटो ........ ३५-४९

(नवल किशोर यादव)

८) विद्यालय सुशासन : कसको दायित्व ? ........ ५०-६९

(राजेन्द्र पहाडी)

९) गुणस्तरीय शिक्षाको लागि विद्यालय सुशासनमा जनसहभागिता: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरू ........ ७०-८१

(बाबुराम राई)

# विद्यालय सुशासन र आयामहरू: नेपालको सन्दर्भमा विचार गर्नुपर्ने पक्षहरू

- डा. हरि लम्साल *

## सारांश

राज्यले नागरिकको सुरक्षा गर्नुपर्छ, नागरिकको भलाइ र मानवीय विकासका कार्य गर्नुपर्छ, व्यक्तिलाई पहिचान दिनुपर्छ । त्यसको बदलामा नागरिकले राज्यलाई कर तिर्नुपर्छ, कानुनको पालना गर्नुपर्छ, राज्यको कार्यमा सहयोग गर्नुपर्छ, र समग्ररूपमा भन्नुपर्दा विकासमा काममा सहकार्य गर्नुपर्छ । यसरी राज्य र नागरिकका बीचमा घोषित एवम् अघोषित प्रकृतिका धेरै सम्झौता र सहमति भएका हुन्छन् जस्को पालना दुवै पक्षबाट हुनुपर्छ । यस्ता सम्झौताहरू मूलत संविधान, कानून र अन्तर्राष्ट्रिय कानूनले तय गर्ने भए तापनि सामाजिक मूल्य मान्यता र संस्कृतिद्वारा पनि उत्तिकै मात्रामा निर्देशित भएका हुन्छन् । यहि सम्झौता बमोजिमका कार्य व्यक्ति आफैले गर्न सक्ने भए तापनि राज्यको तर्फबाट भने कुनै निकाय वा पदाधिकारीले गरिदिनुपर्ने हुन्छ । राज्यको तर्फबाट काम गर्नका लागि राज्यको प्रतिनिधित्व गर्ने बैधानिक हैसियत आवश्यक हुन्छ । यसरी अधिकार प्राप्त निकाय वा पदाधिकारीले राज्यको तर्फबाट कुनै काम गर्न गराउन वा नगर्न नगराउनका लागि गर्ने निर्णय र अवलम्बन गर्ने समग्र प्रकृयालाई सुशासन भनिन्छ । सुशासनमा अधिकार प्राप्त निकाय वा पदाधिकारीले कुनै काम गर्ने वा नगर्ने निर्णय गर्नुका साथै राज्यको स्रोत र साधनको परिचालन पनि गर्दछन् । यसरी आधुनिक समाजमा संविधान, कानून तथा नियम र त्यसका आधारमा स्थापित संयन्त्र, विधि र पद्धतिका आधारमा मुलुकको सुशासन गरिन्छ अर्थात मुलुकको शासन सन्चालन गरिन्छ ।

सुशासनको अधिकार कानूनले अधिकार प्रदान गरेका निकाय वा पदाधिकारीबाट प्रयोग हुने हो । जसलाई विगतका दिनमा शासन गर्ने भनिन्थ्यो तर अहिले आएर यस्ता शब्दावलीमा पनि परिवर्तन ल्याइएको छ । तर सारभूत रूपमा भन्नुपर्दा शासन गर्नु भनेको अधिकारको प्रयोग गर्नु नै हो । सुशासनको यस्तो अवधारणा कुनै पनि सार्बजनिक, सरकारी वा निजी निकाय वा संगठनको सन्दर्भमा पनि लागू हुनसक्छ । तर यहिँनेर के पनि सम्झनुपर्छ भने यो सुशासन आफैमा सापेक्षित हुन्छ न कि निरपेक्ष किनकी सुशासनका लागि कानूनले अधिकार प्रदान गरेको हुनुपर्छ । बाहिरबाट हेर्दा कुनै दुई निकाय समान प्रकृतिका जस्तो देखिए तापनि यी निकायहरूको सुशासन फरक फरक ढंगबाट भएको हुनसक्छ किनकी कुनै पनि निकायको सुशासन स्वरूप उक्त निकायका संरचना वा पदाधिकारीलाई कानूनले दिएको अधिकारका आधारमा तय हुने गर्दछ ।

शिक्षा आफैमा सार्बजनिक वस्तु हो । नेपालको सन्दर्भमा यस्तो शिक्षा सार्बजनिक विद्यालय र निजी लगानीमा रहेका विद्यालयबाट प्रवाहित हुने व्यवस्था रहेको छ । दुवै विद्यालयमा सुशासनको अवधारणा लागू हुन्छ । तर सार्बजनिक विद्यालयको सुशासनको स्वरूप र निजी विद्यालयको सुशासनको स्वरूपमा भिन्नता हुन्छ । यसैगरी शिक्षाको तहगतरूपमा पनि सुशासनको स्वरूप फरक हुनसक्छ । यसैगरी अर्को मुलुकको विद्यालय शिक्षाको सुशासन र हामीले अवलम्बन गरेको सुशासनको प्रकृतिमा फरक हुनसक्छ । किनकी सुशासन कानूनद्वारा प्राप्त अधिकारमा निर्भर रहने गर्दछ ।

समाजमा आएको परिवर्तनको असर विद्यालय र यसको सुशासनमा स्वभाविक रूपमा परिरहेको छ । सूचना र प्रविधिमा भएको विकाससँगै सामाजिक सन्जालको क्षमता, असर र प्रभाव बढेको छ । सरोकारवालाहरू विगतभन्दा



* *लेखक डा. हरि लम्साल, सह-सचिवको रूपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा कार्यरत हुनुहुन्छ ।*

थप प्रभावी देखिएका छन् । सरोकारवालाहरूको सूचना आदान प्रदान गर्ने क्षमतामा अझ वृद्धि भएको छ । समाजमा प्रश्न गर्नेहरूको संख्यामा वृद्धि भएको छ । सार्बजनिक निकायप्रति समाजको अपेक्षा बढ्दो क्रममा छ । यी र यस्तै कार्यले गर्दा सार्बजनिक निकाय र पदाधिकारीहरू अझ बढि जवाफदेही र पारदर्शी बन्नुपर्ने अवस्था सृजना भएको छ । यीनै र अन्य विविध कारणहरूले गर्दा समग्र सुशासनको अवधारणा र अभ्यास समयसँगै बदलिएको छ र बदलिनु पनि पर्छ ।

नेपालको सन्दर्भमा विद्यालय शिक्षाको अधिकार संविधानतः स्थानीय तहको सरकारको कार्यक्षेत्रमा र ाखेको भए तापनि सुक्ष्म विश्लेषणका आधारमा के भन्न सकिन्छ भने विद्यालय सुशासन संघीय, प्रादेशिक र स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । विषयवस्तु, प्रविधि र भूमण्डलीकरणका कारणले गर्दा शिक्षा स्थानीय, क्षेत्रीय र भूमण्डलीय बन्दै गइरहेको छ । शिक्षा यति व्यापक र बृहत छ कि यो कुनै एक तहको सरकारको विषयको रूपमा मात्र रहन कठिन छ । अहिले विद्यालय शिक्षा सरकारको मात्र चासो र चिन्ताको विषयको रूपमा छैन, यसमा सरोकारवालाहरूको चासो पनि उत्तिकै मात्रामा रहेको छ ।

सुशासनका विभिन्न सिद्धान्त र विविध विचारहरूको पुनरावलोकनसहित वर्णनात्मक र व्याख्यात्मक ढँगबाट तयार गरिएको यस लेखमा अनुभवलाई पनि उत्तिकै प्राथमिकता दिइएको छ । विद्यालय सुशासनमा चासो र ाख्नेहरूका लागि यो लेख उपयोगी हुनसक्छ । संविधानतः विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारको मातहतमा छ भनेर भनिएको समयमा विद्यालय सुशासन यसरी छरिएको छ भन्दा कतिपयलाई असहज पनि लाग्न सक्छ । कतिपयलाई यो धारणा केन्द्रिकृत सोचको उपज पनि लाग्न सक्छ । तर वास्तविकता यहि हो जसलाई हामीले बहु दृष्टिकोणबाट हेर्नै पर्छ ।

## सुशासनको अर्थ र परिभाषा

सुशासन शब्दले शासन गर्ने भन्ने बुझाउँछ । यसलाई अझ बढि मात्रामा मुलुकको शासन गर्ने विषयसँग जोडेर व्याख्या गरिन्छ । विश्व बैंकको सन् १९९२ को सुशासन र विकास नामक प्रतिवेदनमा सुशासनलाई मुलुकको आर्थिक र सामाजिक स्रोत साधनको परिचालन गर्न प्रयोग गरिने अधिकार हो भनेर उल्लेख गरिएको छ । हुनत यो प्रतिवेदन धेरै मात्रामा गुड सुशासनसँग सम्बन्धित देखिन्छ । तापनि सारभूत रूपमा यस प्रतिवेदनले अधिकार प्राप्त व्यक्ति वा निकायले आफूलाई प्राप्त अधिकारको प्रयोग गर्ने वा अभ्यास गर्ने कार्यलाई सुशासन (शासन) हो भनेर उल्लेख गरेको छ । अधिकारको प्रयोगअन्तर्गत स्रोत र साधनको परिचालन पनि पर्दछ जहाँ स्रोत संकलन गर्ने, संकलित स्रोतलाई विभिन्न कार्यका लागि विनियोजन गर्नेजस्ता कार्यहरु पर्छन् । फुकुयामा (२०१३) ले सुशासनलाई नीति नियम बनाउने, सो को पालना गर्ने गराउने र नागरिकका लागि सेवा सुविधा प्रदान गर्ने कार्यसँग जोडेका छन् । फुकुयामाका अनुसार सरकार प्रजातान्त्रिक वा निरङ्कुश जस्तोसुकै भए पनि यसले गर्ने शासन नै हो । तर शासनलाई असल शासन, कुशासनजस्ता शब्दबाट पनि व्याख्या गर्न सकिने भए तापनि सुशासनलाई सकारात्मक अर्थमा बुझ्नुपर्ने हुन्छ । उनले गुड सुशासन र प्रजातन्त्रको बीचमा अन्तर सम्बन्ध हुन्छ भनेर पनि उल्लेख गरेका छन् (फुकुयामा, २०१३) ।

बृहत अर्थमा सुशासनलाई सरकारले गर्ने शासनसँग मात्र जोडिएको पाइन्छ । तर वास्तविकता यस्तो होइन । कानूनद्वारा अधिकार प्राप्त कुनै पनि निकायमा सुशासन हुन्छ र कस्ले गर्भन गर्ने भन्ने विषय कानूनले नै तय गरिदिएको हुन्छ । तसर्थ सुशासन सरकार, सरकारी निकाय, निजी संगठन एवम् संयुक्त राष्ट्र संघजस्ता निकायहरुमा पनि हुन्छ (www.mosaicprojects.com.au; 2012) । कानूनद्वारा अधिकारप्राप्त पदाधिकारी वा संरचनाले सुशासन गर्ने हैसियत राखेका हुन्छन् । यस्तो अधिकार कुन स्रोतबाट प्राप्त भएको हो भन्ने विषय महत्वपूर्ण हुन्छ । सरकारलाई संविधान, कानून र आवधिक निर्वाचनले अधिकार र बैधता प्रदान गरेको हुन्छ । कतिपयलाई नियम, विनियम र पद्धतिले अधिकार दिएको हुनसक्छ । यसैगरी सामाजिक तथा साँस्कृतिक एवम् धार्मिक संघसंस्थाहरूलाई समाज, संस्कृति,

परम्परा आदिले अधिकार प्रदान गरेको हुन्छ । आदिम र परम्परागत समाजमा परम्परागत मूल्य मान्यता, संस्कार, चालचलनले अधिकार प्रदान गरेको हुन्थ्यो भने अहिले आएर आधुनिक राज्यमा सुशासनको अधिकार संविधान र कानूनद्वारा नै व्यवस्थित गरिएको हुन्छ ।

कसै कसैले सुशासनलाई व्यवस्थापनसँग पनि जोड्ने गरेको पाइन्छ । तर सुशासन र व्यवस्थापनमा धेरै फरक छ । सुशासन शब्दले व्यापक र वृहत अर्थ बोकेको हुन्छ जसले शासन गर्ने अर्थात अधिकारको प्रयोग गर्ने विषयसँग सम्बन्ध राख्दछ । यसमा संगठनका लागि लक्ष्य तथा उद्देश्य तोक्ने, विधि र प्रकृया तय गर्ने, स्रोतसाधन परिचालनमा निर्णय गर्नेजस्ता कार्यहरू पर्छन् जस्को पालना गर्ने गराउने कार्य व्यवस्थापन अन्तर्गत पर्दछ । यसरी व्यवस्थापन एउटा रूटिन कार्यजस्तै हुन्छ । त्यहि भएर व्यवस्थापनलाई सुशासनको एउटा अङ्ग मान्ने गरिन्छ । नीति नियम अन्तर्गत निर्देशित प्रकृया व्यवस्थापन हो, जसले नीति नियमलाई आफैले परिवर्तन गर्न सक्दैन । तर सुशासनमा भएका नीति नियममा सुधार गर्नुका साथै नयाँ नीति नियम बनाउने जस्ता कार्य पनि पर्ने भएकोले यसलाई गेमको रूल चेन्जर मात्र नमानी गेम चेन्जरकै रूपमा पनि लिन सकिन्छ । व्यवस्थापनले बनेका नीति नियम भित्र रहि तोकिएका लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि स्रोत साधनको परिचालन गर्ने हैसियत राख्दछ । यसो भनेर सुशासनले जे पनि गर्न पाउँछ, व्यवस्थापन अत्यन्त सीमित छ भन्ने पनि होइन । सुशासनका पनि केहि सीमितताहरू हुन्छन् । सुशासनले खेल र खेलका नियम परिवर्तन गर्न त सक्छ तर यसका लागि पनि निश्चित सिद्धान्त र नर्म्समा रहनुपर्छ । संगठन वा निकायलाई निर्देशित गर्ने कार्य सुशासन अन्तर्गत पर्दछ (www.differencebetween.net) । सुशासन "डुइङ् राइट थिङ्स" भन्ने पक्षसँग सम्बन्धित हुन्छ भने व्यवस्थापन "डुइङ् थिङ्स राइट" भन्ने पक्षसँग सम्बन्धित हुन्छ (Ticker, 1998) ।

सुशासन अन्तर्गत नीति तथा कानून तर्जुमा, कार्यकारी अधिकारको प्रयोग र न्यायसँग सम्बन्धित कार्यहरु समावेश भएका हुन्छन् । यो अवस्था मुलुकको सुशासनका हकमा लागू हुन्छ । तर अन्य सबै निकायमा यहि ढँगको सुशासन हुन्छ भन्ने पनि होइन । मुलुकको सन्दर्भमा प्रयोगमा ल्याइने सुशासनको अवधारणा र अर्को कुनै स्वायत्त निकायलाई प्राप्त सुशासनको अधिकार का बीचमा धेरै भिन्नता छ । यति हुँदाहुँदै पनि केहि सारभूत विषयमा भने समानता पाउन सकिन्छ ।

## सुशासनको औचित्य

राज्य स्थापनाको एउटा उद्देश्य आफ्ना नागरिकका लागि सार्वजनिक वस्तु र सेवाको सुनिश्चितता गर्नु हो, सहज र सर्वसुलभ ढंगबाट सार्बजनिक सेवा प्रवाह गर्नु हो, कतिपय विषय वा क्षेत्रमा सहजीकरण गर्नु पनि हो । यसरी सुशासनले नागरिकलाई सेवा सुविधा के कसरी सुनिश्चित गर्ने भन्ने विषय तय गर्दछ । यसले सार्वजनिक सेवा र वस्तु के कति मात्रामा र कसरी प्रवाह गर्ने भन्ने विषय तय गर्दछ । सुशासनअन्तर्गत राज्यको सोच, दृष्टिकोण, चरित्र र सेवा प्रवाहको तौर तरिका आदि पर्छन् । यो काम गर्नका लागि राज्यका सबै अवयवहरूको भूमिका हुनसक्छ । तसर्थ सुशासन भनेको सरकार एक्लैले गर्ने काम होइन, सरकारले गर्ने शासनमात्र पनि होइन, सेवा पनि हो, नियमन पनि हो, समन्वय पनि हो र सहजीकरण पनि हो । सुशासन राजनैतिक दल, सार्वजनिक प्रशासन, नागरिक सबैको सहकार्य र सकृयतामा हासिल गरिने एक अवस्था वा नतिजा पनि हो । सामाजिक मूल्य मान्यता र अन्तर्राष्ट्रिय परिवेशसँग तादात्म्य राख्दै अगाडि बढ्ने प्रकृया पनि हो । वास्तवमै भन्ने हो भने सुशासन भनेको समाजमा शान्ति र अमनचयन राख्दै मुलुकलाई सकारात्मक दिशातर्फ लैजाने प्रकृया हो । यसका लागि नेतृत्वको सोच, इमान्दारिता र भविष्यपरक दृष्टिकोण अति आवश्यक हुन्छ ।

सुशासन एउटा यस्तो प्रकृया हो, जसले राज्यलाई नागरिकसँग जोड्छ । राज्य-सरकार-नागरिक- सरकार -राज्य चक्रलाई जीवन्तता दिने काम नै सुशासनको हो । यो चक्र जति चलायमान र गतिशील हुन्छ, सुशासन पनि उहि रूपमा बलियो बन्दै जाने हुन्छ ।

यसैगरी संगठन वा निकायलाई नागरिक वा आम व्यक्तिसँग जोड्ने काम पनि सुशासनले गर्ने हो । तसर्थ मुलुक, सार्बजनिक निकाय, निजी निकाय वा कुनै पनि संगठनको जीवनका लागि सुशासन लाइफ लाइनको रूपमा रहेको हुन्छ । सुशासनमा हुने कमजोरीले मुलुक वा संगठनको भलो गर्दैन । चलायमान हुन र अगाडिको यात्रा तय गर्न सुशासन नै चाहिन्छ ।

## सुशासनका आधारभूत तत्वहरु

सुशासनलाई विद्वानहरूले विभिन्न दृष्टिकोणबाट व्याख्या गरेका छन् । एउटै परिभाषा सबैलाई मान्य नहुन पनि सक्छ । तर पनि विज्ञहरूले केहि आयामहरूका आधारमा सुशासनको परिभाषा सम्बन्धमा साझा धारणा बनाएका छन् । यस्ता आयामहरूमध्ये कानूनको शासन, अधिकारको प्रयोग, निर्णय गर्ने प्रकृया, पारदर्शिता तथा जवाफदेहिता आदिलाई मुख्य रूपमा लिने गरेको भेटिन्छ ।

विश्व बैंकको सन् १९९४ को प्रतिवेदनले सार्बजनिक क्षेत्रको प्रभावकारी व्यवस्थापन, जवाफदेहिता, कानूनको शासन, पारदर्शिता र सूचनाको अवस्था आदिका आधार मा सुशासनलाई व्याख्या गरेको देखिन्छ । विश्व बैंककै भगिनी संगठन आइडिएले सुशासनका आधारभूत तत्वहरूको रूपमा जवाफदेहिता, पारदर्शिता, कानूनको शासन र सहभागिता आदिलाई प्रमुख मानेको छ । यसका साथै सुशासनका अन्य तत्वहरूमा इमान्दारिता, स्वतन्त्र न्यायपालिका, लोकतन्त्र, समन्यायिकता, समावेशीकरण, आर्थिक अनुशासन आदिजस्ता पक्षहरूलाई पनि जोडेर यस्ता तत्वहरूको सूची लामो बनाउन पनि सकिन्छ ।

उमेर (२०१६) को विचारमा सुशासनलाई सुरक्षा र कानूनको शासन, सहभागिता र मानव अधिकार, दिगो आर्थिक अवसर, र मानवीय विकास आदिसँग जोडेर व्याख्या गर्न सकिन्छ । यसैगरी www.governancepro.com; www.unescap.यचन र मो एब्राहिम फाउन्डेशन सुशासन बुझ्न र बुझाउनका लागि आठओटा विशेषताहरूका बारेमा जानकारी राख्नुपर्छ भनेर उल्लेख गरेका छन् । यस्ता आठओटा तत्वहरूमा कानूनको शासन, जवाफदेहिता, रेसपोन्सिभनेस, सहमतिउन्मूख पद्धति, समन्यायिकता र समावेशीता, कार्यकुशलता र मितव्ययिता, जवाफदेहिता र सहभागिता आदि रहेका छन् । नेपालको संविधानमा पनि मुलुकको शासन सन्चालनमा जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहने आदिजस्ता पक्षलाई स्वीकार गरेर यिनीहरूलाई सुशासनका तत्वहरूको रूपमा लिइएको छ ।

सुशासनका विशेषता वा तत्वहरूलाई जे जस्ता शब्दावलीहरूको सहयोगमा व्याख्या र विवेचना गरिए तापनि कुनै पनि मुलुक वा संगठनको सुशासनको अवस्था बुझ्न र विश्लेषण गर्नका लागि एउटा फ्रेम (ढाँचा) तय गर्नु आवश्यक हुन्छ । देहायमा दिइएको ढाँचामा रहेर सुशासनलाई बुझ्न सकिन्छ, यसका बारेमा विश्लेषण गर्न सकिन्छ, सबल पक्ष र कमजोरीहरू पहिचान गर्न सकिन्छ ।

क) सुशासनको पहिलो आयामको रूपमा "सुशासनका पूर्वाधार"लाई लिन सकिन्छ, जसमा संविधान र संवैधानिक प्रावधान, संवैधानिक स्वतन्त्रता, कानून र विधिको व्यवस्था, संरचना तथा अवयवहरू, आवधिक निर्वाचन, सुरक्षा र संरक्षण, क्षमता आदिजस्ता पक्षहरू राख्न सकिन्छ ।

ख) यसको दोश्रो आयामको रूपमा "सुशासनका आधारभूत पक्ष"हरूलाई लिनुपर्ने हुन्छ जसमा मूलतः राज्यको संस्कार र आचरण पर्दछ । यसमा नागरिकको आवाज सुन्ने पद्धति र अवस्था, निर्णय प्रकृयामा नागरिकको सहभागिताको अवस्था, निर्णय प्रकृया,

इमान्दारिता र जवाफदेहिता, न्याय र सामाजिक समावेशीता तथा कानूनको शासन आदिलाई राख्न सकिन्छ ।

ग) यसैगरी तेस्रो आयामको रूपमा "सार्वजनिक सेवा र सेवा प्रवाहको अवस्था"लाई राख्न सकिन्छ । यसअन्तर्गत सेवा प्रवाहको अवस्था, सहयोग प्रणाली, सहयोग गर्ने संयन्त्र आदिजस्ता पक्षहरू समावेश गर्न सकिन्छ ।
माथि उल्लेख गरिएको ढाँचा मुलुकको सुशासनको अवस्था बुझ्नका लागि उपयोगी भए तापनि यसको प्रयोग विद्यालय सुशासनको सन्दर्भमा पनि उत्तिकै मात्रामा हुन सक्ने देखिन्छ ।

## विद्यालय सुशासन

माथि नै उल्लेख गरी सकियो कि सुशासन शब्द सरकारले गर्ने शासन वा यस्तै वृहत र व्यापक सन्दर्भमा प्रयोग गरिन्छ । विद्यालय वा संगठनको सन्दर्भमा प्रयोग गर्न सकिएला कि नसकिएला ? यसमा व्यक्तिका फरक मत हुन सक्छन् तापनि विद्यालय एउटा सार्वजनिक संस्था हो जसले संगठनका सिद्धान्त, नीति नियम, सामाजिक मूल्य मान्यताभित्र रहि आफ्नो अधिकार प्रयोग गर्न सक्छ, निश्चित परिधिभित्र रहि आफ्ना लागि निर्णयहरु गर्न सक्छ । कानूनतः विद्यालयमा अधिकार छ । अब प्रश्न उठछ, उक्त अधिकार कस्ले प्रयोग गर्ने त ? स्वभाविकरूपमा प्रतिनिधित्व गर्ने व्यक्ति, निकाय वा पदाधिकारीले विद्यालयको अधिकार प्रयोग गर्छन् । यस सन्दर्भमा मूलत दुईओटा पक्षहरूमा ध्यान दिनुपर्ने देखिन्छ । पहिलो विद्यालयको अधिकार कहाँबाट प्राप्त हुन्छ र सोको प्रयोग कस्ले गर्छ ? र दोश्रोमा विद्यालय सुशासनमा के कस्ता कार्यहरू पर्छन् ?

विद्यमान कानूनको सन्दर्भमा चर्चागर्दा स्थानीय सरकार सन्चालन ऐन, शिक्षा ऐन र अन्य प्रचलित कानूनका बारेमा भएका व्यवस्था मनन गर्नुपर्ने हुन्छ । हुनत स्थानीय सरकार संचालन ऐन २०७४ ले विद्यालय सुशासनको अधिकार स्थानीय सरकारमा रहेको देखिन्छ । शिक्षा ऐनमा रहेको व्यवस्थाले विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक अभिभावक संघका साथमा शिक्षककमा पनि अधिकार रहेको देखिन्छ । किनकी कक्षाकोठाका सन्दर्भमा शिक्षकको अधिकार बढि छ । विद्यालय व्यवस्थापन समितिले नीति बनाउन सक्ने देखिन्छ । सोभन्दा माथि रहेको स्थानीय सरकारले पनि नीति तथा कानून बनाएर कार्यान्वयन गर्न गराउन सक्छ । यसैगरी प्रधानाध्यापकलाई शैक्षिक र शैक्षणिक क्रियाकलापहरू तय गर्ने अधिकार रहेको छ । अभिभावकसँग पनि कुनै न कुनै अधिकार रहेको देखिन्छ । साथै राष्ट्रिय नीति, पाठ्यक्रम, शिक्षक मापदण्ड र विद्यार्थी उपलब्धि प्रमाणीकरण आदिका सन्दर्भमा संघीय सरकारसँग अधिकार रहेको देखिन्छ । भोलिका दिनमा प्रदेश सरकारले पनि केहि नीतिगत ढाँचा प्रदान गर्न सक्छ । बाह्य सरोकारवालाका रूपमा रहेका संघसंस्था तथा निकायहरूको पनि आफ्नै ढंगको प्रभाव रहने गर्दछ ।

विद्यालय सुशासनमा स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघ, समुदाय, विद्यार्थी, संघसंस्था आदि जोडिएका हुन्छन् । सुशासन सबै मिलेर गरेका हुन्छन् । यी सबै पक्षहरु विद्यालय सुशासनका एक्टरहरु हुन् । तर सुक्ष्म रूपमा विश्लेषण गर्ने हो भने विद्यालयको समग्र संचालन र व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकार, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक आदिसँग रहेको हुन्छ । तसर्थ विद्यालयको सन्दर्भमा सुशासन सम्बन्धी अधिकार कुनै एक निकायलाई मात्र छैन । अधिकार धेरै व्यक्ति, निकाय वा पदाधिकारीसँग रहेको छ तर ती सबै एकअर्कामा सम्बन्धित र आश्रित जस्तै छन् । विद्यालय सार्वजनिक निकाय भएकोले यसको सुशासन एउटा व्यक्ति वा निकायमा भन्दा पनि संयुक्त रूपमा रहेको छ भन्न उपयुक्त हुन्छ ।

अब रह्यो दोश्रो प्रश्न अर्थात विद्यालय सुशासनमा के कस्ता कार्यहरू पर्छन् । विद्यालय आफैमा सानो एकाई भएको हुनाले विद्यालय सुशासन र विद्यालय व्यवस्थापनमा फरक छुट्याउन सजिलो छैन । जति

मात्रामा सानो एकाईमा प्रवेश गरिन्छ कार्यक्षेत्र र कर्ताहरू कम हुन्छन् । थोरै व्यक्तिबाट धेरै काम गर्नुपर्ने हुन्छ । त्यहि भएर विद्यालय तहमा विद्यालय सुशासन भन्ने विषय र व्यवस्थापन भन्ने विषय एउटै जस्तो देखिन पनि सक्छ । सारभूत रूपमा भने फरक छ तर सो फरक छुट्याउने धर्को साह्रै मसिनो हुन्छ । विद्यालय सुशासनमा नीति तथा विधि प्रकृया तय गर्ने कार्य गरिन्छ भने सो मा आधारित रहि विद्यालय विकास र सिकाइ उपलब्धि बढाउने योजना बनाएर कार्यान्वयनमा ल्याउने काम व्यवस्थापन अन्तर्गत पर्दछ । व्यवस्थापन अन्तर्गत योजना बनाउने, संगठन गर्ने, समन्वय गर्ने, नियन्त्रण गर्ने, नेतृत्व प्रदान गर्नेजस्ता कार्यहरू पर्छन् ।

विद्यालयका नीतिगत विषयहरूमा निर्णय गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिइएको छ । कानूनद्वारा प्रदत्त अधिकार विद्यालय व्यवस्थापन समितिले प्रयोग गर्न सक्ने भए तापनि विद्यालयको सन्दर्भमा कानूनले नै व्यवस्थापन समितिमात्र भनेको छ, यसमा गभर्निङ् निकाय भनेको छैन । विद्यालयको समग्र संचालनमा व्यवस्थापनको अवधारणालाई प्रयोगमा ल्याइयो तर सुशासन शब्द प्रयोग गरिएन । यस्तो सुशासन सरकारले प्रयोग गर्ने अधिकारकै रूपमा नहुन सक्छ । तर सीमित मात्रामा भएपनि यसमा विद्यालयमा सुशासनको अवधारणा प्रयोग हुन सक्छ र यो अधिकार कुनै एक एकाईलाई भन्दा पनि सामूहिक रूपमा रहेको छ भन्न सकिन्छ ।

## विद्यालय सुशासनका आधारभूत तत्वहरु

विद्यालय सुशासनका आधारभूत तत्वहरूलाई पनि माथि उल्लेख गरिएजस्तै गरी देहाय बमोजिम सुशासनका पूर्वाधार, सुशासनका आधार र सार्वजनिक सेवा प्रवाहको अवस्था गरेर तीन खण्डमा वर्गीकरण गर्न सकिन्छ ।

क) विद्यालय सुशासनका पूर्वाधारहरुमा विद्यालय संचालनका लागि तयार भएका ऐन, कानून, सरकारको सहयोग प्रणाली, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विभिन्न समिति तथा संरचनाको व्यवस्था, विद्यार्थीहरुको समूह गठन (हाउस निर्माण), समितिहरुको गठन प्रक्रिया, बैठक पद्धति, समुदायसँग सम्बन्ध गर्ने संयन्त्र, संचार प्रक्रिया, सूचना सम्प्रेषणको अवस्था, सामुदायिक संघ संस्थाहरुसँग अन्तरसम्बन्ध गर्ने संयन्त्र, सुरक्षा र संरक्षण जस्ता पक्षहरु राख्न सकिन्छ । यी पक्षहरुमा हासिल गरिने अवस्थाले विद्यालय सुशासनअन्तर्गत पूर्वाधारहरुको अवस्थालाई इंगित गर्दछ ।

ख) विद्यालय सुशासनका आधारभूत पक्षहरुमा अभिभावकको भावना के कति मात्रामा सुन्ने गरिएको छ, अभिभावकलाई विद्यालयका काम तथा प्रकृयामा के कति मात्रामा सहभागी गराइएको छ, कर्ताहरुको इमान्दारिता के कति मात्रामा सुनिश्चित गरिएको छ, जवाफदेहिताको अवस्था कस्तो छ, नियम पालना के कसरी भएको छ जस्ता विषयहरू पर्छन् । विद्यालयमा रहेको कार्यसंस्कृति, कार्य व्यवहार, कार्यकुशलता, इमान्दारिता, समावेशीता आदिजस्ता पक्ष यसमा पर्छन् ।

ग) विद्यालय सुशासनमा तेस्रो महत्वपूर्ण पक्षको रूपमा सार्वजनिक सेवाको प्रवाह पर्दछ । राज्यले विद्यालयसँग मूख्यतः दुईओटा अपेक्षा राखेको हुन्छ । पहिलो, आफ्ना नानी वावुहरुलाई विद्यालयले व्यवहारिक शिक्षा प्रदान गरोस्, भोलिका दिनमा असल नागरिकको रूपमा जीउन सक्ने ज्ञान, सीप, क्षमता र हैसियत हासिल गराओस् भन्ने रहेको छ । यसैगरी दोश्रोमा समुदायको सामाजिक विकास, साँस्कृतिक विकास, सामाजिक मूल्य मान्यताको हस्तान्तरण, संरक्षण

र विकासमा सहयोग गरोस् भन्ने हुन्छ । यदि विद्यालयले राज्यका यी अपेक्षाहरू पूरा गर्न सकेको अवस्थामा सार्वजनिक सेवाको गुणस्तरीय स्वरूप विद्यालयबाट प्राप्त भएको मान्न सकिन्छ । यसमा मूलतः सेवा प्रवाहको अवस्थालाई लिने गरिन्छ जहाँ योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था, स्रोत र साधनको परिचालनको अवस्था, प्रतिवेदन तयारी र जवाफदेहिताको अवस्था आदि पर्छन् ।

## विद्यालय सुशासनका कार्यक्षेत्रहरु

विद्यालय सुशासनमा नीति, कानून र नियम तर्जुमा गर्ने, जिम्मेवारी प्रदान गर्ने, गुणस्तरीय सेवाको प्रवाह गर्नेजस्ता कार्यहरू पर्छन् । यी सबैका लागि स्रोत र साधनको परिचालन आवश्यक भएकोले सो को परिचालन गर्ने कार्य पनि यसमा पर्छ । विद्यालय सुशासनको मुख्य कार्यक्षेत्र विद्यालय विकास गर्नु हो, विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु हो, स्रोतसाधनको परिचालन गर्नु हो । स्रोत परिचालन भित्र स्रोत पहिचान, स्रोत संकलन, स्रोत विनियोजन, स्रोतको सदुपयोग आदिजस्ता पक्षहरु पनि समावेश भएका हुन्छन् । सुशासन प्रभावकारी बन्दै गए पछि प्रयोग गरिएको स्रोतबाट थप स्रोत आउने, सोबाट पुँजी निर्माण हुने, यसबाट पुनः थप पुँजी निर्माण हुने कामबाट उपलब्धि हासिल हुँदै जाने भएकोले सुशासनमा प्रकृयालाई पनि महत्वपूर्ण मान्ने गरिन्छ । त्यहि भएर मितव्ययिता, प्राथमिकता किटान र आर्थिक अनुशासनलाई यसमा महत्वपूर्ण आधारका रूपमा लिने गरिन्छ ।

विद्यालय सुशासन नीति तयार गर्नुपर्छ, कानून तर्जुमा गर्नुपर्छ । यीनै कानूनका आधारमा नियम तथा कार्यविधि तयार गर्नुपर्छ । वास्तवमा भन्ने हो भने यी सबै कार्यहरू सुशासनका पूर्वाधार र आधारभूत पक्षका रूपमा रहेका हुन्छन् । संविधानको भावना बमोजिम तर्जुमा गरिएका शिक्षासँग सम्बन्धित ऐन नियम, निर्देशिका र कार्यविधि बमोजिम हरेक विद्यालयले आफ्नो कार्यविधि तयार गर्नुपर्छ । विद्यालयले समाजका मूल्य मान्यता आदिका सम्बन्धमा पनि यथेष्ठ मात्रामा ध्यान दिनुपर्छ । विद्यालय सुशासनको अर्को महत्वपूर्ण कार्यक्षेत्र विद्यार्थीको सिकाइ उपलब्धि बढाउने कार्य गर्नु हो । यसका लागि कक्षाकोठाका क्रियाकलापहरू प्रभावकारी बनाउन लगाउनुपर्छ । शिक्षक र अभिभावकका बीचमा सहकार्य गर्ने गराउने काम गर्नुपर्छ । शैक्षणिक र शैक्षिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन लगाउनु पर्छ । यसमा मुलतः शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी रूपबाट सन्चालन गर्ने वातावरण तयार गराउनु पर्छ ।

सैद्धान्तिक रूपमा हेर्दा हाम्रो विद्यालयको सुशासन मिश्रित ढाँचामा आधारित रहेको देखिन्छ जहाँ शक्ति र अधिकार विभिन्न निकाय, व्यक्ति र पदाधिकारीमा समेटिएको छ । जब अधिकार धेरैमा बाँडिन्छ, जवाफदेहिता पनि स्वभाविक रूपमा छरिएर रहेको हुन्छ । सानो सानो काम सबैको जिम्मामा हुने यस अवस्थामा शक्ति र प्रभावलाई पनि सन्तुलनमा राख्न सहयोग गरेको हुन्छ । त्यहि भएर आन्तरिक र बाह्य सरोकारवालाहरूलाई एक-एकओटा काम जिम्मा दिई परिचालन गर्नु उपयुक्त हुन्छ । व्यक्तिगत र सामूहिक जवाफदेहिताको संयन्त्र तयार गर्नुपर्छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालय तहमा हुनुपर्ने जवाफदेहिताको संयन्त्र वि. सं. २०६६ सालमा तयार गरेको थियो जुन आजका दिनमा पनि उत्तिकै उपयोगी हुने देखिन्छ । यो संयन्त्रले आन्तरिक र वाह्य दुवै सरोकारवालाहरूलाई कामको जिम्मा लगाएको छ । अहिले मुलुक संघीय संरचनामा प्रवेश गरिसकेको हुनाले जवाफदेहिताको संयन्त्रमा फेरबदल आएको त छ तर पनि धेरै मात्रामा गर्नुपर्ने काम र बहन गर्नुपर्ने जवाफदेहिता उहि रूपमा रहेकाछन् । पहिला केन्द्रीय सरकारप्रतिको जवाफदेहिता बढि थियो अहिले सो जवाफदेहिता स्थानीय सरकारतर्फ सरेको छ ।

## तालिका १: जवाफदेहिताको संयन्त्र र पद्धति

| व्यक्ति, निकाय वा पदाधिकारी | को प्रति जवाफदेही हुने | के का लागि जवाफदेही हुने | कसरी जवाफदेही हुने |
|---|---|---|---|
| शिक्षक | विद्यार्थी, प्रधानाध्यापक | विद्यार्थीको सिकाइ, विद्यालयको सक्षमता | कार्यसम्पादन मूल्यांकन |
| प्रधानाध्यापक | विद्यालय व्यवस्थापन समिति | गुणस्तर, विद्यालयको कार्य सम्पादनस्तर | कार्यसम्पादन सम्झौता, सामाजिक परीक्षण |
| विद्यालय व्यवस्थापन समिति | अभिभावक र स्थानीय तह | विद्यालयको कार्य सम्पादनस्तर, नियम कानूनको परिपालना | छनोट तथा मनोनयन, सामाजिक परीक्षण, स्रोत विनियोजन |
| अभिभावक, स्थानीय संघ, संस्था र निकायहरू | विद्यालय | विद्यालय विकास र विद्यार्थीको सिकाइ | समय समयमा अनुगमन गरेर, कामको जिम्मा लिएर |
| स्थानीय तह | अभिभावक, आफ्नो क्षेत्र, सरकार | न्यूनतम अवस्थाको सुनिश्चितता, न्यायपूर्ण पुहँचको सुनिश्चितता, नियम कानूनको पालना | निर्वाचन, छनोट, मनोनउन, स्रोतको विनियोजन |
| केन्द्रीय निकाय | संसद | कानूनको व्यवस्था, नीतिगत निर्देश, रणनैतिक सोच | निर्वाचन |

(स्रोतः विद्यालय क्षेत्र विकास कार्यक्रमको मूल दस्तावेज, २०६६ मा आधारित रहि परिमार्जन गरिएको)

**विद्यालय सुशासनका कर्ताहरु र शक्ति सन्तुलन**

नेपालको सन्दर्भमा विद्यालय सुशासनमा संलग्न कर्ताहरूलाई आन्तरिक र वाह्य कर्ताको रूपमा वर्गीकरण गर्न सकिन्छ । आन्तरिक र बाह्य दुवै कर्ताहरू विद्यालय सुशासनका अङ्गहरु हुन् । विद्यालयको विकासमा यी कर्ताहरूको भूमिका महत्वपूर्ण हुन्छ । विद्यालय सुशासनमा आन्तरिक कर्ता वा सरोकारवालाको रूपमा विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ रहेका हुन्छन् । यसैगरी विद्यालयका वाह्य सरोकारवालाहरूमा स्थानीय सरकार, स्थानीय समुदाय, सामुदायिक संघ संस्थाहरु, निरीक्षक, शिक्षाविद् आदि पर्छन् । कुन सरोकारवाला आन्तरिक र कुन सरोकारवाला बाह्य भन्ने विषय यसलाई हेर्ने र व्याख्या गर्ने दृष्टिकोणमा पनि भर पर्ने भएकोले यसमा फरक खालका वर्गीकरण पनि हुनसक्छन् ।

विद्यालय सुशासन यीनै कर्ताहरूको अधिकार, शक्ति र प्रभावको सन्तुलन सन्चालित हुने प्रकृया हो । यहि सन्तुलनको अवस्थाले विद्यालय सुशासनले आकार र पुनः आकार (क्जबउभ बलम चभकजबउभ) लिई रहेको हुन्छ भन्ने गरिन्छ । त्यहि भएर विद्यालय सुशासनलाई गतिशील प्रकृया हो भन्ने पनि गरिन्छ । सामान्य अर्थमा बुझ्नुपर्दा विद्यालय सुशासन भनेको यससँग सम्बन्धित कर्ताहरूको बीचमा भइरहेको निरन्तर अन्तरक्रिया हो, प्रकृया हो जुन कर्ताहरूको शक्ति र प्रभावको सन्तुलनका आधारमा गति लिने हुन्छ । यीनै कर्ताहरूको शक्ति सन्तुलनले जवाफदेहिताको संयन्त्र र पद्धतिलाई बलियो वा कमजोर बनाएको हुन्छ । शक्ति सन्तुलनलाई जति मात्रामा प्रभावकारी बनाउन सकियो विद्यालय विकासको गति पनि सोहि अनुपातमा अगाडी बढ्ने गर्छ र यस अवस्थाले जवाफदेहिता बढाउन सहयोग गर्छ । अर्कोतिर शक्ति र प्रभावको सन्तुलन खल्बलियो भने जवाफदेहिता

संयन्त्र र पद्धति पनि खल्वलिने गर्छ र जवाफदेहिताको अवस्था खस्किन्छ । त्यस पछि विद्यालयको विकासको गति प्रभावित हुन्छ ।

साधारणतया पाओर (शक्ति) चलायमान हुन्छ, जति प्रयोग गऱ्यो उति थप आर्जन गर्ने चाहना वा लालसा हुन्छ । यस भनाइलाई पुष्टि गर्ने खालको भनाई वेलायती विद्वान Lord Acton को रहेको छ (www.phrases.org.uk/meanings/absolute-power-corrupts-absolutely) जस्ले Power Corrupts, absolute power corrupts absolutely भनेर बताएका थिए । उनकै भनाईअनुसार पनि एकै व्यक्तिमा शक्ति एकिकृत गर्दा सोको दुरूपयोग हुने सम्भावना बढ्न सक्छ । विद्यालयसँग सम्बन्धित कर्ताहरूको बीचमा अधिकार र शक्ति बाँडफाँड सन्तुलित ढँगबाट गर्न सकेमा जवाफदेहिता प्रभावकारी बन्न सक्दछ । विद्यालयका कार्यहरूमा प्रजातान्त्रिक अभ्यासहरुको प्रयोग बढाउँदै जाँदा विद्यालयको विकास पनि हुँदै जान्छ, यसभित्रका संस्थाहरू पनि थप बलियो हुँदै जान्छन् जसबाट दीगो विकास हासिल हुन सक्छ । यसरी विद्यालय विकास र विद्यार्थीको सिकाइ उपलब्धि धेरै कर्ताहरु वा सरोकार वालाहरूको सामूहिक प्रतिफलको रूपमा रहेको हुन्छ । कुनै एक पक्षको सकृयतामा मात्र यस्तो प्रतिफल गुणस्तरीय बन्न सम्भव छैन । सिद्धान्तको रूपमा हेर्दा यसलाई डिजाइन, डेलिभरी र मूल्याङ्कन तथा अनुगमन भन्ने गरिन्छ जुन सामूहिकतामा आधारित हुन्छ । यसमा संलग्न कर्ताहरु एक आपसमा सर्जक, कार्यान्वयनकर्ता र अनुगमनकर्ताका रूपमा रहनुपर्छ ।

विद्यालयको सुशासन राम्रो र कमजोर बन्न बनाउनमा यीनै सरोकारवालाहरुको सक्रियता, भूमिका र प्रभावले महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालय संचालनको समग्र नीति नियम तर्जुमा एवम् कार्यान्वयनमा यी तत्वहरुको भूमिका प्रवल रहेको हुन्छ । कार्यान्वयनमा गति प्रदान गर्ने र कार्यान्वयन हुनमा अवरोध सृजना गर्नेमा पनि यीनै सरोकारवालाहरु पर्छन् । तसर्थ यीनै कर्ताहरू सुशासन र व्यवस्थापन एवम् कार्यान्वयनमा संलग्न हुनुपर्ने भएकोले विद्यालय सुशासन सामुहिकतामा आधारित हुन्छ भन्न सकिन्छ ।

## विद्यालय सुशासन सम्बन्धी विद्यमान अवस्था

हुनत विद्यालय सुशासन एउटा प्रकृया हो जसबाट विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तरीय, सान्दर्भिक र समयानुकुल बनाउन खोजिन्छ । विद्यालय सुशासनको प्रमुख उद्देश्य वा अन्तिम नतिजा विद्यार्थीहरुको सिकाइ उपलब्धि बढाउनु हो । तर बीचमा (इन्टरमिडियटरी तत्वको रूपमा) अन्य नतिजाहरु पनि रहेका हुन्छन् । यस्ता तत्वहरुमा सहभागिता, आर्थिक मितव्ययिता, अनुशासन, पारदर्शिता, समावेशीता जस्ता पक्षहरु रहेका हुन्छन् । माथि उल्लेख गरिएका तीनओटा पक्षहरूका आधारमा विद्यालय सुशासन सम्बन्धी अवस्थाको विश्लेषण गर्न सकिन्छ जुन देहाय बमोजिम हुन सक्छ ।

क) विद्यालयको सुशासनका पूर्वाधारका रूपमा ऐन नियम तथा निर्देशिका एवम् कार्यविधि तयार भएका छन् । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भएका छन् । विद्यालयमा प्रधानाध्यापक र शिक्षकको व्यवस्था छ तर पुग्दो मात्रामा छैन । धेरै विद्यालयमा एउटै व्यक्तिलाई दोहोरो जिम्मेवारी दिइएको छ । हामीले विद्यालय सन्चालनमा मिश्रित ढाँचा अवलम्वन गरेको हुनाले प्रधानाध्यापक वा अन्य कुनै एक पक्षलाई मात्र अधिकार दिइएको छैन । प्रधानाध्यापकलाई बढि अधिकार दिनुपर्छ भन्ने गरेको पनि सुनिन्छ । अहिले काम हुन नसक्नुमा यसैलाई कारण मान्ने पनि गरिन्छ, कतिपय राम्रा भनिएका विद्यालयहरु प्रधानाध्यापक वलियो भएको कारणले गर्दा नै हो भन्ने पनि गरिन्छ । तर अहिलेको अवस्था मिश्रित ढाँचामा आधारित छ । कुनै कर्ताले काम गर्न नसक्नुको कारण अधिकार नभएर हो वा अधिकार प्रयोग गर्न नसकेर हो भन्नेमा पनि स्पष्टता चाहिएको छ । तसर्थ अहिलेको आवश्यकतामा भनेको विद्यालय संचालनको कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु हो जुन अहिलेसम्म अधिकांश विद्यालयमा हुन सकेको छैन । कार्यविधि बमोजिम सबैको

भूमिका र जिम्मेवारी एकिन गर्नुपर्छ । यसबाट जवाफदेहिता सुनिश्चित गर्न सकिन्छ ।

ख) कतिपय विद्यालय एकल नेतृत्वमा सन्चालित छन् । माथि उल्लेख गरिएभैँ नेपालको सन्दर्भमा विद्यालय सुशासन मिश्रित ढाँचामा आधारित छ । कार्यसंस्कार र कार्यसंस्कृति समूहकार्यमा आधारित हुनुपर्ने देखिन्छ । भएका प्रावधानहरू कार्यान्वयनमा आएका छैनन् । स्रोत साधनको अवस्था पनि कमजोर छ । पारदर्शिताको अभाव छ । क्षमता पनि कमजोर छ । स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदिको काम कर्तव्य र अधिकार उल्लेख भएका छन् । तर कार्यान्वयन र जिम्मेवारी बहनमा समस्या देखिएको छ । विद्यालय संचालनका लागि हरेक विद्यालयको विधान, चार्टर वा यस्तै कार्यविधि आवश्यक पर्ने हो तर अहिलेसम्म अधिकांश विद्यालयमा यो तर्जुमा हुन सकेको छैन । ऐन नियम निर्देशिकामा भएका व्यवस्थामा आधारमा विद्यालय चलेका छन् । हरेक विद्यालयका विशिष्ट प्रकृतिका कार्यहरु समावेश गरेर विद्यालय विधान, कार्यविधि वा चार्टर बनाउनु आवश्यक छ । यसले भएका ऐन नियमको अधिमान रहि आफ्ना सरोकारवालाहरूका लागि काम तोकेको हुन्छ, जिम्मेवारी दिएको हुन्छ । जव जिम्मेवारी लेखेर दिइन्छ अनि जवाफदेहिता मापन गर्न पनि सहज हुन्छ । जिम्मेवारी जे जति मात्रामा वस्तुगत हुन्छ कार्यान्वयन पनि सोहि मात्रामा सजिलो हुन्छ ।

ग) हाम्रा अधिकांश विद्यालयहरूको सेवा प्रवाहको अवस्था सन्तोषजनक छैन । शिक्षक र स्रोत साधन भएकाहरूमा पनि अवस्था कमजोर छ । कतिपयमा आवश्यक मात्रामा स्रोत साधनको व्यवस्था हुन सकेको छैन । आम अभिभावकको नजरमा सार्बजनिक विद्यालयप्रतिको आर्कषण घट्दो क्रममा छ । सार्बजनिक स्रोत प्रयोग भइरहने तर अपेक्षित प्रतिफल नआउने अवस्थाबाट सार्बजनिक विद्यालयहरू गुज्रिइरहेका छन् ।

विद्यालयमा कक्षाकोठा कृयाकलाप अत्यन्त महत्वपूर्ण हुन्छ । यसमा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षक, विद्यार्थी एवम् अन्य भौतिक पक्षहरु हुन्छन् । यी पक्षहरूलाई पनि आन्तरिक र वाह्य भनेर वर्गीकरण गर्न सकिन्छ । आन्तरिक सरोकार वालाको रूपमा रहेको शिक्षकको सकृयता, प्रतिवद्धता र जागरूकताले विद्यार्थीको सिकाइमा फरक पर्छ । शिक्षक सकृय हुँदा र कम सकृय हुँदा पर्ने प्रभाव फरक हुन्छ । विद्यालय सुशासन प्रभावकारी बनाउन आन्तरिक सरोकारवालाहरूको प्रभाव र शक्ति पहिचान गरी सोही बमोजिम उनीहरूलाई परिचालन गर्नुपर्छ, उनीहरूलाई जिम्मेवारी दिनुपर्छ, उनीहरूको व्यवस्थापन गर्नुपर्छ । विद्यालयले आन्तरिक रूपमा गर्नुपर्ने कामहरूको पहिचान गरी उक्त कामहरु गराउनका लागि यीनै आन्तरिक सरोकारवालाहरूलाई जिम्मा लगाउनु पर्छ । यस्तो कामको जिम्मेवारी कार्यविधिको माध्यमबाट पनि लगाउन सकिन्छ, विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघको वैठकको निर्णयबाट पनि लगाउन सकिन्छ । शिक्षक स्टाफ वैठक अर्को संयन्त्र हुन सक्छ जहाँबाट कामको बाँडफाँड गर्न सकिन्छ ।

## विद्यालय सुशासनमा अबका दिनमा गर्नुपर्ने कार्यहरु

सन २०१६ मा ट्र्यासी बर्न्स र फ्लोरियनको स्तर (Tracey Burns and Florian Koster) बाट सम्पादित गभर्निङ् एजुकेशन इन अ कम्प्लेक्स वर्ल्ड (Governing Education in a Complex World) भन्ने पुस्तक ओइसिडीको सेन्टर फर एजुकेशनल रिसर्च एण्ड इन्नोभेसन (OECD Center for Educational Research and Innovation) ले प्रकाशनमा ल्याएको थियो । पुस्तकमा शिक्षा र विद्यालयको सुशासनका सम्बन्धमा लेखकद्वयका साथमा अनुसन्धानमा आधारित अन्य विद्वानहरूका लेखहरू पनि समावेश गरिएका छन् । यस पुस्तकमा प्रकाशित लेखहरू विकसित

मुलुकका सन्दर्भमा लेखिएका छन् । तापनि यी लेखहरू नेपालजस्ता कम विकसित मुलुकहरूका लागि पनि उत्तिकै मात्रामा उपयोगी हुनसक्छन् ।

बर्न्स र कोस्तर (२०१६) ले भने भैं नेपाली समाज पनि नवीनतम ज्ञान, सीप, सूचना प्रविधि र सन्जालमा भएको विकासले हिजोभन्दा थप जटिल बन्दै गएको छ । समाजमा रहेका अन्तरसम्बन्धहरू बदलिएका छन्, नयाँ नयाँ सन्जाल बनेका छन्, पुराना भत्किएका पनि छन् । उनीहरूका अनुसार शिक्षा प्रणाली समग्र समाजको एक अङ्गको रूपमा रहेको हुनाले समाजमा देखिएको जटिलता र बदलावको असर र प्रभाव शिक्षा र शैक्षिक निकायहरूमा परिरहेको छ । शैक्षिक संस्थाहरूको सुशासनमा यसले प्रत्यक्षरूपमा प्रभाव पारिरहेको छ । यहि कारणले गर्दा शिक्षाको सुशासनमा समयानुकुल परिवर्तन चाहिएको छ । हिजोको दिनमा जस्तै गभर्नेन्स पद्धतिबाट अबको शिक्षा प्रणाली चल्न कठिन हुन्छ । यहि सुशासनमा गर्नुपर्ने बदलावका सम्बन्धमा थप वहस एवम् अन्तरकृया आज अत्यावश्यक बनिरहेको छ । अबका दिनमा कस्तो सुशासन भन्ने सन्दर्भमा विज्ञको तहमा बहस चाहिएको छ ।

प्रस्तुत पुस्तकबाट नेपालले सिक्न सक्ने विषयहरू धेरै छन् । पुस्तकमा भनिएजस्तै नेपालको विद्यालय शिक्षाको निर्णय गर्ने अधिकार त विकेन्द्रित भएको छ तर कार्यान्वयनको क्षमता के छ त ? । संविधान बमोजिम विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा सरेको छ । स्थानीय तहले विद्यालय शिक्षाका सम्बन्धमा धेरै अधिकार प्रयोग गर्न सक्ने अवस्था सृजना भएको छ । शिक्षा ऐन तथा नियममा भएको विगतको व्यवस्थाले विद्यालयलाई पनि विद्यालय शिक्षाका धेरै विषयमा निर्णय गर्ने अधिकार प्रदान गरिसकेको थियो । स्थानीय सरकारले विद्यालयका सम्बन्धमा गरेका र अबका दिनमा गर्ने निर्णयले अबका दिनमा विद्यालय व्यवस्थापन समितिको उक्त अधिकार कम हुनसक्ने अनुमान गर्न सकिन्छ । विविध कारणले गर्दा समुदाय अभ्र बढि विविधतायुक्त बनेको छ । सूचना र प्रविधिको प्रभाव समुदायसम्म सकारात्मक र नकारात्मक दुवै रूपमा परेको छ । समुदायमा साक्षरता सीप र शिक्षाको स्तर बढेको छ । प्रविधिका कारण सूचना लिने र दिने प्रकृयामा धेरै सहजता आइसकेको छ । सरोकारवालाहरू आफ्नो विद्यालयको अवस्था र अर्को विद्यालयको अवस्थाका बीचमा तुलना गरेर प्रश्न गर्ने अवस्थामा पुगिसकेका छन् । यी सबै पक्षको असर र प्रभाव विद्यालय र विद्यालयका कार्यहरूमा पर्नु स्वभाविक नै छ । विद्यालय अभ्र बढि दबाबमा रहि काम गर्नुपर्ने अवस्थामा पुगेको छ । समुदायले विद्यालय प्रति बढि नै अपेक्षा राखेको छ । विभिन्न सरोकार वालाहरूको संलग्नता अभ्र बढि नै प्रभावी बन्दै गएको छ । अबका दिनमा विद्यालय सुशासन कुनै एक पक्ष वा तत्वको प्रभावमा रहि सन्चालन हुन कठिन देखिन्छ । विद्यालयको गभर्नेन्स बहुपक्षबाट प्रभावित भइरहेको छ । अबका दिनमा विद्यालय सुशासन बर्न्स र कोस्टर (२०१६) ले भनेजस्तै बहु-तहको सुशासन (Multi level governance) को अवधारणबाट सन्चालित हुनुपर्ने देखिन्छ । यसलाई स्थानीय तहले पनि मनन गर्नुपर्ने देखिन्छ ।

अहिलेको नेपाली समाज वहुध्रुविकृत छ । कुनै एकजनाले भनेको भरमा सम्पूर्ण समाज निर्देशित हुने अवस्था अहिले छैन । समाजमा बुझेर प्रतिक्रिया गर्ने संस्कार बढिरहेको छ । नागरिकहरू आ–आफ्ना अपेक्षाहरू राख्न सक्ने भएका छन् । समाजमा पहिचानको खोजि अभ्र तीव्ररूपमा बढेको अनुभव गर्न सकिन्छ । शिक्षा अभ्र बढि पहिचान र अनुभवजन्य बन्ने क्रममा रहेको छ । शिक्षाको सुशासनमा बहुसरोकारवालाको उपस्थिति अभ्र बाक्लो बन्दै गएको छ । समाजमा आएका यस्ता पक्षहरूको प्रभाव सार्बजनिक निकायहरूको जवाफदेहिता, सेवा प्रवाहको क्षमता विकास र नेतृत्वले निर्वाह गर्नुपर्ने राजनैतिक व्यवहारमा प्रत्यक्ष ढंगबाट परिरहेको छ । यी तीनै पक्षहरु मानवीय विषयसँग सम्बन्धित छन् । प्रस्तुत सन्दर्भमा बर्न्स र कोस्टर (२०१६) ले शिक्षाको गभर्नेन्स देहायका पाँच सिद्धान्तमा आधारित हुन्छ भनेका छन् जुन हाम्रा लागि पनि उत्तिकै उपयोगी हुने देखिन्छ :

क) एउटा पद्धति वा प्रणालीले सबै स्थानमा काम गर्न सक्छ भन्ने हुँदैन । संरचनामा भन्दा पनि प्रकृयामा जोड दिनु उपयुक्त हुन्छ ।

ख) A whole of system approach अपनाउनु उपयुक्त हुन्छ ।

ग) गभर्नेन्समा क्षमता विकास, खुला संबाद र सरोकारवालाहरूको संलग्नता आवश्यक हुन्छ ।

घ) तल्लो तहमा बढि अधिकार रहेता पनि राष्ट्रिय ढाँचा र सुधारका मापदण्ड माथिबाट तय गरिनुपर्छ र सोको पालना पनि गरिनुपर्छ ।

ङ) प्रणालीगत सोच (System Thinking) सबै सरोकारवालामा हुनु आवश्यक हुन्छ ।

यस अवधारणाअनुसार नेपालमा पनि विद्यालय गभर्नेन्स नितान्त विद्यालय वा स्थानीय तहको सरोकारको विषय मात्र हुन सक्दैन् । शिक्षा आफैमा स्थानीय विषयमात्र हुन सक्दैन । विद्यालय शिक्षा स्थानीय तहको अधिकार सूचीमा रहेको भए तापनि यो विषय आफैमा राष्ट्रिय विषय हो, प्रादेशिक विषय पनि हो । यस अवधारणाबाट हेर्दा शिक्षा, अझ विद्यालय शिक्षा राष्ट्रिय, प्रादेशिक र स्थानीय विषयमात्र नभएर आन्तरिक र बाह्य सरोकारवालाहरूको विषयको रूपमा पनि रहेको छ । शिक्षालाई यस रूपमा बुझ्न र सो अनुरूपको व्यवहार गर्न विद्यालय सुशासनमा सबै पक्षको न्यूनतम रूपमा भए पनि साझा धारणा बनाउनु आवश्यक हुन्छ, साझा सोच र प्रयास आवश्यक हुन्छ । यसका लागि विद्यालय सुशासनमा नयाँ नयाँ संरचना बनाउने भन्दा पनि भएका संरचना र संयन्त्रमा सुधार गर्नु आवश्यक हुन्छ । यिनीहरूको क्षमता विकासमा जोड दिनुपर्छ । असहमतिका बीचमा सहमती खोजेर अगाडि बढ्नुपर्ने अवस्था छ । सुशासनमा न्यूनतम साझा धारणा तय गरी अगाडि बढ्न उपयुक्त हुने देखिन्छ । अबका दिनमा विद्यालय गभर्नेन्स कुनै एक कर्ताको एकल निर्णयबाट नभई बहुसहभागितामा आधारित भई साझा मतका आधारमा सन्चालन हुनु आवश्यक हुन्छ, जसलाई थेइसेन्स (२०१६) ले Governance through networks भनेका छन् जहाँ औपचारिक एवम् अनौपचारिक सन्जाल दुबैले काम गर्न सक्छन् । यसमा राष्ट्रिय ढाँचा चाहिन्छ । विद्यालय गभर्नेन्सको सन्दर्भमा सरकारका प्रतिनिधि निर्णयकर्ताका रूपमा भन्दा पनि एउटा कर्ताको रूपमा मात्र रहनु उपयुक्त हुन्छ ।

विद्यालय सुशासनमा सरोकारवालाहरूको सामूहिक र वैयक्तिक जवाफदेहिताले अत्यन्त महत्व राख्दछ (स्मिथ, २०१६) । यस्तो जवाफदेहिता विद्यार्थीको सिकाइ उपलब्धिमा मात्र हेर्ने पद्धति रहेको छ । विद्यार्थीको सिकाइ उपलब्धि बढाउने नाममा पाठ्यक्रमका अन्य अपेक्षा छाँयामा पर्ने हो कि भन्ने चिन्तालाई पनि स्वभाविक मान्नुपर्ने हुन्छ । किनकी यस्तो उपलब्धिमापन शिक्षकबाट तयार गरिएका औजारका आधारमा हुने गर्दछ जसको सकारात्मक प्रभाव मात्र छैनन् । विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन तर्जुमा गर्नुपर्ने नीति निर्माणमा पनि सबैको सहभागिता आवश्यक हुन्छ । सरोकारवालाहरूको व्यवहार र अभ्यासमा पनि परिवर्तन चाहिन्छ । सुधारका लागि सबैले दबाब महसुश गरेको हुनुपर्छ । विद्यालयमा जवाफदेहिता सबैले पालना गरेको हुनुपर्छ (हुग, २०१६) जुन विद्यालय गभर्नेन्समा अर्को महत्वपूर्ण पक्षको रूपमा रहेको हुन्छ । यस्तो जवाफदेहिता सामान्यतया समतलीय (Horizontal) र ठाडो (Vertical) हुन्छ भन्ने गरिन्छ । ठाडो (Vertical) जवाफदेहिता अन्तर्गत Regulatory school accountability (जहाँ नियम कानूनको परिपालना र सो को प्रतिवेदन माथिल्लो निकायमा पठाउने विषय पर्छ) र School performance accountability (जसमा विद्यालयको समग्र पक्षको मूल्याङ्कन पर्छ) जस्ता विषयहरू पर्दछन् । यसैगरी समतलीय जवाफदेहिता (Horizontal accountability) अन्तर्गत Professional school accountability / Multiple school accountability पर्दछ । पहिलो अन्तर्गत विद्यालयका शिक्षक र अन्यका लागि पेशागत मापदण्ड पर्दछन् भने दोश्रो अन्तर्गत विद्यालयका समग्र गतिविधीहरू पर्छन्, जहाँ सबै सरोकारवालाहरूको संलग्नता, सहकार्य र समन्वय आवश्यक हुन्छ । सबै कर्ताहरूको जवाफदेहिता सुनिश्चित गर्न उनीहरूलाई कानूनतः कामको अवसर पनि दिनुपर्छ । अधिकार र काम दिनु भनेको सरोकारवालाहरूलाई खेलका लागि मैदान उपलब्ध गराउनु पनि हो । अधिकार दिएपछि सो पूरा गर्ने अपेक्षा राख्नु स्वभाविकै हुन्छ ।

र अन्तमा, सुशासनको अवधारणा समयसँगै बदलिंदै गएको छ । शुरूमा यो शासन गर्ने पक्षसँग सम्बन्धित थियो । अहिले आएर सार्बजनिक सेवा र सुविधाको सुनिश्चितता गर्ने कार्यसँग सम्बन्धित गरिएको छ । कम शासन हुनुपर्छ भन्न थालिएको छ । यसलाई जे जस्ता शब्दावली र पदावलीको प्रयोग गरेर व्याख्या गर्ने गरिए तापनि सुशासन भनेको शासन गर्नु नै हो । मात्र के कसरी शासन गर्ने भन्ने विषयमा थप बहस र चिन्तन हुनसक्ला । सुक्ष्म ढंगबाट विश्लेषण गर्ने हो भने विगतमा जे जस्तो भए तापनि अहिले सरकार एक्लैले मुलुकको शासन सन्चालन गर्ने अधिकार प्राप्त गरेको हुँदैन् । न्यायालय, संसद, कार्यपालिकाका साथमा विभिन्न संवैधानिक निकायहरू एवम् अन्य पक्षहरूको संयुक्तरूप नै समग्रतामा मुलुकको सुशासन हो । यसले सन्तुलन र नियन्त्रणको सिद्धान्तमा आधरित भई शासन गर्नका लागि आवश्यक अधिकार बाँडफाँड गरेको हुन्छ । एकतन्त्रिय राजनैतिक प्रणालीमा शासन गर्ने अधिकार एक व्यक्तिमा निहित हुन पनि सक्छ उक्त अवस्थामा सुशासनमा सन्तुलन र नियन्त्रणको सिद्धान्त प्रयोग भएको हुँदैन । विद्यालय एउटा सार्बजनिक निकाय हो । यसले प्रदान गर्नुपर्ने सेवा सुविधाको सहज र प्रभावकारी ढँगबाट प्रवाह हुने व्यवस्था सुनिश्चित गर्नका लागि विभिन्न संरचना र संयन्त्र बनाइएका छन् । यीनै संरचना र संयन्त्र मिलेर विद्यालयको सुशासन हुन उपयुक्त हुन्छ । अहिलेको सन्दर्भमा विद्यालय सुशासन एकल निकाय वा पदाधिकारीबाट हुन सम्भव छैन । आन्तरिक र बाह्य सरोकारवालहारूको संयुक्त सहभागिता र साझ अवधारणबाट विद्यालय सुशासन हुनु उपयुक्त हुने देखिन्छ । तसर्थ नेपालको सन्दर्भमा विद्यालय सुशासनसम्बन्धी सम्पूर्ण अधिकार न त स्थानीय सरकारमा रहेको छ न विद्यालय व्यवस्थापन समितिमा छ । यसको अलावा विद्यालय सुशासनको अधिकार त स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकको संयुक्त रूपमा रहेको हुन्छ ।

## सन्दर्भ सामग्री


- Burns, T. and F. Koster (eds). (2016). Governing Education in a Complex World, Education Research and innovation, OECD Publishing, Paris. http://dx.doi.org/10.1787/9789264255364-en
- Burns, T. and Koster, F. (2016). Modern Governance Challenge in Education, In Burns, T. and F. Koster (eds). (2016). Governing Education in a Complex World, Education Research and innovation, OECD Publishing, Paris. http://dx.doi.org/10.1787/9789264255364-en
- Fukuyama, Francis. (2013). "What is Governance?" CGD Working Paper 314. Washington, DC: Center for Global Development. http://www.cgdev.org/content/publications/detail/1426906
- Hooge, E. (2016). Making multiple school accountability work, In Burns, T. and F. Koster (eds). (2016). Governing Education in a Complex World, Education Research and innovation, OECD Publishing, Paris. http://dx.doi.org/10.1787/9789264255364-en
- http://www.differencebetween.net/business/difference-between-management-and-governance/
- http://www.governancepro.com/news /
- https://www.mosaicprojects.com.au/WhitePapers/WP1084_Governance_Systems.pdf
- www.mosaicprojects.com.au (2012).
- https://www.unescap.org/sites/default/files/good-governance.pdf [Mr. Yap Kioe Sheng Chief, Poverty Reduction Section UNESCAP, UN Building, Rajdamnern Nok Ave. Bangkok 10200, Thailand]
- https://www.phrases.org.uk/meanings/absolute-power-corrupts-absolutely.html
- IFAD (1999). Good Governance: An overview. International Fund for Agricultural Development Executive Board – Sixty-Seventh Session Rome, 8-9 September 1999.
- Smith, William C. (2016). Exploring accountability: National testing policies and student achievement, In Burns, T. and F. Koster (eds). (2016). Governing Education in a Complex World, Education Research and innovation, OECD Publishing, Paris. http://dx.doi.org/10.1787/9789264255364-en
- Theisens, H. (2016). Hierarchies, networks and improvisation in education governance, In Burns, T. and F. Koster (eds). (2016). Governing Education in a Complex World, Education Research and innovation, OECD Publishing, Paris. http://dx.doi.org/10.1787/9789264255364-en
- Tricker, R. I. (1998). Pocket Director, p. 8.
- Umar, Z. (2016). Defining governance. http://mo.ibrahim.foundation/news/2016/defining-governance/
- World Bank. 1992. Governance and development (English). Washington, DC: The World Bank. http://documents.worldbank.org/curated/en/604951468739447676/Governance-and-development.
- नेपाल कानून आयोग (२०७२) । नेपालको संविधान । काठमाडौं ।
- शिक्षा मन्त्रालय (२०६६) । विद्यालय क्षेत्र सुधार कार्यक्रमको मूल दस्तावेज २०६६ । काठमाडौं ।
- नेपाल कानून आयोग (२०७४) । स्थानीय सरकार सन्चालन ऐन २०७४ । काठमाडौं ।
- नेपाल कानून आयोग (२०७४) । शिक्षा ऐन २०२८ (आठौं संशोधन) तथा शिक्षा नियमावली २०५९ । काठमाडौं ।

# शिक्षामा सुशासनको लागि स्थानीय सरकारको भूमिका

– सीता काफ्ले लामिछाने *

नेपालको संघीय संरचनाले स्थानीय सरकारलाई शासनको एक अभिन्न र अपरिहार्य तहको रूपमा स्थापित गरेको छ । संबैधानिक र कानूनी रूपमा बहुआयामिक अधिकार र भूमिका किटान भएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको उल्लेख गरिएको छ । नेपालको संविधानको अनुसूचि ८ अन्तर्गत स्थानीय तहको अधिकारको सूचिमा आधारभूत र माध्यामिक शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई सुम्पिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । यी अधिकार र कर्तव्यको कार्यान्वयन गर्दै शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको माध्यमको रूपमा विकास गर्नु परेको छ । सबै तहमा सबै वर्ग क्षेत्रको समतामूलक पहुँचको सुनिश्चिता अपरिहार्य भएको छ । शैक्षिक गुणस्तरमा सुधार गरी रोजगारमूलक र आयमूलक जीवन उपयोगी बनाउनु परेको छ । शैक्षिक क्षेत्रमा व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्दै आर्थिक सामाजिक विकासका राष्ट्रिय लक्ष्यहरूका साथै दिगो विकासको विश्वव्यापी लक्ष्य हासिल गर्ने दिशातर्फ स्थानीय सरकार उन्मूख भएको छ ।

शिक्षामा सुशासनको लागि स्थानीय सरकारको भूमिका विषयक यस लेख प्रस्तुतिको सिलसिलामा सर्वप्रथम केही महत्वपूर्ण शब्दावलीको संक्षिप्त परिचय समावेश गरिएको छ । शिक्षाको महत्व र इतिहासको छोटो परिचय दिइएको छ । विद्यमान संबैधानिक र कानूनी तथा नीतिगत प्रावधानहरू उल्लेख गर्दै शिक्षा क्षेत्रको पछिल्लो प्रयास समावेश गरिएको छ । शिक्षामा देखिएको हालको अवस्था विश्लेषण गर्दै स्थानीय सरकारको अबको भूमिकालाई थप महत्व दिइएको छ । संबैधानिक र कानूनी तथा नीतिगत प्रावधानका अतिरिक्त मौलिकतामा आधारित रहेर स्थानीय आवश्यकता र अनुभवको आधारमा स्थानीय सरकारहरूले सम्पादन गर्न सक्ने कामहरूलाई बुँदागतरूपमा प्रस्तुत गरिएको छ ।

## शिक्षा

व्यक्तिलाई मानव बनाउने माध्यम शिक्षा हो । मानिस भित्रको क्षमता उजागर गर्नु शिक्षाको उद्देश्य हो । शिक्षाले मानिसको असल बानीको विकास गरी सभ्य नागरिकको पहिचान दिन्छ । शिक्षा बिना मानिस सुगन्ध नआउने फूल जस्तै बेकामको ठहर्छ । तसर्थ हरेक व्यक्तिको लागि शिक्षा अपरिहार्य छ ।

## सुशासन

सुशासन नागरिकको भलो हुने गरी सरकार र यसका अङ्गहरूले गर्ने व्यवहार हो । सुशासनमा मात्र नागरिक हितका लागि नागरिकप्रति सरकार समर्पित हुन्छ । उत्तर दायी, जिम्मेवार र पारदर्शी ढंगले काम गर्छ । नागरिक हित हुने कुरामा उनीहरूको अभिमत लिई कानून बमोजिम शासन व्यवस्था संचालन भएको हुन्छ । पछाडि परेको वर्ग, क्षेत्र र लिङ्गको समन्यायिक विकासमा ध्यान दिन्छ ।

## शैक्षिक सुशासन

शिक्षा क्षेत्रको समग्र व्यवस्थापनमा सुशासनका अवयवहरूको अवलम्बन नै शैक्षिक सुशासन हो । यसमा शिक्षाको गुणस्तर सिर्जना गर्न शिक्षा प्रशासक, अविभावक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूबीच सिर्जनात्मक सहकार्य गरिन्छ ।



* लेखक सीता काफ्ले लामिछाने, कुश्मा नगरपालिका पर्वत जिल्लाका उप-मेयर हुनुहुन्छ ।

## स्थानीय सरकार

नागरिकको नजिकमा, नागरिकको वरिपरि, नागरिकले सुन्न, देख्न र महशुस गर्न पाउने सरकार नै स्थानीय सरकार हो । जहाँ जनता छन् त्यहीँ उनीहरूका समस्या सुन्न र जस्ताको तस्तै बुझ्न सकिन्छ । समस्याको सही समाधान पनि यहीँबाट गर्न सकिन्छ भन्ने मान्यताबाट स्थानीय सरकार निर्माण भएको हुन्छ । अर्थात जुन तहको सरकारले जुन काम सबभन्दा कुशल ढंगले निर्वाह गर्न सक्छ त्यो काम त्यही तहको सरकारलाई दिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतामा स्थानीय सरकारलाई अधिकारहरू सुम्पिएका छन् । निर्वाचित जनप्रतिनिधिहरू मार्फत सरकारको सबैभन्दा तल्लो, सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले यसको विशेष महत्व र खास भूमिका रहेको छ ।

## स्थानीय सरकार र शैक्षिक सुशासन

स्थानीय सरकार अथवा गाउँपालिका र नगरपालिकाहरूले शिक्षा क्षेत्रमा अवलम्बन गर्ने व्यवस्थापकीय शैली जसले शिक्षा क्षेत्रमा गुणात्मक सुधार सम्भव बनाउँछ ।

## शिक्षाको महत्व

विद्या विहीनो पशु : विद्या विनाको मानिस पशुसमान हुन्छ भनेर हाम्रा धर्मशास्त्रहरूमा पनि उल्लेख भएको पाइन्छ । शिक्षाको महत्वलाई वर्णन गर्न निकै कठिन छ । जतिसुकै व्याख्या गरे पनि कमी नै हुन्छ । तसर्थ मानिसको जीवनमा जसरी भौतिक शरिरको सुरक्षा र विकासको लागि वा बाँच्नको लागि हावा, पानी, अन्न, कपडा, आवास आवश्यक पर्छ त्यसै गरी व्यक्तित्व विकास र मानसिक स्वास्थ्यको लागि शिक्षा अपरिहार्य हुन्छ । मानिस र पशु छुट्याउने आधार नै शिक्षा हो । शिक्षाले नैतिकता, सदाचारिता, दया, करूणा सिर्जना गर्दछ । यसले मानिसको कल्याण, सुख र सम्बृद्धिका लागि आधार प्रदान गर्दछ । समानता, न्याय र नैतिकतामा आधारित कल्याणकारी राज्य एवम् समतामूलक समाजको सिर्जना गर्न शिक्षा बिना संभव छैन ।

## नेपालमा शिक्षाको इतिहास

नेपालमा शिक्षा विकासको इतिहासलाई कोट्याएर हेर्दा गुरूकुल शिक्षाले महत्वपूर्ण स्थान लिएको पाइन्छ । गुरूले आफ्ना आश्रममा चेलालाई संस्कृत शिक्षा प्रदान गर्ने यो पद्धति हामी भन्दा अघिको पुस्ताले राम्ररी थाहा पाएको थियो । औपचारिक शिक्षाको शुरूआत भने २०१० सालमा दरबार हाइस्कुलको स्थापना पछि भएको हो । त्यसताका समाजका ठुलाठालुका सन्तानले र त्यसमा पनि पुरूषले मात्र शिक्षा लिन पाउने चलन थियो । नेपालमा प्रजातन्त्रको उदय भएपछि विद्यालयहरू धमाधम खुलेका हुन् । वि.सं. २००७ सालमा नेपालमा जम्मा ३०० स्कूल र १०,००० जति विद्यार्थी थिए । साक्षरता दर ५ प्रतिशत थियो । हाल यो दर ह्वात्तै बढेको छ । केटा र केटीको भर्ना दर बराबर पुगेको छ । आदिवासी जनजाती, दलित, अल्पसंख्यक, सीमान्तकृत र दुर्गम क्षेत्रका बालबालिकाहरू पनि गरिवीका कारणले शिक्षाबाट विमुख हुनुपर्ने अवस्था छैन । पछाडि परेका सबै वर्ग, क्षेत्र छात्रवृत्तिमा अध्ययनको समान अवसर प्राप्त गरेका छन् । प्रजातन्त्रको पुनस्थापनापछि विश्वव्यापीकरण र उदारीकरणको प्रभावले शिक्षामा निजी क्षेत्रको प्रवेश भएको छ । खासगरी शहर बजारमा निजी विद्यालयको लहर बढि छ भने दुर्गम र ग्रामीण बस्तीमा सरकारी तथा सार्वजनिक विद्यालय नै शिक्षा प्रदान गर्ने एक मात्र विकल्प रहेको छ । नेपालका सबै संविधानहरूले शिक्षामा जोड दिएका छन् । वर्तमान संविधानमा शिक्षा मौलिक हकको रूपमा स्थापित भएको छ ।

## शिक्षाको विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । यस धारामा उल्लेख भएअनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक

हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने कुराको सुनिश्चितता प्रदान गरेको छ । त्यसै गरी अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, दृष्टीविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने व्यवस्था छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषमा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने व्यवस्था गरिएको छ ।

संविधानको अनुसूचि ८ स्थानीय तहको अधिकारको सूचिको बुंदा नं. ८ मा आधारभूत र माध्यामिक शिक्षा उल्लेख छ । अनुसूचि ९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको बुँदा नं.२ मा शिक्षा, खेलकुद र पत्रपत्रिका उल्लेख छ । यसरी हेर्दा नीतिगत रूपमा संघ र प्रदेशको कानूनसँग नबाझिने गरी कानून बनाएर स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको देखिन्छ ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी प्रावधान देहाय बमोजिम समावेश गरिएको छ ।

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यववस्थापन समिति गठन
- विद्यालयको नामाकरण
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धीको पीरक्षण र व्यवस्थापन
- निःशुल्क शिक्षा तथा छात्रवृत्तिको व्यवस्थापन
- ट्यूसन, कोचिङजस्ता अध्यापन सो को अनुमति तथा नियमन
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यस्थापन
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन, नियमन
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम, क्षमता विकास

## शिक्षा क्षेत्रमा भएका पछिल्ला प्रयासहरु

चौधौं योजना २०७३/७४-२०७५/७६
चौधौं योजनामा उल्लेख भएबमोजिम चार वर्ष उमेर समूहका बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षाको अवसर प्रदान गर्ने कार्यक्रम संचालन गरिएको छ । दुर्गम र अति पीछडिएको क्षेत्र र समुदायलाई केन्द्रित गरी पूर्व प्राथमिक विद्यालयहरू विस्तार गरिएको छ । साना नानीहरूको लागि शैक्षिक सामग्री निशुल्क उपलब्ध गराइनुका साथै पूर्व प्राथमिक तालिम प्राप्त शिक्षकको व्यवस्था मिलाइएको छ ।

आधारभूत शिक्षामा सबैको पहुँच स्थापित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू जस्तोः दिवा खाजा, छात्रवृत्तिजस्ता कार्यक्रमहरू संचालन गरिएका छन् । दुर्गम, हिमाली तथा अति पीछडिएका क्षेत्र, वर्ग एवम् अपाङ्गता भएका बालबालिका समेतका लागि आवासीय विद्यालयहरू संचालन गरिएका छन् । निशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराउन थालिएको छ ।

भूकम्पबाट क्षति पुगेको विद्यालयका पूर्वाधारहरूको पुनःनिर्माणको लागि छुट्टै जिल्लास्तरीय पुननिर्माण कार्यालय स्थापना गरी कार्य संचालन गरिएको छ । गुणस्तरीय शिक्षाको विकासका लागि शिक्षक तालिम, न्यूनतम सिकाइ वातावरण निर्माण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, शिक्षक दरबन्दी मिलान, मातृभाषामा शिक्षा, बालमैत्री सिकाइ, प्रविधिको प्रयोग, अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधारजस्ता कार्यहरू भएका छन् । माध्यमिक शिक्षा अन्तर्गत निःशुल्क पाठ्यपुस्तक वितरण, विभिन्न छात्रवृत्तिहरू वितरण, आवासीय विद्यालय तथा घुम्ती विद्यालय संचालन गरिएका छन् । नमूना विद्यालयको विकास, प्रधानाध्यापकको छुट्टै दरबन्दी व्यवस्था, शिक्षक तालिम, विज्ञान प्रयोगशाला, पुस्तकालय, दूर शिक्षा कार्यक्रम, स्वयंसेवक परिचालनजस्ता कार्यक्रमहरू संचालन भएका छन् ।

अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम संचालन गरी सबै जिल्लालाई साक्षर घोषणा गर्ने कार्यक्रम संचालन गरिएको, अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण कार्यक्रम, खुला तथा दूर शिक्षा कार्यक्रम, विपन्न समुदाय लक्षित वैकल्पिक शैक्षिक कार्यक्रमहरू विस्तार, आयमूलक र सीपमूलक कार्यक्रमहरू संचालन, विदेशमा रहेका नेपालीमूलका बालबालिकाहरूलाई नेपाली भाषा, साहित्य र संस्कृतिको प्रबर्द्धन हुने गरी कार्यक्रम गर्न प्रोत्साहन गर्नेजस्ता कार्यक्रमहरू संचालन गरिएका छन् ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम अन्तर्गत कक्षा ९ देखि नै व्यवसायिक शिक्षा शुरू गरिएको, सबै प्रदेशमा पोलिटेक्निक इन्स्टिच्यूट संचालन गरिएको, व्यवसायिक तथा प्राविधिक शिक्षा सम्बद्ध निकायहरूको क्षमता विकास गर्ने कार्यक्रम रहेको, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कोषको स्थापना गरिएको छ । त्यस्तै परम्परागत ज्ञान सीपको प्रबर्द्धन गर्दै उद्यमशीलता र रोजगारी बृद्धि हुने गरी शैक्षिक प्रणाली विकास गरिएको छ ।

उच्च शिक्षातर्फ मुलुकको आर्थिक समृद्धि हुने गरी ज्ञानमा आधारित अनुसन्धानमूलक उच्च शिक्षाको विकास गर्ने, प्रत्येक प्रदेशमा एक एक वटा विश्वविद्यालय र मेडिकल कलेज स्थापना गर्ने, उच्च शिक्षामा सबैको पहुँच बृद्धि गर्न खुला विश्वविद्यालय तथा दूरशिक्षा प्रणालीको संस्थागत विकास गर्ने, कृषि, बन, पर्यावरण, विज्ञान प्रविधि, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, उद्योग व्यापारजस्ता नवीन क्षेत्रमा उच्च शिक्षाको विकास गर्ने कार्यक्रम संचालन भएका छन् ।

शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने, उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरूलाई अनिवार्य रूपमा स्वयंसेवकका रूपमा परिचालन गर्ने, परीक्षा प्रणालीमा सुधार, शैक्षिक क्यालेन्डर कार्यान्वयनजस्ता कार्यक्रमहरू कार्यान्वयनमा आइसकेका छन् । शैक्षिक व्यवस्थापन सुधारका लागि पनि विभिन्न कार्यक्रमहरू संचालन गरिएका छन् । यस अन्तर्गत शैक्षिक सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने, संघीय संरचना अनुरूप शैक्षिक संरचना

पुनसंरचना गरिएको, सोही अनुसार शैक्षिक कार्यक्रमहरू संचालन र नतिजामूलक अनुगमन तथा कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणालीको विकास, शैक्षिक सुशासन तथा सूचना व्यवस्थापन प्रणाली अवलम्वन, नयाँ संरचना निर्माण गर्दा विपद प्रतिरोधी र अपाङ्गमैत्री बनाउने र शैक्षिक जनशक्तिको क्षमता विकास कार्यक्रम संचालन हुँदै आएको छ ।

## आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य

आ.व. २०७५/७६ को बजेट वक्तव्यको दोश्रो प्राथमिकतामा मानव विकास समेटिएको छ । जसमा शिक्षा र स्वास्थ्य क्षेत्रमा उच्च महत्व दिएको छ । बजेट वक्तव्यमा शिक्षा सम्बन्धी छुट्टै शीर्षक राखी विभिन्न कार्यक्रमहरू संचालन गर्ने उद्घोष गरिएको छ । जसअनुसार उच्च शिक्षा हासिल गरेका युवालाई व्यवसायमा आकर्षित गर्न शैक्षिक प्रमाणपत्रको धितोमा ५ प्रतिशत ब्याज अनुदानमा रू. ७ लाखसम्म ऋृण उपलब्ध गराउने व्यवस्था गरिएको ।

विदेशबाट फर्केका युवाहरूको सीप प्रमाणीकरण गरी सम्बन्धित व्यवसाय संचालन गर्न परियोजनामा आधारित रू. १० लाखसम्म ऋृण प्रदान गर्ने कार्यक्रम संचालन गरिने तथा माध्यामिक तहलाई क्रमशः निशुल्क र अनिवार्य गरिने उल्लेख छ । आगामी २ वर्षमा साक्षर नेपाल घोषणा गर्ने, सम्पूर्ण बालबालिकालाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं अभियान संचालन गर्ने, मानव विकास सूचकांकमा पछिपरेका स्थानीय तहमा रहेका सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत सबै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवाखाजा उपलब्ध गराउने विषयहरू समावेश भएको छ । त्यस्तै विद्यालयलाई अपाङ्गता र बालमैत्री बनाइने, मदरसा, गुरूकुल र गुम्बा शिक्षालाई आधुनिक शिक्षाको मूलधारमा आबद्ध गरिने, सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरिने कार्यक्रम रहेको छ ।

प्रत्येक विद्यालयमा सार्वजनिक शिक्षाको गुणस्तर सुधार्न उच्च गतिको निःशुल्क इन्टरनेट सेवा पुऱ्याइनेछ । विपन्न र लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च शिक्षा तथा प्राविधिक र व्यवसायिक शिक्षा अध्ययनका लागि ५ प्रतिशत ब्याज अनुदानमा शैक्षिक ऋृण उपलब्ध गराइने व्यवस्था मिलाइएको छ । विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार गरिने, सरकारी र निजी विद्यालय बीचको शैक्षिक विषमता हटाउन र सार्वजनिक शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सामुदायिक विद्यालयहरूमा पूर्वाधारको विकास, नवीन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार गरिने बजेटमा व्यस्था छ । विद्यार्थीहरूमा राष्ट्रियता, देशप्रेमको भावना र समाजप्रतिको दायित्व बोध गराउन विद्यालय पाठ्यक्रममा सुधार गरिने कार्यक्रम रहेको उल्लेख छ । विश्वविद्यालयहरूको स्थापना र सञ्चालनमा एकरूपता ल्याउन विश्वविद्यालय छाता ऐन ल्याइने जस्ता कार्यक्रमहरूसमेत रहेका छन् ।

## दिगो विकासका लक्ष्य (सन् २०१६–३०)

सन् २०३० सम्म विश्वमा गरिवी र भोकमरी अन्त्य गर्ने लक्ष्यसहित संयुक्त राष्ट्र संघ महासभाले सदस्य मुलुकहरूले हासिल गर्नुपर्ने उपलब्धी निर्धारण गरेको छ । दिगो विकासको १७ लक्ष्यहरू मध्ये एक गुणस्तरीय शिक्षा रहेको छ । जीवनपर्यन्त सिकाइलाई प्रबर्द्धन गर्दै गुणस्तरीय र समावेशी शिक्षाको सुनिश्चितता प्रदान गर्ने विषय यसमा समावेश गरिएको छ । यसैअनुसार नेपालले पनि सन् २०३० सम्ममा निरक्षरता उन्मूलन गर्ने, सबै तहमा लैङ्गिक समानता कायम गर्ने, सबै वर्ग र क्षेत्रका वालवालिकाहरूमा शिक्षाको पहुँच सुनिश्चित गर्ने, जीवनोपयोगी एवम् प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनेजस्ता लक्ष्य लिएको छ ।

## शिक्षा क्षेत्रको हालको अवस्था विश्लेषण

### सकारात्मक एवम् सबल पक्षहरु

नेपालमा प्राथमिकदेखि उच्च तहसम्मको शिक्षाको लागि पूर्वाधार विस्तार भएको छ । महिला, दलित, अल्पसंख्यक,

सीमान्तकृत, दुर्गम क्षेत्रका बालबालिकाहरूको विद्यालयमा भर्ना हुने दर बृद्धि भएको छ । साधारण शिक्षाका अतिरिक्त प्राविधिक र व्यवसायिक शिक्षाको विस्तार भएको छ । हाल सरकारले एक स्थानीय तहमा एक प्राविधिक शिक्षालय स्थापना गर्ने लक्ष्य लिएको छ । सबै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको छ । शिक्षाको मात्र होइन स्वास्थ्य र सरसफाइको चेतना पनि बिस्तार भएको छ । पछाडि परेको वर्ग आज आफ्ना हक अधिकारबारे खुलेर माग राख्न सक्ने भएका छन् । शिक्षण सिकाइ क्रियाकलापमा सूचना र प्रविधिको प्रयोग बढ्दै गएको कारणले गुणात्मक शिक्षाको विकासमा थप बल मिलेको छ ।

## शिक्षा क्षेत्रमा देखिएका समस्या एवम् चुनौतीहरु

शिक्षामा लगानी अनुरूपको प्रतिफल सुनिश्चित हुन सकेको छैन । संविधानप्रदत्त शिक्षा सम्बन्धी हकको उपभोग गर्ने वातावरण सुनिश्चित गर्नुपर्ने भएको छ । समग्र शिक्षा क्षेत्रको व्यवस्थापनमा सुधार गरी शैक्षिक सुशासनको प्रत्याभूति गरी शिक्षामा गुणस्तर अभिबृद्धि गर्नुपर्ने चुनौती छ । शिक्षालाई व्यवसायिक र रोजगार मूलक बनाउनु पर्नेछ । सबै तहको शिक्षालाई समावेशी र समतामूलक बनाउन सकिएको छैन । प्राविधिक शिक्षा र व्यवसायिक तालिम सर्वसाधारणको पहुँचसम्म पुगेको छैन । सबै शैक्षिक संस्थाहरूमा पर्याप्त विषयगत शिक्षकको व्यवस्था हुन सकेको पाइदैन । शिक्षकहरूको क्षमता विकास बिना शिक्षाको गुणस्तर बृद्धि हुँदैन । यसर्थ शिक्षकहरूलाई समयानुकूल तालिम र क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने कार्य पर्याप्त मात्रामा हुन सकेको पाइँदैन । यसै गरी शिक्षा क्षेत्रमा अर्को एक विकराल समस्या छ त्यो हो सबै तहमा कक्षा बीचमै छाड्ने प्रवृत्ति । कक्षा एकदेखि १० सम्ममा भर्ना भएका मध्ये जम्मा ३७.९ प्रतिशत विद्यार्थीले मात्र निरन्तर अध्ययन गर्दछन् । अरू ६२.१ प्रतिशत विद्यार्थी बीचमै कक्षा छाड्छन् । विद्यालय बीचैमा छाड्नुपर्ने बाध्यताहरूको पहिचान गरी यो दर घटाउन विशेष पहल हुन सकेको छैन ।

## स्थानीय सरकार एवम् नगरपालिका तथा गाउँपालिकाको भूमिका

संघीय संरचनामा नागरिकको नजिक रहेको स्थानीय सरकारले सम्बन्धित गाउँपालिका र नगरपालिकाअन्तर्गत संचालित आधारभूत र माध्यमिक तहको शिक्षाको समग्र व्यवस्थापन हेर्ने संबैधानिक र कानूनी प्रावधानको कार्यान्वयनमार्फत शैक्षिक गुणस्तरका साथै समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार ल्याउन देहाय बमोजिमका भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

- शिक्षा सम्बन्धी नीति कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमनमा स्थानीय सरकारको क्षमता विकास गर्नु आवश्यक छ ।
- संवैधानिकरूपमा सुनिश्चित गरिएको माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापनको दायित्व पूरा गर्न आवश्यक पर्ने शिक्षा सम्बन्धी ऐन, कानून निर्माण गर्न तदारूकता लिई छिटोभन्दा छिटो कार्यान्वयनमा लैजानुपर्दछ ।
- संघ, प्रदेश र स्थानीय सरकारको अधिकार क्षेत्रमा देखिएको बुझाईको अन्यौलता हटाई आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने अधिकार संविधानद्वारा नै स्पष्ट रूपमा स्थानीय तहलाई सुम्पिएको अवस्थामा कहीँ कतै मन्त्रीस्तरीय वा मन्त्रीपरिषद्का निर्णयबाट स्थानीय सरकारको अधिकार कटौती गर्ने प्रयास बन्द गरी तीनवटै सरकारबीच सहकार्य र समन्वय गर्नु अपरिहार्य छ । यसका लागि नगरपालिका संघ र गाउँपालिका संघले पहलकदमी लिनु उचित हुन्छ ।
- सामुदायिक र निजी शैक्षिक संस्थाको संचालनबाट सिर्जना भएको शैक्षिक गुणस्तरमा भएको फरकपनलाई कम गर्न पाठ्यक्रम, शिक्षकको योग्यता र तालिम, पूर्वाधारको अवस्था, शैक्षिक वातावरण लगायतका कुराहरूमा समानता र एकरूपता ल्याई शैक्षिक व्यवस्थापन गर्नुपर्ने भएको छ । एकातिर स्थानीय सरकारलाई निःशुल्क र अनिवार्य शिक्षाको लागि लगानी बढाउनु परेको छ भने अर्कोतर्फ

सामुदायिक विद्यालयमा विद्यार्थी र अविभावकको आकर्षण घट्दै गएको छ । यस समस्याको निराकरणको लागि सामुदायिक विद्यालयको व्यवस्थापन नै निजी क्षेत्रलाई दिन सकिने विकल्प हुन सक्छ भनी केही सरोकारवालाहरूले चर्चा गर्ने गरेको पनि सुनिन्छ । यसो गर्दा निश्चित प्रतिशत विद्यार्थी जो गरिव छन् तिनलाई निशुल्क अध्यापन गराउने र आर्थिक हैसियत भएका र निजी विद्यालयमा अध्ययन गर्न चाहनेबाट सशुल्क अध्यापन गराउने गरी नीतिगत व्यवस्था गर्न सकिन्छ भन्ने अवधारणालाई पनि छलफलमा ल्याउन सकिने देखिन्छ । यसबाट शिक्षाको गुणस्तर बृद्धि हुने, स्थानीय सरकारको खर्चमा पनि कटौति हुने, निजी क्षेत्रलाई हालका भौतिक पूर्वाधार लगायतका खेलमैदानहरू पनि उपलब्ध हुने हुन सक्दछ । यसका लागि सामुदायिक निजी सहकार्य नीति बनाई नमूनाको रूपमा एक वा दुई विद्यालयबाट अभ्यास प्रारम्भ गर्ने र यसको सिकाइ अनुभवबाट अन्य विद्यालयहरूमा विस्तार गर्दै लैजाने व्यवस्था गर्नुपर्छ । यो प्रावधान कार्यान्वयन गर्दा निशुल्क र अनिवार्य शिक्षाको संबैधानिक प्रावधानलाई भने भुल्नु हुँदैन ।

- औपचारिक र अनौपचारिक शिक्षालाई सँगसँगै अगाडि बढाउन आवश्यक छ । अहिले पनि विद्यालय शिक्षाबाट बञ्चित भएका थुप्रै बयस्कहरू छन् । यिनीहरूको जीवनपर्यन्त शिक्षाका लागि सिकाइ निरन्तरताको वातावरण निर्माण गर्नुपर्ने भएको छ । यस कार्यमा स्थानीय युवाकल्व, आमा समूह, गैरसरकारी संस्थासँग स्थानीय सरकारले सहकार्य गर्नु उचित हुन्छ । प्रत्येक वडा तथा टोलमा सिकाइ कल्बहरू बनाउन उत्प्रेरित गरेर पनि सिकाइलाई निरन्तरता दिन सकिने हुन सक्छ ।
- आर्थिक र सामाजिक रूपमा पछाडि परेका परिवारका बालबालिकाहरू अझै पनि शिक्षाको अवसरबाट बञ्चित भएको अवस्था छ । यसका लागि सम्बन्धित परिवारको रोजगारी र स्वरोजगारीका अवसरहरूको सिर्जना गरी बालबालिकाहरूलाई औपचारिक शिक्षामा अनिवार्य रूपमा विद्यालय पठाउन सक्ने वातावरण निर्माण गर्नुपर्ने भएको छ ।
- संघ र प्रदेशस्तरबाट संचालन हुने खुला विश्वविद्यालयहरूसँग सहकार्य गरी खुला तथा वैकल्पिक निरन्तर सिकाइ प्रबर्द्धन गर्नुपर्छ ।
- आफ्नो पालिकाभित्रका कुनै पनि बालबालिका विद्यालयभन्दा बाहिर नरहुन भनेर विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाउने र विद्यालयमा आइसकेका बालबालिकालाई उपयुक्त शिक्षण सिकाइ वातावरण प्रदान गरी टिकाउने तथा व्यवहारिक एवम् जीवनोपयोगी शिक्षा प्रदान गर्ने अवस्था सिर्जना गर्न स्थानीय सरकारले बन्दोबस्त गर्न सक्दछ ।
- अपाङ्ग बालबाललिकाहरूको लागि उनीहरूको क्षमता अनुसारको सिकाइ वातावरण सहितको विशेष शिक्षाको प्रबन्ध गर्नुपर्छ । यसका लागि अपाङ्गमैत्री र बालमैत्री भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन अपरिहार्य छ । स्थानीय सरकारहरूले यी क्षेत्रलाई प्राथमिकतामा राख्दै तुरून्त एक्शनमा जाने आँट राख्नुपर्दछ ।
- इच्छुक समुदायलाई मातृभाषामा शिक्षा दिने विद्यालयको स्थापना र संचालन गर्न प्रोत्साहन गरी सामाजिक साँस्कृतिक सद्भाव अभिबृद्धि हुने वातावरण निर्माण गर्नु आवश्यक छ ।
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यववस्थापन समिति गठन गर्दा गैरराजनीतिक र विशुद्ध समाजसेवी, शिक्षासेवी, अभिभावक तथा शिक्षाप्रेमी व्यक्तिहरू मध्येबाट छनौट गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ ।
- सामुदायिक विद्यालयको सम्पत्तिको संरक्षण गरी यसको बहुउपयोग गर्नतर्फ ध्यानदिनु आवश्यक छ । उदाहरणको लागि सटरहरू बनाएर भाडामा लगाउने, कृषियोग्य जमिनमा खेती वा निजी बन लगाउने वा भाडामा दिने आदि । यसबाट विद्यालयहरू आत्मनिर्भर हुन मद्दत पुग्दछ ।
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने र जनशक्तिको क्षमता विकासमा पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ । सक्षम र उत्प्रेरित जनशक्तिबाट मात्र गुणस्तरीय शैक्षिक संस्थाको विकास संभव हुन्छ ।

- परम्परागत परीक्षा प्रणालीमा सुधार गर्नु एक विशेष महत्वको पक्ष हो । विद्यार्थीलाई जे घोकाएर तयार पारिन्छ त्यही प्रश्न परीक्षामा सोधेर नतिजा उत्तम निकाल्नुको अर्थ छैन । सिर्जनात्मक प्रतिभाहरूको उत्पादन गर्नु अबको स्थानीय सरकारको कर्तव्य हो ।
- प्रत्येक वडा कार्यालयसँगै पुस्तकालय र वाचनालयको व्यवस्था गरी जीवनपर्यन्त सिकाइको अभ्यासमा बानी पार्नु आवश्यक देखिन्छ । विभिन्न पेशा व्यवसायसँग सम्बन्धित पुस्तक र श्रव्य दृष्य सामग्रीहरूको समेत प्रबन्ध मिलाई अध्ययन गर्ने तथा निरन्तर सिक्ने बानीको विकास गर्नुपर्ने हुन्छ ।
- वास्तवमा सार्वजनिक शिक्षाको सुदृढीकरणका लागि पर्याप्त लगानीको सुनिश्चितता गर्नुपर्ने खाँचो सबै क्षेत्रबाट महशुष गरिँदै आएको विषय हो, तसर्थ स्थानीय सरकारहरूले पनि आफ्नो बजेटबाट बार्षिकरूपमा कम्तीमा पनि २० प्रतिशत बजेट शिक्षाका लागि विनियोजन गर्ने व्यवस्था गर्नुपर्छ ।
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्स्थापन तथा विद्यालयको आय व्ययको वित्तीय अनुशासन कायम राख्नका लागि निरन्तर अनुगमन, सुपरीवेक्षण एवम् नियमन निरन्तर रूपमा गर्नु आवश्यक छ ।
- स्थानीय सरकारका प्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्र भित्रका विद्यालयहरूमा सञ्चालित कक्षाहरूको अनुगमन, विद्यार्थी भेटघाट तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक कर्मचारीहरूसँग नियमतिरूपमा बैठकको आयोजना गरेर आइपरेका समस्याहरूको न्यूनीकरणका लागि सहजीकरण गर्न सक्दछन् । उपर्युक्त कार्यहरूका अतिरिक्त स्थानीय सरकारले देहायका भूमिका पनि निर्वाह गर्नु आवश्यक छ ।
- शिक्षा ऐनमा व्यवस्था भएअनुसार स्थानीय सान्दर्भिकता एवम् आवश्यकतामा आधारित भै स्थानीय पाठ्यक्रम तयार गर्ने र त्यसलाई लागू गराउने कुरामा पनि स्थानीय सरकारले अग्रसरता लिन सकिन्छ ।
- सार्वजनिक विद्यालयहरूको जोनिङ तथा क्लस्टरिङ गरी नमूनाको रूपमा आवासीय विद्यालय सञ्चालन गर्ने काममा पनि स्थानीय सरकारले भूमिका निर्वाह गर्न सक्दछ ।
- समाजमा विकृति, विसंगति, विभेद र असमानता बढ्दै गएको अवस्थामा न्याय र नैतिकतामा आधारित समतामूलक समाजको निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयका रूपमा आधार भूत र माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्ने ।
- शिक्षक, विद्यार्थी, अविभावकको संयुक्त प्रयासबाट मात्र समग्र शैक्षिक व्यवस्थापनमा गुणस्तर हासिल गर्न सकिन्छ । त्यसका लागि यी ३ वटै पक्षको आ–आफ्नो भूमिका सूचिकृत गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । स्थानीय सरकारले यस्तो भूमिका निर्धारण र अनुगमन गरी सहयोगी भूमिका खेल्नु उचित हुन्छ ।
- सामुदायिक विद्यालयको व्यवस्थापन समितिको पुनर्गठन गरी समान वा माथिल्लो तहको विद्यालयको प्रधानाध्यापक भैसकेको व्यक्तिको संयोजकत्वमा व्यवस्थापन समिति गठन गर्ने प्रावधान राख्नुपर्ने देखिन्छ । प्रत्येक विद्यालयमा र हने व्यवस्थापन समिति र शिक्षक अविभावक समन्वय समिति गठन गरी सम्बन्धित स्थानीय तह अर्थात गाउँपालिका तथा नगरपालिकास्तरीय प्रधानाध्यापकहरूको समिति र व्यवस्थापन समितिका अध्यक्षहरूको नगर वा गाउँ समिति गठन गरी शिक्षा व्यवस्थापनमा एकरूपता र गुणस्तरीयता कायम गर्न आवश्यक छ ।
- भूकम्पबाट क्षति पुगेका विद्यालयको पुनःनिर्माणमा गति दिनुपर्ने, पुनःनिर्माण गर्दा भौतिक संरचना बालमैत्री र अपाङ्गतामैत्री बनाउनु पर्छ ।
- शिक्षाको गुणस्तर सुधारको लागि अवकाश प्राप्त शिक्षक, कर्मचारीहरू र समाजसेवी, बुद्धिजीविहरूको अनुभव, ज्ञान र सीपको उपयोग गर्नु आवश्यक हुन्छ । यसका लागि स्थानीय सरकारले समाजका सम्पत्तिका रूपमा रहेका यी अग्रजहरूको रोष्टर तयार गरी उनीहरूको सम्मान र उपयोग गर्ने प्रबन्ध मिलाउनु पर्छ ।
- अंग्रजी भाषा हो ज्ञान होइन भन्ने चेतना जगाउनुपर्ने भएको छ । शैक्षिक गुणस्तर भनेकै अंग्रेजी भाषा हो

भन्ने भ्रमबाट मुक्त गराउन पहल गर्नुपछृ । अंग्रेजी शिक्षणको कारणबाट नेपाली भाषा र स्थानीय भाषा मर्नु हुँदैन । स्थानीय चाहना र आवश्यकताको आधारमा सबै भाषाको जगेर्ना हुने गरी शिक्षा व्यवस्थापन गर्नु परेको छ । विद्यार्थीले आज सिकेको ज्ञान र सीपबाट उनीहरूको भविश्यको जीवन सुन्दर हुनुपर्छ । जीवन उपयोगी शिक्षा ग्रहण गर्ने अवसर सबैलाई उपलब्ध गराउनमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ ।

- स्थानीय सरकारले केही निर्दिष्ट सूचकहरू तयार गरी आफ्नो क्षेत्रभित्रका उत्कृष्ठ प्रअ, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यालयसमेतलाई पुरस्कृत गरेर थप राम्रो गर्नका लागि प्रोत्साहन तथा हौषला प्रदान गर्न सक्दछ ।
- विद्यालय बीचैमा छोड्नुपर्ने बाध्यताहरूको पहिचान गरी यो दर घटाउन विशेष पहल गर्नुपर्ने हुन्छ ।
- पुराना शिक्षकलाई नयाँ पाठ्यक्रम अनुरूप समायोजन गराउन तालिम र क्षमता विकासका कार्यक्रमहरू निरन्तर रूपमा संचालन गर्नुपर्ने देखिएको छ । शिक्षा क्षेत्रमा तत्काल सुधार भन्दा पनि लगातार तर गतिशील रूपमा सुधारको अपेक्षा राखि कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।
- विद्यार्थीले ल्याउने नतिजा समेतको आधारमा शिक्षकको मूल्यांकन गरी प्रोत्साहन गर्ने कार्यक्रम राखिनु पर्छ ।
- अविभावकले आफ्ना सन्तानमाथि लैङ्गिक आधारमा विभेद गरेको पाइएको छ । सामुदायिक विद्यालयमा छात्रा र निजी विद्यालयमा छात्रलाई भर्ना गर्ने गरेको देखिन्छ । सामुदायिक र निजी विद्यालयमा देखिएको लैंगिक असमानता कम गर्न स्थानीय सरकारले जनचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै आफ्ना सन्तानमाथि गरिने विभेदमा अविभावकलाई कारवाहीको समेत व्यवस्था गर्नुपर्ने देखिएको छ ।
- औपचारिक शिक्षामा जोड दिंदै अनौपचारिक र निरन्तर सिकाइ क्रियाकलापमा पनि स्थानीय सरकारले लगानी बढाउनु पर्छ । नागरिकका दैनिक क्रियाकलाप र व्यवहार तथा व्यवसायसँग सम्बन्धित सूचना विभिन्न संचार माध्यमबाट प्रसारण गरेर पनि सबैलाई सुसूचित गर्न सकिन्छ । यस्ता कार्यक्रमबाट स्वास्थ्य जीवनयापन, विभिन्न पेशा व्यवसाय जस्तो तरकारी खेती, मौसमी बाली, उद्योगधन्दा स्थापना र संचालन लगायतका सूचना सम्प्रेषण गरी आम नागरिकमा सक्षमता विकास गर्नुका साथै स्थानीय सरकार र नागरिक बीचको सम्बन्ध र विश्वास बढाउन मद्दत पुग्दछ ।
- स्थानीय सरकारले आफ्नो क्षेत्रका सार्वजनिक विद्यालयहरूको सार्वजनिक परीक्षण गराउने र समुदाय-विद्यालय सम्बन्धलाई थप नजिक तथा प्रभावकारी बनाउन उत्साहित गर्न सक्दछ । यसका लागि स्थानीय तहको अगुवाईमा स्थानीय आवश्यकताअनुरूप भेटेनरी, कृषि, बागवानी, इन्जिनियरिङलगायतका क्षेत्रमा अध्ययन गर्नका लागि छात्रबृत्तिको व्यवस्था गर्न सकिन्छ । यसरी स्थानीय तहको लगानीमा अध्ययन गरेका विद्यार्थीलाई अध्ययन पूरा भएपश्चात स्थानीय सरकारले आफ्नै पालिकाभित्र रोजगारीको ग्यारेण्टी गर्न सक्दछ ।

## उपसंहार

शिक्षा नै जीवनको दीप हो । शिक्षा बिना मानवीय जीवन मात्र होइन असल शिक्षा बिना समाज वा मुलक संचालन असंभवप्राय: भएको छ । स्थानीय सरकार नागरिकको दैनिक दु:ख सुखको साथी भएकोले नागरिकका हरेक क्रियाकलापमा साथदिनु यसको मुख्य भूमिका हुन आएको छ । व्यक्तिले आचार, विचार, संस्कार, नैतिकता र सभ्य व्यवहार सिक्ने थलो नै विद्यालय भएकाले हाम्रा विद्यालयहरूमा सुशासनको अभ्यास हुनै पर्ने तथ्यमा कसैको पनि फरक मत हुन सक्दैन । स्थानीय सरकारले अलिकतिमात्र चासो र सजगता राख्ने हो भने हाम्रा शिक्षकहरू समयमा नै विद्यालय पुग्छन्, समयमा कक्षाकोठामा पस्छन्, निर्धारित समयसम्म शिक्षणसिकाइ क्रियाकलापमा सरिक हुन्छन्, अभिभावकले पनि आफ्ना बालबालिका अध्ययन गर्ने विद्यालयका प्रति चासो बढाउँछन्, प्रधानाध्यापकले अभिभावकत्व प्राप्त गर्दछ, विद्यालय व्यवस्थापन समितिले थप ऊर्जाशील भएर

काम गर्न थाल्दछ र विद्यार्थीले अनुशासित, जागरूक र दत्तचित्तभै सिक्न थाल्दछ, यति भएपछि हाम्रा शैक्षिक संस्थाहरूमा सुधार नआउनुपर्ने कुनै कारण रहने छैन । हामी सबै सरोकारवालाले चाह्यौं भने सार्वजनिक विद्यालयमा सुशासन सम्भव छ । यो अपरिहार्य विषय पनि हो । अब कुनै पनि बहानामा विद्यालयलाई राजनीतिबाट मुक्त राख्ने सवाल र बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन् भन्ने कुरालाई नजरअन्दाज गर्न हुँदैन । स्थानीय सरकारहरूको नेतृत्वमा यदि हामीले हाम्रा विद्यालयहरूमा वास्तविक ढंगको सुशासनको प्रत्याभुती गर्न सक्यौं भने हाम्रो परिवार, समाज र सिंगो देशनै सुशासनमय हुने अपेक्षा गर्न सकिन्छ । तसर्थ भोलीका मुलुकका कर्णधार भनिएका बालबालिकाले शिक्षा हासिल गर्ने थलोलाई सर्वथा सुशासनले युक्त, पारदर्शी, जवाफदेही, उत्तरदायी र सबैखाले वेथिति, विसंगति तथा अनियमिततामुक्त बनाउन जरूरी छ ।

यसका लागि स्थानीय सरकारले आफूलाई प्राप्त संबैधानिक तथा कानूनी अधिकारको प्रयोग गर्न नीतिगत, कानूनी, संस्थागत र व्यवहारगत सुदृढीकरण जरूरी छ । हालसम्म भएका असल अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र मागको आधारमा आधारभूत र माध्यमिक तहको शिक्षामा नयाँ व्यवस्थापकीय शैली अवलम्बन गर्नुपर्छ । अनौपचारिक र विशेष शिक्षामा जोड दिंदै नागरिक हितका विषयमा निरन्तर सूचना सम्प्रेषण पनि सरकारलाई नागरिक नजिक लाने उपयुक्त शैक्षिक माध्यम हुन सक्छ । स्थानीय सरकार अब नैतिक शिक्षालाई अनिबार्य बनाउँदै सदाचारयूक्त समाज निर्माण गर्न अभियानको रूपमा लाग्नुपर्छ । यसको लागि कर्तव्यनिष्ठ र व्यवसायिक शिक्षक, अनुशासित र मिहिनेती विद्यार्थी, सचेत, निष्पक्ष र जागरूक अभिभावकको खाँचो छ । यी पात्र र चरित्रबाट मात्र गुणस्तरीय शिक्षा संभव हुन्छ । यसका लागि स्थानीय सरकारले मौरीको रानोको भूमिकामा सबैलाई आ–आफ्नो कर्तव्यमा लगनशील बनाई शिक्षा व्यवस्थापन गर्नु अपरिहार्य भएको छ ।

शैक्षिक सुशासनको प्रबर्द्धन गर्दै नागरिकको उज्ववल भविश्यको लागि शिक्षा व्यवस्थापन गरिनुपर्छ । नागरिक समाजको सहकार्यमा स्थानीय सरकार उत्तरदायी, जिम्मेवार र पारदर्शी ढंगले काम गर्न सकेमा स्थानीय तहमा विद्यालय सुशासन कायम भई शैक्षिकलगायत आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक क्षेत्रको समग्र रूपान्तरण संभव हुन्छ ।

## सन्दर्भ सामग्री


- नेपाल सरकार (२०७२), नेपालको संविधान, कानून किताब व्यवस्था समिति, काठमाडौं ।
- नेपाल सरकार (२०७४), स्थानीय सरकार सञ्चालन ऐन, कानून किताब व्यवस्था समिति, काठमाडौं ।
- नेपाल सरकार (२०२८) शिक्षा ऐन, कानून किताब व्यवस्था समिति, काठमाडौं ।
- नेपाल सरकार (२०५९) शिक्षा नियमावली, कानून किताब व्यवस्था समिति, काठमाडौं ।
- नेपाल सरकार, चौधौं योजना (२०७३/७४-२०७५/७६) राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार
- काठमाडौं ।
- नेपाल सरकार, आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य, अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौं ।
- website :www.npc.gov.np
- www.moe.gov.np
- www.mofa.gov.np
- www.unpan.org

# गुणस्तरीय शिक्षाका लागि आधुनिक विद्यालय सुशासनले बिर्सेको बाटो

– डा. इन्द्रमणी राई *

## सन्दर्भ

शक्ति केहि गर्ने क्षमता हो । यसका विविध रूपहरू हुन्छन् । शक्तिले विचार र व्यवहारलाई निर्देशित गर्छ, दमन गर्छ, आफ्नो वशमा राख्छ । तर यसले अर्कोतर्फ विचार, नीति, तथा अभ्यासहरूलाई रूपान्तरण पनि गर्छ । पश्चिमा जगत शक्तिको केन्द्र भएको छ । ज्ञानलाई वैद्यानिकता दिने केन्द्र बनेको छ । गुणस्तरीय शिक्षा तथा सुशासनलाई पनि कुनै अदृश्य शक्तिले परिभाषित गरेर वैद्यानिकता दिएको छ । जसलाई आधुनिक विद्यालयीय परम्पराका मुख्य अवधारणा र अभ्यासहरू नै हुन् भन्ने म बुझ्दछु । गुणस्तर सापेक्षित हुन्छ । हाम्रो सापेक्षमा गुणस्तरीय शिक्षा कस्तो हो भन्ने कुरा नेपाली आवश्यकता र बजारसँग जोडिन जान्छ । नेपालले अहिलेको परिवर्तित सन्दर्भमा चाहिएको शिक्षा भनेको समाजवादी शिक्षा हो । समाजवादी शिक्षाको स्वरूप कस्तो हुन्छ ? र समाजवादी शिक्षामा कस्तो शिक्षालाई गुणस्तरीय शिक्षा भन्ने सवाल पनि आउँछ । त्यस्तो गुणस्तरीय शिक्षाका लागि कस्तो विद्यालयीय सुशासनको आवश्यकता पर्दछ भन्ने सवालहरू वर्तमान अवस्थामा माथापच्चिसा गर्ने बेला हो । पुनःउत्पादनले मात्र कहीं पनि पुऱ्याउँदैन ।

शक्तिले वहश सिर्जना गर्छ । दीगो विकासको लक्ष्य नं. ४ ले उदघोष गरेको गुणस्तरीय शिक्षाको सवाल शक्तिद्वारा सिर्जना गरिएको वहश हो । शिक्षामा गुणस्तर कायम गर्नुपर्ने संवैधानिक जिम्मेवारी पनि छ । तर नेपालमा भने गुणस्तरीय शिक्षाको संरचित राष्ट्रिय खाका बनिसकेको छ । पाठ्यक्रमको राष्ट्रिय प्रारूप पनि बनेको छ । कक्षा ३, ४ र ८ मा स्तरीय परीक्षाहरू पनि संचालन गर्ने गरिएको छ । यी सबै मापनका आधारमा हेर्दा सार्वजनिक विद्यालयको शैक्षिक उपलब्धि घट्दो क्रममा देखिन्छ । गुणस्तर मापन गर्ने स्थानीय सरकारले कक्षा ८ वा आधारभूत तहको अन्तिम परीक्षा लिने व्यवस्था गरिएको छ । तर कक्षागत गुणस्तरको जिम्मा शिक्षकलाई नै दिइएको छ । उदार कक्षोन्नति र अक्षराङ्क परीक्षण पद्धतिको प्रयोग गर्दा पनि सुधारात्मक कक्षाहरू प्रभावकारी रूपमा सञ्चालन गरिएका छैनन् । हालै शिक्षा मन्त्रालयले गरेको अध्ययन नासाको प्रतिवेदन अनुसार कक्षा ८ को विभिन्न विषयहरूको उपलब्धि ५० प्रतिशत वा सो भन्दा कम रहेको छ । यो कमजोर नतिजाले गुणस्तरीय शिक्षा माथि प्रश्न उब्जाएको छ ।

गुणस्तरीय शिक्षा कायम गर्न नसक्नुको प्रमुख कारण विद्यालयहरूमा सुशासनलाई प्रवर्धन गर्न नसक्नु एक प्रमुख कारण हो । सुशासन वहस मात्र भएको छ । विद्यालय व्यवस्थापनमा सम्पूर्ण सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता हुन सकेको छैन । शिक्षा ऐनले संरचित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ वा नगर शिक्षा समितिहरूले समुदायको विविधतालाई समेट्न सकेको छैन । विकेन्द्रीकरण नीतिद्वारा विद्यालय व्यवस्थापन समितिलाई शक्ति र अधिकार त प्रत्यायोजन गरियो तर त्यो आफै केन्द्र बनिदियो । राजनीतिक शक्तिहरूको खेल्ने संरचना बन्यो । उच्च वर्ग र सम्भ्रान्त भनिएकाहरू कै हालिमुहाली भयो । निमुखाको आवाजले सायदै प्रवेश पायो । शिक्षा नियमावलीले विद्यालय व्यवस्थापन समितिको कार्य क्षेत्रलाई संरचित गरिदियो । जसका कारण सायद आकस्मिक कार्य गर्न सकेन होला । प्रायः अप्रभावकारी नै रह्यो, विवादमुक्त हुन सकेन । सदाचारी विद्यालय व्यवस्थापन समितिहरू विरलै पाइन्छन् ।



*लेखक डा. इन्द्रमणी राई, उप-प्राध्यापकको रूपमा त्रिभुवन विश्वविद्यालयमा कार्यरत हुनुहुन्छ ।

वित्तीय व्यवस्थापन विद्यालय सु-शासनको अर्को महत्वपूर्ण पक्ष हो जो सार्वजनिक विद्यालयहरूमा कमजोर देखिन्छ । यसको प्रभाव सु-शासनको अन्य पक्षहरूमा पनि पर्दछ । कमजोर वित्तीय व्यवस्थापनले वित्तीय तथा प्रशाासनिक पारदर्शिता (विद्यालयको योजना, रणनीति, तथा कार्यहरू) कायम गर्ने सन्दर्भमा नकारात्मक प्रभाव पारेको देखिन्छ । विद्यालयहरूमा हुन नसकेको आन्तरिक लेखा परीक्षणले आर्थिक पारदर्शिता माथि प्रश्न उब्जाएको छ । वाह्य लेखापरीक्षण तथा सार्वजनिक लेखापरीक्षण परम्परा जस्तो मात्रै भएका छन् । पारदर्शितासँग सूचना प्रवाहको प्रणालीलाई पनि प्रभावकारी र सबैको पहुँचमा पुऱ्याउन सकेको छैन । यस्ता कार्यहरूमा विद्यालय व्यवस्थापनको प्रमूख भूमिका हुन्छ । तर विद्यालयहरूमा राजनैतिक भागवण्डा र खिचातानीका कारण विद्यालय व्यवस्थापन समिति नै गठन हुन नसकेको अवस्था पनि छ । भएका विद्यालय व्यवस्थापन समितिहरूले पनि पारदर्शी, प्रभावकारी, जवाफदेही, कार्यमूलक, तथा जिम्मेवार ढंगले कार्य गर्न नसकेको अवस्था छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू सक्षम छैनन् र उनीहरूको कार्य प्रधानाध्यापकले गरेको निर्णयमा सहिछाप गर्ने कार्यमा मात्र सीमित छन् भन्ने तर्कहरू पनि बजारमा छ ।

यस सन्दर्भमा यो आलेखमा मेरो प्रमुख उद्देश्य भनेको शिक्षामा आधुनिक सुशासन प्रणाली अपूर्ण छ वा कम सान्दर्भिक छ भन्ने हो । विद्यालयमा सुशासनका नीति तथा अभ्यासहरूलाई सान्दर्भिक र रैथानेकरण वा स्थानीयकरण गर्नुपर्छ भन्ने तर्कलाई स्थापित गर्न खोजेको छु । स्थानीय मुल्य, मान्यता, र विश्वासबाट निर्देशित सुशासनले मात्र गुणस्तरीय शिक्षामा टेवा पुऱ्याउँछ भन्ने हो । यसका लागि सर्वप्रथम आधुनिक शिक्षा प्रणालीले निर्देशित गरेको सुशासन प्रणालीको बारेमा चर्चा गर्नेछु । त्यसपछि रैथने वा स्थानीय सुशासनका अभ्यासहरू विश्लेषण गर्नेछु । आधुनिक वा आयातित र रैथाने सुशासन प्रणालीहरू बीचको सम्वन्धबाट मात्र समाजवादी शिक्षाको गुणस्तरीयता सुधार गरिनुपर्ने पक्षहरूलाई निश्कर्ष सहित पस्कनेछु ।

## आधुनिक सुशासन प्रणालीको विकास र अवस्था

सन् १९५६ को नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनले, जो पश्चिमा शिक्षा प्रणालीद्वारा प्रभावित थियो, समान शिक्षाको अभ्यासलाई प्रवर्द्धन गर्न प्रभाव पारेता पनि शिक्षाको व्यवस्थापनको जिम्मा समुदाय वा समुदाय र सरकार संयुक्तमा भएको देखिन्छ । तर सन् १९७१ को राष्ट्र्रिय शिक्षा पद्धतीको योजनाले विद्यालयीय व्यवस्थापनलाई सामुदायिक व्यवस्थापनबाट सरकारमा केन्द्रिकृत गऱ्यो । सन् १९९० मा नेपालमा प्रजातन्त्रको पुनः स्थापना भए पश्चात शिक्षाले नयाँ गति लिएको देखिन्छ । सन् १९९० मा नै भएको जोमटिन सम्मेलन (Jomtien Conference) तथा सन् २००० मा डकारमा भएको विश्व शिक्षा मञ्च (World Education Forum) ले पारित गरेको सबैका लागि शिक्षा ९ Education for All) लाई तत्कालीन सरकारले अनुमोदन गऱ्यो । सबैका लागि शिक्षा अभियानको प्रमुख मुद्धा सबैका लागि गुणात्मक शिक्षामा पहुँच थियो । यस लक्ष्यलाई शताब्धी विकास लक्ष्यहरू (२०००) ले पनि आत्मसाथ गऱ्यो । तर विद्यालयीय सुशासनलाई खासै प्राथमिकता दिइएन । त्यो केन्द्रिकृत नै थियो । यस्ता शिक्षाका नीति तथा कार्यक्रमहरू आयातित, संरचित, असान्दर्भिक, र केन्द्रीय ढाँचामा भए । नेपालमा शिक्षामा विकेन्द्रीकरणको ऐन सन् २००२ देखि शिक्षा ऐन १९७२ लाई सातौं संशोधन गरी लागू गरिएको देखिन्छ । विकेन्द्रीकरणको माध्यमद्वारा विद्यालय व्यवस्थापन समिति, गाउँ वा नगर विकास समिति, शिक्षक अविभावक संघ, तथा गाउँ वा नगर शिक्षा समितिहरूलाई विद्यालयमा सुशासनको जिम्मेवारी दिइयो । शिक्षामा विकेन्द्रीकरणको प्रमुख ध्येय भनेको वित्तीय व्यवस्थापनमा सुधार ल्याउनु, जवाफदेहितामा अभिवृद्धि गर्नु, तथा सरोकारवालाहरूको सहभागितालाई अर्थपूर्ण बनाउनु नै थियो । यी प्रकृयाहरू मार्फत विद्यालयमा प्रभावकारिता वृद्धि गर्नु थियो अर्थात गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्नु नै थियो ।

यसै ताकादेखि विद्यालय व्यवस्थापन समितिको संरचनामार्फत विद्यालयहरूलाई व्यवस्थित गर्ने शक्ति

उक्त समितिलाई दिइयो । नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई कार्यान्वयन गर्नको लागि National Plan of Action (2001 – 2015) मार्फत सबैका लागि निशुल्क र अनिवार्य शिक्षाको कार्यक्रम ल्यायो जुन अन्य अन्तर्राष्ट्रिय कानुनहरू जस्तै : वालवालिका सम्वन्धि महासन्धिलगायत अन्य मानवअधिकारका दस्तवेजहरूको मर्म र भावना अनुसार पनि थियो । यस योजनामा राखिएको मूल उद्देश्य भनेको २०१५ सम्ममा सम्पूर्ण वालवालिकाहरूलाई गुणात्मक शिक्षासहित प्राथमिक शिक्षाको चक्र पूरा गराउने थियो । तर अपेक्षा गरेअनुसार गुणात्मक शिक्षा र त्यस माथि सबैको पहुँच कायम हुन सकेन । व्यवहारिक तथा जीवनोपयोगी शिक्षा नारामा नै सीमित भएको देखिन्छ । जसको फलस्वरूप विद्यालय छाड्ने प्रवृत्ति र वेरोजगारी वढेको भन्ने तर्कहरू पनि बजारमा छ । सरकारले सबैको लागि निशुल्क र अनिवार्य शिक्षाको कार्यक्रमको लक्ष्यलाई पूरा गर्न विद्यालय क्षेत्र सुधार योजना २००९ — २०१५ मार्फत विभिन्न रणनीति तथा अन्य सहायक कार्यक्रमहरू ल्यायो । अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू र नेपालको संविधानको मर्म र भावनालाई मध्यनजर गरेर विद्यालय क्षेत्र विकास योजना २०१६–२०२३ ल्याएको छ । शिक्षाको संघीय कानुन बन्ने क्रममा छ र कतिपय स्थानीय सरकारहरूमा शिक्षाका ऐन तथा कानुनहरू बनिसकेका छन् र कतिपयमा बन्ने क्रममा छन् । यस्ता कानुनहरूमा शिक्षामा सुशासनको सवाल र गुणात्मक शिक्षालाई प्रवर्धन गर्ने सवाल कहीं न कहीं उठिने रहेकाछन् । वित्तीय व्यवस्थापनको सवाल जो विद्यालयको मेरूदण्डको रूपमा रहन्छ जुन गम्भीर र सम्वेदनशील छ ।

हालै शिक्षा विभागको एक अध्ययन अनुसार विद्यालयहरूमा वित्तीय व्यवस्थापनको अवस्था आशा लाग्दो छैन । तराई, पहाड र हिमालका ६ वटा जिल्लाहरूमा गरिएको अध्ययनले प्रायः आधारभूत विद्यालयहरूमा श्रोतको सिर्जना र भएका श्रोतहरूको परिचालन राम्ररी हुन सकेको छैन् । नीतिगत रूपमा नै किटान गरेर तत्कालीन जिल्ला शिक्षा कार्यालयहरूबाट प्राप्त अनुदान नै ती विद्यालयहरूको श्रोतको रूपमा रहेको देखिन्छ । यसको कारणले प्रायः विद्यालयहरूमा बजेट निर्माण, आन्तरिक तथा वाह्य लेखापरीक्षण, सामाजिक लेखापरीक्षण गर्ने गराउने प्रचलन नरहेको देखिन्छ । कतिपय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति नरहेको र कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समितिहरू भएता पनि सोचे जस्तो कार्य गर्न नसकेको अवस्था देखिन्छ । यस अध्ययनको अर्को महत्वपूर्ण निश्कर्षको रूपमा वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन जनशक्तिको अभाव रहेको पाइन्छ । विद्यालयमा छुट्टै लेखापालको व्यवस्था नहुनु तथा भएका लेखापाल, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षलगायत अन्य सदस्यहरू लेखा सम्बन्धमा दक्ष नहुनु वित्तीय व्यवस्थापनको चुनौतीहरू रहेकाछन् । प्रायः आधारभूत तहमात्र रहेका विद्यालयहरूमा सरकारबाट आएको एकमुष्ट रकमको बिल भरपाई तोकिएको लेखा परीक्षकलाई बुझाई वार्षिक एक पटक प्रतिवेदन तयार गर्ने प्रवृत्ति मात्र रहेको पाइन्छ । तसर्थ विद्यालयको वित्तीय व्यवस्थापन अन्तर्गत श्रोत निर्माण, बजेट निर्माण तथा खर्चको प्रभावकारी रेर्कड, वित्तीय प्रतिवेदन तयारी आदि प्रकृया तथा अभ्यासहरू कमजोर अवस्थामा देखिन्छ । यी सबै कुराले वित्तीय पारदर्शिता तथा जवाफदेहिता माथि प्रश्न उब्जाएको छ ।

एकातर्फ संविधानतः आधारभूत शिक्षालाई निशुल्क गर्ने सरकारको नीति छ भने अर्कोतर्फ आधारभूत विद्यालयहरूले स्रोत निर्माण वा भएका स्रोतलाई परिचालन गर्न सकिरहेका छैनन् । सरकारी स्रोतबाट थोरै स्रोतको भरमा विद्यालय सञ्चालन भइरहेका छन् । नयाँ स्रोत निर्माण गर्ने र भएका स्रोतको प्रभावकारी रूपमा परिचालन गरी विद्यालयको आयआर्जन गर्ने कार्यका लागि विद्यालय व्यवस्थापनले प्रभावकारी भूमिका खेल्न सकिरहेको छैन । आर्थिक पारदर्शिताको सवाल पनि त्यत्तिकै समस्याग्रस्त छ । प्रशासनिक, शैक्षिक, तथा आर्थिक पारदर्शिता प्रभावकारी रूपमा हुन सकेका छैनन् ।

सुशासनको सन्दर्भमा सहभागिता अर्को महत्वपूर्ण पक्ष हो । सहभागितामूलक विद्यालय व्यवस्थापन हुन सकिरहेको छैन । समुदायमा रहेका सबै तह र तप्कामा रहेका सरोकारवालाहरूलाई (महिला, वालवालिका,

जनजाति, फरक क्षमता भएका वालवालिका, आदि) अर्थपूर्ण ढंगले विद्यालयको योजना तथा नीति नियम निर्माण र निर्णय प्रकृयाहरू लगायत अन्य प्रकृया र अभ्यासहरूमा सहभागिता गराउन सकिएको छैन । अर्थपूर्ण सहभागिता सुशासनको सन्दर्भमा मात्र नभई शिक्षण सिकाइ कृयाकलापमा पनि हुन सकिरहेको छैन । प्रायः विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको आपसी मिलेमतो र सहमतिमा नै विद्यालयको विभिन्न महत्वपूर्ण विषयहरूमा निर्णय हुने गर्दछ । वालवालिका, शिक्षक, तथा अविभावकहरूको प्रतिनिधिमूलक र अर्थपूर्ण सहभागिता हुन सकिरहेको छैन ।

सहभागिताले पारदर्शितालाई प्रवर्धन गर्छ । पारदर्शितासँग सुचना सम्प्रेशण वा प्रवाहको सवाल पनि जोडिन आउँछ । शैक्षिक संरचनाहरू र शैक्षिक सरोकारवालाहरू बीचको अन्तरसम्वन्ध, अन्तरकृया, तथा अन्तरनिर्भरता पनि पारदर्शिताका लागि आधारहरू हुन् । तर शैक्षिक सूचनाहरू सबैको पहुँचमा पुग्न सकेको छैन । विद्यालय र परिवार अनि समुदायसँगको दुरी कम गर्न सकिएको छैन । यसको अर्थ विद्यालयको सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । शिक्षकहरू राजनैतिक कार्यकर्ता भएका छन् वा राजनीतिद्वारा प्रभावित भएका छन् । पेशागत सम्मान कम महशुस गरेका छन् । यसले गर्दा शिक्षकहरू अभिभावक र विद्यार्थीहरू प्रति कति जवाफदेही छन् भन्ने कुरामा प्रश्न उठाइएको छ ।

विद्यालय अनुगमन र सुपरीवेक्षणको अवस्था पनि बलियो देखिन्न । विद्यालय व्यवस्थापन समिति, अभिभावक, तथा प्रधानाध्यापकको भूमिका विद्यालय अनुगमन र सुपरीवेक्षणमा कमजोर देखिन्छ । अनुगमनका लागि जिम्मेवार पदाधिकारीहरूमा विद्यालय अनुगमन र सुपरीवेक्षण सक्षमताको अभाव कतिपय अवस्थामा देखिन्छ भने कतिपय अवस्थामा राजनैतिक कारणले यस कार्यलाई प्रभावित गरेको पाइन्छ । त्यसै गरी विद्यालय अनुगमन र सुपरीवेक्षणको लागि वैज्ञानिक प्रकृया र त्यसको आधारमा दण्ड सजाय वा पुरस्कारको व्यवस्था प्राय विद्यालयहरूमा देखिन्न ।

## गुणस्तरीय शिक्षाको अवस्था

उन्नाइसौँ तथा बीसौँ शताव्दिमा युरोप तथा अमेरिकामा विकसित भएको शैक्षिक प्रणालीले नेपाल जस्तो भाषिक, साँस्कृतिक, जातीय, भौगोलिक आदि दृष्टिकोणले विविधतापूर्ण समाजमा शैक्षिक एकरूपता ल्यायो । संरचित पाठ्यक्रममा आधारित शिक्षक केन्द्रित शिक्षा प्रणालीले भाषिक, साँस्कृतिक, वौद्धिक, लैँगिक आदि विविधतालाई सम्मान गर्न सकेन । व्यवहारिक र सान्दर्भिक शिक्षा हुन सकेन । अवधारणा निर्माण भन्दा घोक्ने प्रवृत्ति भएको शिक्षा गुणात्मक शिक्षा हुन सकेन । संरचित, शिक्षक र पाठ्यपुस्तकलाई मात्र सिकाइको केन्द्र मान्ने अ–लचिलो तथा सवै वालवालिकाको सिकाइ क्षमता उही हुन्छ भन्ने मान्यतामा आधारित शिक्षाले लाखौँ लाख विविध आर्थिक तथा साँस्कृतिक पृष्ठभूमिका वालवालिकाहरू विद्यालयको मूलधारमा ल्याउन सकेन । त्यति हुँदाहुँदै पनि विश्व परिवेश र बजारलाई हेर्दा आधुनिक शिक्षालाई नकार्न सकिने अवस्था पनि छैन । अव यो आधुनिक शिक्षा प्रणालीलाई नेपाली सन्दर्भमा ढाल्न आवश्यक देखिन्छ ।

आधुनिक शिक्षालाई सान्दर्भिक बनाउन शिक्षण सिकाइ कृयाकलापलाई रैथाने संस्कृतिसँग जोड्न आवश्यक छ । अमूर्त अवधारणाहरूलाई शिक्षण गर्दा मूर्त वस्तुमार्फत सिकाइलाई अर्थपूर्ण बनाउन सकिएको छैन । रैथाने वा स्थानीय ज्ञान र सीपहरूलाई कक्षाकोठामा ल्याएको खण्डमा त्यो बढि व्यवहारिक हुन्छ । विषयवस्तुहरू पश्चिमा ज्ञान र सीपहरूमा आधारित छन् । आफ्नो परिवेश र सँस्कृतिको आधारमा ज्ञान व्यवहारिक र सीपमूलक हुन सक्दछ । तसर्थ लचिलो अवधारणा र दृष्टिकोण निर्माणमा जोड दिने शिक्षा नै गुणस्तरीय शिक्षा हो । सान्दर्भिक शिक्षा नै गुणस्तरीय शिक्षा हो । विद्यार्थीहरूको दैनिक व्यवहार र जीवनशैलीसँग जोडिएको शिक्षा आजको आवश्यकता हो । विद्यार्थीहरूमा आलोचनात्मक र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । परिस्थिति र विविधतामा समायोजन भई कार्य गर्न सक्ने क्षमता नै साँचो शिक्षा हुन सक्दछ ।

आधुनिक शिक्षा प्रणाली व्यवहारिक, वैज्ञानिक, जनमुखी, उत्पादनशील, प्राविधिक तथा राष्ट्रप्रेमी भएन भन्ने सवालहरू उठिरहेकै अवस्थामा नेपालको संविधानको धारा ५१ ज १ मा उल्लेखित प्रावधानलाई पनि विचार गरी सबै विद्यार्थीहरूलाई व्यवहारिक, वैज्ञानिक, जनमुखी, उत्पादनशील, प्राविधिक र राष्ट्रप्रेमी शिक्षा सुनिश्चित गर्न शैक्षणिक उपायहरू अवलम्वन गर्नु अवको आवश्यकता भएको छ । शैक्षणिक उपाय भन्नाले शिक्षकले अहिलेको पठनपाठनको तरिका बदली शिक्षालाई व्यवहारिक, वैज्ञानिक, जनमुखी, तथा उत्पादनशील बनाउने उपाय हो । त्यस्तो शिक्षा नै गुणस्तरीय शिक्षा हुन्छ जुन प्रायोगिक हुन्छ ।

घोक्ने भन्दा सोच्ने, शिक्षण भन्दा सिकाइ, पाठ्यपुस्तक भन्दा सन्दर्भ सामग्री, एकल भन्दा सामुहिक, कक्षाकोठा भन्दा कक्षा बाहिर, विचारलाई स्विकार गर्ने भन्दा आलोचना गर्ने, लेक्चर भन्दा छलफल जस्ता अभ्यासहरूमा विद्यालयका कृयाकलापहरू केन्द्रित हुन सकेका छैनन् । सोधमुलक तथा खोजमुलक सिकाइ हुन सकेन । परीक्षाले ज्ञान र सीप मात्रै जाँच्यो तर अभिवृत्ति नाप्न सकेन । परीक्षा मर्यादित भएन । परीक्षाले सबैको सबै क्षमतालाई नाप्न सकेन । यसलै सबैलाई न्याय गरिरहेको छैन । अंकन अनुसारको विद्यार्थीमा ज्ञान, सीप, अभिवृत्ति एवं क्षमता छ वा छैन भनी पहिल्याउने प्रकृया पनि प्रभावकारी हुन सकेन । विद्यार्थीलाई सघाउने, सुधारात्मक कक्षा सञ्चालन गर्न लगाउने जस्ता काममा शिक्षक एवं विद्यालय व्यवस्थापन समितिहरू जिम्मेवार बन्न सकेनन् । निरन्तर मूल्यांकन, उदार कक्षोन्नति तथा अक्षरांकन विधिले भित्राएको नपढ्ने तथा नपढाउने संस्कृति ल्याएको छ ।

## नेपाली परम्परागत संस्था र विद्यालयीय सुशासन

माथिको विश्लेषणले आधुनिक सुशासनको परम्पराले गुणस्तरीय शिक्षामा अपेक्षित टेवा नपुर्‍याएको स्पष्ट हुन्छ । तसर्थ सुशासन भन्ने अवधारणा आँफै पश्चिमा अवधारणा भएता पनि यसका नीति र अभ्यासहरूमा नेपाली सान्दर्भिकतालाई विचार गर्नुपर्ने अवस्था आएको छ । किनभने असान्दर्भिक नीति र अभ्यासहरू अर्थपूर्ण र प्रभावकारी हुँदैनन् । तसर्थ नेपाली सामाजिक परिवेश र साँस्कृतिक अभ्यासहरूसँग विद्यालयीय सुशासनलाई जोडेर हेर्नुपर्दछ । हैनभने विद्यालय एक्लिन्छ र गुणस्तरीय शिक्षाको परिकल्पना गर्न सकिन्न ।

नेपाली सँस्कृति र परम्पराको सवालहरूलाई वहसमा र अभ्यासमा ल्याउन खोज्ने हामी जस्ता अध्येता र लेखकहरूलाई परम्परावादी तथा यथास्थितिवादी भन्ने जस्ता आरोपहरू पनि लगाउने गरेको सुनिन्छ । तर अवको उत्तर-आधुनिकतावाद र उत्तर-मानवतावादले प्रभावित गरेको विचारले रैथाने वा स्थानीयता वा मौलिकतालाई मान्दछ र प्रवर्धन गर्छ र त्यसको अभ्यासमा जोड दिन्छ । तसर्थ आलेखको यस अंशमा स्थानीय मुल्य, मान्यता, परम्परा, विश्वास बिनाको थोपरिएको सुशासनका अभ्यासहरू खोक्रा हुन्छन् र त्यसले गुणात्मक शिक्षामा अपेक्षित टेवा पुर्‍याउन सक्दैन भन्ने तर्कलाई स्थापित गर्ने प्रयत्न गरेको छु ।

## प्रतिनिधिमूलक सहभागिता

विद्यालय सुशासनमा प्रतिनिधिमूलक सहभागिताको सवाल महत्वपूर्ण हुन्छ । विद्यालय व्यवस्थापन समिति वा शिक्षक अविभावक संघ वा गाउँ वा नगर शिक्षा समितिमा कस कसलाई सहभागिता गराउने ? सहभागिता किन ? सहभागी गराइएका व्यक्तिहरूले सबैको प्रतिनिधित्व गर्छन् त ? प्रतिनिधित्वको क्राईसिस् त भइनै रहन्छ तर न्यूकरणको आवश्यकता हो । फेरि सहभागिता मात्र कि अर्थपूर्ण सहभागिता ? यी सवालहरू अत्यन्त गम्भीर छन् । शिक्षा नीतिहरू विशेष गरी शिक्षा ऐनले संरचित गरेको विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरूको सहभागिता आफैमा अपूर्ण छ । कसरी सहभागी गराउने भन्ने विषय पनि अर्थपूर्ण छैन । यसले सबै विविधतालाई समेट्न सक्दैन । तर विद्यालय समुदायमा रहेको सबै तह र तप्काका मानिसहरूको सरोकारको विषय हो । तसर्थ विद्यालय व्यवस्थापन समितिको गठन सान्दर्भिक र सबैको प्रतिनिधिमूलक सहभागिताको सुनिश्चित गर्ने खालको हुनुपर्छ त्यो भएको छैन । सहभागिता अर्थपूर्ण

हुनुपर्छ भन्ने सर्वमान्य नै भै सकेको छ । यसको अर्थ निर्णय प्रकृयामा प्रभावित गर्न सक्ने सहभागिता हो अर्थात सबै सहभागीहरूको भावनालाई प्रतिबिम्वित गरिने कुरा हो ।

सहभागितालाई प्रतिनिधिमूलक बनाउने एउटा बाटो भनेको रैथाने परम्परागत संस्थाहरू मार्फतको प्रतिनिधित्व हो । राजनैतिक आधुनिकीकरणसँगै स्थानीय रैथाने संस्थाहरू कतिपय लोप भइसके भने कतिपय लोपोन्मुख अवस्थामा छन् त कतिपय जीवित छन् । जस्तैः नेवारहरूको गुठी, तामाङ्ग समुदायको चोहो वा लामा वा लावोन्वो वा गान्वा, थारूको ख्याला (वडगरको नेतृत्वमा धार्मिक तथा सामाजिक कृयाकलापहरू गरिन्छ), गुरूङ्गको रोदी, मगरको भेजा (धार्मिक कृयाकलापहरू, कृषि, तथा स्रोत व्यवस्थापनका सामूहिक कृयाकलापहरू गरिन्छ), किराँतहरूको उभौली उधौली, बाहुनको पण्डित्याई, क्षेत्रीहरूको कटुवाल कराउने आदि । यस्ता आदिवासीय रैथाने संस्थाहरू सामाजिक रूपमा स्थापित नियम र मुल्य मान्यता अनुसार चल्दछन् । यी संस्थाहरू अझै पूर्णरूपमा ध्वस्त भएका छैनन् । यी संस्थाहरू परापूर्वकालदेखि अभ्यस्त भएका सामुहिक प्रकृया र कृयाकलापहरू हुन् । सामुहिक मुल्य मान्यता सिक्ने सिकाउने थलो पनि हुन यी संस्थाहरू ।

यी परम्परागत संस्थाहरू आफैमा भावनात्मक सम्वन्धका हिसाव वा दैनिक व्यवहारका हिसावले समूहका सदस्यहरूको सामिप्यमा हुन्छन् । तसर्थ यी संस्थाहरू स्वशासित निकायहरू हुन् । यी संस्थाहरूमा पूर्ण प्रजातान्त्रिक प्रणाली हुन्छ । अर्थात यी संस्थाहरू आफै पारदर्शी, जिम्मेवार, उत्तरदायी, र सहभागितामूलक हुन्छन् । यस्ता संस्थाहरूको प्रमुख जो साँचो समुदायको प्रतिनिधित्व गर्छ त्यस्ता व्यक्तिहरूको प्रतिनिधित्व विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, शिक्षक अविभावक संघ जस्ता विद्यालय सुशासनका संयन्त्रहरूमा गराउन सकिएको छैन । आधुनिक राजनैतिक भागवण्डा अनुसार केहि, कहीँ, कतै परेका पनि होलान् । तर त्यस्तो प्रतिनिधित्वले राजनैतिक स्वार्थ बोकेको हुन्छ । तसर्थ राजनैतिक भागवण्डाको प्रतिनिधित्वले सबैको सामुहिक प्रतिनिधित्व हुन सक्दैन । जसले सुशासनको सिद्धान्तअनुसार कार्य गर्न सक्दैन ।

यस्ता प्रतिनिधिमूलक संस्थाहरूको मार्फत अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको सवाल स्थानीय वा रैथानेहरूको सामुहिक मानव अधिकार पनि हो । प्रतिनिधित्वसँग रैथानेहरूको मानवअधिकार पनि जोडिएर आउँछ । नेपालको संविधानले राज्य पक्ष रहेको अन्तर्राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयन गर्ने भनी उल्लेख गरेको छ । यस्तो सन्दर्भमा नेपाल सरकारले २०६४ भदौ २२ मा संसदबाट अनुमोदनसमेत गरिसकेको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ नेपाल कानुनसरह भएको छ । त्यस्तै आदिवासीसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७ लाई पनि नेपाल सरकारले अनुमोदन गरिसकेको छ । यी अन्तर्राष्ट्रिय कानुनका दस्तावेजहरूको मर्मअनुसार रैथाने वा स्थानीयहरूको सरोकारको विषय वा उनीहरूलाई प्रभाव पार्ने कुनै पनि विषयमा उनीहरूकै प्रतिनिधिमूलक संस्थामार्फत प्रतिनिधित्व गराउनुपर्ने कानुनी सिद्धान्त उद्घोष गरेको छ । उनीहरूलाई प्रभावित पार्ने प्रक्रियामा उनीहरूको परामर्श र सहभागिता अनिवार्य गरिएको छ । यस्ता मानवअधिकारका आधारभूत मर्महरूलाई पालना गर्नु पनि हामी सबैको दायित्व हुन आउँछ । अर्थपूर्ण सहभागिता र परामर्शले पारदर्शितालाई सुनिश्चितता गर्दछ ।

## पारदर्शिता र सूचना

विद्यालय सुशासनका संरचनाहरूमा रैथाने परम्परागत संस्थाको प्रतिनिधिमूलक सहभागिता गराइएको अवस्थामा पारदर्शिता र सूचना प्रणालीलाई बलियो बनाउन सकिन्छ । कतिपय स्थानमा तामाङ्गहरूको चोहो प्रणाली अझै कुनै न कुनै रूपमा अभ्यासमा छन् जुन प्रणाली समुदायलाई परम्परागत रूपमा शासन गर्ने संस्था थियो । जुन प्रजातान्त्रिक थियो । सामुहिक निर्णय हुन्थ्यो । पराजुली, याम्फू, गौतम, र भट्टराई (२०१८) ले एक तामाङ्ग समुदायमा गरेको एक अध्ययन अनुसार तामाङ्गहरूको परम्परागत संस्था चोहोको अभ्यासहरूको विरासत अझै सामुदायिक विद्यालयहरूमा देख्न सकिन्छ

भन्ने कुरा पत्ता लागेको छ । त्यसको अर्थ परम्परागत विधि र प्रकृया अनुसार विद्यालयका कृयाकलापहरू सार्वजनिक गर्ने, विवादहरू सुल्झाउने अभ्यास देख्न सकिन्छ भनिएको छ । तसर्थ विद्यालयको पारदर्शिता र सूचना प्रणालीलाई प्रभावकारी बनाउने एउटा विधि र प्रकृया भनेको परम्परागत अभ्यासलाई अंगिकार गर्न सकिन्छ । यसको लागि विद्यालय सुशासनको प्रतिनिधि रैथाने परम्परागत संस्थाका प्रमुखको प्रमुख भूमिका हुन सक्दछ । किनभने यस्ता व्यक्ति समुदायमा सर्वमान्य, स्विकार्य, अनुभवी, सामाजिक रीतिथिति तथा सँस्कृतिका ज्ञाता, निष्पक्ष, परम्परागत नियम जान्ने, कुनै दुराचारमा नमुछिएको, निष्पक्ष, तथा सदाचारी व्यक्ति हुने गर्दछन् ।

त्यस्तै गरी कटुवाल कराउने प्रथालाई पुनर्जिवित गर्न सकिन्छ । त्यसै गरी गुरूङ्ग समुदायमा रोधी कार्यक्रम निश्चित समय र स्थानमा समुदायका मानिसहरू जम्मा भएर आयोजना गर्ने गरिन्छ । यस्तो कार्यक्रममा समुदायका सदस्यहरूले आफ्नो दैनिक कृयाकलापहरूको अनुभवहरू आदान प्रदान गर्ने परम्परा छ । विद्यालयका योजना तथा कार्यक्रम, शैक्षिणिक कृयाकलाप, आर्थिक गतिविधिजस्ता आम समुदायका सरोकारका विषयहरूलाई यस्ता रैथाने कार्यक्रमहरू मार्फत सार्वजनिक गरी सरोकारवालाहरूलाई सूचना प्रदान गर्ने र पारदर्शिता कायम गर्ने गर्न सकिन्छ । त्यो बढि प्रभावकारी हुन्छ किनभने त्यस्ता कार्यक्रमहरूमा सबैको अपनत्व र स्वस्फूर्त सहभागिता हुन्छ । विद्यालयको छुट्टै तामझाम सहितको औपचारिक कार्यक्रमनै किन आवश्यक छ हाम्रो सन्दर्भमा । त्यसै गरी अन्य जात वा जातीहरूको आफ्नो प्रकृतिको सँस्कृतिक परम्पराहरूलाई जुन सामूहिक रूपमा हुन्छन् त्यस्ता परम्पराहरूलाई विद्यालयको सम्पूर्ण गतिविधिहरूलाई सार्वजनिक गर्ने मौकाको रूपमा प्रयोग गर्दा पारदर्शिता प्रभावकारी हुन सक्दछ । किनभने त्यस्ता कार्यक्रमहरूमा समुदायका सदस्यहरू बीचमा अन्तक्रिया हुन्छ र एक आपसमा बुझ्ने र बुझाउने मौका पनि हुन्छ । भाषिक समस्या भएकाले पनि बुझ्न सक्दछन् ।

## जवाफदेहिता र जिम्मेवारी

पारदर्शिता जवाफदेहिता र जिम्मेवारीसँग जोडिन्छ । विद्यालयीय सुशासनका अंगहरू जस्तैः विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ वा नगरपालिकाहरू जति अभिभावक र विद्यार्थीहरू प्रति जवाफदेही हुन्छन् वा जति जिम्मेवार हुन्छन् त्यति पारदर्शितालाई प्रवर्धन गर्न सकिन्छ भन्ने मान्यता हो । जवाफदेहिता शिक्षक हुन् वा शिक्षक अभिभावक संघका प्रतिनिधि हुन् वा अन्य कुनै विद्यालयका व्यक्ति वा निकायमा, कम छ । विद्यालय सुशासनको अंगहरूमा कोही व्यक्तिको प्रतिनिधित्वले समूहको प्रतिनिधित्व हुँदैन । उसले जवाफदेहिता र जिम्मेवारी प्रभावकारी रूपमा निभाउन सक्दैन । संस्थागत (आधुनिक वा परम्परागत) प्रतिनिधित्व भयो भनेमात्र सार्थक हुन्छ । अर्थात आधुनिक वा परम्परागत संस्थाहरूको प्रतिनिधिहरू आफै समुदायप्रति जवाफदेही हुन्छन् । तसर्थ त्यस्ता व्यक्तिहरूको प्रतिनिधिमूलक सहभागिताले जवाफदेही र जिम्मेवार विद्यालयीय सुशासनलाई प्रवर्धन गर्दछ ।
तसर्थ सुशासनको नीति तथा अभ्यासहरूलाई सान्दर्भिकरण गर्नुपर्दछ । संरचित र थोपरिएको नीति र अभ्यासहरूले न्याय गर्दैन र प्रभावकारी पनि हुँदैन । लचिलो र आकस्मिक परिस्थितिलाई समायोजन गरेर लैजान सकिने ढंगले सुशासनलाई अगाडि बढाउन आवश्यक देखिन्छ । नीतिहरू जहिल्यै कडा हुनुपर्छ भन्ने छैन तर समुदायमैत्री हुन आवश्यक छ । तसर्थ विद्यालय सुशासनका संरचनाहरूमा प्रतिनिधित्व र त्यसका अभ्यासहरूमा रैथानेकरण वा स्थानीयकरण गर्न आवश्यक छ । स्थानीय सँास्कृतिक अभ्यासहरूलाई सुशासनको प्रकृयालाई जोड्नु पर्छ । अनि मात्र समुदायले विद्यालयलाई आफ्नो देख्छ, मान्छ । त्यसो भयो भने विद्यालय र समुदायबीचको सम्वन्धलाई सामिप्यमा ल्याउन सहयोग पुऱ्याउँदछ । विद्यालयमा समुदायको अपनत्व अभिवृद्धि हुन्छ । ती सामाजिक संरचनाहरू बीच सद्भाव र सुमधुर सम्वन्ध बढ्दछ । जसले गर्दा समुदायले चाहेको शिक्षा प्रदान गर्न सकिन्छ । त्यो नै गुणस्तरीय शिक्षा हो । तसर्थ गुणस्तरीय शिक्षा सापेक्षित हुन्छ । अवको समाजवादी शिक्षाको मर्म र भावना पनि यहि हो ।

## अवको बाटो : समाजवाद उन्मुख (गुणस्तरीय) शिक्षाका लागि हाईव्रिड सुशासन

हाल नेपालमा समाजवाद उन्मुख शिक्षाको चर्चा परिचर्चा भइरहेको छ । नेपाल सरकारको संविधान (२०७४) ले स्वीकार गरेको समाजवाद उन्मुख देशका लागि समाजवाद उन्मुख शिक्षाको परिकल्पना गरिनु स्वभाविक हो । त्यसो भए समाजवाद् उन्मुख वा समाजवादी शिक्षाको सन्दर्भमा स्पष्ट हुन जरूरी हुन्छ । त्यस्तो शिक्षालाई निर्देशक सिद्धान्त मानेर सुशासनको ढाँचा निर्माण गर्न आवश्यक देखिन्छ । समाजवाद उन्मुख शिक्षाले हाल नेपालमा रहेको आधुनिक भनौं वा पूँजीवादी भनौं वा परम्परावादी भनौं वा नव उदारवादी भनौं त्यस्तो शिक्षा प्रणाली भन्दा फरक अर्थ र अवधारणा बोकेको हुन्छ । तसर्थ अबको शिक्षा र शिक्षा प्रणालीलाई नयाँ अर्थमा बुझ्नु पर्दछ ।

समाजवादी शिक्षाले सिकाइलाई व्यक्तिको दैनिक जीवनसँग जोड्नुपर्छ र सिकाइले विद्यार्थीहरूलाई आनन्दित तुल्याउनु पर्छ न की बोझिलो र कठिन कार्य । शिक्षाले सामाजिक सद्भाव, मेलमिलाप, सहयोगको भावना विकास गराउनुका साथै समाजमा शान्ति, अमनचयन र दीगो विकासमा टेवा पुऱ्याउनु पर्छ । शिक्षाले व्यक्तिमा अन्तरर्निहित क्षमताको विकास गराई स्वतन्त्र रूपमा सोच्ने र नयाँ विचार निर्माण गरी समाज विकासमा टेवा पुऱ्याउने नागरिक निर्माण गर्नुपर्छ । व्यक्तिलाई आत्मनिर्भर भई आलोचनात्मक दृष्टिकोण निर्माण गर्न र त्यस्ता सोच र दृष्टिकोणलाई सम्मान गर्ने नागरिक बनाउनु पर्दछ ।

व्यक्तिको क्षमताको पहिचान गरी त्यहि क्षमतालाई उसको इच्छा र चाहना अनुसार अभिवृत्ती गरी उसको सामाजिक भूमिका निर्धारण गरिदिनुपर्छ । लचिलो तर प्रभावकारी मूल्यांकन प्रणालीको विकास गर्नुपर्छ जब की विद्यार्थीको उपलब्धि कमजोर भएमा उसले हीनताबोध नगरोस् । पास फेलको संरचित अवधारणाले सबैलाई न्याय गर्दैन । शिक्षण सिकाइ कृयाकलापले विद्यार्थीहरूको सामाजिक, सांस्कृतिक, वौद्धिक, आर्थिक, शारीरिक, लैंगिक, इच्छा, चाहना, क्षमता आदिको विविधतालाई सम्बोधन गर्नुपर्छ । विभेद, हिंसा, दमन, उत्पीडन, ले वलिङ्ग आदिबाट मुक्त शिक्षा हुनुपर्छ । शिक्षा लिने र व्यक्तिगत आर्जन गरेर जीवनयापन गर्ने मात्र भन्दा पनि सिकाइले समाजलाई कसरी योगदान दिने भन्ने सवाल महत्वपूर्ण हुन्छ ।

तसर्थ गुणस्तरीय शिक्षा भनेको व्यक्ति मात्र स्वावलम्वी वा सवल बन्ने होईन समाजको चौतर्फी विकास गर्न सक्ने व्यक्तिको सक्षमतासँग जोड्नु आवश्यक छ । यस्तो शिक्षा सार्वजनिक र सबैको पहुँचमा हुनुपर्दछ । विद्यालयीय शिक्षाको सुशासनको प्रकृया र ढाँचा पनि समाजवादी विचारलाई केन्द्रमा राखेर अगाडि बढ्न आवश्यक छ । अन्यथा पुनःउत्पादन मात्र हुन्छ । शिक्षाका प्रकिया, नीति निर्माण र अभ्यासहरू अर्थपूर्ण ढंगले सहभागितामूलक हुनुपर्दछ । रैथाने वा स्थानीय परम्परागत संस्थाहरूद्वारा हुने प्रतिनिधिमूलक सहभागिता बढि वैधानिक र प्रभावकारी हुन्छ । रैथाने वा स्थानीय साँस्कृतिक अभ्यासहरू जो शताव्दियौँदेखि परिक्षित भएर आएका ज्ञान र विश्वासहरूले निर्देशित हुन्छन् त्यस्ता अभ्यासहरूलाई सुशासनको रणनीतिहरू बनाउन सकेमा विद्यालयले समुदायसँग गाढा सम्वन्ध निर्माण गर्न सक्दछ । यसको अर्थ विद्यालय सुशासनको पश्चिमा विचार र अभ्यासहरूद्वारा निर्देशित नीति र अभ्यासहरूलाई नकार्ने भन्ने पनि होईन । तर सान्दर्भिक बनाउन आवश्यक छ । यसको अर्थ हाईव्रिड सुशासन (रैथाने र आयातित) ले मात्र न्ययोचित र प्रभावकारी विद्यालय व्यवस्थापन हुन्छ । गुणस्तरीय शिक्षालाई प्रवर्द्धन गर्छ ।

## सन्दर्भ सामग्री


- नेपाल सरकार (२०७४) । नेपालको संविधान, २०७४, संहदरवार, काठमाण्डौ ।
- शिक्षा मन्त्रालय (२०७४)। उच्चस्तरीय शिक्षा आयोग, २०७४ (प्रतिवेदन मस्यौदा), सिंहदरवार, काठमाण्डौ

- Bhattachan, K. (2002). Traditional local governance in Nepal.Paper presented in a national seminar on Strengthening Decentralization and Good Governance in Nepal organized by the Political Science Association of Nepal (POLSAN) and Friedrich-Ebert-Stiftung (FES), Kathmandu.

- Dhakal, S. and Chemjong, D., 2007. Socio-cultural institutions of Tharus of Western Tarai, Nepal. In: B. N. Koirala, A. Khadka, and R. Khadka, eds. Democratic indigenous practices of Nepal. Kathmandu: Nepal Center for Creative Research, 19-33.

- Parajuli, M. N., Yamphu, I., Gautam, S., Bhattarrai, P. C. (2018). 'Old Wine in New Bottle': Legacy of Traditional Institution in Modern Structures of Forest and School Management in Tamang Community, Kavre (A manustript to be published in University of Manotoba, Canada)

- Shah, S. K. (2016). School governance in Nepal: An analysis of role of School Management Committee to achieve quality of education, (Unpublished MPhil Dissertation), University of Oslo, Norway.

- Tamang, P. (2003). Customary law and conservation in the Himalaya: The case of Nepal. Paper presented at the 5th World Parks Congress, Durban, South Africa.

# शासन वा सुशासन विद्यालयको अवस्था र बाटो

– नवल किशोर यादव *

## विषय प्रवेश

हिजो आज सुशासन शब्दले राम्रै बजार भाउ पाएको छ । अखवारका खवरदेखि लिएर र एफएमका समाचार जताततै सुन्न पाइन्छ । विकासे संस्थाको मुखैमा झुण्डिएको शब्द पनि यही हो । अझ भन्ने हो भने देशका सञ्चालक वा मन्त्रीहरूको भाषण नै यसमा केन्द्रित भइरहेको छ । सुशासन राष्ट्रियस्तरमै चर्चा परिचर्चा पाएको शव्द हो । नेपालमा प्रजातन्त्रको पूनर्वहाली पछि यसको व्यापक चर्चा हुन थालेको छ । यसका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रले पनि सुशासन कायम गर्न अभ्यासको थालनी भइरहेको छ । विद्यालयलाई सुशासित बनाउनको लागि केन्द्रीय, प्रदेश स्तरका सरकाले कार्यालय नै स्थापना गरी काम गरिरहेको अवस्था छ । तर पनि यसको प्रभावकारी कार्यान्वयनमा भने यसै भन्न सकिने अवस्था छैन । वास्तवमा भन्ने हो भने कतिपयलाई यो सुशासन के हो भन्ने समेत जानकारी छैन । तसर्थ विषय प्रवेशमा समान बुझाईको लागि सुशासनको परिभाषा बुझौं ।

उत्तम किसिमको शासन, अशल राज्य व्यवस्था नै सुशासन हो भनेर नेपाली बृहद शब्दकोषमा लेखिएको छ । यसको शाब्दिक अर्थ भनेको आफैमा शासित हुनु हो । अर्को शब्दमा विधिको शासन, कानुनको शासन भन्ने गरेको पाइन्छ । सामाजिक, धार्मिक, नैतिक र पेशागत नीति नियमको परिधिभित्र रहेर आफ्नो दैनिक क्रियाकलाप गर्नुलाई सुशासित भनिन्छ । यस्तो अवस्थालाई नै सुशासन भनिन्छ । सुशासनको यो अर्थलाई आत्मासाथ गरेमा जुनसुकै संघ, संस्था, विद्यालय, घर, समुदाय पनि सुशासित बन्न सक्छ ।

यस दृष्टिकोणबाट हेर्दा सुशासन अरूलाई देखाउने वस्तुभन्दा आफ्नो आचरण, व्यवहार र सोचलाई निर्धारण गर्ने आन्तरिक विषयवस्तु हो । कुनै पनि देशको सरकार, त्यस भित्रका विभिन्न अंगहरूले आफ्नो संस्थालाई सुशासन देखाउनका लागि धेरै नीति नियम बनाएका हुन्छन् । जसको अर्थ कामलाई सहज र पारदर्शी बनाउनु हो । जुन आफैमा लागू भएको हुँदैन । त्यस्तो नीति नियम तयार भयो भन्दैमा सुशासन हुन्छ भन्न मिल्दैन । नेपाल कै सन्दर्भमा राज्यले देशमा सुशासन कायमका लागि निकै नीति नियम बनाएको छ । अन्तर्राष्ट्रिय नीति नियमलाई पालना गर्ने भनेर कैयौ ठाउँमा हस्ताक्षर समेत गरेको छ । के ती सबै नियम पालना गरेको छ त ? यदि राज्यले यी नीतिको अक्षरशः पालना गरेको खण्डमा मात्र सुशासन कायम गर्न सकिन्छ । यस्तो सुशासनलाई स्थापित गर्नको लागि सबै नीति नियम पालन गरेको र यसको प्रभावकारी कार्यान्वयन गरेको अवस्था हुन्छ । जसमा सबैको सहमति भई काममा गुणस्तरता आएको हुन्छ ।

अर्को अर्थमा भन्दा सुशासन त्यस्तो अवस्था हो जुन लक्ष्यमा पुग्ने तयार गरिएको बाटो हो । जहाँ सहजरूपले यात्रा गर्ने वातरण सिर्जना भएको हुन्छ । त्यो पूरा गर्न आफूले बनाएको नीति नियमलाई पालना गर्दै लक्ष्य प्राप्त गर्नु हो । कुनै पनि निकायमा सुशासन छैन भने त्यस ठाउँमा प्रभावकारी काम नहुने हुन्छ । आपसी मतभेद हुन्छ । जसका कारण द्वन्द्वको अवस्था सिर्जना हुने अवस्था आउँछ । जसको कारण त्यस संस्थाको अस्तित्व नै समाप्त हुने अवस्था नआउला भन्न सकिंदैन । आफू सुशासित बन्नका लागि नीति नियम बनाइएको हुन्छ जुन वास्तविक धरातलमा बसेर बनाइएको हुनुपर्छ । आफ्नो नीति नियमले अरु कसैको अधिकार माथि हनन भएको हुनुहुँदैन ।

यद्यपी यसको प्रभावकारी कार्यान्वयन त्यसको अनुगमन भएको कारण यसको फाइदा देख्नुको साटो कामका



* लेखक नवल किशोर यादव, शिक्षा अधिकारकर्मी तथा आसमान नेपालमा कार्यकारी निर्देशकको रूपमा कार्यरत हुनुहुन्छ ।

बोझ भएको देखिएको छ । हाम्रो देशका संघ/संस्था, र सरकारी निकायहरूको अपारदर्शिता तथा सुशासनको अभाव कै कारण पछिल्ला समयमा अलोकप्रिय बन्दै गएको उदाहरणहरु प्रशस्त छन् ।

## शिक्षामा सुशासन

विद्यार्थीहरूको शिक्षामा गुणस्तर ल्याउनको लागि सरकारले विद्यालयको सुशासनलाई प्रवर्धन गरिरहेको छ । विशेषतः सरकारले विद्यालयमा विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, गाउँ शिक्षा समिति र आमा समूह गठन गर्ने प्रावधन तय गरेको छ । हरेक वर्ष सुशासनलाई प्रवर्धन गर्नको लागि सामाजिक लेखा परीक्षण लाई अनिवार्य बनाएको छ ।

सरोकारवालाहरूमा विद्यालयप्रतिको अपनत्वको विकास गर्दै प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गर्ने र अधिकतम प्रतिफल प्राप्त गर्ने, विद्यालयका गतिविधिलाई पारदर्शी र उत्तरदायी बनाई गुणात्मक शिक्षाको सुनिश्चितताका लागि विद्यालयको समग्र गतिविधिको समीक्षात्मक लेखाजोखा गर्न वान्छनीय भएकोले, शिक्षा नियमावली, २०५९ को नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले विद्यालयको सामाजिक परीक्षण (social audit) गर्ने सम्बन्धी निर्देशिका, २०६५ मा जारी गरेको छ । जसलाई पहिलो संशोधन २०७१ मा गरिएको थियो । यसभित्र मूलतः विद्यालयको सामाजिक परीक्षण गर्दा देहायका क्षेत्र समेट्नुपर्ने व्यवस्था गरिएको छ । सामाजिक परीक्षण मूल्यांकनका लागि अनुसूची १ को खण्ड क बमोजिमको फाराम प्रयोग गर्नुपर्नेछ । यसभित्र विद्यालय सुधार योजना, वार्षिक कार्य योजना, विद्यालयका अन्य अभिलेखहरूको समीक्षा गर्नुपर्ने व्यवस्था रहेको छ । विद्यार्थी भर्ना, विद्यालयको बालमैत्री वातावरण, (बालमैत्री प्रारूप बमोजिमका सूचकमा आधारित), वार्षिक सिकाइ उपलब्धिस्तर, विद्यार्थी तथा शिक्षक अभिलेख, नियमितता, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग, भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थपन, भवन, उपयुक्त कक्षाकोठा खेलमैदान, पानी सहितको शौचालय, पुस्तकालय आदि), विद्यालयको आम्दानी र खर्च विश्लेषण, शिक्षक विद्यार्थी, शिक्षक-शिक्षक, विद्यालय समुदाय सम्बन्ध सामुदायिक संघसंस्थाहरु सँगको सम्बन्ध र समन्वय, अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था, प्राप्त सुझाव कार्यान्वयन आदि) आदिका बारेमा अभिभावक, सरोकारवाला, विद्यार्थीहरूलाई जानकारी दिने र यसको प्रभावकारी कार्यान्वयनको लागि सुझाव संकलन गर्ने र सुधारको योजना बनाई कार्यान्वयन गर्ने उद्देश्य रहेको छ । यही सामाजिक परीक्षणले विद्यालयको सुशासनको अवस्था देखाउँछ र आवश्यकता अनुसार सुधार गर्नको लागि ढोका खुल्ने छ । यसको मद्दतबाट विद्यालयका सबै अगलाई चलायमान बनाउनको लागि सहज बनाउँछ ।

## शैक्षिक विकास क्रम

प्रधानमन्त्री जंगबहादुर राणाले दरवार हाइस्कुलको सुरूवात गरेसँगै नेपालको औपचारिक शिक्षा सुरू भएको हो । आफ्ना परिवारका सदस्यलाई अंग्रेजी शिक्षा दिने उद्देश्यले उनले वि.स. १९१० मा दरबार स्कूल स्थापना गरेका थिए । यस सँगै नेपालमा औपचारिक शिक्षाको प्रारम्भ भएको हो । राणाहरू जनतालाई शिक्षा दिने विषयमा क्रुर थिए । जसलेगर्दा राणाकालमा शिक्षाको विकास हुन सकेन । राणाहरूको शासनकालमा हेर्दा नेपालमा जम्मा २ प्रतिशतले मात्र शिक्षा लिन पाएका थिए (खनाल २०१०, पेज १५०) १०४ वर्षको राणा शासनको अन्त्यसँगै नेपालले विश्वसँग जोडिने मौका मिल्यो । जब नेपाल विश्वसँग जोडियो, त्यस वखत वर्तमान युसएड नेपालमा प्रवेश भयो, यसले आर्थिक, प्राविधिक मात्र नभएर शिक्षाको क्षेत्रमा पनि सहयोग गरेको थियो । यसको कारणले शिक्षाको महत्वको बारेमा समुदायमा जनचेतना जगाउने काम भयो । त्यसपछि क्रमशः शिक्षाको संस्थागत विकास हुँदै गएको इतिहास साक्षी छ ।

२०२८ सालमा नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरी शिक्षा विकासमा केही सुधार गर्न खोजियो तर विद्यालय विकासमा अभिभावक तथा स्थानीय

सरोकारवालाहरूलाई विश्वासमा लिन नसकेकै कारणले यो योजनाले पनि अपेक्षित सफलता पाउन सकेन । प्रजातन्त्रको पुन:स्थापनापश्चात निजी विद्यालयहरू प्रशस्त खुले तर सार्वजनिक विद्यालयहरूको स्थिति दिन प्रतिदिन नाजुक बन्दै गयो । २०४६ देखि हालसम्म शिक्षाको समस्या पहिचान गरी समाधानका उपायसहितको प्रतिवेदन पेश गर्न सरकारले धेरै वटा शिक्षा आयोगहरू बनायो ।

२०६२/०६३ को जनआन्दोलन पश्चात विद्यालयीय शिक्षामा समायनुकूल परिवर्तन आउने अपेक्षा पनि गरियो । यसका लागि संस्थागत, सरकारी एवम् गैरसरकारी तवरमा विभिन्न प्रयासहरू पनि भए । तर, सामुदायिक शिक्षामा खासै सुधार हुन सकेन । नेपालको संविधान २०७२ लागू भैसकेपछि शिक्षा ऐन परिवर्तन गरी परिवर्तित ऐनमा शिक्षक व्यवस्थापनको लागि केही प्रावधान पनि राखिए । तर, शिक्षा ऐनको आठौं संशोधन कार्यान्वयन नहुँदै नवौं संशोधन गरियो । यस प्रति सरोकारवालाहरूको कडा विरोध भएपछि यसको कार्यान्वयन असम्भव झै देखिंदैछ ।

त्यसो त सरकार परिवर्तन हुनासाथ शिक्षा आयोग बन्ने र आयोगले सरकारलाई प्रतिवेदन पेश गर्ने कार्य त भयो तर शिक्षा विकासलाई लक्षित बिन्दुसम्म पुर्‍याउने ठोस कार्य भने हुन सकेन । संविधान अनुसार स्थानीय सरकार बनिसकेको अवस्थामा झण्डै पाँच दशक अगाडि बनाइएको शिक्षा ऐन २०२८ को औचित्य माथि प्रश्न उठाउन थालिएको छ । संविधानले नै प्रत्याभूत गरेको माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन स्थानीय सरकारले लिन पनि थुप्रै प्राविधिक तथा नीतिगत समस्या रहेको देखिन्छ । शिक्षाको सन्तुलित विकास विना अन्य क्षेत्रको विकास सम्भव नहुने यथार्थलाई आत्मासात् गर्न नसक्दा नेपालको विद्यालय शिक्षाले गति लिन सकिरहेको छैन । यद्यपी ( DEO, २००९ अनुसार) वर्तमान अवस्थामा हेर्ने हो भने नेपालमा ४ प्रकारका विद्यालय रहेका छन् । जसमा (1) Community aided school; (2) Community Managed School (CMS); (3) Community unaided school and (4) Institutional school.

अहिलेको नेपालको वर्तमान साक्षरता प्रतिशत हेर्ने हो भने ६९.९ प्रतिशत रहेको छ । प्रदेश नं २ को मात्र हेर्ने हो भने कुल ४९.७ प्रतिशत रहेको छ । जसमा महिलाको ३९ प्रतिशत र पुरुषको ६० प्रतिशत रहेको छ ।

## प्रदेश-२ को शैक्षिक अवस्था

प्रदेश नं. २ मा ९ लाख ३२ हजार १० घरधुरीमा जम्मा ५४ लाखभन्दा माथि जनसंख्या रहेको छ । जहाँ ४९.९ प्रतिशत मात्र साक्षर रहेका छन् । अझ महिलाको साक्षरता प्रतिशत ३९ मात्र रहेको छ । तुलनात्मक रूपमा हेर्ने हो भने रौतहट जिल्लामा सबैभन्दा कम साक्षरता दर : ४१.६ प्रतिशत, पर्सा जिल्लामा सबैभन्दा बढि साक्षरता दर : ५५.९ प्रतिशत रहेको छ ।

| जम्मा जनसंख्या | जम्मा घरधुरी | औसत परिवार संख्या | साक्षरता दर | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | महिला | पुरुष |
| ५४०४१४५ | ९३२३१० | ५.८ | ४९.७ | ३९.० | ६०.३ |

*Sorces: National Census 2011*

## बालबालिकाको जनसंख्या विवरण

बालबालिकाको मात्र जनसंख्या हेर्ने हो भने विद्यालय जाने उमेरका १ लाख ५३ हजार भन्दा बढि रहेको छ । जसमा सबै भन्दा बढि सर्लाही जिल्लामा २५ हजार भन्दा माथि विद्यालय उमेरका बालबालिका रहेको छ । सबै भन्दा कम सप्तरी जिल्लामा १३ हजार रहेको छ ।

## विद्यालयको विवरण

प्रारम्भिक बालविकास केन्द्र, ४४३२ वटा सञ्चालनमा आएका छन् जसमा विद्यालय आधारित ३९७६, र समुदायमा आधारित ४५६ रहेका छन् । सबै भन्दा बढि सप्तरी जिल्लामा विद्यालयमा आधारित ६०० वटा रहेको छ भने सबैभन्दा कम रौतहटमा ३६२ रहेको छ ।

| जिल्ला | सप्तरी | सिरहा | धनुषा | महोत्तरी | सर्लाही | रौतहट | बारा | पर्सा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| बालबालिकाको संख्या | १३,४११ | १३,४३४ | २४,८३६ | ११,७५२ | २५,५१५ | २२,९३८ | २०,४०९ | २१,५१४ | १,५३,८०९ |

प्रदेश २ को जिल्ला अनुसारको साक्षरता हेर्ने हो भने महिलाको तुलनामा पुरूषको साक्षरता दर उच्च रहेको छ । जुन अघिल्लो टेवलमा प्रस्तुत भइसकेको छ । जिल्लागतरूपमा हेर्दा सिरहा जिल्लामा सबै भन्दा कम ३९ प्रतिशत साक्षरता दर रहेको छ । सबै भन्दा बढि साक्षरता दर भएको जिल्ला पर्सामा ७० प्रतिशत रहेको छ । यस जिल्लामा पुरूषको साक्षरता दर ८३ र महिलाको ७६ प्रतिशत रहेको छ । समग्रमा महिलाको साक्षरता दर कम भए पनि रौतहटमा ४१ प्रतिशत महिला साक्षर भएको तथ्याकंमा उल्लेख गरिएको छ । विस्तृत विवरण तल टेवलमा राखिएको छ ।

## साक्षरता दरको अवस्था

| क्र.स. | जिल्लाको नाम | महिला साक्षरता दर | पुरुष साक्षरता दर | औषत दर |
|---|---|---|---|---|
| १ | सप्तरी | ४२.५७ | ६६.९८ | ५४.५ |
| २ | सिराहा | ३९.२ | ६१.८५ | ५०.१५ |
| ३ | धनुषा | ४०.२३ | ६०.६१ | ५०.४४ |
| ४ | महोत्तरी | ३६.५५ | ५६.५५ | ४६.४४ |
| ५ | सर्लाही | ३६.६ | ५५.७६ | ४६.३ |
| ६ | रौतहट | ३२.०३ | ५०.८८ | ४१.६९ |
| ७ | बारा | ४०.६७ | ६२.७५ | ५१.९६ |
| ८ | पर्सा | ७०.६८ | ८३.८७ | ७६.९८ |
| ९ | प्रदेश नं. २ | ३९ | ६०.३ | ४९.५४ |
| १० | राष्ट्रिय | ५७.३९ | ७५.१४ | ६५.९४ |

श्रोत : २०६८को सर्भेक्षण, तथ्यांक विभाग

समुदायमा आधारित बाल विकास केन्द्र सर्लाही र धनुषा जिल्लामा एउटा पनि सञ्चालन नभएको अवस्था रहेको छ । महोत्तरी जिल्लामा १५४ वटा सञ्चालनको अवस्था रहेको छ । ( श्रोत नोट : शिक्षा विकास तथा समन्वय इकाइ ) त्यसै गरी आधारभूत विद्यालयको हकमा भने १ देखि ५ सम्म सामुदायिक तर्फ १९९६ र संस्थागत तर्फ ७७६ वटा रहेको छ । सर्लाही जिल्लामा ५ वटा गुठी विद्यालय पनि रहेको छ । त्यसै माध्यमिक विद्यालय मध्ये सामुदायिक ३०९ र संस्थागत २७४, गुठी २ वटा रहेको छ । यस प्रदेशमा ४०६ वटा धार्मिक विद्यालय पनि सञ्चालनमा रहेकाछन्, जसमा सर्लाही जिल्लामा ८६ वटा रहेको छ । १ वटा विद्यालय ८ कक्षासम्म रहेको छ भने बाँकी सबै विद्यालहरू कक्षा ५ सम्म मात्र रहेको छ । प्रदेश २ मा न्युन संख्यामा अर्थात २७३ वटा सामुदायिक अध्ययन केन्द्र रहेका छन् ।

यस प्रदेशमा १ कक्षा देखि ८ कक्षासम्म अध्ययनरत बालबालिकाको संख्या १० लाख ५७ हजार ७ सय साठी छ । जसमा छात्रा ५ लाख ४२ हजार ५ सय ८२ र छात्र ५ लाख १५ हजार १ सय ७८ रहेको छ । ९ देखि १२ कक्षासम्म अध्ययन गर्ने हकमा भने कुल १ लाख ९७ हजार ८ सय ७५ रहेको छ । जसमा छात्रा संख्या १ लाख ७ हजार १० र छात्रको संख्या ९५ हजार १ सय ६५ रहेको छ ।

## विद्यालयका मूल समस्या र चुनौती

आसमान, नेपाल धनुषाले नर्वेजियन दुतावासको सहयोगमा निक शिक्षा दिउ भन्ने कार्यक्रम प्रदेश नं २ मा सञ्चालन गरिरहेको छ । यसै सन्दर्भमा विभिन्न विद्यालहरूको प्रधानाध्यापक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीसँग गरिएको छलफलका आधारमा समग्रमा विद्यालयका निम्न समस्याहरू पाइएको थियो । प्रदेश २ को साक्षरता प्रतिशतलाई हेर्दा अहिले ५० प्रतिशतको हाराहारीमा रहेको अनुमान गरिन्छ । हरेक वर्ष हुने राष्ट्रिय भर्ना अभियानले भर्ना दरलाई बढाएको हुन्छ । शुरूको कक्षामा हुने भर्ना दरलाई हेर्दा उत्साहजनक नै देखिन्छ । तर भर्ना भएका विद्यार्थीहरूको क्रमशः विद्यालय छोड्ने प्रवृत्तिको तथ्यांक हेर्दा भने निकै भयानक देखिन्छ । यति ठूलो संख्यामा विद्यालमा बीचैमा छोड्ने प्रवृत्ति घट्न नसक्नुमा विद्यालयमा शिक्षक व्यवस्थापन हुन नसक्नु पनि एउटा प्रमुख कारण रहेको राजनीतिज्ञ, विज्ञ एवं सरोकारवालाहरूको धारणा छ ।

गरिवी र चेतनाको कमीले तराईका जिल्लामा विद्यालय छोडने प्रवृत्ति बढि देखिन्छ । खासगरी डोम चमार लगायत दलित र विपन्न समुदायका परिवारमा यो समस्या बढि छ । विद्यालय बीचमै छोड्नेमा बालिका नै धेरै हुने गर्छन् । अर्को कुरा, शिक्षक आफ्नो जिम्मेवारीप्रति जवाफदेही नभई दिंदा पनि भर्ना भएका विद्यार्थीलाई टिकाउन मुश्किल देखिन्छ ।

सामाजिक लेखापरीक्षण, अभिभावक भेलाजस्ता कानुनी प्रावधान हुँदाहुँदै पनि अधिकांश सरकारी विद्यालयहरूले त्यसको मूलमर्मअनुसार कार्यान्वयन गरेको पाइन्न । जसले गर्दा विद्यालयको हरेक गतिविधि तथा कार्यहरूबारे विद्यालय सेवाक्षेत्रका अभिभावकहरू अनविज्ञ छन् । यस्तो अवस्थामा अभिभावकहरूले आफ्नो गाउँको विद्यालयको विकासमा सहभागी हुने अवसर पाउँदैनन् । उनीहरूलाई विद्यालयको विकासप्रति कुनै वास्ता पनि छैन । जसकाकारण शिक्षकहरूको हालीमुहाली हुन्छ । विद्यालयका कुनै पनि कार्यगत नीतिको कार्यान्वयनप्रति कसैको वास्ता छैन । र विद्यालय सुशासनको परिभाषा पनि काम लाग्दैन् । कार्यक्रम सञ्चालनको दौरानमा भेटिएको मूल समस्या र चुनौतीहरूमाः- सिकाइ उपलब्धि न्यून, विद्यालयको भौतिक पक्ष कमजोर, विद्यालय र सेवाक्षेत्रका अभिभावकहरू बीच सम्बन्ध चिसो, अभिभावहरूको विद्यालयको विकासप्रति चासो कम, विद्यालय जाने उमेरका बालबालिकाहरू अधिक संख्यामा विद्यालय बाहिर नै, बीचमै पढाइ छोड्नेको संख्या बढि, विद्यालयमा भएको शैक्षिक सामग्रीहरूको प्रयोग न्यून, विद्यालयमा विद्यार्थीहरूको उपस्थिति न्यून, पाठ्यक्रमले तोकोको ढाँचा र सिकाइ उपलब्धि लक्षित गरी पढाउने चलन न्यून, उपयुक्त पाठयोजनाको प्रयोग नगरिकन पढाउने चलन बढिलाई लिन सकिन्छ ।

## प्रदेश नं. २ को सुशासनको वास्तविक चित्र

| क्र.स | क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति | ६९.८० |
| २ | शिक्षक अभिभावक संघ | १४.१० |
| ३ | विद्यालय सुधार योजना | ६२.५० |
| ४ | सामाजिक लेखापरीक्षण | ७७.६० |
| ५ | शिक्षण दिन | १७९ |

माथिको टेवलबाट पनि प्रष्ट हुन्छ कि प्रदेश नं. २ का सार्वजनिक विद्यालयहरू मध्ये अहिलेसम्म ६९.८० प्रतिशत विद्यालयमा मात्र विद्यालय व्यवस्थापन समिति रहेको छ भने अभिभावक शिक्षक संघ १४.१० प्रतिशत विद्यालयहरूमा रहेको तथ्य छ । यस्तो अवस्थालाई हेर्दा यहाँको सुशासनको खवरदारी गर्ने निकाय नै छैन भन्दा पनि हुन्छ । ५० प्रतिशत भन्दा माथि विद्यालय व्यवस्थापन समितिहरू नाम मात्रका मात्रै रहेको छ । यिनीहरूको खासै प्रभाव छैन । राजनीतिक दलको भागवण्डामा पर्ने भएको कारण यसको प्रभावकारिता राम्रो देखिएको छैन । शिक्षकहरू शिक्षण पेशामा भन्दा पनि राजनीतिमा बढि सक्रिय भएको कारण सुशासनको क्षेत्र ओझेलमा परेको छ । उता विद्यालय सुधार योजना ६२.५० प्रतिशत विद्यालयहरूमा मात्र रहेको छ । जुन सबै विद्यालयमा हुनुपर्ने हुन्छ । विद्यालय सुधार

योजनाको आधारमा विद्यालय सुधार गर्दै समग्र शैक्षिक गतिविधि गुणस्तरीय बनाउनुपर्ने हो । तर अधिकांश विद्यालयमा विद्यालय सुधार योजनालाई एउटा दराजमा राख्ने मात्र काम भएको देखिन्छ । यस्तो अवस्थालाई चिर्न नसके सुशासनको कल्पना समेत गर्न सकिंदैन ।

सामाजिक लेखापरीक्षण एउटा सुशासन स्थापित गर्ने महत्वपूर्ण माध्यम हो । विना समाजिक परीक्षण शिक्षकको तलब समेत निकासा हुँदैन । यद्यपी ७७.६० प्रतिशत विद्यालयले मात्र सामाजिक लेखापरीक्षण गर्ने गरेको तथ्य उल्लेख छ । यी मध्ये अधिकांश विद्यालयले फारम भर्ने र बुझाउने काम मात्र गर्छन् । यसको मर्म र पद्धतिलाई अवलम्वन गर्ने गरिएको छैन । यो माथिको अवस्थाले विद्यालयमा सुशासनको खडेरी लागि रहेको कुरा चित्रण गर्दछ ।

## किन हुन सकेन विद्यालय सुशासन ?

विद्यालयको अवस्था बुझ्नको लागि २०७५ जेठ २४ गते आसमान नेपालले शिक्षा पत्रकार समूहसँगको साझेदारीमा एक दिने कार्याशाला आयोजना गरेको थियो । जुन कार्यशालामा उपस्थित सहभागीहरूले प्रदेश २ को अवस्थालाई यसरी चित्रण गरेका थिए ।

त्यस कार्यशालामा उपस्थित प्रदेश सांसद रामचन्द्र मण्डलका अनुसार-शिक्षक, बालबालिका, किताब, कलम सबै शिक्षामा जोडिएका कुरा हुन् । सबै कुरा मिलेमा गुणस्तरीय शिक्षा सम्भव छ । विद्यालय व्यवस्थापन एक जनाले मात्र नभई शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीयत तह, विद्यालय व्यवस्थापन समिति सबैले मिलेर गर्ने हो । अहिले यी तीनै पक्षगुड म्यानेजर नहुँदा समस्या भएको हो । शिक्षक संघ संगठनको असमान व्यवहार छ, यसले पनि शिक्षक समायोजनमा समस्या थपेको छ । म पनि पूर्व शिक्षक हुँ । नेताको काम गरिदिएको आडमा अरू कैयौं गडबडी गरिन्छ । विद्यालयमा छुट्टीको घण्टी लाग्ने वित्तिकै विद्यार्थी उल्लास मनाउँछन् । किन ? यो खोज्न सक्नुपर्छ । शिक्षा इकाइ, स्थानीय तह, प्रअ सबै जिम्मेवार हुन्छन् शिक्षक व्यवस्थापनमा । शिक्षक व्यवस्थापनको कुरा प्रदेश सभामा जोडदार रूपमा उठाउने छु ।

शिक्षक तथा विद्यालय व्यवस्थापन एक वा दुई ठाउँको मात्र समस्या होइन, यो राष्ट्रिय समस्या हो । यो शरीरको होलबडि चेकअप गरे जसरी समस्या पत्ता लगाउँदै समाधानमा जानुपर्ने विषय छ । संघीय संरचनामा गएको सन्दर्भमा शिक्षक र विषयगत शिक्षक मिलान गर्ने राम्रो अवसर छ । पुनर्संरचनाका कारण छेकबार छैन । अब गर्न सक्नुपर्छ । शिक्षाको दायित्व स्थानीय तहमा गए पनि अधिकार कसले कसरी प्रयोग गर्ने भन्ने प्रष्ट नभैसकेकाले चुनौती पनि छ । अब शिक्षकको संख्या पुग्ने मात्र होइन । विषयगत र दक्ष शिक्षकको सुनिश्चितता हुनुपर्छ । प्रदेश २ सदस्य तथा नेपाली काँग्रेस संसदीय दलका नेता, रामसरोज यादवका अनुसार– म पूर्व जिविस सभापति हुँदा शिक्षा समितिको अध्यक्ष थिएँ । शिक्षक राजनीतिबाट बढि प्रभावित भए । सबै शिक्षक पार्टीका संगठनमा छन् । राजनीतिक हस्तक्षेप निकै छ । जसको कारणले शिक्षक मिलान गर्न सकिएको छैन । दरबन्दी मिलान गर्न आवश्यक छ । यसका साथै विषय र संख्या दुवैको आधारमा हेर्नुपर्छ । स्थानीयतहमा अधिकार गए पनि नाताबाद कृपाबाद हुने डर छ । आस्थाका आधारमा व्यवहार हुन थालेको गुनासो पनि आएको छ । दरबन्दी मिलानको काम गाह्रो छ तर सम्भव छ । धनुषाको लक्ष्मीनीयां गाउंपालिका अध्यक्ष विन्देश्वर यादवका अनुसार– हामी जनप्रतिनिधि भएर आइसकेपछि स्थानीय तह भित्रका शिक्षक समायोजनको पहल सुरू गरेका छौं । तर, शिक्षा सम्बन्धी ऐन, नियम बनाउन बाँकी भएकाले काम गर्न सकिएको छैन । हामीलाई स्थानीय पहलबाटै शिक्षक व्यवस्थापनको समस्या समाधान गर्न सकिन्छ भन्ने लाग्छ । तर, तह भित्र समायोजनमा जाँदा पनि शिक्षक अपुग भएमा दरबन्दी बढाउनुपर्ने हुन्छ । त्यसैले राष्ट्रिय अथवा जिल्ला तहबाट यसमा काम हुन आवश्यक छ । हामी शिक्षा सम्बन्धि ऐन नियम पास गरिसकेपछि यो समस्या समाधानका लागि लाग्छौं । जसले विद्यालय सुशासन कायम गर्न मद्दत गर्नेछ । धनुषाकै मटुक महतो रंगकीदेवी राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक रामवृक्ष महतोका अनुसार समग्र विद्यालयमा सुशासन कायम

गर्न र विद्यालयको प्रभावकारी व्यवस्थापन हुन नसक्नुको एउटा मात्रै मुख्य कारण राजनीतिक प्रभाव नै हो । नेताहरूले गलत शिक्षकलाई संरक्षण दिइरहेका छन् । काम नगर्नेलाई पनि पुरस्कृत गरिएको छ । आफ्नो अनुकुल शिक्षक सरूवा गर्ने, विद्यार्थीको पढाईप्रति उत्तर दायी नहुने काम भइरहेको छ ।

मानवअधिकारकर्मी विनोद महराले यस विषयमा थप्छन्– संविधानमा शिक्षा लिने अधिकारबाट कोही पनि बञ्चित हुने छैन भनिएको छ । तर, तथ्यले त्यसो भनेको छैन । जनकपुरधाममा शिक्षक थुप्रिएको देखिन्छ । गाउँमा शिक्षक नपुगेर विद्यालयमा पढाई संचालन गर्न कठिन छ । विद्यालयमा पारदर्शिता छैन । विद्यालय व्यवस्थापन समिति तथा अभिभावक संघहरू नाम मात्रका छन् । जसका कारण सुशासन कागजमा मात्र सीमत रहेको छ । त्यसै गरी गणेशमान चारनाथ नगरपालिका, धनुषाा उपमेयर मिना यादव थप्नुहुन्छ– म ५ वटा विद्यालयमा अनुगमनमा गएको थिएँ । अवस्था देखेर साह्रै नराम्रो लाग्यो । नेपाली विषयका शिक्षकले विज्ञान पढाउनुपर्ने अवस्था छ । पैसा खाएर परीक्षामा चीट चोराइन्छ । विद्यालयका समस्या समाधान हुन नसक्नुमा अभिभावक, शिक्षक, स्थानीय तह हामी सबैको कमजोरी छ । त्यसैले सबैले मिलेर काम गर्नुपर्नेछ । नगरभित्रको शिक्षाको समस्या नगरभित्रैबाट समाधान गर्न सकिन्छ । हामी त्यसमा प्रयास गरिरहेका छौं । अध्ययन गरिरहेका छौं । यसै विषयमा शिक्षा विकास तथा समन्वय इकाइका उपसचिव मेहीलाल यादव भन्नुहुन्छ– साझा पहल लिन आवश्यक छ किनकी पहिला शिक्षकका सबै काम जिल्लाबाटै हुन्थ्यो । जिल्लामा जहिले पनि आर्थिक चलखेल र राजनीतिक हस्तक्षेप हुन्थ्यो । प्रअ स्वयं आर्थिक हिनामिना गरेर बसेका छन् । ९० प्रतिशत विद्यालयमा शिक्षक अभिभावक संघ गठन भएका छैनन् । स्थानीय तहहरूमा शिक्षा सम्बन्धि ऐन नियम बन्न सकेका छैनन् । कतिपय विद्यालयमा वडा कार्यालयले विद्यालय व्यवस्थापन समिति खारेज गरिदिएका छन् । अधिकारको दुरूपयोग पनि भएको छ । त्यसैले अहिले शिक्षक व्यवस्थापनको समस्या समाधानका लागि साझा पहल लिन आवश्यक छ । यो कार्यक्रमले यसतर्फ सबैलाई गम्भीर बनाएको मैले ठानेको छु । यसरी विद्यार्थीले कसरी गुणस्तरीय शिक्षा पाउन सक्छन् । लक्ष्मीनीया गाउंपालिकाका वडा अध्यक्ष फुलगेन यादवको विचार सुन्दै अचम्म लाग्दो छ । उनी थप्छन्– चोरी गर्न देउ भनेर परीक्षा बहिष्कार गरिन्छ यहाँ । ७० प्रतिशत विद्यार्थी बी ग्रेडमा उत्तीर्ण हुन्छन् । भनाई नै छ सरकारी दवाई र सरकारी पढाईले चल्दैन । भेटीबाट यहाँका स्कुल चलेका छन् । सार्वजनिक विद्यालयबाट विश्वासको वातावरण उठेको छ । तर, अव परिस्थिति बदलिएको बेला आशा पलाएको छ, यहि बेला सबै मिलेर लाग्यौं भने मधेशको शिक्षामा सुधार सम्भव छ । जानकी मावि, जनकपुरका शिक्षक दिगम्भर झा, आफ्नो वास्तविकता यसरी सुनाउनु हुन्छ– कागजमा दरवन्दी हुन्छ तर, भौतिक रूपमा हुँदैन, विशेषतः शिक्षक तथा विद्यालयको उचित व्यवस्थापन गुणस्तरीय शिक्षाको अपरिहार्य तत्व हो । मूल कुरा यो हो । विषयगत शिक्षक मिलानको कुरा भुल्नु हुँदैन । कागजमा दरवन्दी हुन्छ तर, भौतिक रूपमा हुँदैन । शिक्षा अधिकारीहरू एउटाले गरेको निर्णय अर्को आएर खारेज गरिदिनु हुन्छ । यसरी शिक्षक व्यवस्थापनको मुद्दा लथालिंग छ । अब, यस्तो परिस्थितिमा कसरी हुन्छ विद्यालयमा सुशासन ? कोशिष गरौं । कोशिष गरे सबै कुरा सम्भव छ । श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, धनुषाका प्रधानाध्यापक संजयकुमार झा समन्वय र सहकार्य गरी काम चलाउनु पर्ने अवस्थाको जिकीर गर्नुहुन्छ । शिक्षक अभाव ठूलो समस्याको रूपमा रहेको छ । सार्वजनिक शिक्षामा सुधार ल्याउन र गुणस्तरीय शिक्षा दिने उद्देश्यमा शिक्षक अभावको समस्याले चुनौती थपेको छ । उपलब्ध शिक्षकहरूबाट समन्वय र सहकार्य गरी काम चलाउनु परेको छ । शिक्षा विकास तथा समन्वय इकाइ, धनुषाका प्रमुख देवीरञ्जन हुमागाईका अनुसार– सुशासनका लागि सबै निकायको सहकार्य जरूरी छ तर अहिले अधिकार बाँडफाँडको अन्यौल छ । इच्छाशक्ति हुँदा विद्यालयमा सुशासन स्थिापित गर्न नसकिने कुरा होइन । म यहाँ आएको धेरै दिन भएको छैन । म बुझ्दैछु । शिक्षा विभागको पछिल्लो २१ बुँदे परिपत्रका कारणले इकाइ एक्लैले यो समस्या समाधान गर्न सक्दैन । सबैको सहकार्य जरूरी छ ।

उपस्थित सरोकारवालाले वास्तविक धरातलमा उठेर जुन

कुरा बताउनु भयो । वास्तवमै यो एकदमै राम्रो कुरा हो । यसलाई नजिकबाट हेर्ने र समस्या समाधान गर्न सके विद्यालयमा सुशासन कायम गर्न सकिन्छ । तर यसका लागि अभिभावक, विद्यार्थी, शिक्षक, गाउँपालिका, शिक्षा समन्वय इकाइ, प्रदेश सरकार, केन्द्रीय सरकार सबै नै सहकार्य गरी जोडदार रूपमा अगाडि बढ्न सके प्रदेश नं २ का सबै विद्यालयमा सुशासन कायम गर्न सकिन्छ ।

## सुशासनको मूल जरो

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा निःशूल्क र अनिवार्य हुने तथा माध्यमिक तहसम्मको शिक्षा निःशूल्क हुने उल्लेख गरेको छ । तर, अहिलेसम्म कार्यान्वयन भएको छैन । धेरै अभिभावकहरू विभिन्न वहानामा आफ्ना छोराछोरीको शुल्क तिर्न बाध्य छन् । विद्यालयले पनि विभिन्न बहानमा विद्यार्थीसँग शूल्क असुल्ने काम गरिरहेको छ । यसका बारेमा कोही आवाज उठाउन सकिरहेका छैनन् । आवाज उठाउन सक्ने चुपचाप छन् । यी कुराको कार्यान्वयन गर्नको लागि देशको शिक्षा निश्चित दर्शन, मूल्य मान्यता तथा मौलिक सिद्धान्तबाट निर्देशित हुनपर्छ । तर, नेपालको वर्तमान शिक्षाले न त पूर्वीय मान्यताका असल अभ्यास र परम्परालाई आत्मसात् गर्न सकेको छ नत पश्चिमा दर्शनको व्यवहारिक पक्षलाई नै पहिचान गर्न सकेको छ ।

स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परालाई आवश्यकताको आधारमा लागू गर्न नसक्नु नै नेपालको शिक्षाको प्रमुख समस्या हो । यी समस्याका अतिरिक्त विद्यालय शिक्षाका प्रमुख समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । जुन आधारभूत समस्या त समाधान गर्न सकिएको छैन भने सुशासन भने फरक पाटो हो । विद्यालय सुशासन कायम गर्ने कुरा भनेको कोही कसैले मात्र गरेर हुँदैन । यसका लागि सबै निकाय उत्तिकै लाग्नुपर्छ । वास्तविकता भनेको सुशासनले विद्यार्थीको शिक्षामा गुणस्तर कायम गर्नको लागि मद्दत गर्दछ । आजका कलिला बालबालिकाको भविष्य आजको शिक्षाले निर्धारण गर्दछ । त्यसका लागि सुशासन आवश्यक छ । यो विद्यालमा सुशासन नहुनुको मूल कारणलाई बुँधागतरूपमा प्रस्तुत गरिएको छ ।

## दिर्घकालीन सोचको अभाव

शिक्षा सम्बन्धी राज्यको दूरदृष्टि नभएपछि प्रणालीगत रूपमा विद्यालय शिक्षा अगाडि बढ्ने कुरै भएन । विद्यालय सुशासन त पछाडिको कुरा हो । देशको सन्तुलित विकास गर्न वर्तमान र भविष्यको लागि के–कस्ता दक्ष जनशक्ति चाहिन्छ । विद्यालयमा सुशासन कायम कसरी गर्न सकिन्छ भन्ने कुराको प्रभावकारी योजना बनाउनुपर्ने हुन्छ । विद्यमान स्थानीय श्रोत साधनहरूको पहिचान र परिचालन गर्दै समुन्नत समाज निर्माण गर्नको लागि गुणस्तरीय शिक्षा अपरिहार्य रहेको छ । तर, हाम्रो देशको सन्दर्भमा वर्तमान र भविष्यका लागि कस्तो विद्यालय शिक्षा चाहिन्छ कसरी विद्यालयमा सुशासन कायम गर्न सकिन्छ भन्ने सवालमा राज्यको स्पष्ट धारणा छैन । भएका नीति नियम पनि कार्यान्वयन रहेको छैन । जुन कुरा हुन एकदमै आवश्यक रहेको छ ।

## अस्पष्ट नीति र कार्यान्वयनमा समस्या

विद्यालय समुदायमा हस्तान्तरण, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक अभिभावक संघको गठन, जिल्ला शिक्षा समिति, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय क्षेत्र विकास कार्यक्रम, शिक्षण अनुमतिपत्र तथा प्रधानाध्यापक नियुक्ति, विद्यालयको संरचनागत तह (मा.वि. तथा उच्च मा.वि. तह) आदि विषय भनेको सुशासन कायम गर्नको लागि महत्वपूर्ण क्षेत्र हो तर पनि यसको नीतिगत स्पष्टता पाइदैन । साँच्चै भन्ने हो भने एकातिर विद्यालय शिक्षा विकासको लागि उपयुक्त नीतिको अभाव छ भने अर्कोतिर बनाइएका नीति नियमहरू पनि कार्यान्वयन हुन सकिरहेको छैन ।

स्थानीय सरकारले कानुनी र प्राविधिक सहयोग नपाउँदा

आफ्नो कार्यक्षेत्रको पहिचान गर्न सकिरहेको छैन । यस्तो अवस्थामा हरेक संस्था तथा निकायले आफ्नो अनुकुल नीतिको व्याख्या गर्ने प्रवृत्ति बढेको छ जसले गर्दा शैक्षिक निकायहरू बीचको समन्वयमा समेत समस्या देखिएको छ ।

## फितलो अनुगमन प्रणाली

सामुदायिक विद्यालयहरूमा अनुगमनको लागि स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकको व्यवस्था गरिएको भएता पनि प्रभावकारी अनुगमन कार्य हुन सकेको छैन । सट्टा शिक्षक राखेर आफू अन्य पेशामा संलग्न हुने शिक्षकको संख्यामा कमि आएको छैन । कहीँ विद्यार्थी अत्यन्त कम छन् तर विषयगत शिक्षकहरू प्रशस्त छन् भने कहीँ विद्यार्थीको चाप अत्याधिक छ तर विषयगत शिक्षकहरूको व्यवस्था गर्न सकिएको छैन । मूलतः सदरमुकाम तथा सुविधायुक्त क्षेत्रमा शिक्षकहरू दरवन्दी भन्दा बढि संख्यामा कार्यरत छन् भने ग्रामीण क्षेत्रका विद्यालयहरू शिक्षकको अभावमा समस्यामा परेका छन् । फर्जी विद्यार्थी संख्या देखाएर लाखौं रूपैयाँ हिनामिना हुँदा समेत प्रभावकारी अनुगमन गरी दोषीलाई कार्वाही गर्न नसक्नु फितलो अनुगमनकै कारणले गर्दा हो ।

## समन्वयको समस्या

समन्वयबाट नै गुणस्तरीयता कायम गर्नको लागि मद्दत गर्दछ । र गुणस्तरीयता कायम गर्नको लागि विद्यालयमा सुशासन आवश्यकता पर्दछ । व्यवस्थित शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाउनु पर्छ । जसका लागि सम्पूर्ण सरोकारवालाहरूलाई भेला गराई र सबैको विचार लिने र उनीहरूको सुझाव अनुसार विद्यालयको सुशासन कायम गर्ने परिपाटीको अहिलेसम्म विकास हुन सकेको छैन । खासगरी नयाँ शैक्षिक कार्यक्रम सरकारले ल्याउँदा शिक्षकका प्रतिनिधिमूलक संघ/संस्थाहरूलाई विश्वासमा लिने कार्य नहुँदा थुप्रै सरकारी कार्यक्रमहरू असफल भएका छन् ।

२०६५ सालको साक्षरता अभियान तथा विद्यालय समुदाय हस्तान्तरण कार्यक्रम सरकारले एक्लै गर्न खोजेर असफल भएको उदाहरण हाम्रो सामू छर्लङ्ग छ । विना पूर्वतयारी गरिएको यो कामले शिक्षक अभिभावक तथा सरोकारवालालाई विद्यालयको विकास र सुशासनप्रति कुनै चासो नै रहेन । आवश्यकतामा आधारित भन्दा पनि बाध्यता सम्भी तयार गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रम पनि असफल हुन गयो । समय समयमा भएको राजनीतिक व्यवस्थाको संरचनात्मक परिवर्तनले गर्दा विद्यालय क्षेत्र विकास योजनाको भविष्य के हुने हो भन्ने कुरा अनिश्चित भएको छ । अहिले देश संघीयतामा गएको अवस्थामा प्रदेशले शिक्षा नीतिलाई स्पष्ट प्रारूप दिन सकेको छैन । शिक्षा सम्वन्धी नयाँ नीति तथा कार्यक्रम लागू गर्नुपूर्व  सरकार, शिक्षाविद् शिक्षकका प्रतिनिधिमूलक संघ/संस्थाहरू लगायत अन्य सरोकारवालाहरू बीच उचित समन्वय हुन आवश्यक छ । यदि यसो नगरी अगाडि बढे शैक्षिक समस्या दिन प्रतिदिन झाँङ्गिदै जाने निश्चित छ । यसकै कारण विद्यालयमा सुशासन कायम गर्न वाधक बन्न सक्छ ।

## राजनीतिक हस्तक्षेप

कहिले काहीँ लाग्छ, शिक्षक विद्यार्थीका लागि हो वा नेताको लागि । अधिकांशशिक्षक विद्यार्थीप्रति भन्दा पनि नेताप्रति उत्तरदायी हुन्छन् । शिक्षकहरूले आफ्नो अनुकुलअनुसारको राजनीतिक दलको भेलामा विद्यार्थी प्रयोग गरेको हामीले समय समयमा सुन्दै आएका छौं । शिक्षक नेताप्रति उत्तरदायी भएकै कारण बाल विकास, राहत अनुदान कोटा, पी.सि.एफ तथा दरवन्दी वितरणदेखि शिक्षक सरूवा बढुवा र नियुक्तिमा समेत ठाडो राजनीतिक हस्तक्षेप हुन्छ । विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा समितिको गठन तथा ब्लक, भवन र अन्य सरकारी अनुदान वितरणमा समेत राजनीतिक दलहरूको चरम हस्तक्षेप देखिन्छ । यसले स्थानीय विद्यालयको सुशासनलाई किच्दै आफ्नो पक्षमा पार्ने गर्छ । यस्तो प्रवृत्तिले सन्तुलित शिक्षा विकास हुनुको साटो सिंगो शैक्षिक प्रणाली नै कमजोर हुने क्रम बढेको देखिन्छ । यो हुनु भनेकै विद्यालय सुशासनका खिलाप हो ।

## निरिह प्रशासनिक अवस्था

शैक्षिक विकास क्रमअनुसार शैक्षिक प्रणाली पनि समय समयमा परिवर्तन भैरहेकाछन् । शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति, स्रोतकेन्द्र, विद्यालय, विद्यालय व्यवस्थापन समितिको रूपमा नेपालको शैक्षिक प्रशासन सञ्चालित छ । यद्यपी यी सबै निकाय स्वस्फूर्त सञ्चालन हुन सकेका छैनन् । कुनै न कुनै हिसावले हस्तक्षेपमा परेका हुन्छन् । जुन सरकार आयो त्यसैकै नीति अनुसार चल्नुपर्ने वाध्यता भएको कारण प्रशासनिक निकाय निरिह भएको अवस्था छ ।

स्थानीय तहको निर्बाचनपश्चात माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकाद्वारा सञ्चालन हुने प्रावधान र ाखिएको छ । दक्ष, तालिम प्राप्त, प्रशासनिक ज्ञान एवं नेतृत्वसीप भएका व्यक्तिहरूको साटो सोर्स फोर्स र राजनीतिक भागवण्डाको कारण कमजोर तथा प्रशासनिक क्षमता दयनीय भएको ब्यक्तिलाई प्रशासनिक जिम्मा लगाइँदा शिक्षा विकासले अपेक्षित गति लिन सकेको छैन । जसका कारण विद्यालय सुशासित हिसावले चल्न सकेको छैन । एकले अर्कोलाई लगाउने आरोप प्रत्यारोपले भविष्यका कर्णधारहरू माथि ठूलो खेलबाड भएको छ । प्रधानाध्यापकको नियुक्ति तथा अन्य महत्वपूर्ण प्रशासनिक पदमा नियुक्ति गर्दा एउटा स्पष्ट मापदण्ड तयार गरी त्यसलाई कडाइका साथ लागू गर्न नसक्दा शैक्षिक समस्या झन् जटिल बन्दै गएको छ । विद्यालयमा भएका सबै प्रकारका संचरनालाई स्वस्फुर्त सञ्चालनको लागि केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय निकायले सोच्नु र अधिकार प्रत्यायोजन गर्नुपर्ने अवस्था खड्किइरहेको छ ।

## परीक्षा प्रणाली

परीक्षा आयो । विद्यार्थी पढ्न भन्दा पनि चिट बनाउन तल्लीन हुन्छन् । अभिभावक नै परीक्षा हलमा गएर चिट चोराउँछन् । कतिपय ठाउँमा चिट चोर्न पाउनुपर्ने भन्दै परीक्षा वहिष्कार पनि गरिरहेका कुरा हामी सुनिरहेको छौं ।

नेपाल सरकार शिक्षा मन्त्रालयले परीक्षा मर्यादित गर्ने भनेर जतिसुकै उद्घोष गरेपनि विद्यालय स्तरदेखि नै विद्यार्थीहरूमा चोरी गर्ने प्रवृत्ति अझै कायम नै छ । एसइई र साविकको उच्च माध्यमिक तहको परीक्षा त यति अव्यवस्थित र अमर्यादित बन्दै गएको छ की विषयगत शिक्षकलाई निरीक्षकको रूपमा खटाएर सकेसम्म चोरी गराइन्छ । एसइई को परीक्षाफललाई ठूलो प्रतिष्ठाको रूपमा लिने परिपाटीले जसरी पनि आफ्ना विद्यार्थीहरूलाई उत्तीर्ण गराउन विद्यालय परिवार मरिमेट्ने गर्छन् । आफ्नो अनुकुल परीक्षा सेन्टर पार्नका लागि ठूलै चलखेल हुने गरेको सुनिरहेको कुरा हो ।

अहिले फेरी अक्षाराङ्क प्रणाली लागू गरिएपछि कोही पनि विद्यार्थी फेल हुँदैनन् भन्ने मान्यताका कारण सामुदायिक विद्यालयहरूमा प्रभावकारी ढंगले पढाउने र पढ्ने प्रवृत्ति पनि घट्दै गएको देखन्छ । जे गरे पनि पास भइहालिन्छ भन्ने कुरा विद्यार्थीको दिमागमा परिरहेको छ । परीक्षालाई व्यवस्थित गर्न परीक्षा नियन्त्रण कार्यालय पूर्ण असफल भएको छ । समय समयमा समस्या झेल्ने गरेको छ । यद्यपी यसलाई कसरी सुधार गर्ने भन्ने कुरामा उसको ध्यान जान सकेको छैन । विद्यालय भित्रको स्थानीय संयन्त्रलाई कसरी प्रभावकारी बनाई बढिभन्दा बढि कसरी जिम्मेवार बनाउने भन्ने कुरामा सरकार फेल भएको छ ।

स्थानीय सरोकारवालाहरूले समेत परीक्षालाई व्यवस्थित गर्न खासै सहयोग नपुऱ्याइरहेको वास्तविकता छ । किनकी उनीहरूलाई सरकारले जिम्मेवार बनाउन सकेको छैन । यसरी विगत केही वर्ष देखिको परीक्षा प्रणाली अत्यन्त अमर्यादित भईदिंदा जेहेन्दार, अध्ययनशील एवं मेधावी छात्र छात्राहरूमा हीनताबोध पैदा भएको छ भने चोरी गर्ने, नक्कल गर्ने तथा पढाईमा ध्यान नदिने विद्यार्थीहरूको आत्मवल बढेको अवस्था पनि देखिन्छ । यसकारण विद्यालयको सुशासन खस्किँदो अवस्थामा पुगेको छ भन्दा कुनै अर्को अर्थ नलाग्ला ।

## अव्यवहारिक पाठ्यक्रम

### व्यवहारिक शिक्षामा जोड किन दिने ?

रामकुमार कक्षा ९ मा पढ्ने विद्यार्थी हुन् । उनी कक्षामा सबैभन्दा बढि नम्बर ल्याउँछन् । तर विद्यालयमा उनी एक नम्बर वद्मासमा पनि गनिन्छन् । आफूभन्दा सानो कक्षामा पढ्ने विद्यार्थीलाई कुट्ने, कानमा मुन्द्रा लगाउने, कपाल पाल्नेजस्ता गतिविधिमा उनी संलग्न छन् । एकपटकको घटना हो शिक्षकले गाली गर्दा मुखमुखै लागेका र एक्लै भेटेमा पिट्ने धम्की समेत दिएका रहेछन् । उनको व्यवहार विद्यालयमा मात्र यस्तो होइन । घर र समुदायमा पनि यस्तै छ । बाबु आमाले भनेको कुनै पनि कुरा टेर्दैनन रे । गाउँमा झगडा गर्नुपरेमा पहिला नम्बरमा आउँछन् उनी । यस्ता प्रवृतिका व्यक्ति रामकमार परीक्षामा भने राम्रो नम्बर ल्याउँछन् । कक्षाका प्रथम पनि हुन् ।

यस्तो कुरा मैले कसैबाट थाहा पाएँ । त्यसपछि उक्त विद्यालयको प्रधानाध्यापकसँग भेटेर मैले एउटा प्रश्न गरैँ । 'विद्यालयमा अनुशासनको पाठ पढाउने चलन छैन ? जाँचमा राम्रो लेखेर पहिला हुनु एउटा कुरा होला । तर अनुशासनको नम्बर पनि विद्यालयले व्यवस्था गर्न सके विद्यार्थीले विद्यालयमा गर्ने उदण्ड व्यवहारमा कमी आउने थियो की ।' प्रधानाध्यापकले मेरो कुरा सुन्नु भयो र टाउको हल्लाउनु भयो । मन्द गतिमा सहमति जनाउनु भयो । 'हेरौं के हुन्छ ।' उत्तर आयो । तर परिवर्तनका लागि मन्द गति हैन । रेस नै चाहिन्छ । (श्रोतः व्यवहारिक शिक्षा किन आवश्यक छ भन्ने निर्मल भण्डारीको लेखबाट सभार गरिएको हो)

के हामीसँग यस्ता विद्यार्थीलाई सिकाउने पाठ्यक्रम छ त ? व्यवहारिक शिक्षा मनन गर्न आवश्यक छ । पाठ्यक्रम सिकाइको योजना हो । पाठ्यक्रमले विद्यार्थीको चाहना, समाजको सपना र राष्ट्रको आवश्यकता पूरा गर्नुपर्दछ । राष्ट्रलाई विभिन्न क्षेत्रमा आवश्यक पर्ने जनशक्ति पूरा गर्न उपयुक्त र सान्दर्भिक पाठ्यक्रमको आवश्यकता पर्दछ । विज्ञान र प्रविधिसँग सम्बन्धित, नेपाली माटो अनुकूलको गुणस्तरीय, वैज्ञानिक, व्यवसायिक तथा नेपालमा विद्यमान साधन र स्रोतको पहिचान एवं परिचालन गर्न सक्ने पाठ्यक्रमबाट मात्र राष्ट्रले अपेक्षा गरेको जनशक्ति प्राप्त गर्न सकिन्छ । तर, हाम्रा विद्यालय पाठ्यक्रमहरू बढि परम्परागत र सैद्धान्तिक प्रकृतिका भएकाले यसले शिक्षा विकासमा खासै योगदान पुऱ्याउन नसकिरहेको अवस्था छ । स्थानीय आवश्यकता तथा सम्भावनाहरूको समुचित पहिचान गरेर सोही अनुरूपको पाठ्यक्रम निर्माण गर्न नसक्दा केन्द्रीय पाठ्यक्रमलाई निर्विकल्परूपमा उपयोग गर्ने परम्परा पनि कायमै छ । यस्तो अवस्थामा स्थानीय आवश्यकता पनि सम्बोधन हुन सकेको देखिंदैन । यसको लागि सरकारले विद्यालयमा विद्यार्थी, अभिभावक तथा शिक्षकसँग कसरी व्यवहारिक शिक्षा नीति अपनाउने र यसको कार्यान्वयन गर्ने भन्ने कुरामा स्थानीय स्तरमै छलफल गरी कार्यान्वय गर्न जरूरी छ ।

## शिक्षामा दोहोरो नीति

हाम्रो देशमा मूलतः दुई प्रकारका शैक्षिक संस्थाहरू छन् । सामुदायिक र निजी । सामुदायिक विद्यालयहरूलाई सरकारी विद्यालयको रूपमा पनि चिन्ने गरिन्छ । यी विद्यालयहरू सञ्चालन गर्न आवश्यक पर्ने शिक्षक दरवन्दीलगायत अन्य भौतिक तथा प्रशासनिक सुविधाहरू सरकारबाट प्राप्त हुन्छ । यसको लागि सबै जिम्मेवारी सरकारले नै लिन्छ । अर्को, व्यक्तिको आफ्नै लगानीमा सञ्चालित विद्यालयहरू । यो प्रकारको विद्यालय गाउँ गाउँमा प्रचलित रहेको छ । सरकारी विद्यालयहरूमा सरकारको धेरै लगानी छ । तर पनि परिवर्तित परिवेशअनुरूप यसलाई समय सापेक्ष बनाउन सकिएको छैन । जसको कारण यसमा मोह विस्तारै घट्दै गइरहेको अवस्था हाम्रा अगाडि रहेको छ । निजी विद्यालयहरू राम्रो नहुँदा सञ्चालकलाई प्रत्यक्ष घाटा हुने हुँदा यी विद्यालय सञ्चालनमा सञ्चालकले विशेष ध्यान दिने गर्दछन् । निजी विद्यालयमा बढि नाफा

कमाउनुपर्ने भएको हुँदा शैक्षिक गुणस्तर कायम गर्नको लागि विद्यालयहरू बीच निकै प्रतिष्पर्धा हुने गरेको पाइन्छ ।

अत्याधिक शुल्क लिएर सञ्चालनमा ल्याइएका केही निजी विद्यालयहरू मुनाफा कमाउने उद्देश्यबाट प्रेरित छन् भने केही निजी विद्यालयहरूले सामान्य शूल्क लिएर पनि गुणस्तरीय शिक्षा दिइरहेका छन् । तर पनि एउटै देशमा दुई थरीका विद्यालयहरू अस्तित्वमा छन् । धनीले पढ्ने र गरिवले पढ्ने विद्यालयको रूपमा यी विद्यालयहरूलाई वर्गिकरण गर्ने गरिन्छ । तर सोचनीय कुरा के छ भने निजी विद्यालयप्रति राजनीतिक दलहरू र स्वयम् राज्यको पनि स्पष्ट धारणा पाइँदैन । यसले आम विद्यार्थीहरूलाई र अभिभावकहरूलाई पनि दुई खेमामा विभक्त गरेको छ । शिक्षामा दाहोरो नीति रहेसम्म शिक्षा विकासमा ठोस कार्य हुन नसक्ने देखिन्छ ।

## शैक्षिक व्यवस्थापनमा अन्यौलता

संविधानले स्थानीय सरकार, प्रादेशिक सरकार र केन्द्रीय सरकारको शिक्षा सम्बन्धी कार्यक्षेत्र स्पष्ट गरिसकेको भएपनि स्थानीय सरकारले शैक्षिक व्यवस्थापन गर्न सकिरहेको छैन । कनिष्ठता र ज्येष्ठता विवादको कारण शिक्षाका कर्मचारीहरू स्थानीय तहमा जान आनाकानी गरिरहेका छन् । स्थानीय सरकार अस्तित्वमा आएसँगै जिल्ला शिक्षा कार्यालय तथा शिक्षा विभाग रहने कि नरहने भन्ने विवाद पनि कायमै छ । स्थानीय तहमा शिक्षा हेर्ने प्राविधिक जनशक्ति व्यवस्थापन गर्न सकिएको छैन । शिक्षकको करार नियुक्ति, प्रधानाध्यापकको नियुक्ति तथा स्रोत व्यक्ति व्यवस्थापनको सवालमा पनि स्पष्ट नीति निर्देशन भएको देखिंदैन । फेरी शिक्षा ऐनको आठौं संशोधन कार्यान्वयन नहुँदै नवौं संशोधन हुनु तथा प्रतिक्षित शिक्षा नियमावली नआउनुले पनि शैक्षिक व्यवस्थापनमा अन्यौलता थपेको देखिन्छ । स्थानीय तहलाई दिइएको शिक्षा सम्बन्धी अधिकार र त्यसको कार्यान्वयनको सवालमा जनप्रतिनिधिहरूको अनभिज्ञताले पनि शैक्षिका व्यवस्थापन अलमलमा परेको देखिन्छ ।

## विद्यालय सुशासन किन आवश्यक छ ?

सिक्ने र सिकाउने प्रक्रिया जीवन प्रयन्त चल्ने कुरा हुन् । कसैले छिटो र धेरै सिक्न सक्छन्, कसैले ढीलो र थोरै सिक्न सक्छन् । कति बुझ्दछ र कति सिक्छ भन्नेकुरा व्यक्ति तथा उमेर अनुसार फरक फरक हुन सक्छ । एउटै शिक्षकले पढाएको धेरै विद्यार्थीहरूको परिणम हेर्दा कसैले धेरै बुझेको र कसैले बुझ्दै नबुझेको परिणाम आउन सक्छ ।

बुझ्ने विद्यार्थीहरू निकै अगाडि बढेका हुन्छन् र विद्यालयमा स्याबासी कमाएका हुन्छन् । शिक्षक तथा अभिभावकबाट पनि उनीहरूको बारेमा प्रशंसा गरेको पाइन्छ । तर धेरै मात्रमा विद्यार्थीहरू समयमा निर्देशन, सल्लाह र सुझाव नपाएका कारण कमजोर हुन थाल्छन् । उनीहरू अरूसँग खासै नजिक हुन चाहँदैनन् । अरूको सुझाव सल्लाहमा विश्वास राख्ने वानी हुँदैन । उस्तो बौद्धिक विकास पनि भएको हुँदैन । परिणामस्वरूप त्यस्ता विद्यार्थीहरू दिन प्रतिदिन खस्किँदै जान्छन् । शिक्षा तथा समाजिकरूपमा नै पछाडि परेका हुन्छन् । जसका कारण उनीहरूको सोच्ने, निर्णय गर्ने तथा कार्यान्वयन क्षमता फितलो बन्छ । समाजमा अशल नागरिक बन्न सक्दैनन् । परिणमस्वरूप अध्यक्ष जनशक्तिको संख्या वृद्धि हुन्छ । वेरोजगारको संख्या बढ्छ । जुन कुरा देश निर्माणको लागि बाधक बन्न पुग्छ ।

त्यसकारण सबै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षाका लागि विद्यालय सुशासन आवश्यक पर्दछ । यसलाई प्रदेश वा समग्र देशभरीकै विद्यालयमा सुशासन हुन आवश्यक रहेको छ । यसै गरी प्रदेश नं २ मा मात्र नभएर, नेपालका अधिकांस सरकारी र गैरसरकारी विद्यालयले आवश्यक सूचनाको सम्प्रेषण कानुनी र व्यवहारिक दुवै रूपमा सरोकारवालाहरूलाई गरेको पाइन्न । यसले विद्यालय तहमा सुशासनको पक्ष कमजोर रहेको बुझ्न सकिन्छ । विद्यालय शिक्षाको विभिन्न सूचकमध्ये सुशासन मुख्य हो । यसले शैक्षिक उपलब्धिलगायत विद्यालयबाट प्रवाह हुने सेवा-सुविधा, नीति, कार्यक्रम,

बजेटलगायत समग्र पक्षको झलक दिन्छ । सुशासनमा ध्यान नदिएका विद्यालयको शैक्षणिक पाटोमा पनि बादल लाग्ने सम्भावना रहन्छ । जबसम्म विद्यालय प्रशासन र व्यवस्थापनले सुशासनका सूचकलाई सरोकारवालाबीच आदानप्रदान गर्न आवश्यक ठान्दैनन् वा बेवास्ता गर्छन् तबसम्म विद्यालयको सर्वाङ्गीण विकासमा बादल लागिरहन्छ । यसैले सुशासन सर्वप्रथम विद्यालयभित्रका शिक्षक–शिक्षकबीच, शिक्षक–विद्यार्थीबीच अपरिहार्य छ । विद्यालयको नीति नियम बनाउन, त्यसलाई पालना गर्न, आर्थिक हरहिसाब, दायित्व, जिम्मेवारीको बाँडफाँड, नेतृत्वको पारदर्शिता र हस्तान्तरणजस्ता पक्षहरु शिक्षक–शिक्षकबीचको आपसी सञ्चार विनियमका लागि पनि जरूरी छ । एकाधबाहेक अधिकांश सरकारी विद्यालयमा यी पक्षहरूमा शिक्षक–शिक्षकबीच समयमा सञ्चार हुन सकेको स्थिति छैन । अझै पनि अधिकांश सरकारी विद्यालयले वार्षिक बजेट बनाउने अभ्यासै गरेका छैनन् । तिनले बजेट बनाउने, पारित गर्ने, संशोधन वा परिमार्जन गर्ने, नियमानुसार बजेट स्रोतान्तर गर्ने, स्रोतको खोजी गर्ने, चालू आर्थिक वर्षको लक्ष्य, प्रगति वा चुनौतीको आधारमा आउने आवमा सुधार, परिमार्जन वा परिवर्तन गरिने अभ्यास शिक्षा ऐनले निर्धारण गरेअनुसार नहुने भएकाले त्यस्ता पक्षमा विद्यालयमा सुशासन छैन । विद्यालय शिक्षाको सुशासनमा जवाफदेहिता, पारदर्शिता, जिम्मेवारीपन, रुपान्तरण, हस्तान्तरण, भ्रष्टाचारविहीनतालगायतका अन्य पक्षहरु रहन्छन् ।

## समाधानको बाटो

जीवन र शिक्षा अलग गर्न सकिंदैन । शिक्षाविना जीवन अधुरो बन्छ । शिक्षा मात्र भएर पुग्दैन् । व्यवहारिक र गुणस्तरीय शिक्षा दुबै आवश्यक पर्छ । व्यवहारिक शिक्षा घर, विद्यालय र समाजबाट लिन सकिन्छ भने गुणस्तरीय शिक्षा विद्यालयबाट गुरूहरूको सहयोगमा लिन सकिन्छ । त्यसकारण गुरूहरूले प्रदान गर्ने शिक्षामा सर्बप्रथम त गुरूहरूको शिक्षण तरिका, पाठ्यपुस्तक तथा दृढ इच्छाशक्तिको आवश्यक पर्छ । यी सबै कुरा हुनको लागि विद्यालय सुशासन हुन जरूरी छ ।

यस कारण समस्यै समस्यामा जेलिएको वर्तमान शिक्षा प्रणालीलाई सहि बाटोमा पहिल्याउनु आवश्यक छ । यसको लागि विद्यालयमा सुशासन स्थापित गर्ने नीति ल्याउनुपर्ने हुन्छ । जसलाई सबै विद्यालयले प्रभावकारी कार्यान्वयनमा दृढ इच्छाशक्तिसहित लाग्नुपर्छ ।

अर्कोतर्फ सामुदायिक विद्यालयभित्र सुशासन स्थापित गर्नको लागि दरो राजनीतिक प्रतिवद्धताका साथ शिक्षा विकासलाई एउटा अभियानकै रूपमा विकास गर्नुपर्छ । स्थानीय तहलाई थप जिम्मेवार, स्रोत साधन सम्पन्न बनाउन आवश्यक देखिन्छ । यसका लागि स्थानीय तहबाट नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने हुन्छ । समय समयमा सुझाव सल्लाह दिने र स्थानीय अभिभावकलाई थप जिम्मेवारी बनाउने काममा लाग्नुपर्ने हुन्छ ।

प्रत्येक वर्ष पढ्न तथा रोजगारीका लागि विदेशिने युवा पुस्तालाई गुणस्तरीय शिक्षा तथा रोजगारीको अवसर प्रदान गरी स्वदेशमै आकर्षित गर्न प्राविधिक तथा सीपमूलक शिक्षामा जोड दिन जरूरी छ । जसले शिक्षाको राम्रो महत्व बुझी, विद्यालय सुशासन कायम गर्न सक्नेछन् ।

सरकारलाई गाली गर्ने र आफू तालीखाने मनोवृत्तिबाट मुक्त भई सम्पूर्ण सरोकारवालाहरूले आ–आफ्नै ठाउँबाट शिक्षा विकासमा योगदान पुऱ्याउने वातावरण निर्माण गर्ने पहल गर्न सके पनि शिक्षा विकासमा टेवा पुऱ्याउन सकिन्छ । यदि सरोकारवालले स्थानीय स्तरमा विद्यालयका विकासका अवसर खोज्न सक्छन् । अवसर प्राप्तीको लागि विद्यालयलाई परिचालन गर्न सक्छन् । सरोकारवालाको परिचालनबाट शिक्षक, अभिभावक, तथा व्यवस्थापन समितिको परिचालन हुन गई शिक्षामा गुणस्तर कायम गर्न सकिन्छ ।

सरकारले पनि नेपाली माटो अनुकुलको शिक्षा योजना निर्माण गरी त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवालाहरूलाई विश्वासमा लिने हिम्मत गर्न आवश्यक देखिन्छ । माथि बसेर मात्र योजना बनाउने हैन, सरकारले कुनै पनि नीति बनाउन स्थानीय

निकायहरूलाई सक्रिय बनाउनुपर्छ । केन्द्रमा बसेर बनाएको योजना स्थानीय निकायमा काम नलाग्न सक्छ । स्थानीय तह तथा शिक्षा सम्बन्धी सरोकारवालाहरूले पनि आ–आफ्नो स्थानबाट सामुदायिक शिक्षाको विकासमा हातेमालो गर्दै असल अभ्यास र परम्पराको खोजी गरी कार्यान्वयनमा जुट्न आवश्यक छ । निजी विद्यालयप्रति सरकारको स्पष्ट दृष्टिकोण हुन जरूरी छ ।

मूलतः सकारी विद्यालयहरूलाई निजी विद्यालयसँग प्रतिष्पर्धी बनाउन कक्षा १ देखि अंग्रेजी माध्यमबाट पठनपाठन प्रारम्भ गर्ने र क्षमतावान व्यक्तिहरू शिक्षण पेसामा प्रवेश गर्न सकून भनेर लोकसेवा आयोग सरहको संवैधानिक शिक्षक सेवा आयोग बनाई शिक्षक नियुक्ति गर्ने प्रकृयाको थालनी हुनु बाञ्छनीय छ । यसका लागि स्थानीय अभिभावकहरूलाई सक्रिय बनाउन जरूरी छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा स्वयम् विद्यार्थीहरूको हरेक चरणमा सहभागिता सुनिश्चित गर्नुपर्छ । प्रत्येक अभिभावकहरूलाई शैक्षिक गुणस्तर सुनिश्चित गर्नको लागि उत्प्रेरणा गर्नुपर्छ ।

हाम्रो देशमा अझै पनि शिक्षण पेसालाई मर्यादित बनाउन सकिएको छैन । शिक्षक भन्दा नाक खुम्चाउने पनि निकै रहेको छन् । त्यसकारण शिक्षक पेशा मर्यादित बनाउन सरकार र विद्यालय स्वयम् लाग्नुपर्ने हुन्छ । गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक भन्ने विश्वब्यापी मान्यतालाई आत्मसात् गर्दै खूला प्रतिष्पर्धाको आधारमा शिक्षक नियुक्ति गर्ने कार्यमा कञ्जुस्याईं गर्न हुँदैन । शिक्षा संकायका अतिरिक्त अन्य संकायका क्षमतावान व्यक्तिहरूलाई पनि शिक्षक बन्ने अवसर दिई सेवा प्रवेश पछि उपयुक्त तालिमको व्यवस्था पनि गर्न सकिन्छ । यसको लागि शिक्षक पदलाई थप आकर्षित बनाउन आवश्यक हुन्छ ।

प्रतिष्पर्धाको आधारमा क्षमतावान, योग्य एवम् शैक्षिक तथा प्रशासनिक गुण भएको व्यक्तिलाई प्रधानाध्यापकमा नियुक्त गर्न शिक्षक सेवा आयोगले यथासक्य छिटो कार्य प्रारम्भ गर्नुपर्दछ । यसमा कुनै राजनीतिक प्रभाव हुनु हुँदैन । यसो गर्न सकियो भने सामुदायिक विद्यालयको गुमेको साख पुनः विउत्याउँन सकिन्छ । हरेक परिवर्तनहरू नीतिगत बनाउन पहल गर्नसक्नुपर्छ यी र यस्तै विभिन्न बैकल्पिक उपाहरूउपर बहस र छलफल गरी शिक्षा विकासलाई सहि बाटोमा नलाने हो भने नेपालको विद्यालयीय शिक्षाले सहि मार्ग पहिल्याउन सक्दैन । र, समृद्ध, विकसित एवम सम्मुनत नेपालको परिकल्पना केवल कोरा कल्पनामा नै सीमित रहन सक्छ । त्यसैगरी विद्यालयले विद्यालय सुधार योजना निर्माण, यसको कार्यान्वयन, समाजिक परीक्षण नियमित नियमानुसार गर्न सकियो भने समुदाय र विद्यालयको सम्बन्ध राम्रो हुन्छ । अभिभावकलाई पनि विद्यालय आउँ–आउँ भन्ने वातावरण सिर्जना हुन्छ ।

यसैगरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र आमा समूहको गठन र व्यवहारिक परिचालन गर्न सकेमा विद्यालयमा सुशासन स्थापित गर्न सकिन्छ ।

स्थानीय तहमा शिक्षाका कर्मचारी अविलम्ब पठाइ संविधानले प्रत्याभूत गरेका स्थानीय तहको शैक्षिक अधिकारलाई कार्यान्वयनमा ल्याउन अव कुनै पनि बहानामा ढिलो गर्न हुँदैन । स्थानीय आवश्यकता, उपलब्ध स्रोत, साधन एवम अवसर र सम्भावनाहरूको समुचित पहिचान र परिचालन गरी आवश्यक नीति नियम तयार गर्न स्थानीय सरकारलाई उत्साहित गर्नुपर्छ ।

शिक्षक पेशालाई राजनीतिबाट प्रभाव पर्ने कुरा बन्द गर्ने र शैक्षिक गुणस्तरीयता कायम गराउने कुरामा बढि जोड गराउन सके विद्यालयमा सुशासन कायम गर्न सकि बालकालिको शिक्षामा गुणस्तरीयता ल्याउन सकिन्छ । यसबाट समग्र समाज, देशले दक्ष जनशक्ति प्राप्त गर्ने कुरा नकार्न सकिंदैन ।

## सन्दर्भ सामग्री


- Agergaard, J., Bista, M. & Carney, S. (2007). Empowering the local through education?
- Bray, M., & Mukundan, M. V. (2003). Management and Governance for EFA: Is Decentralisation Really the Answer?. Comparative Education Research Centre, Faculty of Education, University of Hong Kong. Retrieved 13 July 2014 from http://portal.UNESCO.Org/education/en/ev.php-URL_ID, 25755.
- CBS.(2012). Population of Nepal. HMG National Planning Commission Secretariat, Central Bureau of Statistics: Thapathali.
- DOE. (2074). Flash I report I &II .
- Khanal, P. (2010). School decentralisation in Nepal: a disjuncture between macro-level advocacy and micro-level reality?. Educational Research for Policy and Practice, 9(3), 145-158.
- National Census 2001
- Shaha S. kumar (2016)-School Governance in Nepal An Analysis of Role of School Management Committee to achieve Quality of Education,
- गाउँ शिक्षा योजना (२०१८)- हरिपुर्वा गाउँ पालिका, सर्लाही
- डा. पोखेल हरिप्रसाद – वहस
- पौडेल गुरू प्रसाद – योगवोध in विचार November 21
- भण्डारी निर्मल, विद्यालय सुशासन, लेख-२०१३
- भण्डारी निर्मल (२०१५), सामाजिक लेखाजोखा,
- शिक्षा विकास तथा समन्वय इकाइ

# विद्यालय सुशासन: कसको दायित्व ?

– राजेन्द्र पहाडी *

## सवाल प्रारम्भ

मुलुकले अवलम्बन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको संस्थागत सुदृढीकरणका लागि शैक्षिक क्षेत्रले महत्वपूर्ण भूमिका खेलिरहेको तथ्यमा दुविधा छैन । लोकतन्त्रको सार्थक कार्यान्वयनका लागि उपयुक्त शिक्षा प्रणाली र त्यसमा आम जनताको पहुँच आधारभूत शर्त बन्न जान्छ । राज्यका हरेक क्षेत्रमा समावेशीकरणको मर्मअनुरूप जनसहभागितालाई प्रवर्द्धन गर्नका लागि शिक्षा क्षेत्रको अहम् भूमिका रहेको हुन्छ । राज्यको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक लगायतका क्षेत्रमा आम नागरिकले सरोकार राख्नसक्ने र आफ्नो सम्मानजनक सहभागिता महशुस गर्नसक्ने समावेशी राज्यप्रणाली आज आमनेपालीको सरोकारको विषय बनिरहेको छ । तथापि राज्यले अपेक्षा गरेको जनसहभागितालाई प्रवर्द्धन गर्नका लागि मुलुकको शैक्षिक पृष्ठभूमी कस्तो ढाँचाको छ, विद्यालय सुशासनको मौजुदा अवस्था कस्तो छ, र त्यसभित्रबाट कस्तो सीप र ढंगको जनशक्ति उत्पादन भैरहेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

यसका अलावा राज्य संयन्त्रले आत्मसाथ गरेको शैक्षिक पद्दति र त्यो शैक्षिक पद्दतिभित्रको सुशासनको अवस्थाले उसको चरित्रलाई उजागर गरिरहेको हुन्छ । वास्तवमा देशको शैक्षिक उन्नयन तथा समग्र सामाजिक आर्थिक सुधार एवं विकासका लागि राज्यको प्रतिबद्धता कति छ भन्ने कुराको मापनको सामान्य आधार यसले आत्मसाथ गरेको समावेशी पद्दति र राज्य संरचनाभित्रका एकाइहरूले प्रत्याभूत गरेको सुशासनको अवस्था पनि हो । अझ अगाडि बढेर भन्ने हो भने राज्यको आधारभूत संरचना (Structure) ले त्यसको उपरी संरचना (Super structure) लाई प्रत्यक्षतः निर्धारण गर्दछ । तसर्थ आधारभूत तहमा के कस्तो पकृतिको सुशासनको प्रत्याभूति हुन सकेको छ ? यो गम्भीर सवाल हो । शिक्षित, कुशल, दक्ष, निपूर्ण र समयसचेत नागरिकले उठाएका सवालहरूले शासन संयन्त्रलाई कुन हदसम्म पृष्ठपोषण गर्न सकेको छ एवं राज्यको शैक्षिक जनशक्तिलाई हेर्ने दृष्टिकोण सकारात्मक/नकारात्मक के छ ? भन्ने कुराले पनि लोकतन्त्रको सफल कार्यान्वयन निर्भर गर्दछ । तसर्थ लोकतन्त्र या सुशासन भनेको केवल भाषणबाजीका शब्दावली मात्र होइनन् बरू नागरिक सन्तुष्टिका विषयहरू हुन् भन्ने कुरा बुझ्न जरूरी हुन्छ ।

## शिक्षामा सुशासनको सन्दर्भ

"एउटा चिकित्सक असक्षम भएमा एकजना विरामी मर्नसक्छ, एउटा इन्जिनियर असक्षम भएमा एउटा पुल भत्कन सक्छ, एउटा व्यवस्थापक असक्षम भएमा एउटा कम्पनी डुब्न सक्छ तर एउटा शिक्षक असक्षम हुँदा हजारौं मानिस मर्न सक्छन्, हजारौं घर वा पुल भत्कन सक्छन् र हजारौं कम्पनीहरू डुब्न सक्छन् ।" भन्ने मर्मस्पर्शी चिनियाँ भनाइले शिक्षा, शिक्षक, शिक्षाका सरोकारवाला र शैक्षिक विकासका क्षेत्रको साङ्गोपाङ्गो अवस्थालाई संकेत गरेको छ । हाम्रो मुलुकमा निकट विगतको शैक्षिक संरचना र व्यवस्थाले केवल हुनेखाने, घरानिया र शासक वर्गको मात्र हित गरेको र आम मेहेनतकस, श्रमजीवी एवं गरिखाने वर्गलाई शिक्षाको पहुँचबाट टाढा राखिएको यथार्थता कसैबाट लुकेको छैन । नेपालको इतिहासको लामो कालखण्डसम्म शिक्षालाई सबैको साझा विषय बनाउनु पर्दछ भन्ने कुरालाई अनेक बहानामा नजरअन्दाज गर्ने काम गरियो । 'जनता शिक्षित भए हाम्रो शासनको कुर्सी डग्मगाउन थाल्छ' भन्ने हाउगुजीले राज्य संयन्त्रभित्र हालीमुहाली गरेर बसेका शासकहरूलाई सधैं सताइरह्यो ।



*लेखक राजेन्द्र पहाडी, शिक्षा अधिकारकर्मी तथा हाल एनसिई-नेपालको कार्य समितिका सदस्य हुनुहुन्छ ।*

परिणामतः राज्यको हरेक क्षेत्रमा विसंगति, विकृति, अन्याय, व्यभिचार, विभेद, उत्पीडन, शोषण र अत्याचारको दबदबा भएपछि शिक्षाक्षेत्र पनि गलत संस्कारबाट अछुतो रहन सक्ने अवस्था भएन । तर अहिले समय र अवस्था हिजोको जस्तो रहेन । लोकतन्त्रात्मक गणतन्त्रमा नागरिकका आवाजहरू बलिया बन्न थालेका छन् । दर्बिलो, सवल र सुशासनयुक्त समाजको पक्षमा जनस्वरहरू मुखरित भैरहेका छन् । विकास, समृद्धि र समग्र रूपान्तरणको आधारशीला मानिएको शिक्षामा पनि वास्तविक प्रकृतिको सुशासनको सुनिश्चितता आजको समयको माग बन्न पुगेको छ ।

जवसम्म बहुसंख्यक जनताको चाहना र भाग्यसँग जोडिएको व्यवहारिक, वैज्ञानिक र व्यवसायिक शिक्षा प्रणालीलाई आत्मसाथ गर्न सकिंदैन तवसम्म यो क्षेत्रमा सुशासनको परिकल्पना गर्न सकिंदैन । मुलुकले राजनैतिक परिवर्तनको दिशा ग्रहण गरिसक्दा पनि हाम्रा शिक्षालयहरूमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व, जिम्मेवारी बाँडफाँड, प्रतिफलको न्यायोचित साझेदारी /वितरण आदि विषय कमजोर अवस्थामा नै रहेको स्थिति छ । विद्यालय सुधार अभियानले भनेजसरी सार्थकता पाउन सकिरहेको छैन । राज्यले जनताको आधारभूत अधिकारको रूपमा स्वीकार गरेर सोही अनुसार कार्यान्वयन गरिनुपर्ने शिक्षा क्षेत्रलाई आज गैरसरकारी संस्थाको रूपमा तदर्थ हिसावले चलाउने प्रयास भैरहेको छ भन्ने आरोपलाई अस्वीकार गर्ने अवस्था छैन । येनकेन प्रकारेण संभावनायुक्त जनशक्तिलाई श्रमिकका रूपमा विदेश पठाउनमै हाम्रो राज्यसत्ताले ध्यान केन्द्रीत गरेको छ भन्ने गुनासोको सघनता बाक्लो छ । स्वदेशमै बसेकाहरूले पनि मर्यादित जीवन जीउने आधार पहिल्याउन सकेका छैनन् । समग्र शिक्षाक्षेत्र अपेक्षाकृत सुध्रिन सकेको छैन भन्ने गुनासो सर्वत्र सुन्ने गरिन्छ । शिक्षाको आधारभूमि विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म सुशासनको प्रत्याभूति हुन नसक्दा यी यावत् समस्याको फेहरिस्त थप लामो बन्दै गएको अवस्था छ ।

अहिलेपनि दलित वा अछुत भएका नाममा विद्यार्थीहरू आफैलाई शिक्षा दिने गुरू गुरूआमाहरूबाट कुटिनुपर्ने, हेपिनुपर्ने र विद्यालयबाट नै निक्लनुपर्ने दुःखद अवस्थाहरू छन् । छोरीका लागि समान शिक्षा अझै पनि भाषण गर्ने विषयका रूपमा लिइएको छ । कति चेलीहरू विद्यालय तथा क्याम्पसमा आफ्नै गुरूहरूबाट बलात्कृत हुनु परेको छ भने परीक्षा उत्तीर्ण गराइदिने या अन्य यस्तै प्रलोभनमा पारेर शिक्षाका कथित जिम्मेवारहरूले यौनशोषण गर्ने गरेका कुराहरू हिजोपनि सुनिन्थे भने आजपनि तिनै घटनाहरू यो वा अर्को रूपमा दोहोरिइरहेको अवस्था छ । विद्यालयका कक्षाकोठाका माध्यमबाट दिइनुपर्ने 'ज्ञान सीप' आज ट्युशन र कोचिङ सेन्टरका नाममा व्यापारीकरण भैरहेको छ । छात्राहरूलाई पीठो, पोशाक र तेल बाँडेर विद्यालयमा भर्ना गर्न लोभ्याउने नियत बोकेर हामी जेनतेन चलिरहेका छौं । दातालाई देखाउनकै लागि मात्र भएपनि यस्तो व्यवहार कति न्यायोचित र सान्दर्भिक हो भन्ने कुरा समयमै सोच्न नसकिरहेको अवस्था छ । नयाँ शैक्षिक सत्रको शुरूवातसँगै निजी विद्यालयहरूले तामझामका साथ महङ्गो शुल्कसहित विद्यार्थी भर्ना गरिरहेका हुन्छन् भने सरकारी विद्यालयहरू कक्षाकोठामा न्यूनतम विद्यार्थी संख्या पुर्‍याउन नसकेर मर्जर या खारेजीको अवस्थामा पुग्ने गरेको अवस्था छ । 'किन चाउरिइस् मरिच–आफ्नै रागले' भनेजस्तो कतिपय हाम्रा सामुदायिक विद्यालयहरू निजी विद्यालयको डाह गर्नमै अभ्यस्त छन् ।

विसं. २०७२ सालमा जारी भएको संविधानमा स्पष्ट उल्लेख भएको भएतापनि राज्यको महत्वपूर्ण ओहदामा बस्नेहरू आज पनि शिक्षालाई व्यक्तिको आधारभूत अधिकार मान्न कन्जुस्याईं गरिरहेका छन् । शिक्षा क्षेत्रमा यहाँभन्दा बेइमानी र धुर्त्याई अरू केही हुन सक्दैन । सुशासन र पारदर्शिताका ठूला–ठूला डङ्का पिट्दै हिंड्नेहरू नै शिक्षा क्षेत्रलाई जे जसरी प्रयोग गरेपनि हुन्छ भनेर ब्रम्हलुट गरिरहेको कुरा सञ्चार माध्यममा आइरहेको छ । शिक्षामा हाकाहाकी व्यापारीकरण भैरहेको छ । महङ्गो शुल्क, महङ्गा पाठ्यपुस्तक र महङ्गा पोशकको मारले सामान्य अभिभावकहरू पिल्सिएकाछन् । दूरदराजका सामुदायिक विद्यालयमा पठनपाठन सुरू भएको महिनौंसम्म पाठ्यपुस्तक विद्यार्थीको हातमा पुग्दैन । हुनेखाने र हुँदाखानेको अलग–अलग शिक्षा हुन्छ भन्ने मान्यतालाई स्थापित गर्ने प्रयास गरिएको छ । सामुदायिक र संस्थागत गरी दुईखाले शिक्षाबाट विद्यार्थीलाई विभाजित

गर्ने काम गरिएको छ । अख्तियारमा पर्ने उजुरहरूमा सबैभन्दा धेरै विद्यालय शिक्षासँग सम्बन्धित हुने गरेको तथ्याङ्क सार्वजनिक भएको अवस्था छ । 'शिक्षा निजी : जागिर सरकारी' को मानसिकता बोकेर शिक्षासम्बद्ध हर्ताकर्ताले दोहोरो भूमिका निर्वाह गरेको कसैबाट छिपेको छैन । बस्तुतः यिनै सवालहरूको बीचबाट शिक्षा क्षेत्रमा सुशासनका कुराहरू समय क्रमसँगै उठान भएका हुन् भन्न सकिन्छ ।

## हामीले खोजेको विद्यालय शिक्षा

शिक्षा देश विकासको मेरूदण्ड हो । शिक्षाले व्यक्तिलाई योग्य र सक्षम बनाउँछ । यो व्यक्तिको नैसर्गिक अधिकारको विषय पनि हो । त्यसैले सबै बालबालिकाले माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने मौलिक हकको व्यवस्था संविधानले गरेको छ । शिक्षालाई ज्ञान, सीप र प्रविधिले योग्य जनशक्ति उत्पादन गर्ने माध्यमका रूपमा पनि लिइन्छ । नेपाल सरकारले ठूलो धन राशी खर्च गरेर सबैलाई सर्वसुलभ शिक्षा प्रदान गर्न प्रयास गरेता पनि यसको उपलब्धी ज्यादै न्यून देखिन्छ । निःशुल्क शिक्षा, पोशाक वितरण, छात्रवृत्ति वितरण, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई विभिन्न प्रकारका तालिम दिइएको भएपनि अपेक्षित उपलब्धि हासिल भने हुन नसकेको अवस्था छ । त्यसैले शिक्षामा आमूल परिवर्तन गरी गुणस्तरीय, विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, दक्ष, सीपयुक्त, प्राविधिक, तथा व्यवसायिक ज्ञान दिने शिक्षा प्रदान गरी हाम्रा बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न आवश्यक छ भन्ने आवाज सबैतिरबाट उठ्ने गरेको छ ।

वास्तवमा गुणस्तरीय शिक्षा आजको समयको सर्वाधिक चर्चाको विषय पनि हो । गुणस्तरीय शिक्षाका लागि शैक्षिक सुशासन अनिवार्य शर्त बन्न पुग्दछ । पछिल्लो समयमा शिक्षाले व्यक्तिलाई समाजिक, भौतिक र राजनैतिक तथा अन्य सेवाको क्षेत्रमा पहुँच बृद्धिगर्न सहयोग पुऱ्याउनु पर्दछ भन्ने आम धारणा बनिरहेको छ । व्यक्तिको सामाजिक हैषियत बढाउनेदेखि आर्थिक अवस्थाको मजबुदीमा पनि शिक्षाको भूमिका हुने कुरामा सबैको सहमती रहेको देखिन्छ । अचेल शिक्षा सबै तह र तप्काका लागि अनिवार्य हो भन्ने कुरा कुनै नयाँ मुद्दा होइन । हिजोआज गुण, सीप, क्षमता र दक्षताका कुराले महत्व पाउने गरेको छ । आफू बाँचेको जगत र आफ्नो जीवनलाई अन्वेषण गर्न सक्ने जीवनोपयोगी शिक्षा आज धेरैतिरबाट अपेक्षा गरिएको स्थिति हो । शिक्षालाई श्रम, रोजगारी र उत्पादनसँग जोड्दा मात्र 'समृद्ध नेपाल र सुखी नेपाली' को राष्ट्रिय सङ्कल्प प्राप्तीमा शिक्षाक्षेत्रले सहयोग पुऱ्याउन सक्दछ ।

हाम्रो सन्दर्भमा शिक्षा क्षेत्रमा भएका प्रगतिको जतिनै बखान गरेपनि आजसम्म सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहुँच सुनिश्चित गर्न सकिएको छैन । कतिपय समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँचको स्थिति कमजोर नै छ । कठिन अवस्थामा रहेका सीमान्तकृत समुदाय, दलित तथा अल्पसंख्यक सांस्कृतिक समुदायका बालबालिका अझै पनि पूर्णतः विद्यालय शिक्षाको मूलधारमा समाहित भइसकेका छैनन् । अतः अबको उद्देश्य ती समुदायले पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका सन्दर्भमा भोगेका विभेदको दायरा घटाउनुपर्ने देखिन्छ । दीगो विकासको लक्ष्य प्राप्त गर्ने नेपालको प्रतिबद्धताका सन्दर्भमा शिक्षा साधन र साध्य दुबै हो । शिक्षा यो निर्धारित लक्ष्य हासिल गर्नका लागि नागरिकमा हुनुपर्ने सीप र क्षमता विकासको साधन पनि हो र सबैलाई समतामूलक र समावेशी तथा जीवनपर्यन्त सिकाइका अवसर सुनिश्चित गर्न आफैंमा साध्य पनि हो । (विद्यालय क्षेत्र विकास योजना)

दीगो विकास लक्ष्यको बुँदा २५ मा बालबालिका तथा युवाहरूको सधैंभरी सिक्न पाउने अवसर पाउनुपर्ने कुरा उल्लेख गरिएको छ भने उपलक्ष्य ४.२ मा सबै केटाकेटीहरूको सन् २०३० सम्ममा प्रारम्भिक बाल विकास, हेरचाह र पूर्वप्राथमिक शिक्षासम्म सजिलै प्राप्त गर्ने कुराको सुनिश्चित गर्ने र जसले गर्दा उनीहरू प्राथमिक शिक्षाको लागि तयार हुन सक्ने लक्ष्य राखिएको छ । यसै गरी लक्ष्य ४ अन्तरगत उपलक्ष्य ४ 'क' मा सन् २०३० सम्म बालबालिका, अपाङ्गता र लैंगिक संवेदनशील हुँदै शिक्षा सुविधाको विकास र

स्तरोन्नती गर्ने र सबैलाई सुरक्षित, अहिंसा, समावेशी र प्रभावकारी शैक्षिक वातावरणको निर्माण गर्ने कुरा उल्लेख गरिएको छ । (दीगो विकास लक्ष्यमा शिक्षा) यी लक्ष्य हासिल गर्ने मुलुकको प्रतिबद्धता कार्यान्वयन गर्न पनि हामीले सार्वजनिक शिक्षामा सुशासनको वातावरण तयार गर्दै समयसान्दर्भिक परिमार्जन तथा सुधार नगरी धरै छैन ।

## विद्यालीय शिक्षा विकासको दिशा

पुरानो संस्कार र चिन्तन, पुनउत्थानवादी विचार, पहिलेको जस्तै रूढीगत, परम्परागत पद्दतिले नयाँ सोच र अग्रगामी विचारहरूको प्रतिनिधित्व गर्न सक्दैन । समाजमा चल्दै आएका गतिविधिलाई अग्रगमनको बाटो देखाउने साधन नै शिक्षा हो, यसैले शिक्षा कसैको निजी सम्पत्ति होइन, यो सम्पूर्ण जनताका लागि हुनुपर्दछ, यदि शिक्षा दिइएन भने जनताले नै त्यसलाई लिनुपर्छ भन्ने मान्यता सन् १९६४ बाट नै सुरू भएको हो । त्यसो त राज्यले अंगालेको राजनीतिक दर्शनकै आधारमा शिक्षाको स्वरूप निर्धारण हुन्छ । जस्तैः राज्य गणतान्त्रिक, प्रजातान्त्रिक, एकात्मक, वहुलवादी, समाजवादी आदि विभिन्न विचारद्वारा संचालित छ भने शिक्षाको संरचना तथा नीतिहरु पनि त्यसैलाई पृष्ठपोषण पुऱ्याउने किसिमको हुन्छ । नेपालमा पनि किराँतकालदेखि लिच्छविकालीन शिक्षाको इतिहासलाई विभिन्न व्यक्ति विशेष, जनउत्तरदायी स्वरूपभन्दा वीर वीराङ्गनाका कथा, शासकहरूको आफ्नै प्रशस्ति अथवा तथाकथित वीर पुरूषको गाथा गाउने रूपमा शिक्षालाई प्रचारित गरियो भने मल्लकाल, राणाकाल र शाहकालीन पञ्चायती व्यवस्थाले पनि पुरानै प्रवृत्तिलाई निरन्तरता दियो । जे होस् आजसम्मको शिक्षा विकासको इतिहासमा नेपालमा धैरै शैक्षिक योजना, नीति र कार्यक्रमहरु परीक्षण गरिएको अवस्था छ । नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०११) हुंदै विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१५) सम्म आइपुग्दा हाम्रो शैक्षिक विकासको गतीले थुप्रै उहापोह पारगरेको छ । (काफ्ले, २०६७) पछिल्लो समयमा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन चरणमा मुलुकको विद्यालय शिक्षा अघि बढिरहेको छ ।

विगत जे जस्तो भएपनि वर्तमानमा विकासको प्रस्थानबिन्दूको रूपमा शिक्षालाई स्थापित गर्न जरूरी छ । व्यक्तिगत विकास, चरित्र निर्माण, उत्तरदायित्वको भावना विकास, संस्कृतिको संरक्षण तथा हस्तान्तरण, जनशक्ति विकास जस्ता महत्वपूर्ण दायित्वहरु शिक्षामा निहित रहेका हुन्छन् । बेरोजगारी र गरिबीले तङ् पिएको देशलाई यसबाट छुटकारा दिलाउने संसोधन समेत शिक्षा बन्न सक्छ किनकि मानव संसाधन नै सबै संसाधनको जननी हो । अझ शिक्षाले प्राकृतिक सम्पत्ति र विविधताको सम्मान गर्न सिकाइ उपलब्ध स्रोत तथा संसाधनको उचित व्यवस्थापनमा सहयोग पुऱ्याउने हुनाले शिक्षा मानव जातिको अस्तित्व र सामर्थ्यसँग समेत जोडिएको छ । शिक्षाले बालबालिकाको व्यक्तित्व विकास, तिक्ष्णता विकास, क्षमता विकास र मानसिक एवं शारिरीक विकासमा सहयोग गरी बालबालिकालाई स्वतन्त्र समाजको जिम्मेवार सदस्य बनाउने हुँदा विश्वमा शिक्षाको अपरिहार्यता माथि प्रश्न उठेको पाईंदैन । शान्तिको लागि विकास, विकासको लागि लोकतन्त्र, लोकतन्त्रको लागि गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षाका लागि शैक्षिक सुशासन अपरिहार्य विषय भएकाले शिक्षाको विकासमा लगानी बृद्धि गर्नु आजको आवश्यकता बनेको छ । (प्राची, २०६४)

## शिक्षा अधिकारको खाँचो

शिक्षाको अधिकार अन्तर्गत निशुल्क तथा अनिवार्य प्राथमिक शिक्षाका साथै प्राविधिक र व्यावसायिक शिक्षा तथा माध्यमिक र उच्च शिक्षामा व्यक्तिको पहुँच अभिवृद्धि गर्ने कुराहरू समेटिएको हुन्छ । शिक्षाको अधिकारले नागरिक, साँस्कृतिक, आर्थिक, राजनीतिक तथा सामाजिक सबै तत्वलाई समेट्छ । सबैले शिक्षाको अधिकारको उपभोग गर्न पाएको खण्डमा बालश्रम, बालविवाह, विभेद र अन्य धेरै मानवअधिकार उलङ्घन तथा दुर्व्यवहारको जोखिमको सम्भावना कम हुन्छ । यसले स्वास्थ्य तथा रोजगारीको अधिकार एवं सार्वजनिक जीवनमा सहभागी हुने नागरिक तथा राजनीतिक अधिकार लगायत अन्य मानवअधिकारको उपभोगको सम्भावनालाई बढाउँछ ।

राज्यले शिक्षा सबैलाई प्रयाप्त मात्रामा उपलब्ध हुने, सबैको पहुचभित्र हुने र सबैलाई स्वीकार्य र अनुकुल हुने कुरा सुनिश्चित गर्नुपर्दछ, जसका लागि शिक्षामा सुशासन अनिवार्य शर्त बन्नुपर्दछ । शिक्षा स्वीकार्य र सान्दर्भिक, साँस्कृतिकरूपमा उपयुक्त र गुणस्तरीय हुनुपर्दछ । शिक्षामा अनुकुलताले विविध सामाजिक तथा साँस्कृतिक वातावरणमा समाज र विद्यार्थीको बदलिँदो आवश्यकता र चाहना सुहाउँदो लचकता माग गर्दछ । शिक्षाको अधिकारअन्तर्गत राज्यको न्यूनतम दायित्वमा सबै बालबालिकाका लागि निशुल्क र अनिवार्य प्राथमिक शिक्षा र शैक्षिक पाठ्यक्रम मानवअधिकारका मापदण्डहरूसँग मिल्ने कुराको सुनिश्चितता पर्दछन् । तसर्थ, शिक्षाको अधिकारसँग सम्बन्धित आधारभूत विशेषताहरूमा १) अनिवार्य तथा निशुल्क प्राथमिक शिक्षा, २) माध्यमिक तथा उच्च शिक्षामा पहुच, ३) पाठ्यक्रम तथा शैक्षिक सामग्री र ४) शैक्षिक अवसर तथा स्वतन्त्रता पर्दछन् । (प्रयोगकर्ता पुस्तिका, नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचाङ्कहरू)

## संबैधानिक व्यवस्था, हालको अवस्था र उपलब्ध अवसर

एक दशक लामो सशस्त्र द्वन्द्व, शान्तिपूर्ण जनआन्दोलन, गणतन्त्रको घोषणा, राज्यको पुन:संरचना, संविधानसभाबाट नयाँ संविधान, लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्व, मौलिक हक, अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्याय, कानुनी शासन, संवैधानिक सर्वोच्चता, बहुदलीय व्यवस्था आदि आधारभूत संरचना सहितको नयाँ संविधान बमोजिम स्थानीय, प्रदेश तथा संघीय सरकारको गठन प्रक्रिया पार गरेर नेपाल अहिले नयाँ युगमा प्रवेश गरेको छ । लोकतान्त्रिक विधि तथा प्रक्रिया अन्तर्गत बनेको नेपालको संविधान, २०७२ ले शिक्षासम्बन्धी अधिकारलाई प्रत्याभूत गरेको छ । सत्तासीन एवं अन्य राजनीतिक दल तथा गठबन्धनबाट सबैतहका निर्वाचनमा व्यक्त प्रतिवद्धताले विद्यालय शिक्षालाई राष्ट्रको सम्बृद्धि तथा आर्थिक समुन्नतिको लागि प्रमुख एजेण्डाभित्र समेटेका छन् ।

देशमा आएको राजनीतिक परिवर्तनसँगै राज्य सञ्चालन पद्दति र शासकीय संरचना पनि परिवर्तन भएको छ । संघीय संरचनाअनुरूप मुलुकमा सात प्रदेश तथा ७५३ स्थानीय तहहरु कायम भएका छन् । नेपालको राज्यशक्ति एवम् अधिकारको प्रयोग संविधान र संघीय कानून तथा गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम गर्ने व्यवस्था रहेको छ । संविधानअनुसार आधारभूत तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क गरी शिक्षालाई नैसर्गिक एवं मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ ।

नेपालको संविधान २०७२ को अनुसूची ८ ले विद्यालय (कक्षा १२ सम्मको) शिक्षासम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । संविधानको कार्यान्वयन हुँदै गरेको वर्तमान परिवेशमा विद्यालय शिक्षाको दायित्व पनि स्थानीय तहमा आएको छ । विद्यालय शिक्षा (प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म) सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न संविधानको धारा २२६ ले स्थानीय तहलाई आफ्ना लागि आफै कानून बनाउने अधिकार समेत दिएको छ । यी सबै प्रावधान तथा व्यवस्थाहरू नेपालको विद्यालय शिक्षा सुधारका लागि सकारात्मक अवसरहरू हुन् ।

नेपालको संविधानले सबैका लागि नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने र नि:शुल्क माध्यमिक शिक्षा प्रदान गर्ने प्रत्याभूत गरेको सन्दर्भमा शिक्षा क्षेत्रको व्यवस्थापन एवम् सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम् परिमार्जन आवश्यक छ । संविधानले स्थानीय निकायहरूको अधिकार वृद्धि गरेको हुँदा विद्यालय व्यवस्थापन समितिको भूमिकामा पुनर्विचार आवश्यक भएको छ । शिक्षा ऐनको आठौँ संशोधनले संरचनात्मक तथा कार्यमूलक सुधारलाई बल पुऱ्याएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रस्थान बिन्दु मानी यस कार्यक्रमबाट प्राप्त उपलब्धीको जगेर्ना गर्दै विद्यालय क्षेत्र विकास योजनाले शिक्षाको गुणस्तर अभिवृद्धि र पहुँचको विस्तारलाई निरन्तरता दिने लक्ष्य

लिएको छ । यस योजनाले दुर्गम क्षेत्रका आर्थिक–सामाजिक रूपले पिछडिएका समुदाय एवम् अपांगता भएका बालबालिकाबीच विद्यमान पहुँचको असमानता हटाउन जोड दिएको छ । (विद्यालय क्षेत्र विकास योजना) तर बिडम्बना शिक्षामा राज्यले गर्ने लगानी हरेक बर्ष घट्दो क्रममा गैरहेको छ । शिक्षामा अपेक्षित सुधार ल्याउने हो भने शिक्षामा लगानी बृद्धि नगरी धरै छैन । सबैका लागि शिक्षा अभियान र सन् २०१५ पछिको शिक्षाको घोषणामा जनाएको प्रतिबद्धता तथा दीगो विकास लक्ष्य कार्यान्वयनका लागि नेपालले अभिव्यक्त गरेको ऐक्यबद्धताका आधारमा पनि राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत र कूल ग्राहस्थ उत्पादनको ४ देखि ६ प्रतिशत लगानी शिक्षा क्षेत्रका लागि हुन सक्ने हो भनेमात्र शिक्षामा फड्को मार्न सकिने वातावरण बन्न सक्दछ ।

नेपालको संविधानको भाग ३, मौलिक हक अन्तर गत धारा ३१ मा शिक्षा सम्बन्धी हकमा भनिएको छ– प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । अपांगता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । यसैगरी दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

सबैले स्वीकार गरेको विषय हो कि शिक्षा सबैका लागि समान हुनुपर्दछ । यो सीमित वर्गको मात्र पहुँचको विषय बन्नु हुँदैन भन्ने कुरामा अब स्थानीय सरकारहरू चनाखो हुनुपर्दछ । यसैगरी स्थानीय सरकारहरूलाई आवश्यकमात्रामा स्रोतको संकलन र परिचालन गर्ने कार्यमा जिम्मेवार बनाउन विद्यालयहरूले आवश्यक सहकार्य र सु–सम्बन्धको वातावरण निर्माण गर्न आवश्यक हुन्छ । विद्यालयमा निकासा गरिने रकम समयमा नै निकासा हुने व्यवस्था मिलाई सो को सदुपयोगमा जोड दिनुपर्छ । विद्यालय वरपरका द्वन्द्वप्रभावित, गरिब, विपन्न, सीमान्तकृत, अल्पसङ्ख्यक, प्राकृतिक प्रकोपपीडित, आपतविपदमा परेका, भूकम्पपीडित लगायतका समुदायका बालबालिकालाई विद्यालयमा भित्राउने योजनालाई व्यवहारिकरूपमा कार्यान्वयन गर्नुपर्दछ । यसका साथै समयको मागअनुसार विद्यार्थीहरूलाई बजारमा रोजगारी पाउने सीपमूलक प्राविधिक शिक्षा दिने व्यवस्था गर्नु आवश्यक छ ।

विद्यालय क्षेत्र विकास योजनाले पनि माध्यमिक तह कक्षा ९ देखि १२ मा प्राविधिक तथा व्यावसायिक शिक्षाको एकीकृत पाठ्यक्रमको विकास गरिने कुरालाई उल्लेख गरेको हुनाले विद्यालयहरूमा जीवनोपयोगी र श्रम तथा उत्पादनसँग जोड्ने शिक्षा प्रदान गर्न प्राविधिक धारका कक्षाहरू सञ्चालन गर्ने व्यवस्था गर्न यथाशिघ्र पहल गर्नुपर्ने देखिन्छ । यसका साथै शिक्षाको गुणस्तर थप बृद्धिका लागि सबै शिक्षकहरूले सेवापूर्व र सेवारत समयमा विषयगत तालिम पाउने र ती शिक्षकहरूले पूर्णरूपमा सेवासुविधा पाएको कुरा नेपाल सरकार, शिक्षा तथा विज्ञानप्रविधि मन्त्रालय र स्थानीय सरकारहरूले सुनिश्चित गर्नुपर्दछ । यी पूर्वशर्तहरूको व्यवस्थापनले मात्र विद्यालय शिक्षामा सुशासनको माहौल बन्न सक्दछ ।

## विद्यालय शिक्षाको वर्तमान दशा

कुरा नलुकाई भन्ने हो भने सामुदायिक विद्यालयलाई कसैले पनि अपनत्व नलिएको स्थिति देखिन्छ । यी विद्यालय संघीय सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार वा समुदाय कसका हुन् भन्ने कुरामै अन्यौलको अवस्था छ । भलै संविधानले स्थानीय सरकारलाई जिम्मेवार बनाएको भएपनि स्थानीय सरकारहरूको सक्षमताप्रति प्रश्न उठिनैरहेका छन् । अर्थोपार्जन गर्ने हेतुले खोलिएका संस्थागत विद्यालयमा गोठालो लाग्ने मान्छे छन्, तर सामुदायिक विद्यालयहरूमा गोठालो लाग्ने मानिस भएन । निःशुल्क र अनिवार्य शिक्षा नाम मात्रको भयो भन्ने गुनासोमा सत्यता नभएको होइन ।

माध्यमिक विद्यालयको अवधारणाभित्र आएको कक्षा ११ र १२ का बारेमा कसैले मुख फोरेका छैनन् । विद्यालय शिक्षा निशुल्क भनिएपनि कक्षा ११ र १२ मा शुल्क लिइरहेको स्थिति छ । सरकारी तलबसुविधा लिने सबैले सामुदायिक विद्यालयमा नै आफ्ना बालबालिका पढाउने व्यवस्था गर्न सकिएको छैन । माथि उल्लेख गरिएजस्तै पढाई निजीमा र जागिर भने सरकारीमा खुवाउने र खाने दुईमुखे मनोबृत्तिबाट सरोकारवालाहरू निर्देशित भएको स्थिति छ ।

प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक–अभिभावक संघका पदाधिकारी जे जस्ता हुनुपर्दथ्यो, त्यस्ता नभएर मालिक र प्रशासकजस्ता मात्र भएकाले पनि विद्यालय शिक्षा धमिलो हुन पुगेको हो भन्ने गरिन्छ । अझसम्म प्रधानाध्यापकको नेतृत्व स्थापित गर्न र विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघहरूलाई सक्रिय बनाउन नसकेकाले विद्यालय सुशासन र गुणस्तरीय शिक्षाको अवस्था अपेक्षित सुधार गर्न सकिएको छैन । सामुदायिक विद्यालयका शिक्षकहरू जागिरे मानसिकताका भएको र उनीहरूलाई आफूभित्रको योग्यता र जिम्मेवारीको बोध भएन भन्ने आरोप लाग्ने गरेको छ । दलको झण्डा बोक्ने, राजनीति गर्ने र दलकै आडमा कक्षाकोठामा बस्न अल्छि गर्ने शिक्षकहरूका कारण सामुदायिक विद्यालयहरूले अपेक्षित सुधार गर्न नसकेका हुन् भन्ने जनगुनासोलाई 'होइन' भनेर ठोकुवा गर्ने परिस्थिति बनिरहेको छैन ।

विद्यालय उमेरका हरेक बालबालिकालाई विद्यालयमा भिकाउने, टिकाउने, सिकाउने र बिकाउने नारा लगाएको धेरै बर्ष भैसक्दा पनि अवस्थामा सुधार आएको छैन भने शैक्षिक सुधारको मियो मानिएको शिक्षक 'पढाउने जागिरदार कि सिकाउने शिक्षक' भन्ने प्रश्नकै वरिपरी रूमलिइरहेको स्थिति छ । स्वदेशमै केही न केही गरिखाने शिक्षा र उपयुक्त वातावरण दिन नसक्दा एसइई परीक्षापश्चात खाडीको रोजगारीमा जाने मानसिकता बोकेर लाखौं विद्यार्थीहरू कक्षाकोठामा मन लागी नलागी बसिरहेका देखिन्छन् । बर्षौंबर्ष विद्यालय तथा विश्वविद्यालयमा पढेको ज्ञानले साथ नदिएर कोरियन, जापानिजलगायतका भाषा पढ्दै गरेका नौजवानहरूको व्यथा झनै साह्रो छ । सन् २०२० सम्ममा सबै बालबालिका विद्यालयका कक्षाकोठामा आउनेछन् भनेर जुन लक्ष्य राखिएको छ, र त्यसका लागि विभिन्न काम पनि गरिएको छ तर अझैपनि अवस्था सकारात्मक नबन्नुका पछाडि हामी कहाँ चुकेका छौं ? यसका बारेमा जिम्मेवारी को, कसले लिने हो ? हामी किन उद्देश्य केन्द्रित भएर लाग्न सकेनौं ? यी सबालको छिनोफानो ढिलोचाँडो गर्नैपर्ने छ ।

'पाठ्यक्रमले नै गुणस्तरीयता दिन सकेको छैन, बर्षौ पुरानो पाठ्यक्रम पढाएर कसरी गुणस्तरीयताको अपेक्षा गर्ने ?' भन्ने प्रश्न पनि जायज नै देखिन्छ । संस्थागत विद्यालयले गर्ने गरेको चुस्तदुरूस्त व्यवस्थापन र परीक्षा परिणाममा आधारित शैक्षिक गुणस्तरबाट सामुदायिक विद्यालयले पनि सिक्न आवश्यक छ भन्ने तर्कलाई अन्यथा मान्न नसकिने अवस्था छ । सामुदायिक विद्यालयका शिक्षकहरू एक से एक छन् । सामुदायिकमा जागिर खान नपाएपछि मात्रै शिक्षकहरू निजीमा जाने हुन् भन्ने तर्कमा धेरैथोरै सत्यता छ नै । तर, त्यहाँ पेशाको सुनिश्चिता नभएकाले पेशा जोगाउन शिक्षकहरू मिहिनेत बढी गर्छन् । तिनै शिक्षकहरू सामुदायिकमा आए फेरि अल्छि बन्छन् भन्ने आम बुझाइलाई गलत सावित गर्ने चुनौतीबाट सामुदायिक विद्यालयका शिक्षकहरू गुज्रिनुपरेको छ । अमुक राजनैतिक दलको फेरो समातेपछि जस्तो क्रियाकलाप पनि क्षम्य हुन्छ भन्ने मनोदशाबाट राज्यको तलबभत्ता खाने सामुदायिक विद्यालयका शिक्षकहरू ग्रसित भएको आरोपबाट मुक्त हुन शिक्षकले नै पहल गर्नुपर्ने अवस्था छ । विद्यालय व्यवस्थापन तथा सञ्चालनका लागि जनसहभागिताको अवस्था हेर्दा विस्तारै विद्यालयसँग सम्बन्धित गतिविधिमा महिला, दलित तथा उत्पीडित समुदायको सहभागिता बढेको छ तर यतिले मात्र पर्याप्त नभएको स्थिति छ । तसर्थ शिक्षाप्रति सबै तह र तप्काका नागरिकको अपनत्व विकास गर्न सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न पनि त्यत्तिकै आवश्यक छ भन्ने आवाज सर्वत्र उठिरहेको अवस्था छ ।

विद्यालय शिक्षाको विकासका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट थुप्रै प्रयास गरिएको भएता पनि अपेक्षित परिणाम भने आउन सकिरहेको देखिँदैन । विद्यालय शिक्षाका सबै तहमा कक्षा छाड्ने र दोहोऱ्याउनेको सङ्ख्या बढी हुनु, कक्षा उत्तीर्णदर कम हुनु, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाहरूको पहुँच सुनिश्चित नहुनु, शिक्षक व्यवस्थापनमा समस्या रहनु, सामुदायिक विद्यालय शिक्षामा गुणस्तर कायम नहुनु, संस्थागत विद्यालयको नियमनको प्रभावकारी व्यवस्था नहुनु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच र गुणस्तर कमजोर रहनु, उच्च शिक्षाको स्पष्ट नीतिगत व्यवस्था नहुनु आदि सवाल आज पनि प्रमुख समस्याका रूपमा रहेका छन् । शिक्षकले कक्षा कोठामा राम्रोसँग पढाउँदैनन्, मोबाइलमा फेसबुक चलाएर बस्छन्, दलको झोला बोकेर हिँड्ने शिक्षक धेरै छन्, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठनमा दलीय हस्तक्षेप हुने गरेको छ, विद्यार्थी अनुशासनमा बस्दैनन्, अभिभावकले आफ्ना बच्चा विद्यालय भर्ना गरेपछि आफ्नो दायित्व पूरा भएको सम्झन्छन्, स्रोत केन्दहरू र नगर शिक्षा शाखा र शिक्षा विकास तथा समन्वय इकाइले आफ्नो भूमिकालाई प्रभावकारी बनाउन सकेका छैनन् जस्ता गुनासा सुन्ने गरिन्छ । बदलिँदो परिस्थिति र जिम्मेवारीको अन्यौलताले पनि कतिपय कुरामा चुस्तता ल्याउन नसकेको देखिन्छ । विगतमा भन्दा विद्यार्थी संख्या बृद्धि भएको छ, विद्यालयहरू खुल्नेक्रम जारी छ, शिक्षकहरू थपिएकाछन् । परन्तु, संख्यात्मक बृद्धि भएता पनि गुणस्तरमा सुधार नआउनुका पछाडि को को जिम्मेवार छन् भनेर छलफल चलाउन अब ढिलो गरिनु हुँदैन ।

## विद्यालय शिक्षासँग गाँसिएका जनअपेक्षा

व्यवसायिक, प्राविधिक र जीवनलाई सहज तथा सजिलो बनाउन मद्दत गर्ने शिक्षा आजको खाँचो हो । फितलो प्रणाली र लरतरो व्यवस्थापनबाट यो खाँचो पूरा हुन सक्दैन । शैक्षिक प्रणाली नै फितलो भएपछि गुणस्तरीयताको अपेक्षा गर्न सकिंदैन, तसर्थ सर्वप्रथम प्रणालीलाई बलियो बनाउनु पर्छ । संघीय सरकारले विद्यालय शिक्षाका प्रतिको नैतिक दायित्वलाई पुनर्विचार गरेर कार्यक्रम तर्जुमा गर्नुपर्दछ । शिक्षकलाई राजनीतिमा लाग्ने मौका दिनु हुँदैन । शिक्षकले आफूले प्राप्त गरेको तालिमलाई कक्षाकोठामा प्रयोग गर्नुपर्दछ । समुदायलाई पनि विद्यालयका प्रति जिम्मेवार बनाउने कार्यक्रम ल्याउनुपर्दछ । यसो भयो भने मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता हुन सक्दछ र विद्यालय शिक्षामा सुशासन सम्भव हुन्छ । तल्लो तहदेखि नै माग विश्लेषण गरेर शिक्षा नीति तयार गरिनुपर्दछ, माथिबाट लादेको शैक्षिक पद्दति भएकाले यसले गुणस्तरीयता दिन नसकेको हो भन्ने निश्कर्षमा केही न केही सत्यता छ नै । अब स्थानीय तहहरूले आफ्नो माग अनुसारको विद्यालय शिक्षा व्यवस्थित गरेर अगाडि बढ्नु पर्दछ । स्थानीय पाठ्यक्रमलाई आवस्यकताका आधारमा विद्यालय शिक्षामा लागू गर्नुपर्दछ ।

मूलतः शिक्षा सामाजिक–आर्थिक विकासको आधारभूत पक्ष हो । मुलुकको सामाजिक–आर्थिक अवस्थाको शिक्षामा प्रत्यक्ष प्रभाव पर्दछ भने शिक्षाले नै सामाजिक–आर्थिक अवस्थाको परिवर्तनमा निर्णायक प्रभाव पार्दछ । तर अहिलेसम्म हाम्रो मुलुकमा शिक्षालाई राष्ट्रिय आवश्यकता अनुरूप सामाजिक आर्थिक प्रणालीसँग आबद्ध गर्न सकिएको छैन । शैक्षिक नीति तथा कार्यक्रम विदेशी दाताहरूको निर्देशनमा बनाइन्छ भन्ने आरोप खेप्नु परिरहेको अवस्था छ । निजी र सार्वजनिक शिक्षाका कारण यो वा अर्को ढंगले शिक्षा आफैमा वर्ग विभाजनको कारण समेत बन्दै गइरहेको अवस्था छ । संस्थागत शैक्षिक व्यापार फैलिंदै जाँदा गरिबका छोराछोरीको शिक्षा प्राप्त गर्ने अवसर साँघुरो हुंदै गएको छ । परिणामतः सामाजिक विषमताको दरार अझ फराकिलो बन्दै गएको छ । यदि यो अवस्थालाई समयमै सच्चाउने काम गरिएन भने नेपालको सिङ्गो शिक्षा प्रणाली असफलताको दिशामा नजाला भन्न सकिँदैन । तसर्थ, समाजवादप्रति प्रतिबद्ध रही समृद्ध समाज निर्माण गर्ने लक्ष्यसहित अघि बढेको हाम्रो देशमा नागरिकका अभिलाषाहरूलाई सम्बोधन गर्न तीनै तहका सरकारहरू जिम्मेवार भएर लाग्नै पर्दछ । अबको विद्यालय शिक्षाबाट आम नेपाली नागरिकले गरेका मुख्य अपेक्षालाई निम्नानुसार सूचीबद्ध गर्न सकिन्छ,

- शिक्षा राज्यको प्रत्यक्ष जिम्मेवारीमा निशुल्क र गुणस्तरीय हुनुपर्छ । अंग्रेजीलाई आवश्यकताअनुसार पठनपाठनको माध्यम बनाउन सकिन्छ ।
- हरेक व्यक्तिमा लुकेर रहेको क्षमता र प्रतिभाको चौतर्फी विकास र विस्तार गर्दै, हरेक बालबालिकालाई जागृत, विवेकशील, अन्वेषणकारी, सहयोगी र समालोचक बनाउँदै, उनीहरूलाई समुदायमुखी, श्रमप्रेमी तथा हरेक हिसाबले सिर्जनशील र उत्पादनशील बनाउनुपर्दछ ।
- शिक्षाका माध्यमबाट बालबालिकाको नेतृत्व तथा व्यक्तित्व विकासको वातावरण निर्माण गरिनुपर्दछ ।
- बालबालिकाहरूलाई विश्वव्यापीरूपमा सोच्ने तर स्थानीय आवश्यकताका आधारमा काम गर्न सक्ने सोच, चिन्तन र ढंग विकास गर्न सहयोग पुऱ्याउनु शिक्षाको उद्देश्य बन्नुपर्दछ ।
- शिक्षामा प्रत्यक्ष लाभ वा मुनाफामुखी सोच नराखी सेवाको भावनाले योगदान गर्नुपर्दछ ।
- स्कूल, कलेज र विश्व विद्यालयहरु बेरोजगार उत्पादन गर्ने कारखाना हुनुहुँदैन, तिनका उत्पादनको संभावित रोजगारीको अवसर आंकलन गर्न सक्नुपर्छ । विद्यालयलाई पुस्तकालयसहित साधनसम्पन्न बनाउनुपर्दछ ।
- शिक्षालाई अनिवार्य गर्ने सन्दर्भमा आफ्ना छोरा/छोरीलाई स्कूल नपठाउने अभिभावकले राज्यका सुविधा नपाउने मात्रै होइन, दण्डित हुनुपर्ने कानून बन्नुपर्छ ।
- केही बर्ष अघिसम्म राज्यको कूल बजेटको १७% मा नघट्ने गरी शिक्षामा बजेट छुट्याउने गरिएको थियो । यो १० प्रतिशतको वरिपरी आउन थालेको छ । यसर्थ संघ, प्रदेश र स्थानीय तहले कम्तिमा २० प्रतिशत बजेट शिक्षामा छुट्याउनु पर्छ ।
- शिक्षाका लागि संकलन गरिएको करलाई शिक्षा क्षेत्रकै विकासका लागि खर्चिनु पर्दछ ।

स्थानीय सरकारको नीति तथा मापदण्डको आधारमा विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नको लागि योग्य र सक्षम प्रधानाध्यापक, क्रियाशील विद्यालय व्यवस्थापन समिति तथा सक्रिय शिक्षक अभिभावक संघको आवश्यकता हुन्छ । यसर्थ यी पदमा आउने व्यक्तिहरू सक्षमताको आधारमा पारदर्शी ढंगले चयन गरिनुपर्दछ । यसका साथै गुणस्तरीय शिक्षकबाट सिक्न पाउने विद्यार्थीको अधिकारलाई सुनिश्चित गर्नेमात्र होइन, व्यवहारिकरूपमा अनुभूति हुने गरेको दुईखाले शिक्षा पद्दतिलाई पनि अन्त्य गर्नुपर्दछ । परियोजनामा आधारित शिक्षण तथा सिकाइ प्रणालीलाई प्रयोग गर्नुका साथै शिक्षक तथा विद्यार्थी आचारसंहितालाई पूर्णरूपमा कार्यान्वयन गरिनुपर्दछ । निरन्तर मूल्याङ्कन तथा पृष्ठपोषणको प्रक्रियालाई कडाईका साथ पालना गर्नु तथा गराउनु पर्दछ ।

## विद्यालय सुशासनमा सरोकारवाला

विद्यालयमा सुशासनका कुरा गर्नु अघि सुशासन के हो भन्ने कुरा बुझ्न समिचीन हुन्छ । शाब्दिक रूपमा सुशासन भन्नाले राम्रो, उम्दो र असल शासन (Good governance) भन्ने बुझिन्छ । छिटो, छरितो, निष्पक्ष, सरल र कम लागतमा गुणस्तरीय सेवा सुविधा नागरिकमा पुऱ्याउने कार्यविधि नै सुशासन हो । 'शासन व्यक्तिको होइन, विधिको हुनुपर्दछ' भन्ने मान्यता नै सुशासनको मूल मर्म हो । समग्र कार्यशैलीलाई सकारात्मक सुधार गर्दै आम जनतामा पुऱ्याउनु पर्ने सेवा सुविधा (Service delivery) लाई प्रभावकारी पार्नु सुशासनको अहम् कडी हो । सहभागिताको दृष्टिकोणले खासगरी सरकारी, निजी, गैरसरकारी क्षेत्र र नागरिक समाजलाई पनि साथसाथै राज्य संचालनमा साझेदारी र सहकार्य कायम गर्ने रणनीति सुशासनको अवधारणाले लिएको हुन्छ । पारदर्शी, विधिसम्मत, सामाजिक न्यायको सिद्धान्तमा आधारित, सहभागितामूलक र जवाफदेहितापूर्ण सार्वजनिक व्यवस्थापनगर्नु सुशासनको औचित्य हो भन्नुमा अन्यथा हुंदैन । विद्यालय तथा शिक्षाको सन्दर्भमा पनि सुशासनको यहि अवधारणा लागू हुन्छ । राम्रो, जीवनउपयोगी, सार्थक, न्यायोचित, सामाजिक न्यायमा आधारित, वैज्ञानिक, समावेशी र समतामा आधारित शैक्षिक प्रणालीलाई नै स्तरीय वा असल शैक्षिक प्रणाली भन्न सकिन्छ । प्रभावकारी शैक्षिक प्रणालीले मात्र उम्दा शासनको आवस्यकतालाई सार्थक बनाउन सक्दछ ।

खासगरी शिक्षाक्षेत्रमा समयसापेक्ष, वैज्ञानिक र व्यवसायिक शैक्षिक पाठ्यक्रम, उपयुक्त खालका तथा आधारभूत भौतिक सुविधा उपलब्ध भएका शैक्षिक प्रतिष्ठानहरू, योग्य, अनुभवी र शिक्षणकलामा पारङ्गत जनशक्ति र निश्चित शैक्षिक/प्राज्ञिक मर्यादामा रहने विद्यार्थीहरूको संयोजन हुनसक्यो भनेमात्र शैक्षिक सुशासन कायम हुन सक्दछ । तर विडम्बना हामीले यस्तो खालको वातावरण बनाउन सकेका छैनौं या बनाउन नै चाहेका छैनौं । हामी 'कुराको न्यानो' गरेर आफैभित्र मात्र गौरवान्वित हुने, पुलकित हुने अहिले को अवस्था छ । वास्तवमा शैक्षिक क्षेत्र भनेको देशलाई सही दिशामा हाँक्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने कारखाना हो । तसर्थः यो कारखानाको समग्र वातावरण स्वच्छ, वातानुकुलित, विद्यार्थी/अभिभावकमैत्री र प्रदुषण रहित हुन जरूरी छ । कारखानाका मेशिनका पाटपुर्जा पुराना भएभने जसरी पूर्ण क्षमतामा उत्पादन लिन सकिंदैन, त्यसैगरी हाम्रा शैक्षिक अवयवहरू पुराना हुंदै र खिया लाग्दै जानुको परिणती हामीले केवल लाउरे, खेताला, बेइमान, हुतिहारा र कुरौटे जनशक्तिको मात्र उत्पादन गरिरहेका हुनेछौं । शैक्षिक कारखाना संचालकहरू र शिक्षकहरू पनि नैतिकवान, सत्चरित्रवान, इमान्दार र परीश्रमी हुन नितान्त जरूरी छ । शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, राष्ट्रिय परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो । यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्दा मात्र शैक्षिक सुशासनले स्थान पाउने सम्भावना हुन्छ ।

विद्यालयका सरोकारित पक्षहरू जस्तैः विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थी सबैले आ–आफ्नो जिम्मेवारी, भूमिका र दायित्वलाई नबुझिदिंदा विद्यालयभित्रको समग्र सुशासनको अवस्था अप्ठेरोमा परेको अवस्था देखिन्छ । बाहिर–बाहिर अरूलाई ठूलो स्वरमा आदर्शका कुरा फलाक्नेले आफैलाई कसीमा राख्न नसक्नु दुःखलाग्दो विषय हुन्छ । प्रतिकुलतालाई अनुकुलतामा र अप्ठेरोलाई सप्ठेरोमा बदल्न सिकाउनु पर्नेले आफै उल्टोकर्म गर्ने हो भने हामीले शिक्षा दिएका विद्यार्थीबाट के नयाँ कुरा अपेक्षा गर्न सकिन्छ ? आफ्नो योग्यता, क्षमता र पहुँचभन्दा बाहिरका कुरामा जोडबल गर्नु मुर्खता बाहेक केही हुनै सक्दैन । यस्ता प्रवृतिले अन्ततोगत्वा शैक्षिक अराजकताको सिर्जना गर्दछ । बुझ्नु पर्ने सत्य के हो भने जहाँ मनपरीतन्त्र हावी हुन्छ, त्यहाँ सुशासन हुनै सक्दैन । यसको सार्थक सन्देश के हो भने जहाँ सुशासन हुंदैन, त्यहाँ जवाफदेहिता हुंदैन र जहाँ जवाफदेहिता हुंदैन, त्यहाँको शैक्षिक अवस्था पनि अत्यन्त नाजुक र फितलो हुन्छ । तसर्थः हाम्रो मुलुकको कायापलट गर्न शैक्षिक क्षेत्रमा देखिएका विसंगति र असंगतिहरूलाई जरैबाट उखेलेर फाल्न र शैक्षिक सुशासन कायम गर्न जरूरी ठानिएको हो ।

## शिक्षामा भ्रष्टाचार, अनियमितता र बेथिति

हिजोआज पनि शिक्षा क्षेत्रमा तदर्थवाद, अनियमितता, अस्थिरता, अन्यौलता र अकर्मण्यता हावी भैरहेको भेटिन्छ । अनियमितताका विविध रूपले शिक्षा क्षेत्रलाई गाँजिरहेका छन् । विद्यालय तहदेखि शिक्षा मन्त्रालयसम्म नै अनियमितता रहेको कुरा पत्रपत्रिकामा दोहोऱ्याई तेहेऱ्याई आउने गरेका छन् । पाठ्यपुस्तक छपाइमा, ढुवानीमा, शिक्षक नियुक्तीमा, सरूवामा, दरबन्दी मिलानमा, विद्यार्थी भर्ना र शुल्कमा अनियमितता हुने गरेका कुरा सामान्य जस्तै भएको छ । यसका साथै भौतिक संरचना निर्माणमा, परीक्षा सञ्चालनमा, नतिजा प्रकाशनमा आर्थिक चलखेल हुने गरेको सुनिन्छ । सरकारले प्रतिविद्यार्थी भर्नामा दिने सहयोगको व्यापक दुरूपयोग भएको तथ्य बेलाबेलामा पत्रपत्रिकामार्फत आउने गरेकै हुन् । राज्यलाई अनिवार्य तिर्नुपर्ने करमा आनाकानी गरिएका विषयहरू पनि प्रसस्तै उठ्ने गरेकाछन् ।

काफ्ले र अन्यले उल्लेख गरेअनुसार शैक्षिक भ्रष्टाचार भन्नाले– 'शिक्षकले समयमा कक्षा नलिने, तोकिएको समयभन्दा पहिले नै कक्षाबाट निस्कने, गुणस्तरीय रूपमा विषयवस्तुलाई प्रस्तुत गर्न नसक्ने, आलटाल गर्ने, विषयवस्तु भन्दा अन्यत्र विषयमा गफ गर्ने, व्यक्तिगत प्रशंसा गर्ने, अध्ययनअनुसन्धानमा नलाग्ने, नयाँनयाँ शैक्षिक चुनौतीहरूको सामना नगर्ने, जिम्मेवारीबाट

पन्छने लगायतका पक्षहरू सामान्य शैक्षिक भ्रष्टाचार भित्र पर्छन् ।' वास्तवमा व्यवस्थापकीय तथा प्रशासकीय निकायबाट ढिलो निर्णय गर्नु, गरिएका निर्णय लागू नगर्नु वा फरक ढंगले कार्यान्वयन गर्नु र शैक्षिक सूचना लुकाउनु पनि शैक्षिक भ्रष्टाचारका नमूनाहरू हुन् । यस्ता कुराहरूले सुशासनका नाममा कुशासन र अनियमितालाई प्रश्रय दिइरहेका हुन्छन् ।

उनीहरू अगाडि भन्छन्– 'शैक्षिक तथ्याङ्कलाई गलत किसिमले प्रस्तुत गर्ने, लेखाप्रणालीलाई अद्यावधिक नगर्ने, प्रतिवद्धताको अभावका साथै सही रूपले तथ्याङ्क वा सूचना प्रवाह नगर्ने जस्ता कार्यहरू समेत अनियमितताभित्र पर्छन् । त्यसै गरी शैक्षिक भ्रष्टाचारभित्र रेकर्ड तथा सामानहरूलाई अव्यवस्थित रूपमा राख्ने, अनावश्यक रूपमा रेकर्डहरू फेर्ने, सूचना प्रवाहमा गलत तरिका अपनाउने, नियम कानुनलाई वास्ता नगरी मनपरी व्यवस्थापन कार्य गर्ने, कर्मचारी तथा शिक्षकहरू बीच सहयोगी भावनाको अभाव, आफ्नो काम कर्तव्यप्रति चासो नराख्ने, अनावश्यक रूपमा दक्षता प्रदर्शन गर्ने, जस्तैः योजना निर्माणमा अनावश्यक अगुवाइ गर्ने, प्रशासनिक कार्यमा चासो राख्ने, जीवनशैलीलाई तडकभडक देखाउने, जटिल आर्थिक कारोवारमा संलग्न हुने, आन्तरिक तथा महालेखा परीक्षणमा चासो नदेखाउने जस्ता कार्यहरू शैक्षिक भ्रष्टाचारका रूपमा लिइन्छ ।'

यसैगरी शिक्षकहरूले आफ्नो योग्यताको प्रमाणपत्र नदेखाउनु (ढाकछोप गर्नु), विद्यालयले कम तलबमा काम गराउनु, एकै समयमा धेरैतिरबाट आर्थिक सुविधा लिनु, उही समयमा विभिन्न ठाउँमा शिक्षण गर्नु र सोही विद्यार्थीलाई ट्युसन पढाउनु, बैठक समयमा नबोलाउनु, अरूका कुरा नसुन्नु, आफ्नाहरूलाई छात्रबृत्तिमा छनोट गर्नु आदि कार्यलाई पनि शैक्षिक कुशासनको अभ्यासभित्र राखिएको छ । विद्यालयको भौतिक सम्पत्तीलाई व्यक्तिगत फाइदाका लागि प्रयोग गर्नु, आफ्ना नजिकका व्यक्तिलाई नियुक्ती दिनु तथा थप सेवा सुविधा दिनु, कमसल सामान खरिद गरी बढी मूल्य देखाएर भुक्तानी लिनु, बिना जानकारी विद्यालयमा अनुपस्थित हुनु, उपस्थित भएर पनि पूरा समय नबस्नु, नआएको दिन हाजिर गर्नु, आफ्नो व्यक्तिगत कामका लागि भ्रमण गरेर विद्यालयबाट भुक्तानी लिनु आदि गतिविधिलाई पनि शैक्षिक कुशासन अन्तरगत समेटिएको देखिन्छ । यी र यस्ता प्रकृतिका अपारदर्शी र अनैतिक कार्यले शिक्षामा सुशासन कायम गर्ने ध्येयमा चुनौती खडा गरेको अवस्था छ ।

## सुशासनका निम्ति अबको दिशा

**सरकारको दायित्व** : जुन कुरालाई विद्यालय शिक्षाको सुशासनका बाधकका रूपमा परिभाषित गर्ने र बुझ्ने गरिएको छ, ति कुराहरूको सकारात्मक समाधान गरी कार्यान्वयनमा ल्याउने गरी योजनाबद्धरूपमा अघि बढ्ने हो भने अबको शैक्षिक मार्ग उज्यालो भएको देखिन्छ । बहुमतको सरकार बनेसँगै राजनैतिक स्थायित्वको अपेक्षासहित संबैधानिकरूपमा विद्यालय तहको शिक्षाको समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारहरूको हातमा आएकाले पनि विद्यालय शिक्षामा रूपान्तरणकारी कार्यको सुरुवात हुन्छ भनी विश्वास गर्न सकिन्छ । हामी सबैको अपेक्षा छ, अबको शिक्षा सुशासनका मूल्य र मान्यतामा आधारित, वैज्ञानिक तथा योजनावद्ध हुनेछ । यो रोजगारमूलक अर्थात प्राविधिक र व्याबसायिक खालको हुनेछ । बैज्ञानिक सुझबुझसहितको नैतिकवान, राष्ट्रिय हितप्रति समर्पित र विश्वस्तरमा प्रतिस्पर्धा गर्नसक्ने खालको सक्षम र दक्ष जनशक्ति तैयार पार्नु यो शिक्षाको मुख्य ध्येय हुनेछ । यसका लागि राज्यले शिक्षामा गरिआएको लगानी बढाउँदै लग्नेछ र शिक्षा क्षेत्रमा भइरहेको निजी लगानीलाई नियमन र ब्यवस्थापन गर्दै सेवामूलक बनाउनेछ । यसको तात्पर्य नेपालमा अबको शिक्षामा नाफामूलक निजी क्षेत्र भन्ने कुरा बाँकी रहने छैन । सम्पूर्ण शिक्षा सेवामूलक मात्र हुनेछ । हरेक विद्यालयहरू सुशासनका उल्लेख्य नमूना बन्न सक्नेछन् ।

अब तीनै तहका सरकार र राजनैतिक दलहरूले विद्यालय शिक्षा निःशुल्क हुने प्रावधान लागू गर्नुका साथसाथै सार्वजनिक विद्यालयको भौतिक संरचना, पाठ्यक्रममा सुधार, स्थानीय पाठ्यक्रमको प्रभावकारी

प्रयोग, शिक्षणको माध्यम भाषा, पाठ्यपुस्तकमा सुधार, सूचना प्रविधिको प्रयोग, आफ्ना विषयमा अब्बल ठहरिएका व्यक्तिलाई शिक्षकमा नियुक्ति, शिक्षण संस्थामा राजनीतिको प्रवेश निषेध गर्ने कुरामा प्रतिबद्धता जनाई कार्यान्वयन गर्नुपर्दछ । सरकारका निकायहरूले यी कुराको समन्वय गर्नुपर्दछ । विद्यालय शिक्षामा अपाङ्ग, छात्रा, जनजाति, दलित, विशेष आवश्यकता भएका व्यक्तिलगायत लक्षित समुदायको पहुँच सुनिश्चित गर्न आरक्षण, छात्रवृत्तिलगायत विकल्पहरूको विस्तार गरिनुपर्छ । स्थानीय सरकारहरूले शिक्षकलाई राजनीतिक रङ्गको आधारमा ब्यबहार नगर्ने र विद्यालयभित्र राजनैतिक क्रियाकलाप सञ्चालन गर्ने प्रचलनलाई कडाईका साथ नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्दछ र राजनीतिमा संलग्न शिक्षकलाई कारबाही गर्ने तथा राम्रो गर्ने शिक्षकलाई पुरस्कृत गर्ने परम्पराको थालनी गर्नुपर्दछ । विद्यार्थी केन्द्रित सिकाइ विधिमा जोड दिँदै शिक्षाको गुणस्तरमा सुधार ल्याउन न्यूनतम शैक्षिक वातावरणका मापदण्डहरू कार्यान्वयन गरिनुपर्ने कुरालाई दलहरूले आफ्नो प्रतिबद्धतामा समावेश गर्नुपर्दछ ।

शिक्षा मन्त्रालय, विभाग, प्रादेशिक निकाय, शिक्षा विकास तथा समन्वय इकाइ, विद्यालय निरीक्षक, स्रोत व्यक्तिजस्ता जिम्मेवार निकाय तथा व्यक्तिहरूले आ–आफ्नो निर्दिष्ट कामलाई जवाफदेहिताका साथ सम्पन्न गर्नुपर्दछ । अनुगमन, सुपरीवेक्षणका आधार मा आवश्यक पृष्ठपोषण दिने कामलाई व्यवस्थित र प्रभावकारी बनाइनुपर्दछ । स्रोत व्यक्तिहरू प्रशासकजस्ता नभएर स्रोत शिक्षकका रूपमा रहनुपर्दछ । जसरी मुहान धमिलो रहेसम्म धारामा सङ्लो पानी आउन सक्दैन, त्यसैगरी शिक्षाका उपल्ला निकायहरूले नै उदाहरणीय ढंगले सुशासनको अभ्यास अनिवार्य गरेको हुनुपर्दछ ।

शिक्षाको गुणस्तर सुधार्न राज्यले शिक्षकहरूको योग्यता र क्षमताअनुसारको सेवा सुविधा दिएर सम्मान गर्नुपर्दछ । चार–चार महिनामा तलब थाप्ने शिक्षक कुन दृढ मनोबलका साथ कक्षा कोठामा उपस्थित भएर पठनपाठन कार्यमा सरिक होला भन्ने अड्कल अब सरकारमा बसेकाहरूले गरिहाल्नु पर्दछ । विद्यालयको उन्नति र प्रगति शिक्षकहरूको क्रियाशीलतावाट मात्र सम्भव हुने हुँदा उनीहरूलाई उत्प्रेरित गरी मनोबल बढाउन स्थानीय तहका प्रमुख, उपप्रमुख, वडा अध्यक्षलगायतका नेतृत्वकर्ता व्यक्तिहरू सधैं प्रयत्नशील रहनुपर्छ ।

**विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको दायित्व** : विद्यालयमा व्यवस्थापन समितिले अविभावकीय भूमिका निर्वाह गर्नुपर्दछ, यसो गर्नका लागि स्थानीय सरकारले विव्यसलाई आवश्यक सहजीकरण गर्ने, क्षमता विकास गर्ने र उनीहरूको काम, कर्तव्य तथा अधिकार का बारेमा सजग र सतर्क गराउने कार्यक्रम ल्याउनु पर्दछ । विव्यसको नेतृत्वमा दूरदर्शिता हुनु आवश्यक हुन्छ । विद्यालयमा आर्थिक अनुशासनको अधिकतम पालना गर्ने र गराउने कुरामा चनाखो हुनुपर्दछ । विद्यालय सम्पत्तीको संरक्षण, सम्बर्द्धन, स्थानीय स्रोतको पहिचान तथा परिचालन, विद्यालय सेवाक्षेत्र भित्रका अभिभावक तथा अन्य संघसंस्थाहरू सँग रचनात्मक सहकार्य तथा समन्वयको वातावरण निर्माण गर्नका लागि विव्यस र शिअसंघले उल्लेख्य भूमिका निर्वाह गर्न सक्दछन् ।

अपांगता भएका, छात्रा, दलित र सिमान्तकृत समुदायका बालबालिकालाई उपयुक्त हुने विद्यालयका भौतिक संरचना निर्माण गर्ने, उनीहरूलाई उपयुक्त हुने पाठ्यसामग्री तयार गर्ने तथा उनीहरूमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको प्रभावकारी व्यवस्थापन विव्यसले गर्नुपर्दछ । विद्यालयमा बालमैत्री वातावरण स्थापना गरी भर्ना दर, विद्यार्थी उत्तीर्ण दरमा वृद्धि तथा पुनरावृत्ति दर र स्कूल छाड्ने दरलाई घटाउने प्रयास गर्नुपर्छ । विव्यसको सक्रियतामा समुदायलाई विद्यालयका प्रति जिम्मेवार बनाउने कार्यक्रम ल्याउनुपर्दछ । अभिभावकसँग विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकसँग प्रत्यक्ष सम्पर्क गरी गुनासो सुनुवाई गर्ने प्रयोजनका लागि टोलफ्रि नम्बरको व्यवस्था गर्न सकिन्छ भने 'हेलो प्रधानाध्यापक' हटलाईनको व्यवस्था गर्न पनि सकिन्छ । विव्यसले आवश्यकताअनुसार अभिभावक शिक्षा कार्यक्रम चलाउने व्यवस्था गर्नुपर्दछ । यसका लागि नियमित बैठकको आयोजना गर्ने, सार्वजनिक सुनुवाई कार्यक्रम राख्ने, विद्यालय परिसरमा गुनासो सुनुवाई वा सुझाव संकलन

पेटिकाको व्यवस्था गर्ने, पालो पद्दतिबाट विद्यालयको दैनिक अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाउने आदि गतिविधिमा विव्यसले आफ्नो सक्रियता बढाउनु पर्दछ ।

विद्यालय व्यवस्थापन समितिले शिक्षक अभिभावक संघसँगको सहकार्यमा विद्यालयका सूचनादेखि विद्यार्थी भर्ना, लगानी, शिक्षकको संख्या, योग्यता, शिक्षक विद्यार्थी अनुपात, भौतिक पक्ष, उपलब्धिल लगायतका पक्षहरु समावेश गरी विद्यालय परिसरमा सूचना पार्टी राख्ने व्यवस्था मिलाउनुपर्दछ । यसका साथै शिक्षा ऐनमा उल्लेख भएका काम तथा कर्तव्य र आफ्ना आचारसंहितालाई निष्ठाका साथ पूरा गर्नु पर्दछ । यसका साथै समय-समयमा स्थानीय सञ्चारमाध्यमका प्रतिनिधि तथा पत्रकारहरूको भेला गरी विद्यालयले सम्पादन गरेका शैक्षिक, भौतिक, सामाजिक तथा आर्थिक क्रियाकलापहरूको बारेमा पारदर्शी रूपबाट जानकारी सार्वजनिक गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

**प्रधानाध्यापकको दायित्व** : आफूभन्दा उपल्लो निकायसँग जवाफदेही तथा अभिभावक एवम् विद्यार्थीका प्रति उत्तर दायी अधिकार सम्पन्न प्रधानाध्यापक स्थापित गर्न नसकेमा सार्वजनिक विद्यालयको सुधार र सुशासन दुबै सम्भव देखिंदैन । शिक्षक तथा कर्मचारीको नियुक्ति, बढुवा, बर्खास्त, पुरस्कार जस्ता विषयमा प्रधानाध्यापकलाई अधिकार दिनुपर्छ र यसको नजिकैबाट अनुगमन गर्ने तथा आवश्यक सुझाव दिने काम स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिको तर्फबाट हुनु पर्दछ । विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कमजोर विद्यार्थीको सिकाइस्तर उकास्न अतिरिक्त कक्षा र मनोविमर्श सेवाको व्यवस्था गर्ने, शिक्षकको मनोबल उच्च राख्न आवश्यक परामर्श तथा सल्लाहसुझाव दिने, शिक्षण सिकाइमा सूचनाप्रविधिको प्रयोग र नियमित गृहकार्य जाँचको व्यवस्था गर्ने, अभिभावकलाई विद्यालयमा आउन र योग्यता पुगेका शिक्षकलाई थप पारिश्रमिक दिई माथिल्लो कक्षामा जान उत्प्रेरित गर्ने, सार्वजनिक विदाका वेला पनि पठनपाठन गर्ने व्यवस्था प्रधानाध्यापकले गर्नुपर्दछ ।

सबै तहका शिक्षकहरूको क्षमता अभिवृद्धिगर्न तालिमका अबसरहरू प्रदान गर्ने कुरामा प्रधानाध्यापकबाट निश्पक्षता कायम हुनुपर्दछ । यसका साथै विद्यालयको बार्षिक आयव्ययलाई चुस्तदुरूस्त राख्ने, विद्यार्थी र शिक्षक–कर्मचारी संख्या खुल्नेलगायतका विषयवस्तु समावेश गरी विद्यालय बडापत्र सार्वजनिक गर्ने, तोकिएको समयमा सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने, समयमा परीक्षा सञ्चालन र नतिजा सार्वजनिक गर्ने, आयव्ययको सार्वजनिक गर्ने, शिक्षक-कर्मचारीलाई कतर्व्यपरायण बनाउने, शिक्षक-विद्यार्थी अनुशासन कायम गर्ने, नेपाल सरकारका शिक्षा सम्बद्ध सरोकारवाला निकायहरूसँग निरन्तर सम्पर्क तथा समन्वयमा रहने, उपल्लो निकायमा पठाउनुपर्ने प्रतिवेदन तथा तथ्यांकहरू अद्यावधिक गरी समयमा नै पठाउने आदि काममा प्रधानाध्यापकले आफूलाई अभ्यस्त गराउन सक्ने हो भने विद्यालय सुशासनका धेरै पाटाहरू संबोधित हुँदै जान्छन् ।

प्रधानाध्यापक एउटा कुशल प्रशासक, व्यवस्थापक, समन्वयकर्ता, द्वन्द्व समाधानकर्ता र शैक्षिक अगुवाकारूपमा स्थापित हुनुपर्दछ । विद्यालय सम्बद्ध सुचनाहरू प्रवाह गर्नका लागि योग्य शिक्षकलाई सुचना अधिकारीका रूपमा नियुक्त गरी जिम्मेवारी प्रदान गर्ने र कामको अनुगमन गर्नुपर्दछ । यसबाहेक प्रधानाध्यापकको नेतृत्वमा सूचना प्रविधिको प्रयोग गरेर प्रणालीबद्ध किसिमले विद्यालय शिक्षासम्बद्ध तथ्यांकलाई एकीकृत गर्ने, विश्लेषण गर्ने, प्रकाशन प्रसारण गर्ने कार्य गरेमा यसले विद्यालय सुशासनको प्रमुख आधारशीलाहरु क्रमशः उत्तरदायित्व, पारदर्शिता र जवाफदेहितालगायतका पक्षलाई अभिवृद्धि गर्न सहयोग पुग्ने देखिन्छ ।

**शिक्षकको दायित्व** : हामी सबैले बुझेका छौ कि विद्यालय शिक्षा सुधारको मुख्य कुँजी नै शिक्षक हुन् । शिक्षकहरुको सहभागिताबिना शैक्षिक सुधार गर्न सकिँदैन । बरू शिक्षकले आफूलाई जागिरेमात्र सोच्नु हुँदैन । राजनैतिक दलको फेरो समातेर पदोन्नती, पुरस्कार वा अन्य अवसरहरू खोज्ने पुरानो शैलीलाई एउटा असल शिक्षकले चटक्कै छोड्नु पर्छ र कक्षाकोठा तथा विद्यार्थीमै आफूलाई समर्पित गर्नु जरूरी छ । मूलतः शिक्षक शिक्षकजस्ता नै हुनुपर्छ । शिक्षकले प्रअको

निर्देशन तथा समन्वयमा पठनपाठन क्रियाकलापलाई अघि बढाउनुका अलवा विद्यार्थीको मूल्यांकनलाई पारदर्शी र निष्पक्ष ढंगले सम्पादन गर्नुपर्दछ । शिक्षकले नियमित विद्यालयमा उपस्थित हुने र कक्षाकोठामा पूरा समय बिताई विद्यार्थीहरूको मनोविज्ञान बुझी पठनपाठन गर्ने हो भने विद्यालय सुशासनको अवस्था आधा सुधार हुने कुरामा शंका गर्ने ठाउँ रहँदैन ।

गुणस्तरीय शिक्षाको लागि गुणस्तरीय शिक्षकको आवश्यकता हुन्छ भन्ने तथ्यमा विवाद छैन । शिक्षकले चाहेमा मात्र विद्यालयीय शिक्षा सुधार हुनसक्छ । एउटा आदर्श, दक्ष एवम् विषयविज्ञ शिक्षकसँग के सिकाउने, कसरी सिकाउने, किन सिकाउने र कहिले सिकाउने भन्ने दक्षता/क्षमता हुनुपर्दछ । विद्यार्थीलाई पढाउने भन्दा पनि विद्यार्थीलाई पढ्ने शिक्षक हुनुपर्दछ । उसले आफूले पाएको तालिमलाई कक्षाकोठामा पुऱ्याउनुपर्छ । सिङ्गो राजनीतिक व्यवस्था फेरिएसँगै शिक्षकको अध्ययनअध्यापन सीपमा पनि बदलाव आउनु पर्दछ । ऊ सूचनाप्रविधिको जानकार हुनुपर्दछ भने आफूलाई शिक्षण सिकाइ क्रियाकलापको सहजकर्ता तथा उत्प्रेरकका रूपमा विकास गर्नुपर्दछ । एउटा असल शिक्षकले व्यक्तिगत जीवनमा पनि सुशासनको अभ्यास सकारात्मक ढंगले सम्पादन गरिरहेको हुनुपर्दछ ।

**विद्यार्थीको दायित्व** : विद्यार्थी विद्यालयका प्रधान सरोकारवाला र प्रज्वलित गहना हुन् । जिज्ञासु, मेहेनती, जेहेन्दार, अनुशासित र लगनशील विद्यार्थीले सुशोभित विद्यालयमात्र आदर्श र सुशासनयुक्त विद्यालय बन्न सक्दछ । शिक्षा हासिल गर्ने व्यक्ति सौम्य, शान्त र धैर्यवान हुन आवश्यक छ किनभने अहंकार, क्रोध, रोग र आलश्यले शिक्षा प्राप्त हुंदैन । शिक्षार्थीले गुरू, पिता, माता र आफन्तजनको यथोचित आदर, कदर गर्न सिक्नु पर्दछ । गुरू भनेका मैनबत्ती जस्तै हुन्, जो आफू जलेर अरूलाई उज्यालो दिन्छन् भन्ने सत्यतालाई भुल्नु हुंदैन । विद्यार्थीले बुझ्न आवस्यक छ कि बुद्धि, विचार र तर्क गर्न सक्ने क्षमता विकास गर्नु मात्र शिक्षाको दायित्व होइन र हुनुहुंदैन । तसर्थ विद्यार्थीले सिकाइ प्रक्रियाका सँगसँगै आफ्नो आनीबानी, चरित्र, व्यवहार र आचरणमा पनि रूपान्तरण गर्न जरूरी हुन्छ । विद्यालयमा प्राप्त गर्ने शिक्षाले हरेक विद्यार्थीमा सामाजिक सौहार्दता, भाइचारा, सहिष्णुता र प्रेमको आदर्श आलोकित हुनुपर्छ । यसो भएमा मात्र विद्यालय र विद्यार्थी समाज तथा राष्ट्रका लागि सुशासनको उदाहरणका रूपमा स्थापित हुन सक्दछन् ।

विद्यालयका नीति नियम तथा मूल्य मान्यताको उलंघन गर्नु, शिक्षकलाई नटेर्नु, हेप्नु, होच्याउनु, अपमानित गर्नु र वेवास्ता गर्नु विद्यार्थीको गुण हुनै सक्दैन । विद्यार्थीले आचार्यदेवो भव, मातृदेवो भव र पितृदेवो भवको मर्मलाई पलपलमा कार्यान्वयन गर्नुपर्दछ । आफ्ना अभिभावक, मान्यजन र आफन्तजनको विश्वासमा कुठाराघात हुने कुनै पनि व्यवहार र गतिविधि नगरी कसरी सिकाइलाई उपलब्धीपूर्ण बनाउने भनेर विद्यार्थीले लागिरहनुपर्दछ । विद्यालय विद्याको मन्दिर भएका कारणले त्यसको सम्पत्तीको रक्षा, जगेर्ना र सही सदुपयोग गर्नु र गर्न लगाउनु पनि विद्यार्थीको दायित्वको विषय हो । यति मात्र होइन कक्षाकोठामा शिक्षकको पठनपाठन प्रतिको लगाव के कस्तो छ भनी जाँच्ने पहिलो कर्ता विद्यार्थी नै हो, विद्यार्थीमार्फत उत्कृष्ट शिक्षकको छनोट गर्ने बागलुङ जिल्लाको एक विद्यालयको अभ्यासलाई सुशासनका दृष्टिले सकारात्मकरूपमा लिन सकिन्छ । विद्यार्थीले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा भाग लिने, अन्य अतिरिक्त क्रियाकलापहरूमा सहभागी हुने र बैठकमा लिइएको निर्णयहरूको कार्यान्वयनको अवस्थाका बारेमा जायजा लिई भैरहेको प्रगतिप्रति चासो मात्र राख्ने हो भने पनि विद्यालयको आन्तरिक सुशासन सही दिशामा जान मद्दत पुग्छ ।

**अभिभावकको दायित्व** : खासगरी सार्वजनिक विद्यालयका अभिभावकहरूले आफ्ना बालबालिकाले पढ्ने विद्यालयका प्रति धेरै चासो राख्दैनन् भन्ने गुनासो सुन्ने गरिन्छ । तसर्थ अभिभावकले बालबालिकालाई विद्यालयमा भर्ना गर्ने र उनीहरूको बार्षिक परीक्षाको नतिजामा वास्ता गर्ने कुराले मात्र विद्यालयप्रतिको दायित्व पूरा हुँदैन भन्ने कुरा बुझ्नु पर्दछ । विद्यालयको आर्थिक, प्रशासनिक, व्यवस्थापकीय र शैक्षिणिक गतिविधिका बारेमा अभिभावकले नजिकबाट दृष्टि पुऱ्याउने हो भने

विद्यालयमा धेरै कुराहरू सुधार भएर आउन सक्ने सम्भावना हुन्छ र सुशासन प्रत्याभूत हुन सक्छ ।

शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक–अभिभावक संघका पदाधिकारी, अभिभावक जे जस्ता हुनुपर्दथ्यो, त्यस्ता नभएर मालिक र प्रशासकजस्ता मात्र भएकाले पनि शिक्षा धमिलो हुन पुगेको हो भन्ने गरिन्छ । यो गुनासोलाई सकारात्मक ढंगले संबोधन गर्न अभिभावकहरूले विद्यालय र त्यहाँ हुने सबैजसो गतिविधीहरूमा ध्यान पुऱ्याउनु पर्दछ । विद्यालयका प्रति अभिभावकको लगाव बढ्नु भनेको विद्यालय समाजको सम्पत्ती हो भन्ने मान्यता स्थापित हुनु हो । अभिभावक र समुदायले धार्मिक तथा साँस्कृतिक चाड्पर्वका नाममा अनावश्यकरूपमा विद्यालय परिसर, भवन र साधन स्रोत प्रयोग नगरिदिने हो र निर्वाधरूपमा कक्षा सञ्चालन हुने वातावरण उपलब्ध गराउन सहयोग गरिदिने हो भने विद्यालयले उत्कृष्ठ नतिजा दिने कुरामा शंका गर्न सकिंदैन ।

अभिभावकले त पढौं पढौं र सिकौं सिकौं लाग्ने घर को वातावरण निर्माण गरेर पनि विद्यालयलाई सहयोग गर्न सक्ने अवस्था देखिन्छ । खासगरी बालबालिकालाई नकारात्मक असर पर्ने खालका व्यवहार नगरी सभ्य, शिष्ट, प्रेमिल र वात्साल्यपूर्ण घरेलु वातावरण निर्माण गरिदिने हो भने बच्चाले प्रथम पाठशालाको रूपमा रहेको आफ्नो घरबाट नै धेरै कुरा सिक्न सक्छ, जुन कुरा विद्यालयका लागि सकारात्मक योगदान हुन सक्दछ । एकैछिन सोचौं न, गरिबी, बाबु–आमा बीचको किचलो एवं झै–झगडा, छिमेकीसँगको कटुतापूर्ण सम्बन्ध र पछौटेपनलाई नजिकबाट भोग्दै गरेको बालकले कसरी कक्षाकोठामा बसेर ढुक्कले सिक्न सक्ला ?

विद्यालयमा अभिभावकको पहुच सहज र सरल प्रकृत्तिको हुनुपर्दछ । संसारभर शिक्षाको सम्बन्धमा नागरिकको सूचनाको पहुँचले विद्यालयको सर्वाङ्गीण विकासमा उल्लेख्य भूमिका निर्वाह गरेको उदाहरण पाइन्छ । शिक्षामा भ्रष्टाचार रोक्न, शिक्षालाई प्रभावकारी बनाउन, पारदर्शिता, जवाफदेहिता र जिम्मेवार बनाउँदै सुशासन कायम राख्न सूचनाको पहुँच नै आधारस्तम्भ हो । तसर्थ विद्यालयले अभिभावकसहित सबै सरोकारवालाहरूलाई आवश्यक सुचना र जानकारी दिनका लागि आवश्यक प्रवन्ध मिलाउनु पर्दछ । अभिभावकले पनि आफ्ना नानीबाबुले पढ्ने विद्यालयका बारेमा सोधीखोजी र चासो राखिरहनुपर्दछ ।

**राजनैतिक दलको दायित्व** : विद्यालयमा उपयुक्त पठनपाठनको वातावरण बहाली गर्न बाधक बनेको भनेर धेरैले राजनैतिक दल र तिनका भातृ संगठनहरू तर्फ औंला ठड्याएको अवस्था छ । तसर्थ जिम्मेवार राजनैतिक दलहरूले विद्यालयमा कुनै पनि बहानामा राजनैतिक हस्तक्षेप नगर्ने र आफ्ना भगिनी संगठनहरूलाई पनि विद्यालयमा राजनीति गर्न हेतु छिर्न नदिने प्रतिवद्धता सार्वजनिक रूपमा गर्न र त्यसको कार्यान्वयन गरेर देखाउन आवश्यक छ । विद्यालय र बालबालिकालाई शान्तिक्षेत्रका रूपमा विकास गर्ने भन्ने दलीय प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्दछ । शिक्षाको माध्यमबाट समाज र राष्ट्रको सेवा गर्न चाहनेहरूले विद्यालय परिसर छिर्नुअघि आफ्नो राजनैतिक आग्रह वा विश्वासको जुत्ता विद्यालय बाहिरै राखेर जाने आँट गर्ने हो भने धेरै हदसम्म सकारात्मक वातावरण बन्न सक्ने परिस्थिति रहन्छ ।

सहभागिता, समावेशिता, सामाजिक न्याय, पारदर्शिता, जवाफदेहिता र लोकतान्त्रिक अभ्याससहितका शुक्ष्म कार्यहरूमा विद्यालयलाई उत्कृष्ठ बनाउन राजनैतिक दलहरूले सहयोग गर्न आवश्यक छ । यसो हुन सकेमा विद्यालयहरू राम्रोसँग सञ्चालन हुन सक्दछन् । प्रधानाध्यापकले अमूक राजनैतिक दलको नेतालाई सोधेर विद्यालयको बारेमा निर्णय गर्नुपर्ने अवस्थाको अन्त्य गर्न राजनैतिक दलले सार्वजनिक प्रतिबद्धता प्रकट गरी विद्यालयमा कुनै पनि बहानामा दलीय हस्तक्षेप गरिने छैन भन्ने कुराको सुनिश्चित गर्नुपर्दछ ।

## विद्यालयमा सुशासनका पूर्वशर्त

- आधुनिक सुविधा सहितको भौतिक–शैक्षिक संरचना हुनुपर्दछ ।
- उचित आकारको या धान्न सकिने खालको विद्यार्थी संख्या हुनुपर्दछ ।
- निश्चित योग्यता पूरा गरेका, तालिम प्राप्त र दक्ष शिक्षक/प्रधानाध्यापक तथा तिनको कुशल नेतृत्व हुनुपर्दछ ।
- वैज्ञानिक, व्यवहारिक र गुणस्तरीय शिक्षा प्रणालीलाई अवलम्बन गरेको हुनुपर्दछ ।
- शैक्षिक प्रतिष्ठानका हरेक क्रियाकलाप पारदर्शितामा आधारित हुनुपर्दछ ।
- शैक्षणिक कार्यमा सम्लग्न जनशक्तिको शैक्षिक वृत्तिविकास तथा पेशाको सुनिश्चितता गरिएको हुनुपर्दछ ।
- शिक्षालयभित्र प्राज्ञिक वातावरण कायम राख्न नियमित तालिम, गोष्ठी, सेमिनार र बैठकहरूको आयोजना हुनुपर्दछ ।
- बाहिरबाट प्राप्त हुने अवसरहरूमा सबैले मौका पाउने कुरालाई सुनिश्चित गरिनु पर्दछ ।
- गुण दोषका आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनु पर्दछ ।
- शैक्षिक क्षेत्रको मर्म बुझेका अनुभवी व्यक्तिहरू सम्मिलित भएको व्यवस्थापन समिति हुनुपर्दछ ।
- व्यवस्थापन समितिले आफूले सम्पादन गरेका गतिविधिको जवाफदेही आफै हुनुपर्दछ ।
- व्यवस्थापन समितिले नियमित एवं प्रभावकारी रूपमा शैक्षिक कार्यको अनुगमन गर्ने तथा आवश्यक सुझाव प्रस्तुत गर्नुपर्दछ ।
- शैक्षिक प्रतिष्ठान (विद्यालय)को समग्र जीवनमा विधिको शासन (Rule of Law) प्रणालीलाई पारदर्शी ढंगले सुनिश्चित गरिएको हुनुपर्दछ ।
- विद्यार्थीहरूलाई दिइने शिक्षा तथा अन्य अवसरहरू एवं सुविधाहरू पूर्ण गुणस्तरीय र पक्षपातरहित हुनुपर्दछ ।
- व्यवस्थापन समितिको आफ्नो नीति निर्माण प्रक्रिया खुला र पारदर्शी हुनुपर्दछ ।
- व्यवस्थापन समितिको सांगठनिक संरचना समावेशी हुनुपर्दछ ।
- शिक्षालयको सर्वतोमुखी विकासलाई सघाउन तथा आवश्यक सल्लाह दिन उच्च शैक्षिक प्रमाणपत्र हासिल गरेका व्यक्तिहरूको संलग्नतामा एक सल्लाहकार समितिको चयन गरी क्रियाशील गराउनु पर्दछ ।
- शैक्षिक प्रतिष्ठानले शैक्षिक अधिकार र भ्रष्टाचार मुक्त शैलीको प्रत्याभूति गरेको हुनुपर्दछ ।
- स्वच्छ, पारदर्शी, विवेकी, ज्ञानी एवं सबैलाई मिलाएर लानसक्ने नेतृत्व (प्रअ)को अगुवाई हुनुपर्दछ ।
- कुशल व्यवस्थापन सहित उच्च गुणस्तरको शैक्षिक प्रतिफलमुखी सामूहिक प्रयास हुनुपर्दछ ।
- विद्यार्थी, शिक्षक र कर्मचारीका बीचमा भिन्दाभिन्दै स्वच्छ प्रतिष्पर्धात्मक वातावरण बनाइनु पर्दछ ।
- आफू बलेर अरूलाई उज्यालो छर्ने शिक्षकहरू इमान्दारीपूर्वक बल्ने र थप उज्यालो पार्ने वातावरण बनाइनु पर्दछ ।
- शैक्षिक प्रतिष्ठानको दीगो विकासका लागि स्थानीय क्षमता अभिबृद्धिलाई जोड दिइनु पर्दछ ।
- शैक्षिक प्रतिष्ठानको हरेक तहमा नैतिक आचरण र जिम्मेवारीलाई आत्मसाथ गर्नुपर्दछ ।
- शिक्षार्थीको समावेशीकरणमा चालाखीपूर्ण ध्यान पुर्‍याइनु पर्दछ ।
- शिक्षा सबैको अधिकार हो भन्ने कुरालाई कडाइका साथ पालन गरिनु पर्दछ ।
- विद्यालयलाई विशुद्ध शैक्षिक केन्द्रका रूपमा विकास गर्ने रणनीति हुनुपर्दछ र राजनैतिक हस्तक्षेपलाई निरूत्साहित गरिनु पर्दछ ।
- अध्यापन कार्यमा लागेका शिक्षकहरूको उत्साह एवं पठनपाठनमा जाँगरिलो वातावरण सिर्जना गर्नको लागि भेदभावरहित व्यवहारको सुनिश्चितता गरिनुपर्दछ ।
- शैक्षिक प्रतिष्ठानको बृहत्तर हितका लागि शिक्षक, अभिभावक र व्यवस्थापन समितिकाबीचमा जीवन्त सम्बन्धको स्थापना गर्न नीतिगत प्रावधानहरू तैयार गरिनुपर्दछ ।
- पाठ्यक्रमको स्थानीयकरण (Localization) र भूस्थानीयकरण (Glocalization) गर्नुपर्दछ ।

कुनैपनि संघसंस्था, कार्यालय वा विद्यालयका लागि सुशासन भनेको गफ गर्ने विषय नभइकन व्यवहारमा उतार्ने कुरा हो । नीतिगत, कानूनी र प्रक्रियागत सुधार गरी सोको पालनाबाट मात्रै सुशासन प्रवद्धन हुन सक्दछ । वर्तमान स्थितिमा शैक्षिक क्षेत्रको संरचनागत र व्यवहारिक अभ्यासको ढाँचा र ढंगमा तलदेखि माथिसम्म नै आमूल सुधारबाट मात्रै सुशासन स्थापित हुन सक्ने देखिन्छ । अहिलेकै अवस्थामा पनि गर्न सकिने थुप्रै सम्भावनाहरू छन् तर पदमा बस्ने व्यक्तिहरूको अकर्मण्यता र सुझबुझको कमीका कारणले गर्न सक्ने जति पनि काम हुन सकेको छैन भन्ने सर्वत्र गुनासो छ । आफ्ना मानिसका लागि जे पनि गर्न तैयार हुने र नियम कानुनलाई मिच्ने कार्यशैलीले देशका हरेक क्षेत्रमा पीडा दिएझै शिक्षा क्षेत्रपनि पीडित बनिरहेको छ । कतिपय अवस्थामा व्यक्तिको अहम, दम्भ र गलत प्रवृतिले गर्दा सुशासनलाई आत्मसाथ गर्न कठिनाई भइरहेको महशुस गर्ने गरिएको छ । वस्तुतः हरेक विद्यालयमा सुशासन स्थापनाका लागि एउटा निर्दिष्ट राष्ट्रिय शैक्षिक चरित्र निमार्ण गर्नु आजको आवश्यकता बनेको छ ।

## विद्यालय सुशासनका चुनौती

- दिने र लिनेका बीचको खाडल,
- शैक्षिक अनियमितता वा पारदर्शिताको कमी (पुस्तक छपाई, वितरण, शुल्क, पीसीएफ, समाजिक लेखापरीक्षण, पुरस्कार र दण्डको व्यवस्था),
- गैरजिम्मेवार शिक्षक (छल्ने प्रवृत्ति, बृत्ति विकासको अभाव, सेवा सुविधाको न्यूनता, राजनैतिक आवद्धता, तालिमको कमी),
- अस्थायी, करार र आंशिकलगायतका धेरैथरी शिक्षक/कर्मचारी,
- जीवनोपयोगी, उत्पादनसँग जोड्ने तथा प्राविधिक शिक्षाको अभाव,
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा राजनीतिकरण/दलीयकरण,
- पर्याप्त भौतिक सेवा सुविधाको कमी (कम्प्युटर ल्याव, विज्ञान ल्याव, पुस्तकालय, खेल मैदान आदि),
- प्रतिकुल बाह्य सामाजिक वातावरण (अराजकता, दण्डहीनता, कानूनी राजको अभाव)
- विद्यार्थीहरूमा बढ्दै गएको अनुशासनहीनता, छाडापन र अध्ययनप्रतिको वेवास्ता,
- सदरमुकाम/सहर-बजार/दूरदराजमा रहनुको पीडा (अनावस्यक विदा, अशैक्षिक कार्यक्रमहरू, परीक्षा, जुलुश, आन्दोलन आदि),

## शैक्षिक क्षेत्रमा सुशासनका लागि सहयोगी आधार

- सार्वजनिक सचेतना र समुदायको होशियारी,
- उच्च इमान्दारिता र निष्ठामा आधारित सर्तकता,
- पदीय दायित्वको उच्च सम्मान र विधिको शासन,
- बृत्ति विकासका लागि प्रोत्साहन र यथोचित वातावरण,
- व्यभिचार, भ्रष्टाचार र गलत संस्कार विरोधी कार्यक्रमिक रणनीति तैयारी,
- व्यापक जनसहभागिता र परिचालन,
- निगरानीको (Watch Dog) संस्थागत व्यवस्थापन,
- सरोकारवाला पक्षका बीच स्वतन्त्र र पारदर्शी दोहोरो संचार प्रणाली,
- जवाफदेहिता र उत्तरदायित्व,
- नियन्त्रण नभई नियमनको सुनिश्चितता,
- शैक्षिक व्यवस्थापन सूचना संयन्त्र (Education Management Information System) को स्थापना र सञ्चालन,

## यसो गरे कसो होला ?

देशको शिक्षाको चरित्र व्यवहारिक, वैज्ञानिक, सुशासनमा आधारित र जनमुखी हुनुपर्ने कुरामा सबैको सहमति देखिन्छ । सहस्राब्दी विकास लक्ष्य, सबैका लागि शिक्षा हुँदै दीगो विकास लक्ष्यले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि शिक्षा आधारभूत आवश्यकता हो । आधारभूत शिक्षाका लागि आवश्यक प्रावधान र संरचना खडा गर्ने मूल दायित्व राज्यको हो । मूलतः शिक्षा सबैका लागि समान हुनुपर्दछ र यो सीमित वर्गको

पहुँचको विषय मात्र बन्नु हुँदैन । तर राज्यले शिक्षालाई यथोचित ध्यान दिन नसक्दा यसको अनियन्त्रित वस्तुकरण र बजारीकरण भैरहेको वर्तमान स्थिति छ । पछिल्लो समयमा समतामूलक शिक्षा प्रणाली एवं शिक्षाको गुणस्तरीयताबारे विश्वभर छलफल भइरहेको अवस्था छ । हाम्रा राजनैतिक दलहरूले पनि आफ्ना चुनावी घोषणापत्रमार्फत शिक्षाकाप्रति धेरैथोरै आफ्ना प्रतिबद्धताहरू जनाएका छन् । संवैधानिकरूपमा स्थानीय सरकारका हातमा विद्यालय व्यवस्थापनको जिम्मेवारी सरिसकेको छ ।

यद्यपि, अबको शिक्षाको बाटो सजिलो छैन र ज्यादै कठिन पनि छैन । शिक्षामा सुधारका लागि सरोकारित व्यक्तिको आचरण, संस्कार, बानी व्यहोरामा परिवर्तन ल्याउनु पर्छ । शिक्षा र विद्यालयका सरोकारवालाहरूको दृष्टिकोण, आचरण, संस्कार र व्यवहारमा अलिकतिमात्र परिवर्तन गरेर इमान्दारीपूर्वक काममा खटिने हो भने विद्यालय शिक्षामा अपरिहार्य ठानिएको सुशासनसहितको आमूल परिवर्तन सम्भव छ र सम्भव बनाउनु पनि पर्दछ । सत्यम्-शिवम्-सुन्दरम्को भावगाम्भीर्यले ओतप्रोत असल संस्कारयुक्त सभ्य समाज नै अन्ततोगत्वा समृद्ध समाज हुन्छ र त्यहाँका निवासी सुखी हुन सक्दछन् । हाम्रो सन्दर्भमा पनि समाजवादउन्मूख नेपाल सिर्जना गर्ने लक्ष्यका साथ अघि बढिरहेको अवस्थामा समृद्ध नेपाल र सुखी नेपालीको नारालाई सार्थक बनाउनका लागि पनि मौजुदा शिक्षा पद्दतिलाई व्यवस्थित गर्नै पर्नेछ ।

नागरिकलाई विवेकशील, उद्यमी, नवीन सोचयुक्त, सिर्जनशील, सेवक र हितकारी चरित्रयुक्त, सदाचार, संस्कारयुक्त र सभ्य नबनाउँदासम्म वास्तविक समृद्धि सम्भव छैन । नागरिक कस्तो बनाउने ? समाज कस्तो बनाउने ? र राष्ट्र कस्तो बनाउने ? भन्ने प्रश्नको जिम्मेवार आधारशीला शिक्षा मात्रै हो । अबको शिक्षा जीवनोपयोगी, श्रमको सम्मान गर्ने, सीपमूलक, रोजगार मूलक, बैज्ञानिक, प्रविधियुक्त, व्यवसायिक, बजारको मागअनुरूपको, गरिखान सक्ने र गुणस्तरीय हुनपर्दछ भन्ने कुरामा कुनै विवाद छैन । गुणस्तरको मापन समय सन्दर्भले फरक-फरक हुन सक्दछ । सरकार, सरकारका शिक्षा हेर्ने निकायहरू, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यार्थीलगायतका पक्षहरू आ-आफ्नो भूमिकामा तल्लीनभै खट्ने हो भने विद्यालय शिक्षाले अपेक्षाकृत तरक्की गर्न नसक्ने भन्ने हुँदैन ।

अरू देशहरूको उदाहरणबाट पनि हामी निश्कर्ष निकाल्न सक्दछौं कि मुलुक बनाउने त्यहीँका नागरिकले हो, अहिले हामी धेरै हिसाबले अनुकुल परिस्थितिमा छौं तसर्थ आँट गरेर विद्यालय तहदेखि नै शिक्षा प्रणालीमा आमूल परिवर्तन गरेर जानै पर्दछ । यसका लागि संघ, प्रदेश र स्थानीय तहले शिक्षाका क्षेत्रमा तर्जुमा गर्ने नीति र निर्माण गर्ने ऐनमा न्यूनतम मापदण्डमा एकरूपता कायम गर्नुपर्छ । कृषि, पर्यटन, स्वास्थ्यसेवा, प्राविधिकसेवा, खनिज, उद्योग, पर्वतारोहण, जल-वायु-सौर्य ऊर्जा, सूचनाप्रविधि, पशुपालन, फलफूलखेती, जडिबुटीखेती, जैविक विविधता, पुनर्निर्माण, विविध विषयका अध्ययन अनुसन्धान, सेवाक्षेत्रलगायतका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्ने गरी हाम्रो शिक्षालाई व्यवस्थित गर्नुको विकल्प छैन । विद्यालय तहबाट नै प्राविधिक ज्ञानसहितको जनशक्ति तयार गरी उच्चस्तरको, नैतिकवान, आत्मनिर्भर, समालोचनात्मक चेत भएको, सिर्जनशील, अनुशासित, वैज्ञानिक सोच र बहुजन हिताय:बहुजन सुखायको आदर्शबाट अभिप्रेरित जनशक्तिबाट देशको कायापलट गर्ने सोच सम्बन्धित सरोकारवालामा आउनु आजको खाँचोको रूपमा देखिएको छ ।

शिक्षालाई मानव विकासको इन्जिनको रूपमा मान्ने गरिन्छ । तसर्थ सबैका लागि शिक्षाका पहलहरूमा मात्र केन्द्रीत नभै सबैका लागि गुणात्मक शिक्षामा अबका गतिविधिहरू केन्द्रीत हुनुपर्दछ । विद्यालयका कक्षाकोठाहरू बहुमुखी सिकाइका थलोका रूपमा विकास गरिनु पर्दछ । यसका लागि हाम्रो शैक्षिक प्रणालीलाई दलीय राजनीतिबाट मुक्त राख्न जरूरी छ । नेपालको समग्र शैक्षिक सुधारका लागि शिक्षा क्षेत्रमा अराजनीतिकरण प्राथमिक खाँचोको विषय हो । विद्यालय र बालबालिकालाई शान्तिक्षेत्रका रूपमा मान्न सबै राजनैतिकदलहरू र सिङ्गो नागरिक समाज तयार

हुनुपर्दछ र सोही अनुरूपको व्यवहार पनि देखाउनुपर्दछ । मुलुकले सार्वजनिक शिक्षाका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेका प्रतिबद्धता, विद्यालय क्षेत्र विकास कार्यक्रमले निर्दिष्ट गरेको मार्गचित्र, दीगो विकास लक्ष्यले परिलक्षित गरेको उद्देश्य र संविधानमा उल्लेखित प्रावधानलाई हासिल गर्नका लागि सहकार्यपूर्ण राजनैतिक इच्छाशक्ति, पर्याप्त स्रोतहरू, असल शासनको प्रत्याभूति र सबै तहहरूमा नागरिक समाजको सक्रिय सहभागितासहितको एकताबद्ध पहलकदमी आवश्यक हुन्छ ।

विद्यालय शिक्षाको विभिन्न सूचकमध्ये सुशासन मुख्य हो । यसले शैक्षिक उपलब्धीलगायत विद्यालयबाट प्रवाह हुने सेवा–सुविधा, नीति, कार्यक्रम, बजेटलगायत समग्र पक्षको झलक दिन्छ । विद्यालयको नीति नियम बनाउन, त्यसलाई पालना गर्न, आर्थिक हरहिसाब, दायित्व, जिम्मेवारीको बाँडफाँड, नेतृत्वको पारदर्शिता र हस्तान्तरण जस्ता पक्षहरु र शिक्षक–शिक्षकबीच, विव्यस–प्रअ–शिक्षक–अभिभावक र विद्यार्थीका बीचको आपसी सञ्चार विनियमका लागि पनि सुशासन जरूरी छ । अन्यत्रजस्तै विद्यालय शिक्षाको सुशासनमा पनि जवाफदेहिता, पारदर्शिता, जिम्मेवारीपन, स्थान्तरण, हस्तान्तरण, भ्रष्टाचारविहीनतालगायतका अन्य पक्षहरु रहन्छन् । यी सबै कुराहरूलाई सकारात्मक ढंगले सम्बोधन गरेर नीति र नियतमा तादम्यता मिलाएर अघि बढ्दा मात्र विद्यालयमा सुशासन स्थापना भएको मान्न सकिने आधार तय हुनेछ ।

## सन्दर्भ सामग्री


- काफ्ले, वासुदेव र अन्य (२०६७), शैक्षिक योजना, काठमाडौंः सनलाइट पब्लिकेसन ।
- कार्की, विष्णु (२०६८), विद्यालय सुधार योजना नागरिक मूल्याङ्कन, शिक्षाका लागि राष्ट्रिय अभियान, काठमाण्डौं ।
- गोरखापत्र, कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक, सेतोपाटी, एडु खबर, अनलाइन खबर लगायतका छापा तथा विद्युतीय पत्रपत्रिकामा प्रकाशित विभिन्न विद्वानका लेख एवम् विचारहरू
- दाहाल, महेश (२०६६), सुशासन : सैद्धान्तिक अवधारणा (कार्यपत्र), काठमाण्डौं ।
- नेपाली काँग्रेसको चुनावी घोषणापत्र २०७४
- नेपाली बृहत् शब्दकोश, (२०५०), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं ।
- नेपालको संविधान २०७२
- पर्वतका ३ जना स्रोत ब्यक्ति, ७ वटा विद्यालयका विव्यस अध्यक्ष, प्रअ, शिक्षक र केही विद्यार्थी तथा अभिभावकसँग संकलन गरिएको राय
- पहाडी, राजेन्द्र (२०७४), द्वन्द्वपीडित बालबालिकाका लागि लक्षित विद्यालयहरूको अवस्था चित्रण विषयक अध्ययन प्रतिवेदन, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, काठमाण्डौं र लेखकद्वारा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू
- पहाडी, राजेन्द्र (२०७१). विद्यालय क्षेत्र सुधार योजना र शिक्षामा नागरिक सहभागिता. शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, काठमाण्डौं ।
- पहाडी, राजेन्द्र (२०६६), शिक्षामा लगाउनुपर्ने सूक्ष्म दृष्टि, आजको शिक्षा साप्ताहिक, वर्ष २, अङ्क ३५, शिक्षा पत्रकार समूह, काठमाण्डौं ।
- प्रयोगकर्ता पुस्तिका (२०११ सन्), नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू, नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू सम्बन्धी कार्यसमूह, काठमाण्डौं, नेपाल ।
- प्राची संचेतना द्वैमासिक, (२०६४), अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाण्डौं ।
- फेसबुक मेसेन्जरको प्रयोग गरी शिक्षासम्बद्ध विभिन्न महानुभावहरूबाट संकलन गरिएको विचार
- बाम गठबन्धनको चुनावी घोषणापत्र २०७४
- सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता (२०७५), एनसीई नेपाल, काठमाण्डौं ।
- शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७९/०८०). काठमाण्डौं
- शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (२०७४), दीगो विकास लक्ष्यमा शिक्षा, काठमाण्डौं ।

# गुणस्तरीय शिक्षाको लागि विद्यालय सुशासनमा जनसहभागिताः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरू

– बाबुराम राई *

## विद्यालय सुशासनको वर्तमान परिवेश

सुशासन, जनकल्याणका लागि गरिने सही कानुनी शासन हो । यसले "विधिको शासन, सबैको समान एवं समावेशिता, सहभागिता, उत्तरदायी, निष्पक्षता, पारदर्शिता, प्रभावकारीता एवं कार्यकुशलता तथा सहमतीमा जोड दिन्छ" (संयुक्तराष्ट्र संघ आर्थिक तथा सामाजिक आयोग, २००९) । हरेक संस्थामा सुशासनको आवश्यकता हुन्छ, यसले सांगठनिक लक्ष्य हासिल गर्न सबै जिम्मेवार सरोकारवालाहरूलाई कर्तव्य बोध गराउदै सहजता र स्पस्टता प्रदान गर्दछ । विद्यालयमा पनि सुशासनको छुट्टै महत्व रहेको छ किनभने यहाँ धेरै प्रकारका रूची र क्षमता भएका विद्यार्थीहरूलाई आवश्यकता अनुसार मार्गनिर्देश गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यार्थी लगायत अन्य सबै सरोकारवालाहरूलाई संयोजन गर्दै अगाडी बढ्नु पर्ने दायित्व हुने गर्दछ । सुशासनले विद्यालयको प्रशासकिय निश्पक्षता कायम राख्न र कार्यकुशलता प्रदान गर्न पनि सहयोग गर्दछ । विद्यालयको हरेककार्य सु-शासनमा आधारित भयो भने नै विद्यालयका व्यवस्थापकिय कार्यहरू योजना निर्माण, संगठन, निर्णय निर्माण र नियन्त्रण लगायतका हरेक कार्य सुव्यवस्थित सुसम्पन्न हुन्छ ।

दिगो विकास-२०३०का लक्ष्यहरू अर्न्तगतको "सबैका लागी समावेशी तथा समतामूलक गुणस्तरिय शिक्षा सुनिश्चित गर्ने र जीवन प्रयन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने" चौथो लक्ष्य प्राप्त गर्न शुशासनले सहयोग गर्दछ । साथै नेपालको संविधानको धारा ३१ अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक, अपांग एवं आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, दृष्टिविहीनलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषामा निःशुल्क शिक्षा पाउने हक एवं मातृभाषामा शिक्षा पाउने हक लगायतका संवैधानिक व्यवस्थाको सुनिश्चितता गर्दै समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षालाई मूर्तता प्रदान गर्न विद्यालयमा सुशासन जरूरी रहेको प्रष्ट हुन्छ ।

विश्व बैकले विद्यालयमा सुशासन का लीग विभिन्न पक्षमा जोड दिएको छ । शिक्षा नियमावली अनुसार निर्माण गरिने विद्यालयका हरेक समितिहरूमा समुदाय र अभिभावकबाट विभिन्न वर्ग, धर्म, जात, लिङ्ग, तहको प्रतिनिधित्व हुने गरी प्रजातान्त्रिक सहभागितामूलक सङ्गठन (Participatory Organization) हुनु पर्ने । औचित्यताका आधारमा विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.स., शिक्षक अभिभावक संघ, राजनैतिक दलहरु, केन्द्रीय निकायहरु, जि.शि.का., श्रोतकेन्द्र, स्थानीय तह, गैरसरकारी संघसंस्था सबैलाई सहभागी गराई. सहभागितामूलक व्यवस् थापन संचालन गर्नु पर्ने । योग्य शिक्षकलाई विद्यालयमा टिकाइ राख्न शिक्षक व्यवस्थापन पारदर्शी, भरपर्दो र समसामयिकताका लागी शिक्षक तथा कर्मचारी व्यवस्थापन प्रभावकारी हुनुपर्ने । विद्यालयका लागि चाहिने श्रोत साधन सरकारी निकायको अलावा सबै सरोकारवालाहरूको सक्रियतामा स्थानीय वा अन्य स्तरबाट जुटाउन श्रोत व्यवस्थापन मा जोड दिने । विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय, आर्थिक एवम् वातावरणीय विकासमा विद्यालयको केन्द्रीय तथा स्थानीय निकायहरुबाट संयुक्त अनुगमनको व्यवस्था समेत गरिनु पर्दछ । विद्यालय शिक्षाको विकास गर्न आवश्यक नीति, निर्देशन, आचारसंहिता वा अन्य



* लेखक बाबुराम राई, सह-प्राध्यापकको रूपमा त्रिभुवन विश्वविद्यालयमा कार्यरत हुनुहुन्छ ।

कुनै नियम विनियमहरूको आन्तरिक रूपमा तर्जुमा गर्न र त्यसलाई व्यवहारमा उतार्न सरोकारवालाहरूको सहभागितामै नीति निर्देशन निर्माण र प्रदर्शन पनि गर्नु पर्दछ । विद्यालयले सबै सरोकारवालामा सूचना प्रवाह जसले कुनै पनि कार्यक्रमका बारेमा अवधारणा बनाउन र अपनत्व महसुस गराउन सुशासनलाई मजभुत बनाउन सहयोग गर्दछ । कुनै पनि संस्था वा व्यक्तिमा जवाफदेहिता नभए सम्म सुशासनको कार्यान्वयन हुन सक्दैन । सबैले आ-आफ्नो स्थानबाट जिम्मेवारी पुरा गर्नु पर्दछ । नेपालमा १९९० को दशकबाट नै विद्यालय सुशासनको प्रयासहरू नीतिगत रूपमा सुरूवात भएता पनि प्रभावकारी कार्यान्वयनमा पुर्ण सफलता हासिल हुन सकेको छैन । अबको समय भनेको स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था अर्न्तगत शिक्षाको व्यवस्थापनलाई कसरी राम्रोसँग कार्यान्वयनमा लैजाने र विद्यालयमा असल सुशासन कायम राख्ने भन्ने पनि हो । किन भने नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहको सरकार गठन भई सकेको छ । संविधान बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आईसकेको छ । हालसम्म विद्यालय शिक्षाका कार्यहरू केन्द्रीय तह, क्षेत्र र जिल्लाबाट सम्पादन भई आएका थिए । स्थानीय सरकार सञ्चालन ऐनको कार्यान्वयनसँगै विद्यालय शिक्षासम्बन्धी धेरै कामहरू स्थानीय तहबाट सम्पादित हुनुपर्छ भन्नेमा दुईमत छैन् । यसर्थ यस लेखमा जनसहभागितको सैद्धान्तक आधारहरूलाई परिचय गराउने र गुणस्तरीय शिक्षाको लागि विद्यालय सुशासनमा जनसहभागिताको राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरूको विश्लेषण गरिएको छ ।

## विद्यालयमा सुशासनका लागि जनसहभागिताको अवधारणा

जनसहभागिता सुशासनको प्रमुख आधार हो (युनेस्को, २००९) । जनसहभागिता दुईवटा शब्द 'जन' र 'सहभागिता' मिलेर बनेको हो । 'जन'को अर्थ एउटा भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसहरु हुन्, जो सामाजिक अन्तरक्रियामा बाँधिएको हुन्छ । साथै यसले साझापन पनि ग्रहण गरेको हुन्छ (हिल्लेरी, १९५५) । अर्को शब्द 'सहभागिता' हो । यसले साझा स्वार्थ परिपूर्तिको लागि विकासका परियोजनाहरूमा एकसाथ कार्य गर्ने पक्षहरूको संलग्नतालाई बुझाउँछ (कोन्वाल, २००६, मोहन र स्टोक्के, २०००) । यो संलग्नता सरकारद्वारा सञ्चालित कार्यहरूमा सर्वसाधारणले पुर्‍याउने सहयोग हो । यो स्थानीय तहदेखि राष्ट्रिय तहसम्म हुन सक्दछ । यसको स्वरूप परामर्श दिने कार्यमा मात्र सिमित नरही निर्णय प्रक्रिया र कार्यान्वयनमा समेत विस्तार हुन सक्दछ । जनसहभागिताको कार्य निर्वाचित र अन्य प्रतिनिधिबाट प्रत्यक्ष ढङ्गबाट सम्भव हुन्छ (संयुक्त राष्ट्र संघ, १९९२) । यस प्रक्रियामा समुदायको सदस्यहरु व्यक्तिगत तथा सामुहिक रूपमा संलग्न हुन सक्दछ । साथै समुदायले आफ्नो आवश्यकताहरु परीक्षण, सम्भावित समस्याहरूको पहिचान र समाधानका उपायाहरु खोजेर योजना निर्माण गर्दछ (बर्मेजा र बेकी, १९९३) ।

जनसहभागिता अधिकारको बाँडफाँड पनि हो । यो राष्ट्र विकासको सन्दर्भमा आर्थिक तथा राजनीतिक अधिकारको बाँडफाँडसँग सम्बन्धित छ (घोनिमे,१९९७) । यसले एउटा परिस्थितिको सृजना गर्दछ । जहाँ समुदायको व्यक्तिहरु समाजको सबै तहको विकास प्रक्रियामा सक्रिय योगदान दिन र विकासको प्रतिफलमा साझेदारी गर्नका लागि संलग्नको अवसरहरु प्रदान गर्दछ (भान्डाना, १९९५) । जनसहभागितालाई अमुक घटनाको रूपमा नभएर प्रक्रियाको रूपमा बुझ्नु पर्दछ । यसको गति विभिन्न मुलुक र क्षेत्रहरूमा भिन्न-भिन्न छ । साथै स्वरूप र फैलावट पनि विकासको विभिन्न चरणमा रहेको देखिन्छ (युएनडिपि, १९९३) ।

विकासको कार्य र प्रतिफलको उपभोगमा समुदायको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नतालाई जनसहभागिता भनिन्छ । यसले योजना निर्माणदेखि कार्यान्वयनको तहसम्मको साझा संलग्नतालाई समावेश गर्दछ । हाम्रो समाजले विगतदेखि गर्दै आएको खोलामा पुल बनाउने, पिउने पानीको धारो बनाउने, सन्तानको विवाह बट्टुलोमा वात्तोङ (वंशीय) सहयोग उत्कृष्ट जनसहभागिताको उदाहरणहरु हुन् । तर विकासको ठूला कार्य र क्षेत्रमा स्थानीयदेखि राष्ट्रियस्तरसम्मको प्रत्यक्ष अप्रत्यक्ष रूपमा

संलग्नता रहेको हुन्छ । यस्तो विकासका कार्यहरूमा हरेक तहको स्पष्ट अधिकार बाँडफाँडको माध्यमबाट जनसहभागितालाई सुनिश्चित गरिएको हुन्छ ।

## जनसहभागिताको सैद्धान्तिक आधारहरू

आधुनिक समाजमा मानिसको असंख्य आवश्यकता र चाहना बढ्दै गएका छन् । जसलाई सरकारीस्तरबाट मात्र आपूर्ति गर्न नसकिने परिस्थिति निर्माण भएको छ । यसकारण सन १९६० को दशकदेखि मानवीय आवश्यकता र चाहना परिपूर्ति गर्न जनसहभागितालाई माध्यमको रूपमा प्रयोग गरिँदै आएको छ । यसभन्दा अगाडि परम्परागत तरिकाले जनसहभागिताको अभ्यासहरु नभएको भन्ने चाहिँ होइन । तर फ्रान्सेली राजनीतिज्ञ तथा दार्शनिक अलेक्सिस डि टोक्युभिले प्रथम पटक जनसहभागिताको सैद्धान्तिक नमुना प्रस्तुत गरेका हुन् । उनको अनुसार प्रजातान्त्रिक संस्कार र कानुनले स्वतन्त्रता, समतावादी, आफैमा निर्भर हुने व्यक्तिवादी, जनप्रियवादी र स्वच्छन्द अहस्तक्षेपकारी नीति जस्ता मूल्यहरूलाई प्रेरित गर्दछ । अहिलेसम्म जनसहभागिताका थुप्रै सैद्धान्तिक नमुनाहरु विकास गरिएको छ । जसमध्ये यहाँ दुइवटा नमुनाको चर्चा गरिएको छ ।

क) डेस्लर र सकको अवास्तविक र वास्तविक जनसहभागिताको नमुना

डेस्लर र सक (१९८५) ले अवास्तविक र वास्तविक जनसहभागिताको नमुना प्रस्तुत गरे का छन । उनीहरूले संस्था तथा संस्थाको कार्यमा व्यक्तिहरूको संलग्नताको स्तर र अधिकारको बाँडफाँडलाई आधार बनाएर जनसहभागितालाई सातवटा तहमा विभाजन गरेका छन् । पहिलो तहमा सेवाहरूको प्रयोग मात्र गर्ने, दोस्रो तहमा आवश्यक स्रोतहरूको योगदान गर्ने, तेस्रो तहमा बैठकमा उपस्थिति मात्र जनाउने, चौथो तहमा विशेष विषय र मुद्दाहरूमाथि प्रतिक्रिया वा परामर्श देखाउने, पाँचौं तहमा संस्थाको आर्थिक र अन्य कार्यमा साझेदारिता गर्ने, छैटौं तहमा अधिकार प्रत्यायो जन र निर्णय निर्माणमा संलग्न हुने, सातौं तहमा सशक्तीकरण वा प्रत्येक चरणको निर्णय गर्ने तह पर्दछ ।

यस नमुनाले सहभागिताको तह बढ्दै जाँदा सहभागिताको स्तर पनि बढ्दै जाने मान्यता राख्दछ । जनसहभागितालाई अवास्तविक र वास्तविक गरी दुई प्रकारमा विभाजन गरेको छ । अवास्तविक जनसहभागिता अन्तर्गत पहिलो, दोस्रो र तेस्रो तहको सहभागिता पर्दछ । सेवाहरूको प्रयोग मात्र गर्ने, आवश्यक स्रोतहरूको योगदान गर्ने र बैठकमा उपस्थिति मात्र जनाउने कार्यले निर्णय निर्माणलाई प्रभावित पार्न सक्दैन । अवास्तविक जनसहभागिताले माथिल्लो तहले गरेको निर्णयहरु तल्लो तहलाई जानकारीमात्र गराउने गर्दछ । वास्तविक जनसहभागितामा चौथो तहदेखि सातौं तहसम्मको सहभागिता पर्दछ । जुन तह अन्तर्गत परामर्श गर्ने, साझेदारी गर्ने, अधिकार प्रत्यायोजन र सशक्तीकरण गर्ने कार्यहरु समावेश गरिएको छ । यसमा सहभागीहरूको सहभागिता निर्णय निर्माण गर्ने कार्यसम्म हुने गर्दछ ।

ख) शेरी अर्नस्टिनको नागरिक सहभागिताको सिँढी नमुना अर्नस्टिन (१९६९) ले नागरिक सहभागिताको आठवटा क्रमबद्ध खुड्किलोको सिँढी प्रस्तुत गरेकी छिन् । यस सिँढीको खुड्किलो अन्तर्गत चलाखीपूर्ण हेरफेर गर्ने, फकाइफुलाइ गर्ने (उपचार), सूचित गर्ने, परामर्श लिनेदिने, सान्तवना दिने, साझेदारी गर्ने शक्ति प्रत्यायोजन गर्ने र नागरिक नियन्त्रण हुने पर्दछ । यस नमुनाले सहभागितामा हुने संलग्नताको मात्रात्मक र गुणात्मक भिन्नतालाई स्पस्ट गरेको छ । सहभागिताको अवस्थालाई तीन तहमा विभाजन गरेको छ । जस अन्तर्गत असहभागिता तह, प्रतिकात्मक पद्धतिको तह र नागरिक शक्तिको तह हुन् ।

यस सिँढीको सबैभन्दा तल्लो खुड्किलो मा चलाखीपूर्ण हेरफेर र दोस्रो खुड्किलो फकाइफुल्याइ गर्ने पर्दछ । वास्तवमा यी दुई खुड्किलाहरु असहभागिताको तह हुन् । यस तहमा वास्तविक सहभागितालाई प्रतिस्थापन गर्न केही व्यक्तिले बनावटी सहभागी निर्माण गर्दछन् । उनीहरुको उद्देश्य जनतालाई योजना निर्माण र कार्यक्रम सञ्चालन गर्नमा सक्षम बनाउने हुँदैन । तर शक्तिशालीहरु नै सहभागीको रूपमा अझै मजबुद र सक्षम बन्ने गर्दछ । सहभागिताको सिँढी अन्तर्गत सूचना दिने, परामर्श लिने दिने र सान्तवना दिने खुड्किलाहरु प्रतिकात्मक पद्धतिको तहमा पर्दछन् । यस तहमा सहभागितालाई प्रतिकात्मक रूपमा मात्र लिइन्छ । सहभागिताको सामान्य नियम मात्र पालना गरिएको हुन्छ । जनताको राय र विचारहरु राख्ने अवसर मात्र हुन्छ । शक्ति सम्पन्नहरुले निर्णय गर्नको लागि अनुमति दिँदैनन् । अन्ततः शक्तिशालीहरुले नै निर्णय लिने गर्दछन् । शक्तिसम्पन्नले गरेको निर्णय थोपर्ने काम गरिन्छ । सिँढीका माथिल्लो तीनवटा खुड्किलाहरू साझेदारिता, अधिकार प्रत्यायोजन र नागरिक नियन्त्रण नागरिक शक्तिको तहमा पर्दछन् । यसमा व्यक्तिलाई सहभागी भई आफ्नो विचार राखेर निर्णय निर्माणलाई प्रभावित गर्न सक्षम बनाइन्छ । शक्तिको निक्षेपण गरिएको हुन्छ । निर्णय निर्माण र व्यवस्थापकीय कार्यमा नागरिकलाई पूर्ण अधिकार प्रदान गरिएको हुन्छ ।

## नेपालको शिक्षामा जनसहभागिताको परम्परा

भौतिक जगतबाहेक सबै सामाजिक जगतको निर्माणकर्ता मानव समाज नै हुन् । शिक्षा पनि सामाजिक जगत भएकाले यसको निर्माण पनि मानव समाजले नै आफ्नो कल्याणको लागि गरेका हुन् । यसर्थ शिक्षामा जनसहभागिताको प्रारम्भ पनि मानव समाज जति पुरानो हो त्यति नै पुरानो छ भन्न सकिन्छ । नेपालमा शिक्षाको विकास प्राचीनकालीन वैदिक शिक्षा, गुरूकुल शिक्षा र बौद्ध शिक्षा परम्पराबाट प्रारम्भ भएको हो । लिच्छविकाल, मल्लकाल, बाइसे चौबिसेकाल, शाहकाल र राणाकालीन समयमा शिक्षाको परम्परा र व्यवस्था भिन्न भिन्न थियो (शर्मा, २०६२) । साथै प्रजातन्त्र उदयपछि पनि राजनीतिक व्यवस्थामा आएको परिवर्तनसँगै शिक्षा व्यवस्थामा फेरवदल भएको देखिन्छ (शर्मा, २०६०) । यस तथ्यले नेपालको शासक र शासन व्यवस्थामा भएको परिवर्तनसँगै शिक्षाको परम्परा र व्यवस्था पनि परिवर्तित हुँदै आएको देखिन्छ ।

प्राचीन वैदिक शिक्षामा गुरूले नै आफ्नो विद्यार्थीको भोजन र आवासको व्यवस्था गर्दथे । शिक्षा प्राप्त गर्न जाँदा विद्यार्थीले खर्चको व्यवस्था गर्न पर्दैनथ्यो । दीक्षित भइसकेपछि विद्यार्थीले गुरूलाई श्रद्धापूर्वक गुरूदक्षिणा राखेर आर्शिवाद लिएर बाहिरनु पर्दथ्यो । विद्यार्थीले गुरूदक्षिणा उदार जनताको दान र सहयोगबाट संकलन गर्दथ्यो (शर्मा, २०६२) । प्राचीनकालमा बौद्ध शिक्षा परम्पराको शसक्त उपस्थिति थियो । बौद्ध शिक्षाको अध्ययन केन्द्र विहार, बहाल, मठ र भिक्षुहरुको संघ हुन्थ्यो । अध्ययन गर्न चाहने विद्यार्थीहरुले आफ्नो र गुरूको लागि खाने व्यवस्था बेहोर्नु पर्दथ्यो । गुम्वामा धुप र पानीको लागि गाउँलेबाट एक धुरी एक पाथी अन्न उठाउने गरिन्थ्यो । साथै आम्दानीको लागि गेन्से (गुठी जग्गा) को व्यवस्था पनि गरिएको हुन्थ्यो (उही) । यसरी प्राचीनकालीन शिक्षामा जनसहभागिताको भिन्न भिन्न ढाँचाको फराकिलो आकार देखिन्छ ।

लिच्छविकालमा शिक्षाको विकासमा राज्यको केही ध्यान गएको देखिन्छ । तर त्यो ऐच्छिक रूपमा मात्र लिएको देखिन्छ । उदार र शिक्षाप्रेमी दाताहरुको दानदातव्यबाट शिक्षा केन्द्रहरु सञ्चालित हुन्थ्यो । राजा रजौटाहरुले जग्गा गुठी राखिदिन्थे । त्यस जग्गाको आयस्तबाट शिक्षा केन्द्रहरु चल्दथ्यो (शर्मा, २०६२) । मल्लकालमा शिक्षालाई जीवनको आधार बनाएको थियो । जयस्थिति मल्लले जनतालाई विभिन्न व्यवसायिक समुहमा विभाजन गरी व्यवसायिक सीप सिकाउने व्यवस्था गरेको थियो ।

त्यसैले मल्लकाललाई व्यवसायिक शिक्षाको शुरूवात भएको मान्न सकिन्छ (उप्रती, २०६२) । मन्दिर र बौद्ध मठहरु शिक्षाको केन्द थियो । यसको हेरविचार गर्न जयस्थिति मल्लले गुठीको व्यवस्था गरेको थियो (शर्मा, २०६२) । लिच्छवि र मल्लकालमा प्रयाजसो शिक्षा प्रदान गर्ने व्यक्ति र संस्थाहरु तत्कालीन शासक वर्गसंग समन्वय गरेर शिक्षा प्रदान गर्दथ्यो । बाइसे चौविसेकालमा शिक्षा संस्था र विद्यार्थीको लागि खर्च जग्गा गुठीको आयस्तबाट चल्दथ्यो । जनशिक्षामा भने विशेष केही हुन सकेन । परम्परादेखि चलिआएको शिक्षा नै यथावत चलिरहको थियो । तथापि आधुनिक सैनिक शिक्षाको लागि बढी जोड दिइएको थियो (शर्मा, २०६२) । सरकारको एक्लो प्रयासमा राणा प्रधानमन्त्री जङ्गबहादुरले आफ्नो बेलायत भ्रमणछि विक्रम संवत् १९१० मा दरवार स्कुलको स्थापना गऱ्यो (शर्मा, २०६२) । स्कुलको सञ्चालन, रेखदेख र नियन्त्रण पनि सरकार आफैले गर्ने व्यवस्था भएको थियो । यो घटनाले जनताको दानदातव्य र गुठी जग्गाको आम्दानीबाट शिक्षा प्रदान गर्ने परम्परागत व्यवस्थाको साथै सरकारी पहलमा विद्यालय खोल्न सकिने आधुनिक व्यवस्थाको चलन शुरू भयो । यसपछिको शासकहरूले पनि यस परम्परालाई निरन्तरता दियो । तिब्बतको ल्हासामा प्राथमिक पाठशाला र रानीपोखरी संस्कृत पाठशाला, भाषा पाठशाला, श्रेस्ता पाठशाला, कन्य पाठशाला जस्ता अनेकौ विद्यालयहरु खोलिए । त्यसैगरी जनस्तरबाट गोरखा स्कुल हङ्कङ्, भोजपुर दिङ्लामा संस्कृत पाठशाला, सत्यवादी पाठशाला बभाङ, चन्द्र मिडिल अग्रेजी स्कुल, गोकुण्डेश्वर प्राइमेरी स्कुल धनकुटा र संस्कृत पाठशाला बाँके जस्ता विद्यालयहरु खोलिएका थिए (शर्मा, २०६२) । देशभित्र र बाहिर सरकार र जनस्तर दुबै पक्षबाट विद्यालयहरु स्थापना गर्ने र सञ्चालन गर्ने कार्य व्यापक रूपमा भएको देखाउछ । यस तथ्यले शिक्षामा जनसहभागिताको उच्चतम् संलग्नता रहेको स्पस्ट गर्दछ ।

प्रजातान्त्रिक कालपूर्व सरकारी पाठशाला, पब्लिक स्कुल र सामाजिक समिति वा प्राइभेट शिक्षण संस्था गरी तीन प्रकारको शैक्षिक व्यवस्था रहेको देखिन्छ । सरकारी पाठशाला अन्तर्गत सञ्चालनमा लाग्ने सम्पूर्ण खर्च, सरकारले बेहोरी सरकारी प्रवन्धमा पर्ने विद्यालयहरु पर्दछन् । पब्लिक स्कुल अन्तर्गत विद्यालय सञ्चालनको सम्पूर्ण खर्च र प्रवन्ध सरकारले नबेहोरी सञ्चालक समितिले बेहोर्ने गरी स्वतन्त्र खुलेका र पछि भिन्नभिन्न परिणाममा आर्थिक सहायता सरकारबाट प्राप्त गरेका विद्यालयहरु पर्दछन् । सामाजिक समिति वा प्राइभेट शिक्षण संस्थाअन्तर्गत धार्मिक तथा सामाजिक संस्था, गुठी र व्यक्ति विशेषको पहलमा आफ्नो रितिरिवाज, परम्परा, चलन तथा संस्कृति कायम राख्न सञ्चालित शिक्षण संस्थाहरु पर्दथे । यसलाई पनि सरकारले आर्थिक सहायता दिदैनथ्यो (शर्मा, २०६०) । विक्रम सम्वत् २००६ सम्मको तथ्याङ्क अनुसार ४६ वटा सरकारी र ४६ वटा पब्लिक वा सरकारी साहयता पाउने शिक्षण संस्थाहरु रहेका थिए (शर्मा, २०६०) । यसले नेपालको शैक्षिक इतिहासमा राणाकालीन शासन सत्ताले जनस्तर बाट विद्यालयको स्थापना र सञ्चालन गर्दा सकेसम्म व्यावधान सृजन गरेको भएतापनि शिक्षा विस्तारमा जनसहभागिता अधिक रहेको देखाउँछ ।

प्रजातन्त्रको उदयपछि सरकारी स्तरबाट विद्यालय खोल्ने परिपाटी बन्द नै भइसकेको थियो । शिक्षाले जनस्तरबाट विस्तार हुने प्रशस्त मौका चाहिँ प्राप्त गऱ्यो । ठाउँ-ठाउँमा शिक्षा समिति गठन गरी जनता विद्यालय खोल्न लागेका थिए । गोरखा राइफल्सका जवानहरूले मुलुकको विभिन्न भागमा १६५ वटा सोल्जर बोर्ड स्कूलहरु खोलेको थिए । उनीहरूलाई भारत र ब्रिटिस वेलफेयरबाट विद्यालय सञ्चालनको लागि विविध प्रकारको सामग्रीहरु उपलब्ध गराउने गरिथ्यो । औतार देवी चौधराइनको आर्थिक सहयोगबाट शुरू भएको बाँके र नारायण शिक्षा प्रचार योजना र छुवाछुतजस्ता कुरीतिका कारण शिक्षा लिन नसकेको समुदायको लागि छुट्टै स्कूलको स्थापनाजस्ता अभियान नै चलेको थियो (शर्मा, २००) । वि.स. २००६ सालमा जम्मा ९२ वटा रहेको स्कूलको संख्या २०१० मा १३२१ वटा पुगेको थियो (शिक्षा समाचार, २०११) । यस समयावधिमा शिक्षा विस्तारमा जनसहभागिताको उभार नै आएको देखिन्छ ।

प्रजातन्त्रको उदयपछि सरकारी स्तरबाट विद्यालय खोल्ने परिपाटी बन्द नै भइसकेको थियो । शिक्षाले जनस्तर

बाट विस्तार हुने प्रशस्त मौका चाहिँ प्राप्त गऱ्यो । ठाउँ-ठाउँमा शिक्षा समिति गठन गरी जनता विद्यालय खोल्न लागेका थिए । गोरखा राइफल्सका जवानहरूले मुलुकको विभिन्न भागमा १६५ वटा सोल्जर बोर्ड स्कूलहरु खोलेको थिए । उनीहरूलाई भारत र व्रिटिस वेलफेयरबाट विद्यालय सञ्चालनको लागि विविध प्रकारको सामग्रीहरु उपलब्ध गराउने गरिथ्यो । औतार देवी चौधराइनको आर्थिक सहयोगबाट शुरू भएको बाँके र नारायण शिक्षा प्रचार योजना र छुवाछुतजस्ता कुरीतिका कारण शिक्षा लिन नसकेको समुदायको लागि छुट्टै स्कूलको स्थापनाजस्ता अभियान नै चलेको थियो (शर्मा, २००) । वि.स. २००६ सालमा जम्मा ९२ वटा रहेको स्कूलको संख्या २०१० मा १३२१ वटा पुगेको थियो (शिक्षा समाचार, २०११) । यस समयावधिमा शिक्षा विस्तारमा जनसहभागिताको उभार नै आएको देखिन्छ । बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापश्चात नेपाल सरकारले शिक्षामा समुदायको सहभागितालाई बृद्धि गर्ने प्रयासस्वरूप शैक्षिक गुठी स्थापना गरी विद्यालय सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ (शिक्षा ऐन, २०२८ सातौं संशोधन) । कुनै पनि सामुदायिक विद्यालय स्थानीय निकाय वा व्यवस्थापन समितिले जिम्मा लिन चाहेमा लिन सक्ने व्यवस्था गरेको छ (शिक्षा ऐन, २०२८ आठौं संशोधन) । तर यो व्यवस्थाले शिक्षामा जनसहभागिता बृद्धि गर्न सकेन । समुदायले व्यवस्थापन जिम्मा लिएका विद्यालयहरूले थप शिक्षक नियुक्ति गर्दा विद्यालयले नै शिक्षकको तलव वेहोर्नुपर्ने र आफ्नै स्रोतबाट चल्न सक्ने विद्यालयलाई अनुदान दिइने छैन भन्ने वाक्यांशले राज्य शिक्षाको दायित्वबाट पन्छिन खोज्यो भनेर सवत्र चिन्ता उत्पन्न गरायो ।

नेपालको सन्दर्भमा राज्य सञ्चालन व्यवस्थामा भएको परिवर्तनले शिक्षामा जनसहभागिताको आकार र मनोविज्ञानमा पनि प्रभाव परेको देखिन्छ । शिक्षण संस्थाको निर्माण, सञ्चालन, रेखदेख र नियन्त्रणको काम जनस्तरबाट राज्यले जिम्मा लिंदै जाँदा जनसहभागिताको दायरा र रूचि घट्दै गएको निष्कर्ष निकाल्न सकिन्छ । पछिल्लो समय शिक्षामा जनसहभागिता बृद्धि गर्न सरकारले अवलम्वन गरेको तौर-तरिकामा जनताले विश्वास गरेको देखिएन । राज्यको नयाँ संरचना निर्माण र अधिकार बाँडफाड भइरहेको यो समयमा शिक्षामा जनसहभागिता सुनिश्चित गर्न संघीय सरकारलाई भन्दा स्थानीय सरकारलाई बलियो बनाउने तिर जोड दिनु पर्दछ ।

## नेपालको शिक्षामा जनसहभागिताको नीतिगत व्यवस्था

नेपालको संविधान २०७२ को धारा ५७ को उप-धारा ४मा स्थानीय तहको अधिकार सम्बन्धमा गरेको व्यवस्था अन्तर्गत अनुसूची-८ मा आधारभूत र माध्यमिक शिक्षा पनि गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ भनी व्यवस्था गरेको छ । जसले विद्यालय संचालनमा स्थानिय सहभागिताको सुनिश्चितता उत्तर दायित्व बहनमा जिम्मेवार बनाउन चाहेको देखिन्छ । त्यस्तै शिक्षा ऐन २०२८ (नवौं संशोधन-२०७४) ले सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ । जसमा अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना-सदस्य, विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना सदस्य, विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य, विद्यालयका शिक्षकले आफूहरूमध्येबाट छानी पठाएको एकजना-सदस्य र विद्यालयका प्रधानाध्यापक-सदस्य-सचिव रहने व्यवस्था छ ।

यसलाई स्पस्टता प्रदान गर्दै शिक्षा नियमावली २०५९ ले दफा २३ मा व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्था अर्न्तगत सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्न शैक्षिकसत्र शुरु भएको तीस दिनभित्र कम्तीमा सात दिनको सूचना दिई प्रधानाध्यापकले ऐन बमोजिम

अभिभावकको भेला गराइ गठन गर्ने व्यवस्था छ । सो अभिभावक भेला गराउन तीन दिन अघि प्रधानाध्यापकले अविभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नु पर्दछ । नियम  बमोजिम अध्यक्ष र सदस्यहरु छान्ने सम्बन्धमा अभिभावकहरूलाई सहयोग गर्नको लागि प्रधानाध्यापकले आफ्नो संयोजकत्वमा निरीक्षक र अन्य विद्यालयको एकजना शिक्षक रहने गरी तीन सदस्यीय छनौट सहयोग समिति गठन गर्नु पर्दछ र सो समितिले तोकेको कार्यविधि अनुसार अभिभावकहरूले अध्यक्ष र सदस्यहरुको छनौट गर्नु पर्दछ । साथै सामाजिक परीक्षण समितिमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूमध्ये एकजना महिला अभिभावक समेत पर्ने गरी शिक्षक अभिभावक संघले तोकेको दुईजना – सदस्य र  शिक्षक–अभिभावक संघले तोकेको बुद्धिजिवी एकजना – सदस्य रहने व्यवस्था गरेको छ ।

हाल ऐनमा रहेर स्थानिय गाउँ वा नगरपालिकाले शिक्षा नियमावली बनाउने व्यबस्था भई सकेको छ । यसले पनि विद्यालयमा अभिभावकको संलग्नतालाई बढावा दिन र जिम्मेवार बनाउन खोजेको देखिन्छ । त्यस्तै, विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९–०१६)ले  विकेन्द्रीकरणको भावना र यससम्बन्धमा स्थानीय स्वायत्त शासन ऐनमा स्पष्ट पारिएअनुसार विद्यालय क्षेत्र सुधार कार्यक्रमको उद्देश्य शैक्षिक योजना निर्माण र व्यवस्थापनको जिम्मेवारी थानीय निकाय र समुदायलाई दिने व्यवस्था गरेको थियो । स्थानीयस्तरमा विद्यालयको सुशासन र व्यवस्थापनको जिम्मेवारी केन्द्रीय सरकार, स्थानीय निकाय र विद्यालयको हुने भन्दै  विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले विद्यालय व्यवस्थापनको भूमिका बढाएको थियो । विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६–०२२)ले  विद्यालय संचालन तथा व्यवस्थापनमा समदुायको समतामूलक सहभगिता तथा प्रतिनिधत्व गराउने व्यवस्था गरेको छ । वास्तवमा जनसहभागीताको स्तर अझै पनि सैद्धान्तिक आधार सँग तुलना गर्दा नाम मात्रको रहेको प्रस्ट हुन्छ । सहभागि गर्ने /बढाउने भनिएको त छ तर सहभागीताका लागी नागरिक दायित्व तथा जिम्मेवारी के हुने ? राज्य र स्थानिय निकायले कसरी सहयोग गर्नु पर्ने ? जनचेतनाको विकास कसरी गर्ने ? आदी विषयमा हरेक नीति–नियम मौन देखिन्छन् । विद्यालयमा नागरिकलाई पुर्ण अधिकार र चेतना सहितको सहभागिताको खाँचो रहेको छ । जबसम्म विद्यालयका हरेक निर्णय तथा योजना निर्माण र कार्यान्वयनमा उच्च चेतनशिल जनसहभागिता हुदैन तबसम्म गुणस्तरीय शिक्षामा पहुँच र सुनिश्चितताजस्ता विद्यालय सुशासनको मर्म प्राप्त गर्न सकिदैन ।

नेपालको शिक्षामा जनसहभागिताको वर्तमान अवस्था फ्ल्याश II रिपोर्ट २०१५–२०१६, (२०१६) का अनुसार नेपालमा कूल २९१३३ सामुदायिक विद्यालयहरु रहेका छन्  । जसमा २९०१४ विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक शिक्षक संघको गठन भएको छ । विद्यालयको स्थानीय व्यवस्थापनमा लिङ्ग, दलित र जनजाती सहभागिताको स्थितिलाई हेर्दा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको संरचनामा अघिल्लो वर्षको तुलनामा केहि सुधार हुँदै आएको भएता पनि सन्तोषजनक मान्न सक्ने स्थिति छैन । फ्ल्याश II रिपोर्ट २०१५–२०१६, (२०१६) का अनुसार विद्यालय व्यवस्थापन समितिमा अभिभावकको सहभागिता लिङ्गको आधारमा महिला सदस्यहरु २२.१% (गत वर्ष २१.६%), दलित सदस्यहरू ११.७% (गत वर्ष ११.३%) र जनजाती सदस्यहरू ३६.७% (गत वर्ष ३६.०%) रहेका छन् । यस्तै, शिक्षक अभिभावक संघमा अभिभावकको सहभागिता लिङ्गको आधारमा महिला सदस्यहरु २९.२% (गत वर्ष २७.४%) दलित सदस्यहरू १४.३% (गत वर्ष १३.९%), र जनजाती सदस्यहरू ४०.९% (गत वर्ष ३९.०%) रहेका छन् । जिल्लागत तथ्याङ्कलाई केलाएर हेर्दा लिङ्ग, दलित र जनजातीको सहभागितामा धेरै नै उतारचडावहरू देखिन्छ ।

यस तथ्याङ्कले लैङ्गिक, जातिय एवं क्षेत्रिय रूपमा नागरिकलाई अझै सशक्तिकरण गर्नु पर्ने आवश्यकता लाई औल्याउदछ । वास्तवमा, के चुनावी प्रक्रिया मार्फत विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको छ त ? भनि अध्ययन गर्दा धेरै कम् मात्र यो प्रक्रियामा गएको पाईन्छ ।

विद्यालयमा बाल क्लब गठनमा पनि चुनावी प्रक्रियाको आधारमा खोजी गर्दा पनी जान्ने-जान्ने विद्यार्थीहरूबाट नै शिक्षकहरूको आशय बमोजिम भएको पाईन्छ । जुन सुशासनमा सहभागिताको मर्म विपरित नै हो । सुशासनमा सामुहिक समावेशी अभिभावक भेला मार्फत सबै जाति र जातीय समूहहरु, धर्म र लिङ्गका समुदायहरूको समान र सक्रिय सहभागिता निर्णय गरिनु पर्ने तथा आवश्यक उप समितिहरूको गठन (जस्तै भौतिक निर्माण वा शिक्षक छनौट समिति) मा सबैको सहभागिताको सुनिश्चितता खोज्दछ तर वास्तविकतामा भएको पाईदैन जान्ने सुन्ने कै बाहुल्यता र प्रभाव हावी भएको पाईन्छ समावेशिताका प्रयास कमै भएको पाईन्छ ।

विद्यालयको सहभागितामुलक योजना, व्यवस्थापन र अनुगमन व्यवस्थालाई अध्ययन गर्न केही नीति-नियममा उल्लेखित पक्षको कार्यान्वयनको अवस्था केलाउनुपर्ने देखिन्छ, जस्तैः प्रत्येक दुई महिनामा एक पटक विद्यालय व्यवस्थापन समिति (एसएमसी) बैठक बस्ने गर्छ ?, शिक्षक अभिभावक संघ (पीटीए) को बैठक हरेक दुई महिनामा एक पटक बस्छ ? सबै सरोकारवालाहरू सहभागी भई विद्यालयमा सार्वजनिक सुनवाई व्यवस्थापन गरिएको छ ? (प्रति वर्ष दुई पटक), प्रत्येक तीन महिनामा हरेक कक्षासँग सम्बन्धित शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापनबीच अन्तरक्रिया र छलफल कार्यक्रम सञ्चालन हुने गरेको छ ?, के शिक्षक, विद्यार्थी, आमाबाबु र वि.व्य.स.को बैठकमार्फत शैक्षिक, पीटीए कार्य र वित्तीय योजनाहरूको तयारी र समीक्षा हुने गरेको छ ?, विद्यालयको लागि स्थानीय स्रोत जुटाउन सरोकारवालाहरूका लागि अनिवार्य व्यवस्था गरिएको छ ?, विद्यालय सुधार योजना निर्माणमा वि.व्य.स., विद्यार्थी, शिक्षक, अभिभावक र जिल्ला समन्वय समिति एवम् पालिका शिक्षा शाखाकोको सहभागिता कस्तो छ ?, बैठक प्रक्रिया लोकतान्त्रिक तथा सबैको परामर्शमा निर्धारण हुने गर्दछ ? (जस्तैः बैठक संख्या, एजेण्डा, समय, र निर्णयहरु), विद्यालयलाई शान्तिक्षेत्र बनाउन सबै स्थानीय राजनीतिक दल, वि.व्य.स., शिक्षक र विद्यार्थीहरूको प्रतिबद्धताको अवस्था कस्तो छ ? आदि । यि सबै प्रश्नहरूलाई केलाएर हेर्ने हो भने विद्यालयमा चाहिने समावेशी, जिम्मेवार तथा उत्तरदायी जनसहभागिताका लागि नीति र कार्यान्वयनबीचमा वेमेल देखिन्छ । के नीतिगत पक्ष नै कमजोर भएको वा हाम्रो यथार्थसँग मेल नखाने भएको हो वा कार्यान्वयन फितलो भएको हो ? जसले विद्यालयलाई वास्तविक सहभागितामूलक बनाउन सकेको छैन । प्रजातन्त्र, स्थानीय शासन र विकेन्द्रीकरणका विषयले नागरिकमा राज्य आश्रित परनिर्भरता बढाई विद्यालयमा जनसहभागिता घटेको भन्ने बहस पनि यदाकदा आएको पाइन्छ । तर यो अन्य देशहरूसँग तुलना गर्दा यसमा कुनै प्रयाप्त पुष्टि गर्ने आधारहरू भेटिंदैनन् । तर पनि नीतिगत रूपमा होस् वा कार्यान्वयनको रूपमा होस् नेपालका विद्यालयमा नाममात्रको व्यक्तिगत प्रतिनिधित्वबाट माथी उठ्न नसकेको र हरेक निर्णयलाई विशिष्ट प्रभाव पार्न नसक्ने स्थिति रहेको यथार्थ प्रस्ट छ । हाम्रो देशमा व्यक्तिगत प्रतिनिधित्वलाई अहिलेसम्म सहभागिताको रूपमा चित्रण गर्ने प्रयास भएको देखिन्छ तर त्यो वास्तविक सहभागिता होइन ।

खनाल, (२०१२) काअनुसार नेपालमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षहरूको नै विद्यालय व्यवस्थापन समितिको बैठक बोलाउने, एजेण्डाहरू तयार गरी प्रस्तुत गर्ने र निर्णयमा आफ्नै ढंगले व्याख्या गरी अन्य सदस्यलाई सही मात्र गर्न लगाउने परम्परा रहेको छ । सदस्यहरू बीच सामान्य परामर्श र जानकारी हुने गरेको भए पनि अध्यक्ष र प्रधानाध्यापकको प्रभाव मुख्य रहेको हुन्छ, अन्य सदस्यको प्रभाव कम रहेको पाइन्छ । साथै एसएमसीलाई प्रशासनिक, वित्तीय र शैक्षणिक क्षेत्रका धेरै जिम्मेवारीहरू दिइएको छ तर एसएमसी विद्यालयको पूर्वाधार संरक्षण र भौतिक विकासमा नै बढी चिन्तित रहेको पाइन्छ । अन्य सुविधाको विकास र शिक्षकको व्यावसायिक विकासको अवसर प्रदान गर्न धेरै कम प्रयास देखिन्छन् । जसले शिक्षण, विद्यार्थीको शैक्षिक उपलब्धि र शिक्षकहरूको व्यावसायिक विकासको वितरणमा नकारात्मक प्रभाव पार्न सक्दछ ।

## अन्तर्राष्ट्रिय अभ्यासहरु

दक्षिण अफ्रिकामा सन् १९९६ को दक्षिण अफ्रिकन विद्यालय ऐन लागू भएपछि सम्पूर्ण सरोकारवालाहरूको प्रजातान्त्रिक, जनसहभागिता र पहुँचमा सिकारूलाई समतामूलक शिक्षा प्रदान गर्न विद्यालय सुशासनको अभ्यास लागू गरियो (बुस, २०१०) । उनका अनुसार दक्षिण अफ्रिकाको विद्यालय सुशासनमा सरोकार वालाहरूको अर्थपुर्ण सहभागिता, समान भुमिका निर्वाह, एक–अर्कामा सहयोग र समन्वय, सबैलाई समेटिने गरी निर्णय निर्माणमा विभिन्न अप्ठ्याराका बाबजुध पनि जोड दिइएको छ । यसका लागि संविधानले नै लिङ्ग, यौन, गर्भावस्था, वैवाहिक अवस्था, जातीय वा सामाजिक नस्ल, रंग, यौन अभिमुखीकरण, उमेर, क्षमता, धार्मिक आस्था, विश्वास, संस्कृति, भाषा वा जन्मका आधारमा कुनै अनुचित भेदभाव गर्नुहुँदैन भनी कानूनी व्यवस्था गरेको छ । तर पनि जाबा (२०११) ले केन्द्रीय निकायको हस्तक्षेप बढी हुँदा विद्यालयका प्रधानाध्यपक र शिक्षकलाई "रबर स्ट्याम्प" मात्र बनाएको भनी त्यहाँको सुशासनको अबस्थालाई आलोचना गरेका छन् ।

अरविन्द (२००९) का अनुसार भारतको विद्यालय सुशासनमा सक्रिय नागरिक सहभागिता, सहयोगी सम्बन्ध, संयुक्त समस्या समाधान प्रयास, साझेदारी निर्णय, र पारस्परिक विश्वासलाई मूल मर्मलाई आत्मसाथ गरी अगाडि बढ्नुपर्ने औंल्याएका छन् । यसका लागि सहभागितालाई मजबुत रूपमा विस्तार गर्न सके विद्यालय प्रतिको उत्तरदायित्व वहनमा तथा हरेक सामुहिक निर्णय प्रतिको विश्वास बढ्ने हुन्छ । उनका अनुसार भारतले विद्यालय सुशासनलाई अझै बलियो बनाउन अभ्यास तहमा प्रयास गर्नुपर्ने देखिन्छ । यसका लागि विद्यालयमा सुशासन कायम गर्न मानव संसाधन विकास मन्त्रालयले सन् २०१६ मा नयाँ शिक्षा नीतिको विकासको लागि समितिको रिपोर्टले वर्तमान शिक्षा नीतिहरूले सुशासन कायम गर्न सम्भव भइरहेको छैन । वर्तमान अयोग्य र कम तलबमा शिक्षक नियुक्ति र स्थानान्तरण प्रणाली सामान्यतया योग्य वा पारदर्शी छैन जसले गुणस्तरीय शिक्षण र सिकाइमा प्रतिकुल प्रभाव पारिरहेको छ । धेरै शिक्षकहरु गैर शिक्षण सम्बन्धी सरकारी कार्यक्रमहरुमा व्यस्त छन् जसले उनीहरुको कक्षा शिक्षणमा प्रतिकूल असर पु–याइरहेको छ । परीक्षा प्रणाली, शैक्षिक संस्थाहरुको मान्यता प्रदान तथा अनुदान हेर्दा प्रभावकारी छैन । सरकारी विद्यालयहरूले आफ्नो विश्वसनीयता गुमाएका छन् किनभने आभिभावकहरू गुणस्तरीय शिक्षा खोज्न निजी संस्थातर्फ आकर्षित भइरहेका छन् । राजनीतिक संरक्षण र हस्तक्षेपले कुशल र पारदर्शी व्यवस्थापनमा अवरोध भएको छ । शैक्षिक सुशासन, शिक्षण–सिकाइ, मूल्याङ्कन र उत्तरदायित्व सम्बन्धी विकासमा सुधार गर्नु जरूरी रहेको छ । भारतको शिक्षाले उत्पादक नागरिक बनाउनका लागि आवस्यक न्यूनतम स्तर, ज्ञान, मूल्य र मनोवृत्ति प्राप्त गर्न असफल रहेको वर्तमान अवस्थालाई औंल्याएको छ ।

मे (२०१३) का अनुसार ओईसीडी सर्वेक्षणद्वारा तयार गरिएको रिपोर्टमा अष्ट्रेलिया, क्यानाडा (ओन्टारियो), चीन (हङकङ र सांघाई), फिनल्याण्ड, जापान, नेदर ल्यान्ड्स, न्यूजिल्याण्ड र सिंगापुरलाई विद्यार्थी उपलब्धि र समतामा सबैभन्दा "शीर्ष क्षमता प्रदशन गर्ने देशहरु" को रूपमा उल्लेख गरिएको छ । यी देशहरूमा विद्यालय सुशासनको अवस्था प्रभावकारी रहेको बताइएको छ ।

## निष्कर्ष

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ भन्दा पूर्व नेपालको शिक्षा प्रणालीमा आफ्नै मौलिक पाराको जनसहभागिता र सुशासन थियो । जहाँ विद्यालय समुदायले आफै स्थापना गर्थ्यो, आफै सञ्चालन, रेखदेख र आर्थिक, भौतिक र मानव संसाधनको व्यवस्थापन गर्थ्यो । त्यहाँ पारदर्शिता थियो । प्रभावकारिता थियो । जवाफदेहिता थियो । उत्तरदायी थियो । व्यापक जनसहभागिता थियो । सहमति थियो । तर पछिल्लो समयावधिमा विकास गरिएको शिक्षाको प्रणाली र नीतिहरुले यसलाई अवमूल्यन गरेका कारण शिक्षामा जनसहभागिताको तह र सुशासनको अवस्था कमजोर बन्दै गयो । गुणस्तरीय शिक्षाको लागि यसको उत्खनन् गर्न जरूरी छ ।

यसले शिक्षामा जनसहभागितालाई बढाउँदछ । सुशासन स्थापित गर्न सकारात्मक भूमिका खेल्न सक्दछ । यस कार्यको लागि संघीय सरकारबाट हस्तक्षेपको होइन सहयोगको आवश्यकता पर्दछ । स्थानीय सरकारको सशक्त र सकारात्मक भूमिकाको खाँचो छ । संघीय सरकारले स्थानीय सरकारलाई विश्वास गर्नै पर्दछ । अन्तर्राष्ट्रिय अभ्यासहरूलाई हेर्दा अधिकारसहितको जिम्मेवारी दिइएको समुदायद्वारा सञ्चालित र व्यवस्थित विद्यालयहरूको सञ्चालन प्रभावकारी, पारदर्शी, जवाफदेही र समतामा आधारित भएको देखिन्छ । बालबालिकाहरूको सिकाइ उपलब्धि पनि शीर्ष स्थानमा रहेको पाइन्छ । नेपालले अब बन्ने शिक्षा नीतिमा समुदायको बल र क्षमतालाई उपयोग गर्नेतर्फ सोच्नु पर्दछ । विद्यालय तहको शिक्षाका लागि स्थानीय सरकारलाई प्रशासनिक तथा व्यवस्थापकीय अधिकारसहित जिम्मेवारी प्रदान गर्न उपयुक्त हुन्छ ।

गुणस्तरीय शिक्षाको लागि जनसहभागिता बढाउन स्थानीय तहलाई सवल बनाउने सोच नेपालले राखेको छ । नेपालको संविधान २०७२ ले आधारभूत र माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ (नेपाल सरकार, २०७२) । यो अधिकारलाई कार्यान्वयन गर्न शिक्षा ऐन २०२८ को नवौ संशोधन गऱ्यो । जसले गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक गाउँपालिका वा नगरपालिकामा गाउँ शिक्षा वा नगर शिक्षा समिति रहने व्यवस्था गरेको छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७४) । तर यस समितिले घुम्ती विद्यालय सञ्चालन गर्ने, सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्ने र शिशु विकास केन्द्रलाई अनुदान दिनेजस्ता कार्यहरु मात्र गर्न सक्ने अधिकार दिइएको छ । यो दुईवटा व्यवस्थामा ठूलो नीतिगत अस्पस्टता देखिन्छ । शिक्षकको पेशागत विकास र सिकाइ उपलब्धि मापनको प्राविधिक सहयोग जस्ता विषयहरु संघीय र प्रादेशिक सरकारले गर्ने र विद्यालयको स्थापना, अनुमति, स्वीकृति, सञ्चालन, रेखदेख र व्यवस्थापनप्रति स्थानीय सरकारलाई जिम्मेवार बनाउँदा शिक्षामा जनसहभागिता बढाउन सकिन्छ । संघीय सरकारको प्रशासनिक हस्तक्षेपले दक्षिण अफ्रिकामा जस्तो विवाद र भारतमा जस्तो शिक्षाको गुणस्तरमा नकारात्मक प्रभाव पार्न सक्दछ ।

## सन्दर्भ सामग्री


- Bermejo,A & Bekui, A. (1993) Community participation in disease control. Social science and medicine, Volume 36, Issue 9, May 1993, Pages 1145 1150
- Bhattarai G. (2063 BS). Modernization, post modernization and changing prospect of education. Teacher Education, 6(1): 25-39.
- Bush T. & Heystek J,(2010). School Governance in the New South Africa. Compare: A Journal of Comparative and International Education Volume 33, 2003 - Issue 2| Published online: 01 Jul 2010 https://doi.org/10.1080/0305792032000070084
- Chitrakar S (2007) Challenges of educational development and its management in Nepal. Hepass journal, 6(1):43-52.
- Cornwall, A. (2006). Historical perspectives on participation in development. Commonwealth & Comparative Politics, 44(1), 62-83.
- Deshler, D. & Sock, D. (1985). Community development participation: A concept review of the international literature. International league for social commitment in adult education. Sweden, Ljungskile.
- Ghonemy, M.R. (1997). "The Crisis of Rural Poverty, Can Participation Resolve it?" In Studies on Algerian Reform and Rural Poverty, Rome: FAO.
- Gaysu R. Arvind G. R. (2009). Local Democracy, Rural Community,
- and Participatory School Governance, Journal of Research in Rural Education, , 24(2) University of Delhi.
- Henderson, A. T. & Mapp K. L.(2002). A New Wave of Evidence The Impact of School, Family, and Community Connections on Student Achievement (Annual Synthesis 2002. National Center for Family and Community Connections with Schools SEDL 4700 Mueller Blvd. Austin, Texas.
- Henderson, A. T., Mapp, K. L. (2002). A new wave of evidence: The impact of school, family and community connections on student achievement (Research Synthesis). Austin, TX: National Center for Family &Community Connections with Schools.
- Hillery, G. A. (1955). Definitions of community: Areas of agreement. Rural Sociology, 20, 111-123.
- Khanal P. (2012). Policy as a practice of power: an analysis of the policy to decentralise school education in Nepal . Unpublished PhD thesis. Canterbury Christ Church University.
- May, M. T. (2013). Governing American education: Why This Dry Subject May Hold the Key to Advances in American Education. American Progress center . https://www.americanprogress.org/

- Miedel, W. T., & Reynolds, A. J. (1999). Parental Involvement in early intervention for disadvantage children. Does it matter? Journal of School Psychology, 36(4), 379-402.)
- Ministry of Human Resource Development (2016). National Policy on education 2016, Report of the Committee for Evolution of the New Education Policy. India, author. http://www.nuepa.org/new/download/NEP2016/ReportNEP.pdf
- Mohan, G., & Stokke, K. (2000). Participatory development and empowerment: The dangers of localism. Third World Quarterly, 21(2), 247-268.
- To, L. (2016). Community Participation in Education A Case Study in the Four Remote Primary Schools in Samlot District, Battambang Province, Cambodia. Unpublished Master's thesis. Victoria University of Wellington.
- Tocqueville, A.D. (2000). Democracy in America, Chicago: Chicago University Press.
- UN (1992). Decentralization for Local and National Development. Authors.
- UNDP (1993). Human Resource Development. Authors.
- United Nations Economic and Social Commission for Asia and the Pacific (2009). What is Good Governance? Athors.
- Vygotsky, L. (1962). Thought and Language. Cambridge, MA: MIT Press.
- Vygotsky, L. (1978). Mind in society: The development of higher psychological processes. Cambridge, MA: Havard University Press.
- Xaba M. I. (2011). The possible cause of school governance challenges in South Africa South African journal of Education Copyright © 2011 EASA Vol 31:201-211 Ike.Xaba@nwu.ac.za

- नेपाल सरकार, (२०७२), नेपालका संविधान २०७२, काठमाडौंः लेखक ।
- नेपाल सरकार, (२०६६), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९-०१६), काठमाडौंः लेखक ।
- नेपाल सरकार, शिक्षा मन्त्रालय, (२०७२), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६-०२२), अबधारणा पत्र, काठमाडौः लेखक ।
- नेपाल सरकार, (२०७४), शिक्षा नियमावली-२०५९, काठमाडौंः लेखक ।
- नेपाल सरकार, (२०७४), शिक्षा ऐन-२०२८, काठमाडौंः लेखक ।
- शिक्षा विभाग, (२०१६), फ्ल्याश II रिपोर्ट २०१५-०१६, भक्तपुर सानोठिमीः लेखक ।
- शिक्षा विभाग, (२०१६), फ्ल्याश II रिपोर्ट २०१५-०१६, भक्तपुरः लेखक ।

Note

# संस्थागत परिचय

**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई– नेपाल) :**

यो संस्था देशका विभिन्न ३३९ राष्ट्रिय, अन्तर्राष्ट्रिय गैह्रसरकारी संघ संस्थाहरू, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरू तथा अन्य समुदायस्तरमा परिचालित संघसस्थाहरूको एक राष्ट्रिय सञ्जाल हो। एनसिई-नेपालका लागि गुणस्तरीय शिक्षाका निमित्त नीति निर्माण, नीतिहरूमा समय सापेक्ष सुधार एवम् कार्यान्वयनमा दृढता स्थापित गर्नु नै मुख्य गन्तव्य हो। करिब १५० भन्दा बढी देशमा गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाका लागि क्रियाशील 'शिक्षाका लागि विश्वव्यापी अभियान' (Global Campaign for Education-GCE) सँगको आवद्धता सहित नेपालका शिक्षा अधिकारकर्मीहरूको साझा प्रयत्नमा एनसिई-नेपाल सन् २००३ बाट निरन्तर रुपमा अगाडि बढिरहेको छ। एनसिई-नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चिताका लागि आवाज विहीनहरूको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो। समतामूलक समाज निर्माणको आधारको रुपमा 'शिक्षा अधिकार' लाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खवरदारी एवम् साझेदारी गर्दै शिक्षा क्षेत्रको नागरिक अभियानका रुपमा यो सञ्जाल स्थापित भएको छ। यस संस्थाले स्थानीय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्दै जनस्तरका मुद्दाहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरूसम्म पुऱ्याउँदै आएको छ।

**सर्च फर कमन ग्राउण्ड (सर्च):**

यो संस्था सन् १९८२ मा स्थापित द्वन्द्व रुपान्तरणमार्फत शान्ति निर्माणका लागि काम गर्ने एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो। यसको उद्देश्य द्वन्द्वलाई हेर्ने संसारको दृष्टिकोणमा परिवर्तन ल्याउनु हो - विरोधात्मक पद्धतिभन्दा फरक, सहकार्यात्मक समाधानतर्फ। सर्चले अफ्रिका, मध्यपूर्व, एशियाका देशहरु र संयुक्त राज्य अमेरिका लगायतका ३५ देशहरुमा काम गर्दछ। यस संस्थाले सरकार, सुरक्षा निकाय, युवा तथा नागरिक समाज, राज्यका विभिन्न अंगहरु, सञ्चार गृह तथा अन्य सरोकारवालाहरुसँग मिलेर शान्ति, सहिष्णुता र सहकार्य प्रवर्द्धनका लागि सबै पक्षसँग कार्य गर्दछ। सर्चले सन् २००६ देखि नेपालमा आफ्ना कार्यक्रमहरु मार्फत् विकास तथा दिगो शान्तिका लागि सहयोग गर्न पाँचवटा क्षेत्रमा आफ्नो कार्यलाई केन्द्रित गरेको छः (१) सुशासन तथा लोकतान्त्रिक सहभागिताको सबलिकरण, (२) शान्ति निर्माण तथा मेलमिलापको प्रवर्द्धन, (३) न्याय तथा सुरक्षाको पहुँचमा अभिवृद्धि, (४) विकास तथा आर्थिक वृद्धिका लागि सहयोग, र (५) नेतृत्व तथा संवादको संस्कृति विकासमा सहयोग। साथै युरोपियन युनियनको सहयोगमा सञ्चालित 'हाम्रो शिक्षा' परियोजनाको संयोजनकारी भूमिका सहित गोगो फाउण्डेशन र शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) सँग सहकार्य गर्दै आएको छ।

**गोगो फाउण्डेशनः**

यो संस्था मुलुकमा असल शासन प्रवर्द्धनका लागि काम गर्ने उद्देश्यले वि.सं. २०६५ सालमा स्थापना भई नागरिकस्तरमा पैरवी, क्षमता अभिवृद्धि, अनुसन्धान तथा सञ्जाल निर्माणको क्षेत्रमा काम गर्दै आएको छ। संस्थाको प्रमुख उद्देश्य सामाजिक जवाफदेहिता तथा पारदर्शिता बढाउनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सामुदायिक अंकपत्र, बजेट सोधखोज, गुनासो सम्बोधन लगायत सूचनाको हकसम्बन्धी औजारका माध्यमबाट सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सुनिश्चित गर्न योगदान दिनु हो। गोगो फाउण्डेशनले स्थापनासँगै भ्रष्टाचार विरुद्ध विभिन्न अभियान सञ्चालन गर्दै आएको छ। त्यसैगरी संस्थाले सार्वजनिक क्षेत्रमा उल्लेख्य काम गर्ने सरकारी निकाय, नागरिक संस्था लगायत सञ्चारको क्षेत्रमा कामगर्ने व्यक्तिहरुलाई वार्षिक रुपमा 'गोगो फाउण्डेशन अवार्ड' बाट पनि उत्प्रेरित गर्दै आएको छ।

**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिईई–नेपाल)**

बबरमहल, काठमाडौं पि.ओ.बक्स : १४४२१

फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०

ईमेल : info@ncenepal.org.np

वेभसाईट : www.ncenepal.org.np

फेसबुक : www.facebook.com/nce.nepal.9



Funded by

European Union


सर्च फर कमन ग्राउण्ड

FOUNDATION 2008

NCE NEPAL